संसदीय समिति अभ्यास

पहिलो संसद्‌देखि संघीय संसद्‌सम्म



365
J-S
'8

संसद् सहयोग परियोजना, युएनडिपी

संसदीय सामेला पत्रकार समाज





संसदीय समिति अभ्यास

पहिलो संसद्‌देखि संघीय संसद्‌सम्म

संसदीय समिति अभ्यास

पहिलो संसद्देखि संघीय संसद्सम्म

Parliament Secretariat
Accession No. 01802
329.365
BHU-S
2078
संसदीय समिति

प्रकाशक : संसदीय मामिला पत्रकार समाज
सिंहदरबार, काठमाडौँ।
www.jspa.org.np
jspanepal@gmail.com

संसद् सहयोग परियोजना
युएनडिपी, नेपाल

सम्पादक : थिरलाल भुसाल

संयोजन : सन्जिव वगाले, विष्णु खड्का

संकलन/लेखन : तुलसी सापकोटा
जयसिंह महरा
सृजना घिमिरे
रघुनाथ वजगाईं
किरण दहाल
आकाश क्षेत्री
शम्भु दंगाल

संस्करण : २०७८ पुस / प्रथम

सर्वाधिकार : संसदीय मामिला पत्रकार समाजमा

तस्बिर : दिपेश श्रेष्ठ, रोशन सापकोटा

पृष्ठ सज्जा : हिमाल श्रेष्ठ

प्रकाशित प्रति : २००० प्रति

(**अस्वीकरण:** यस पुस्तकमा समेटिएका सूचना, तथ्य, तथ्यांक, विश्लेषण, टिका टिप्पणी र निष्कर्ष सम्पूर्ण रूपमा संसदीय मामिला पत्रकार समाज र सम्बद्ध लेखकका निजी प्रस्तुति हुन्। विषयवस्तुको सत्यता र तथ्यपरकतालाई सोही अनुसार ग्रहण गर्न हुन पाठकवर्गसँग अनुरोध छ। संसद् सहयोग परियोजना/यूएनडिपी यस प्रकाशनमा उल्लेखित विषयवस्तु तथा विचारको पूर्ण वा आंशिक पक्षपोषण एवम् प्रतिनिधित्व गर्दछ भन्ने जरूरी छैन।)

Parliamentary Committee Practices

First Parliament to Federal Parliament

अध्ययन गर्ने एक जमर्को

नेपालमा पटकपटक उथलपुथलपूर्ण क्रान्ति तथा आन्दोलनहरू भए। तर ठूला राजनीतिक परिवर्तनबाट स्थापित व्यवस्था बलियो र दिगो भने हुन सकेका छैनन्। कुनै पनि शासन व्यवस्था, संस्था वा विधि सुदृढ हुनका लागि त्यसको संस्थागत विकास हुनुपर्छ। तथ्यगत अध्ययन र संस्थागत स्मरण (इन्स्टिच्युसनल मेमोरी) को जगमा मात्र कुनै पनि संस्था बलियो बन्न सक्छ। विधिको शासन, पारदर्शिता र जवाफदेहिताजस्ता आधुनिक लोकतन्त्रका आधारस्तम्भका लागि पनि संस्थागत स्मरण उत्तिकै महत्वपूर्ण हुन्छ। विकसित लोकतान्त्रिक मुलुकहरूमा यी मूल्यमान्यतालाई अत्यन्त महत्व दिएको पाइन्छ। यस पक्षमा हामी (नेपाली) धेरै पछाडि छौं। नेपालमा लोकतान्त्रिक अभ्यासलाई थप परिष्कृत र सुदृढ बनाउनका लागि मुलुकको कानुन निर्माणको मुख्य थलो व्यवस्थापिका नै सबैभन्दा उन्नत लोकतान्त्रिक अभ्यास गर्ने संस्था हुनुपर्छ। संसद्मा अवलम्बन गरिने विधि, प्रक्रिया र अभ्यासहरूको आफ्नै महत्व हुन्छ। त्यसलाई थप परिष्कृत, उन्नत र पारदर्शी बनाउँदै जानुपर्छ। त्यसका लागि संसद्ले स्थापनाकालदेखि कसरी विभिन्न विधि प्रक्रियाको अवलम्बन गर्दै आयो भन्नेबारे ज्ञान हुनु जरुरी छ।

यस अध्ययनमा नेपालको पहिलो संसद्देखि गणतन्त्रकालसम्म संसदीय समितिहरूको विकासक्रम, उहिलेदेखि अहिलेसम्म गरिँदै आएका अभ्यास, संसदीय समितिको प्रभावकारिता, समितिको अभ्यासका क्रममा देखिएका केही प्रमुख प्रवृत्तिहरूको प्रतिनिधिमूलक ढंगबाट केलाउने प्रयास गरिएको छ। नेपालमा संसद् नै नरहँदा निरंकुश निर्दलीय पञ्चायती व्यवस्थामा पनि निर्वाचित व्यवस्थापिकीय निकायले काम गऱ्यो। त्यहाँ पनि समितिहरू गठन गरी तिनले केही अभ्यास गरे। तसर्थ विधायिकी अभ्यासलाई निरन्तरता दिएका राष्ट्रिय पञ्चायतका समितिलाई पनि निरन्तरता र इतिहासको एउटा पाटोका हिसाबले यस अध्ययनको दायरामा समेटिएको छ। विभिन्न राजनीतिक व्यवस्था र परिस्थितिमा संसदीय समितिहरूको संख्या र कार्यक्षेत्रमा निरन्तर फेरबदल भइरह्यो। सरकारको कामकारबाहीमाथि निगरानी राख्ने र निर्देशन दिने महत्वपूर्ण भूमिका रहेका समितिहरूको समावेशिताको पाटो कस्तो रह्यो ? त्यस कोणबाट पनि प्रतिनिधिमूलक ढंगबाट सिंहावलोकन गरिएको छ। यस अवधिमा समितिहरूको भूमिका र प्रभावकारिताका प्रमुख पक्षलाई समेटिएको छ। समितिका कामकारबाहीमा समितिको नेतृत्व र सदस्यहरूको गतिविधिलाई प्रतिनिधिमूलक र प्रवृत्तिगत रूपमा वस्तुनिष्ठ ढंगबाट केलाउने प्रयास गरिएको छ। संसदीय गतिविधि

सञ्चालन गर्ने मुख्य कर्ता निर्वाचित प्रतिनिधि नै हुन् तर स्थायी संरचनाको रूपमा रहेको संसद् सचिवालयको भूमिकालाई नजरअन्दाज गर्दा संसदीय समितिहरूको अध्ययन अपुरो हुन्छ। तसर्थ सचिवालयको भूमिकाबारे पनि विवेचना र त्यसबारे सचिवालयकै दृष्टिकोणलाई समेत संक्षिप्त चिरफार गरिएको छ।

अध्ययनका क्रममा संसद् सचिवालयद्वारा प्रकाशित पुस्तकहरू, संसद्का स्मारिका, समितिहरूका वार्षिक प्रतिवेदन, समितिका छानबिन प्रतिवेदन र निर्वाचन आयोग लगायतका प्रकाशनहरूबाट तथ्य तथ्यांकहरूलाई पुस्ट्याइँ गरिएको छ। यसलाई बढीभन्दा बढी वस्तुनिष्ठ बनाउनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूले गरेका अध्ययन प्रतिवेदन, आमसञ्चारमा स्वतन्त्र रूपमा प्रकाशित सामग्रीहरूलाई सन्दर्भका रूपमा लिइएको छ। समितिका सभापति र सांसदहरूसँगको कुराकानी, पूर्वसांसद, स्वतन्त्र विज्ञ, पदाधिकारी तथा कर्मचारीहरूसँगको कुराकानी लगायतका विधि अपनाइएको छ। यसरी पहिलो संसद्देखि पञ्चायत हुँदै संवैधानिक राजतन्त्रसहितको बहुदलीय व्यवस्था र गणतन्त्रकालसम्मको संसदीय समितिको विकासक्रमलाई एउटै धागोमा जोड्ने प्रयास यस अध्ययनमा भएको छ। नेपालको संसद्को संघर्षपूर्ण विगत र वर्तमान नेपालीका लागि मात्र नभई अन्तर्राष्ट्रिय अध्येताहरूका लागि समेत एउटा रुचिको विषय बन्न सक्छ। नेपालको संसदीय समितिको सांगोपांग अध्ययन गर्न चाहने अध्येता, अभ्यासकर्ता, अनुसन्धानकर्तालगायत सबै इच्छुकलाई यो प्रकाशन एक उपयोगी सामग्री बन्नेछ भन्ने अपेक्षा छ।

संसदीय मामिला पत्रकार समाजले केही वर्षदेखि संसदीय मामिलासम्बन्धी प्राज्ञिक अध्ययन, पारदर्शिता र जवाफदेहितालाई अझ उन्नत बनाउने उद्देश्यका साथ अनुसन्धानमूलक प्रकाशनहरू प्रकाशित गर्दै आएको छ। यो प्रकाशन पनि त्यसकै निरन्तरतास्वरूप अर्को एउटा इँटा थप्ने प्रयास हो। यस कार्य सम्पन्न गर्नका लागि धेरैजनाको निकै महत्वपूर्ण योगदान छ। अध्ययनका क्रममा संसदीय समितिसम्बन्धी महत्वपूर्ण विवरण तथा जानकारी उपलब्ध गराउने संसद् सचिवालयका पदाधिकारी तथा कर्मचारीहरूप्रति हामी कृतज्ञ छौं। अध्ययनको मस्यौदा पढेर महत्वपूर्ण सुझाव दिने राष्ट्रिय सभाका सचिव राजेन्द्र फुयाल र संसदीय मामिला पत्रकार समाजका पूर्वअध्यक्ष नारायण काफ्लेप्रति हामी आभारी छौं। संसदीय समितिको इतिहास र अभ्यासको विषयमा अध्ययन गर्न सहयोग गर्ने युएनडिपी अन्तर्गतको संसद सहयोग परियोजनालाई विशेष धन्यवाद दिन चाहन्छौं। परियोजनाका टिम लिडर दिलादत्त पन्तको सहयोग र सुझावका कारण अध्ययनले यो रुप प्राप्त गरेको हो। उहाँप्रति विशेष आभार प्रकट गर्दछौं। यस प्रकाशनमा कतिपय कमजोरी वा त्रुटी भएका हुनसक्छन्। सच्याउनुपर्ने विषय जानकारी गराइदिनु भएमा हामी हार्दिकताका साथ स्वागत गर्नुका साथै त्यसप्रति आभारी हुनेछौं।

प्राक्कथन

कामकाजी हिसाबले क्रियाशील संसद्ले नै साँचो अर्थमा जनताको जीवनसँग जोडिने लोकतन्त्र संस्थागत गर्ने हो। कुनै पनि प्रतिनिधिमूलक लोकतान्त्रिक व्यवस्थामा संसद् मात्र एक यस्तो माध्यम हो जसमार्फत् आम नागरिकहरूले पनि आफुलाई सरोकार राख्ने नीतिहरूको निर्माण प्रक्रियामा सहभागिता जनाउन सक्दछन्। त्यस्तो सहभागिता तब मात्र पुरा हुन्छ जब संसद् कानुन निर्माण, निगरानी र बाह्यपहुँच लगायतका आफ्ना मुख्य कार्यहरू गर्न सबल रहन्छ।

युएनडिपी अन्तर्गतको संसद् सहयोग परियोजनाले संघीय संसद् र सातै वटा प्रदेश सभाहरूलाई जनताका प्रतिनिधिमूलक निकायका रुपमा कानुन निर्माण तथा निगरानी गर्ने कार्यलाई अझ सबल र सुदृढ गर्नका लागि महत्वपूर्ण सहयोग पुऱ्याउँदै आएको छ।

परियोजनाले सीमान्तकृत वर्गहरू तथा महिलालगायतलाई समावेशिताको मर्मअनुरुप संसदीय मामिलाका सहभागिताका लागि अवसर प्रदान गर्नमा जोड दिँदै आएको छ। यसका अतिरिक्त परियोजनाले नेपालको नयाँ संविधानको कार्यान्वयनमा देखिएका चुनौतीहरूको सम्बोधनका लागि संसद्हरूलाई सहयोग प्रदान गर्दै आएको छ। युएनडिपीको संसद् सहयोग परियोजनाको सहयोगमा संसदीय मामिला पत्रकार समाजद्वारा गरिएको यस अध्ययनले वि.सं. २०१५ सालमा नेपालमा भएको पहिलो संसदीय निर्वाचनपछि संसदीय समितिहरूले गरेका कार्यहरू तथा समितिहरूको राजनीतिक तथा ऐतिहासिक विकासक्रमलाई अभिलेखीकरण तथा अध्ययन गर्ने जमर्को गरेको छ।

नेपालमा संसदीय समितिहरूले संसदका मुख्य कार्यहरू सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् र विकासक्रमसँगै विगतका अनुभवहरूबाट सिक्दै तथा नयाँ वास्तविकता र आवश्यकताहरूलाई सम्बोधन पनि गर्दै आएका छन्। संसदीय मामिला पत्रकार समाजद्वारा ऐतिहासिक प्रमाण र प्रसंगहरूको खोजी गर्नका लागि गरिएको यो पहल अत्यन्तै सराहनीय छ।

प्रस्तुत अध्ययन नेपालको संसदीय समिति प्रणाली र संसदीय समितिहरूको विकासक्रम बारेमा जान्न इच्छुक जो कोहीका लागि उपयोगी श्रोत सामग्री हुने विश्वास लिइएको छ। नयाँ संघीय संरचनामा फरक संसदीय व्यवस्था अन्तर्गत विशेषगरी विगतका अनुभवहरूबाट सिक्दै

तथा नयाँ अनुभवहरू बटुल्दै आएका प्रदेश सभाहरू तथा तिनीहरूका संसदीय समितिहरूका लागि पनि यो अध्ययन एक उपयोगी सन्दर्भ सामग्री हुनसक्नेछ।

अन्त्यमा, यस अध्ययनका लागि म विशेषगरी संसदीय पत्रकार समाजको टोली, युएनडिपी नेपाल र संसद् सहयोग परियोजनाका साथीहरूलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। प्रकाशनलाई यो स्वरूपमा ल्याउनका लागि योगदान गर्नुहुने कल्पना सरकार, राजबहादुर श्रेष्ठ, दिलादत्त पन्त, यामबहादुर किसान, अनु प्रसाइ लामा, वेदप्रसाद ढकाल, कृष्णप्रसाद सुवेदीलगायत युएनडिपीका सहकर्मीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। यो अध्ययनका क्रममा अत्यन्त मेहनतका साथ अध्ययनको विषयवस्तु संयोजन र संश्लेषण गर्नुहुने अनुसन्धानकर्ताहरू र लेखकहरूलगायत संलग्न सबैलाई हार्दिक बधाइ तथा धन्यवाद व्यक्त गर्दछु।

बर्नार्डो कोक्को
(उप आवासीय प्रतिनिधि)
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, नेपाल

विषयसूची

अध्याय १ : संसदीय समितिको विकासक्रम

पृष्ठभूमि २

अन्तर्राष्ट्रिय सन्दर्भ ४

पहिलो संसद्देखि गणतन्त्रसम्म ५

- पहिलो संसद्मा समिति अभ्यास ७
- राष्ट्रिय पञ्चायतमा समिति अभ्यास ११
- प्रजातन्त्र पुनर्स्थापनापछि संसदीय समितिको विकासक्रम र अभ्यास १५
  - सुरुमा सात समिति १५
  - द्वितीय प्रतिनिधिसभामा थपिए समिति १६
    - समिति र तिनको कार्यक्षेत्र १७
  - तृतीय प्रतिनिधिसभामा गरिएन धेरै फेरबदल १८
    - समिति र तिनको कार्यक्षेत्र १८
    - विशेषाधिकार समिति १९
  - राष्ट्रिय सभामा समितिहरू १९
    - समिति र कार्यक्षेत्र २०
    - अन्य समिति २१
  - पुनर्स्थापित प्रतिनिधिसभामा समितिहरू १७
    - पुनर्स्थापित संसद्मा विषयगत समिति र तिनको कार्यक्षेत्र २३
    - अन्य समिति २४
  - संसदीय सुनुवाइको अभ्यास २५

अन्तरिम व्यवस्थापिका संसद् : समितिको संख्यामा वृद्धि २५

- विषयगत समिति र तिनको कार्यविभाजन २८
  - विशेष समितिहरू २८
  - अन्य समिति २८

पहिलो संविधानसभा काल (२०६५–२०६९) : समितिमा समावेशी नेतृत्व २९

- विषयगत समिति ३०
  - विशेष समिति ३१

दोस्रो संविधानसभा काल र रूपान्तरित संसद् (२०७०–२०७४) : समिति धेरै, महिला सभापति कम ३१

- समिति संख्यामा वृद्धिसँगै कार्यक्षेत्रमा हेरफेर ३१
- समिति र कार्यक्षेत्र ३२

संघीय संसद्मा समिति : महिला सभापति बढे ३४

- प्रतिनिधिसभातर्फ रहेका संसदीय समिति, तिनका सभापति र कार्यक्षेत्र ३४
- राष्ट्रिय सभा अन्तर्गतका विषयगत समितिहरू ३६
  - समिति र कार्यक्षेत्र ३६

प्रत्येक निर्वाचनपछि संसदीय समितिको संरचना र स्वरूपमा परिवर्तन ३७

०अध्याय २ : संसदीय अनुगमन: प्रभावकारिताको आलोकमा समिति०

लेखा समिति: अव्वल इतिहास ४०

- अन्तर्राष्ट्रिय नजरमा पनि अव्वल! ४३
- प्रेसलाई पहुँच दिने निर्णयले झनै चर्चित ४५
- साख जोगाउने चुनौती ४६
- विपक्षीकै बेवास्ता ४७
- चुनावबाट सत्ताधारी सभापति ४८

राज्य व्यवस्था समिति : गहिरो छानबिनबाट प्राप्त नयाँ उचाइ ४९

- तीन पूर्वप्रहरी महानिरीक्षकसहित कैयौंलाई जेल पठाएको त्यो छानबिन ४९
- २०७५ पछि समितिका केही निर्णय ५१
- समितिका २०७५ यताका गतिविधि ५६

अन्तर्राष्ट्रिय सम्बन्ध समिति : सीमामा बढी केन्द्रित ५७

- समितिले छानबिन गरेका केही विषय ५९
- समितिले सरकारलाई दिएका केही निर्देशन तथा सुझाव ६१
- समिति अनुगमनका लागि स्थलगत भ्रमणमा गएका केही उदाहरण ६२

- प्रतिवदेनलाई सरकारले जसरी सम्बोधन गर्नुपर्थ्यो त्यसो गरेन : सभापति निरौला ६४

शिक्षा तथा स्वास्थ्य समितिः चिकित्सा नीतिदेखि महामारीको भुमरीसम्म ६५

-०अध्याय ३ : संसद्मा महिला : समितिको नेतृत्वमा बढ्दै प्रतिनिधित्व०-

पहिलो संसद्का प्रतिनिधिसभा र महासभामा १-१ जना महिला ७२

राष्ट्रिय पञ्चायतमा न्यून निर्वाचित ७३

- २०४८-२०५१ : सातमध्ये एक्ली महिला सभापति ७४
- २०५१-२०५५ : नौ विषयगत समितिमा महिला नेतृत्व शून्य ७५
- २०५६-२०५९ : महिला सभापति फेरि शून्य ७५

राष्ट्रिय सभा ७६

- २०४८-२०५९ : विशेषगत समितिमा चार महिला सभापति ७६
- विशेष समितिमा नेतृत्व : ६३ सभापति बन्दा ६१ पुरुष, २ महिला ७६

पुनर्स्थापित प्रतिनिधिसभा (२०६३-०१-१५ देखि २०६३-१०-०१) ७७

- ९ मध्ये एक्ली महिला सभापति ७७
- पहिलो संविधानसभा कालः नेतृत्व बराबर (८ मा ४ महिला सभापति) ७७
- दोस्रो संविधानसभा कालः १४ मध्ये २ मात्र महिला सभापति ७८
- २०७४ यता : १६ सभापतिमध्ये ९ महिला ७८

—०अध्याय ४ : संसदीय निगरानी र निर्देशन कार्यान्वयनका चुनौती ०—

संसदीय समितिका निर्देशनः कार्यान्वयन कम ८२

- निर्देशन कति बाध्यकारी ? ८६

समितिका अव्यवहारिक निर्देशन ८६

कार्यक्षेत्र जुधाउने प्रवृत्ति ८७

- सरकारबाट समितिमाथि नै छानबिन माग ९०

असंसदीय अभ्यासः उपलब्धिविहीन बैठक ९१

स्वार्थ जोडिएका विषयमा सांसदको सक्रियता ९६

- आचरण अनुगमन समितिले गर्न सक्छ सम्बोधन १००

सदाबहार समस्या : गणपूरक संख्या १०१

समितिमा शीर्ष नेता : कसैको बेवास्ता, कोही सक्रिय सहभागी १०५
सरोकारवालाहरूको नजरमा समितिको प्रभावकारिता १०९
- कार्यादेशको परिधि पनि बिर्सने प्रवृत्ति ११३
- 'संसदीय अनुगमन फितलो हुँदा सरकार छाडा भयो' ११४

निर्देशन कार्यान्वयनको बलियो आधार : सही निर्णय र ताकेता ११५
कार्यान्वयनमा समस्याबारे शिक्षा तथा स्वास्थ्य समितिको ठहर ११९
- समितिका निर्देशन कार्यान्वयन नहुनुका पाँच प्रमुख कारण १२०
- निर्देशन कार्यान्वयनका लागि समितिले दिएका पाँच सुझाव १२०

आफ्नै नजरमा समितिको प्रभावकारिता १२१
समितिका प्रतिवेदन : छैन एकरूपता १२५

अध्याय ५ : अनुभवीहरुका आँखामा

प्रत्यायोजित विधायनसम्बन्धी समितिको ठूलो म्यान्डेट उपेक्षित छः
माधवप्रसाद पौडेल १३२
समिति पनि अधिकार क्षेत्रबाहिर जानु हुँदैनः उमेश मैनाली १३८
कार्यसूची चयन प्रक्रियामै सुधार आवश्यक : मनोहरप्रसाद भट्टराई १४२
समितिमा खेलेको भूमिकाले सांसदलाई भोट आउँदैन : मुकुन्द शर्मा १४७
संसद्को काम नै सरकार निर्माण, जवाफदेहिता र निगरानी गर्नु हो :
डा. विपिन अधिकारी १५०



अध्याय १ संसदीय समितिको विकासक्रम

पृष्ठभूमि

संसदीय अभ्यासको सुरुवातलाई आधार मान्ने हो भने नेपालको संसदीय इतिहास अन्य मुलुकहरूकै तुलनामा पनि नयाँ होइन। नेपालमा पहिलो संसद्को निर्वाचन भएको ६ दशकभन्दा बढी भएको छ। २००७ सालको क्रान्तिबाट राणा शासनको अन्त्य गरी प्रजातन्त्र पुनर्स्थापना भएलगत्तै मुलुकमा निर्वाचन गरी लोकतान्त्रिक प्रक्रियाले आफ्नो बाटो समाउनुपर्ने थियो। तर, पहिले घोषणा भएबमोजिम संविधानसभाको निर्वाचन गर्ने कि संसद्को भन्ने विवादका कारण केही वर्ष अन्योलमै वित्यो।[1] अन्ततः २०१५ सालमा आम निर्वाचन भई नेपालले संसदीय व्यवस्थाको बाटो समायो। छिमेकी भारतले अंग्रेजको उपनिवेशबाट स्वतन्त्र भई पहिलो आमनिर्वाचन गरेर बेलायती मोडेलको संसदीय अभ्यास सुरु गरेको केही वर्षभित्रै नेपालले पनि सोही मोडेलको व्यवस्था रोजेको थियो। भारतमा पहिलो संसदीय निर्वाचन सन् १९५१ (वि.सं. २००७) मा भएको थियो[2] भने नेपालले पनि त्यसको ८ वर्षपछि संसदीय निर्वाचन गरेको हो। यसरी दक्षिण एसियाली राजनीतिक इतिहासको सन्दर्भमा हेर्दा पनि नेपालमा संसदीय परम्परा नयाँ र छोटो होइन। अहिलेको दक्षिण एसियाली मुलुक बंगलादेशको त त्यतिबेला जन्म पनि भएको थिएन। तर, केही वर्षको अन्योललाई चिरेर एउटा लोकतान्त्रिक प्रणाली अवलम्बन गरेको नेपालको राजनीतिक इतिहासमा फेरि डेढ वर्षमै अर्को मोड आइपऱ्यो।

राजा महेन्द्रले निर्वाचित संसद् र सरकारलाई अपदस्थ गर्नुका साथै संसदीय व्यवस्थाकै अन्त्य गरी निर्दलीय पञ्चायती व्यवस्था लागू गरे। नेपालको संसद्ले बेलायत र भारत लगायतका मुलुकबाट अनुकरण गरी सुरु गरेका संसदीय अभ्यासहरूको प्रारम्भमै अन्त्य भयो।

करिब सँगसँगै सुरु भएको संसदीय प्रणालीले छिमेकी भारतमा अविच्छिन्न अभ्यास गर्ने, समृद्ध हुने, परिपक्व र सुदृढ बन्ने मौका पायो। नेपालमा त्यसो हुन पाएन। नेपालको संसदीय परम्परामा निरन्तर विभिन्न धक्का र उतारचढाव आइपरे। तसर्थ नेपालको संसदीय व्यवस्था अध्ययन तथा अनुसन्धानका लागि गहन राजनीतिक विषय रहँदै आएको छ। त्यसअनुसार नेपालको समग्र संसदीय इतिहासबारे केही अध्ययन भएको पनि छ। तर, संसदीय व्यवस्था र अभ्यासका विभिन्न पक्षहरू हुन्छन्। तीमध्ये संसदीय समितिको अभ्यास संसद्को एउटा महत्वपूर्ण पाटो हो। संसदीय समितिमै केन्द्रित रहेर त्यसबारे पर्याप्त अध्ययन भने त्यति धेरै

---

१. नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाडौं, २०७३, पृष्ठ ३६।

२. इन्डिया टुडे, "First general elections in India: All you need to know", फेब्रुअरी १०, २०१६ https://www.indiatoday.in/education-today/gk-current-affairs/story/general-elections-308073-2016-02-10

भएको पाइएन। त्यसैले त्यो अभावको पूर्ति गर्ने हेतुले यस अध्ययनमा त्यसबारे केही खोतल्ने जमर्को गरिएको छ।

जटिल मुद्दाहरूको मिहिन ढंगबाट अध्ययन गरी छिनोफानो गर्न सदनको पूर्ण बैठकमा व्यावहारिक रूपमा सम्भव नहुने ठानी विषयगत समितिहरू गठन गर्ने लोकतान्त्रिक मुलुकबीच प्रचलित चलन हो। यसर्थ समितिहरूको गठनको अभिप्राय नै गहन र परिणाममुखी काम गर्नु हो। त्यसैले समितिहरूलाई संसद्का 'वर्कसप' भन्ने चलन छ। संसद्मा दलहरूलाई प्राप्त सिट संख्याकै आधारमा समितिहरूको गठन गरिन्छ भने सदनकै नियमावली र अभ्यासलाई मूल आधार मानेर समितिका बैठक तथा समग्र कार्यसञ्चालन विधि तय गरिन्छ। सदन सञ्चालनमा प्रतिनिधिसभाका सभामुख वा राष्ट्रिय सभा अध्यक्षलाई जस्तो अधिकार हुन्छ, ठिक त्यसै प्रकृतिका अधिकार समितिका सभापतिलाई दिइएको छ। यसरी पूर्ण सदनको झल्को समितिमा आउँछ। त्यसैले समितिहरूलाई 'मिनी संसद्' पनि भन्ने गरिन्छ। आमजनताका दैनिक जनजीवनसँग जोडिएका विषयदेखि कानुन निर्माणलगायत दीर्घकालीन विषयमा समितिको भूमिका निकै महत्वपूर्ण हुने गर्छ। सरकारले राज्यकोषबाट गरेको खर्च र उसका नियमित कामकारबाही जनमुखी भए नभएको निगरानी गर्ने सन्दर्भमा समितिको भूमिका अझ अर्थपूर्ण हुन्छ। त्यसैले संसारभर नै समितिहरूको कामकारबाही र भूमिकालाई निकै गम्भीरताका साथ अध्ययन गरिन्छ। नेपालमा संसदीय समितिहरूले गरेका निर्णयबारे तत्काल विभिन्न विश्लेषण तथा टीकाटिप्पणी हुने गरेको छ। उनीहरूका कामकारबाहीको कतिपय अवस्थामा प्रशंसा भएको छ भने कैयौं निर्णय आलोचनाको विषय पनि बन्ने गरेका छन्। तर संसदीय समितिको समग्रतामा भने पर्याप्त अध्ययन भएको पाइँदैन। त्यस्तो अध्ययनले समितिहरूको विगतलाई पुनरवलोकन तथा समीक्षा गर्न र त्यसका आधारमा अभ्यासलाई थप परिष्कृत बनाउन र अन्ततः संसद्लाई थप सुदृढ गर्न सहयोग पुग्छ।

माथि उल्लेख गरिएजस्तै नेपालको संसदीय व्यवस्थाले झन्डै साढे ६ दशकको अवधिमा निकै धेरै उतारचढाव र घुम्तीहरू पार गरेर अहिलेको अवस्थामा आइपुगेको हो। नेपालको राजनीतिक विकासक्रमसँगै संसद्को स्वरूप र अभ्यासमा परिवर्तन भइरह्यो। २०१६ सालमा सुरु भएको पहिलो संसद्ले दुई सदनात्मक व्यवस्था र तल्लो (प्रतिनिधिसभा) र माथिल्लो (महासभा) सदन दुवैमा समितिहरूको अभ्यास पनि प्रारम्भ गऱ्यो। तर त्यो व्यवस्थाले निरन्तरता पाएन। पञ्चायतकालको ३० वर्षसम्म संसद् नै रहेन। राजसंस्था सर्वेसर्वा रहेको सो निर्दलीय व्यवस्थामा पनि राष्ट्रिय पञ्चायतले विधायिकी अभ्यास गऱ्यो, जुन एक सदनात्मक थियो। २०४६ मा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि आमनिर्वाचन भई २०४८ बाट पुनः दुई सदनात्मक संसदीय व्यवस्थाको अभ्यास गरियो। सो व्यवस्था २०५९ सालसम्म मात्र कायम रह्यो। माओवादी द्वन्द्व, राजाको प्रत्यक्ष शासन, जनआन्दोलन, संकटकाल आदिले मुलुकको राष्ट्रिय राजनीति निकै जटिल मोडमा पुग्यो। त्यो अवस्था पार

गरी २०६४ सालमा भएको निर्वाचनबाट संविधानसभाको गठन भयो। त्यही सभाले संसद्को पनि काम गऱ्यो। २०६४ देखि २०७२ सम्म चलेको पहिलो र दोस्रो संविधानसभाले संविधान निर्माण र नियमित संसद्को काम गरे। आठ वर्षे यो अवधिमा एक सदनात्मक व्यवस्थाको अभ्यास गरियो। नयाँ संविधान जारी भएपछि संघीय व्यवस्थाअनुसार २०७४ सालमा भएको निर्वाचनपछि संघीय संसद्मा द्विसदनात्मक र प्रदेशमा एक सदनात्मक व्यवस्था लागू भएको छ। यसरी नेपालको संसदीय व्यवस्था कहिले खारेज, कहिले विघटन, कहिले द्विसदनात्मक त कहिले एक सदनात्मक जस्ता विभिन्न अवस्था र स्वरूपबाट गुज्रेको छ। त्योसँगै संसदीय समितिका गठन, अभ्यास र व्यवस्थामा पनि परिवर्तन हुँदै आएको पाइन्छ। यसर्थ नेपालको संसदीय समितिहरूको अध्ययन पनि उत्तिकै महत्वपूर्ण रहेको छ।

अन्तर्राष्ट्रिय सन्दर्भ

संसदीय व्यवस्थाकै जननी मानिने बेलायतले संसदीय समितिको अभ्यास पनि शताब्दियौं पहिलेदेखि गर्दै आएको छ। बेलायतको संसदीय इतिहास केलाउँदा त्यहाँ १४औं शताब्दीदेखि नै संसदीय समितिहरूको प्रारम्भिक अभ्यास गरेको पाइन्छ।[३] सो व्यवस्था सुरु हुँदा समितिहरूलाई कानुन निर्माणमा तयारीका काम गर्ने जिम्मेवारी मात्र दिने गरिन्थ्यो।

तथापि, बेलायतमा औपचारिक रूपमा पहिलो संसदीय समितिको गठन भने सन् १५७१ मा र लेखा समिति अप्रिल १८६१ मा गठन भएको थियो।[४]

बेलायतमा १६औं शताब्दीको मध्यसम्ममा समिति व्यवस्थामा उल्लेख्य सुधार गरियो। त्यतिबेलादेखि समितिलाई संसद्कै अंशको रूपमा मान्न थालियो र समिति प्रणालीले आधुनिक कालमा प्रयोग गरिने कतिपय विशेषतालाई अवलम्बन गरिसकेको थियो भने उपसमितिहरू गठन गर्ने, सरोकारवालाहरूलाई छलफलका लागि बोलाउने लगायतका अधिकार प्रयोग गर्न थालिसकेको थियो।[५] त्यतिबेला ठूला समिति भनेर ३० देखि ४० सदस्यीय समिति र १५ सदस्यहरू रहेका साना समिति भनी दुई प्रकारका समितिको वर्गीकरण गरिएको थियो।[६] यसरी क्रमशः बेलायतमा संसदीय समितिको व्यवस्थामा विभिन्न परिवर्तन तथा विकास गर्दै अघि बढेको पाइन्छ।

---

३. House of Commons Procedure and Practice, 20. Committees, Historical Perspective, British Precedents (https://www.ourcommons.ca/marleaumontpetit/)

४. George Varghese K., Why are parliamentary standing committees necessary?, The Hindu, July 21, 2019, https://www.thehindu.com/news/national/whither-house-panels/article28621493.ece

५. House of Commons Procedure and Practice, 20. Committees, Historical Perspective, British Precedents (https://www.ourcommons.ca/marleaumontpetit/)

जसरी भारत लगायतका देशहरूले बेलायतबाट संसदीय व्यवस्थाको अवलम्बन गरे त्यसैगरी संसदीय समितिको पनि अनुसरण गरे। बेलायती परिपाटीकै अवलम्बन गर्दै भारतको लोकसभामा पनि अप्रिल १९५० मा लेखा समिति गठन गरियो।[७]

नेपालले पनि वि.सं. २०१६ मा पहिलो संसद्को निर्वाचन गरी बहुदलीय प्रजातन्त्रको सुरुवात गर्दा बेलायती मोडेलको संसदीय व्यवस्थाकै अवलम्बन गऱ्यो। सिद्धान्ततः बेलायती मोडेलको वेस्टमिन्स्टेरियल प्रणाली अवलम्बन गरेको नेपालले संसदीय अभ्यास पनि कुनै सिधै बेलायती व्यवस्था अपनायो भने केही भारतीय अभ्यासको सिको गरेको पाइन्छ।

बेलायत, भारत र संसदीय व्यवस्था अवलम्बन गर्ने मुलुकहरूमा संसदीय समिति प्रणालीको क्रमिक विकास भएको पाइन्छ। संसदीय समितिका कार्यक्षेत्र, स्वरूप र संख्याबारे विभिन्न मुलुकले समयक्रममा आआफ्नै हिसाबले परिवर्तनहरू भएका छन्। तर, मुलतः द्विसदनात्मक व्यवस्था अपनाएका यी मुलुकहरूले उपल्लो सदन र तल्लो सदनमा छुट्टाछुट्टै समिति र केही संयुक्त समिति गठन गर्ने आमप्रचलन रहेको छ। सोही प्रचलनअनुसार नेपालमा पनि प्रतिनिधिसभा र राष्ट्रिय सभामा फरकफरक समितिहरू गठन गरिन्छ भने केही संयुक्त समिति पनि रहेका छन्।

पहिलो संसद्देखि गणतन्त्रसम्म

पहिलो संसद्ले १८ महिना पनि काम गर्न नपाउँदै राजा महेन्द्रले संसदीय व्यवस्था नै खारेज गरेपछि नेपाली प्रजातन्त्र टकरावपूर्ण अवस्थाबाट गुज्रियो। ६३ वर्षको अवधिमा नेपालको व्यवस्थापिकाले कहिले निर्दलीय त कहिले बहुदलीय र कहिले एक सदनात्मक त कहिले द्विसदनात्मक व्यवस्थापिकाको अभ्यास गर्दै आयो। त्यसको सिधा प्रभाव संसदीय समितिमा नपर्ने कुरै भएन। समितिका अभ्यास त्यसै गरी परिवर्तित तथा परिमार्जित हुँदै आए। यसबीच २०६४ देखि २०६९ र २०७० देखि २०७२ सम्म संविधानसभाले नै व्यवस्थापिका संसद्को समेत काम गऱ्यो। २०७२ देखि २०७४ सम्म सोही सभा रूपान्तरित संसदको रूपमा क्रियाशील रह्यो।

---

६. House of Commons Procedure and Practice, 20. Committees, Historical Perspective, British Precedents (https://www.ourcommons.ca/marleaumontpetit/)

७. George Varghese K., Why are parliamentary standing committees necessary?, The Hindu, July 21, 2019, https://www.thehindu.com/news/national/whither-house-panels/article28621493.ece

२०१६ साल असारबाट काम सुरु गरेको पहिलो संसद्ले मुलुकमा व्यवस्थापिकीय प्रणालीको जग त बसाल्यो तर त्यसमा टेकेर सुरु गरिएको अभ्यासले केही वर्ष पनि निरन्तरता पाएन। नेपाल अधिराज्यको संविधान २०१५ अनुसार दुई सदनात्मक व्यवस्थापिकाको निर्वाचन गरिएको थियो। संविधानमा माथिल्लो सदनलाई महासभा र तल्लो सदनलाई प्रतिनिधिसभा नामकरण गरिएको थियो। प्रतिनिधिसभाका लागि वि.सं. २०१५ फागुन ७ गतेबाट सुरु भई चैत २८ गते मतदान सकिएको थियो भने २०१६ वैशाख २८ गते नतिजा सार्वजनिक भएको थियो।[९]

यसरी सम्पन्न भएको नेपालको पहिलो संसद्को निर्वाचनबाट १०९ सिट रहेको प्रतिनिधिसभामा नेपाली कांग्रेसले ७४ स्थानमा विजय हासिल गरी दुईतिहाइ मत प्राप्त गऱ्यो। नेपाल राष्ट्रवादी गोरखा परिषद्ले १९ स्थान, संयुक्त प्रजातन्त्र पार्टीले ५, नेपाल कम्युनिस्ट पार्टीले ४, नेपाल प्रजापरिषद् (आचार्य पक्ष) ले २ र नेपाल प्रजापरिषद् (मिश्र पक्ष) ले १ स्थानमा जितेका थिए भने ४ जना स्वतन्त्र उम्मेदवारले विजय हासिल गरेका थिए।

३६ सदस्यीय उपल्लो सदनमा १८ जना प्रतिनिधिसभाबाट निर्वाचित हुन्थे भने १८ जना राजाबाट मनोनीत हुन्थे। प्रतिनिधिसभाबाट चुनिने सदस्यहरूलाई समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम एकल संक्रमणीय मतबाट निर्वाचित गरिने तत्कालीन संवैधानिक व्यवस्था थियो। तत्कालीन संविधानले महासभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन सभासदमध्येबाटै गर्नुपर्ने प्रावधान राखेको थियो।[१०] सो व्यवस्थालाई पछिल्लो संविधानमा पनि निरन्तरता दिइएको छ।

"२०१६ को आम निर्वाचनपछि गठित महासभामा डम्बरबहादुर सिंह अध्यक्ष र कमल राणा उपाध्यक्ष चुनिएका थिए। महासभाको पहिलो बैठक २०१६ साउन ४ गते बसेको थियो।"[११]

तर, प्रतिनिधिसभाको सभामुख चयन प्रक्रिया भने पहिलो संसद्मा भिन्न व्यवस्था गरेको देखिन्छ। त्यतिबेला प्रतिनिधिसभा सदस्य नभएको व्यक्तिलाई पनि सभामुखमा निर्वाचित गर्न सकिने तर उपसभामुख भने सभासदबाटै हुनुपर्ने व्यवस्था गरिएको थियो। सोही व्यवस्थाअनुसार नेपाली कांग्रेसका नेता कृष्णप्रसाद भट्टराई पहिलो संसद्को सभामुख बनेका हुन्। गोरखाबाट उम्मेदवार बनेका भट्टराई नेपाल राष्ट्रवादी गोरखा परिषद्का उम्मेदवार विश्वनाथ सुवेदीसँग पराजित भएका थिए। प्रजातन्त्र पुनर्स्थापनापछिका संविधानमा भने

---

८. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा/महासभा (२०१६-२०१७), *संघीय संसद् सचिवालय*, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ ५।
९. नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल, कान्तिपथ काठमाडौं, २०७३, पृष्ठ २८१।
१०. नेपाल अधिराज्यको संविधान २०१५।
११. राष्ट्रिय सभाका दुई वर्ष, संघीय संसद् सचिवालय, २०७७, पृष्ठ ५।

त्यस्तो व्यवस्था राखिएको छैन। संविधानसभाबाट जारी संविधानमा पनि सभामुख र उपसभामुख प्रतिनिधिसभाका सदस्यमध्येबाटै चयन हुने प्रावधान छ।

पहिलो संसद्देखि निर्दलीय पञ्चायत हुँदै गणतान्त्रिक तथा संघीय संसद्सम्म आइपुग्दा विभिन्न व्यवस्था र प्रणाली अन्तर्गत व्यवस्थापिकाका लागि ९ वटा निर्वाचन भएका छन्।

हालसम्म भएका आमनिर्वाचन[१२]

१.	प्रतिनिधिसभा सदस्य निर्वाचन, २०१५
२.	राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन, २०३८
३.	राष्ट्रिय पञ्चायत सदस्य निर्वाचन, २०४३
४.	प्रतिनिधिसभा सदस्य निर्वाचन, २०४८
५.	प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५१
६.	प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५६
७.	संविधानसभा सदस्य निर्वाचन (पहिलो), २०६४
८.	संविधानसभा सदस्य निर्वाचन (दोस्रो), २०७०
९.	संघीय प्रतिनिधिसभा (प्रदेश सभा समेत) निर्वाचन, २०७४

पहिलो संसद्मा समिति अभ्यास

पहिलो संसद्को प्रतिनिधिसभामा १०९ सदस्य रहने व्यवस्था थियो। यसको अवधि पाँच वर्ष तोकिएको थियो। तर, संवैधानिक प्रावधानअनुसारको यसको कार्यकाल सकिनुअघि नै राजा महेन्द्रबाट दुवै सदनको विघटन गरियो। जसका कारण संसदीय व्यवस्था जसरी हुर्किनुपर्ने थियो त्यसरी हुर्किन पाएन। शिशु अवस्थाबाटै संसदीय व्यवस्थाले पालन-पोषण पाएन। जसले गर्दा 'मिनी पार्लियामेन्ट'को रूपमा परिचित संसदीय समितिहरूसमेत राम्रोसँग मौलाउन पाएनन्।[१३]

---

१२. नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल, कान्तिपथ काठमाडौं, २०७३, पृष्ठ ५५१।

१३. भट्ट माधवदत्त, सदनका समितिहरू एक परिचय, २०४८, संसद् सचिवालय, कानुनी परामर्श तथा मस्यौदा महाशाखा, सिंहदरबार।

सदनको दैनिक कार्य सञ्चालनमा सहयोग पुऱ्याउन र शासन सञ्चालनमा जनप्रतिनिधिलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न गराउने उद्देश्यले प्रतिनिधिसभा नियमावली २०१६ मा संसदीय समितिको परिकल्पना गरिएको थियो। तर, यो संसदीय अभ्यासको छोटो अवधिमा केही समिति व्यावहारिक रूपमा कार्यन्वयन भए भने केही परिकल्पनामै सीमित रहन पुगे।

त्यतिबेला कुनै निश्चित कामका लागि समितिहरू गठन गरिन्थ्यो। सभामुखले दिएको काम सकिएपछि समिति पनि विघटन हुन्थे। त्यो बेला स्थायी समिति गठन गर्ने परिकल्पना नभएको पनि होइन, यस्ता समिति गठन गर्ने प्रक्रिया अन्तिम चरणमा रहेका बेला दलीय शासन प्रणालीकै अवसान भयो।[१४]

संसद् सचिवालयमा उपलब्ध विवरणअनुसार प्रतिनिधिसभा नियमावली २०१६ ले परामर्शदातृ समिति, प्रवर समिति, निवेदन पत्र समिति, सार्वजनिक लेखा समिति, अनुमान समिति, र विशेषाधिकार समितिको व्यवस्था गरेको पाइन्छ। तर सो नियमावलीको व्यवस्थाअनुसार सबै समिति गठन हुन नपाउँदै संसदीय व्यवस्थाकै अन्त्य गरियो। केही समिति भने गठन भई उनीहरूले निर्दिष्ट काम सम्पन्न गरेको र कतिपयले आआफ्ना प्रतिवेदन सदनमा बुझाएका पनि थिए।

पहिलो संसद्को दुईवटा अधिवेशन भएका थिए। सो अवधिमध्ये पहिलो अधिवेशनमा तीनवटा समिति गठन भएका थिए। ती हुन्- नियम समिति, परामर्शदातृ समिति र अनुमान समिति।[१५]

सभाको नियमावलीको मस्यौदा गरी प्रतिवेदन पेस गर्नका लागि नियम समिति गठन गरिएको थियो भने सभाध्यक्षलाई वैठक सञ्चालनका लागि आवश्यक परामर्श दिने उद्देश्यका लागि परामर्शदातृ समिति गठन गरिएको थियो। अहिले अभ्यासमा रहेको कार्यव्यवस्था परामर्श समितिजस्तै प्रयोजनका लागि गठन गरिएको परामर्शदातृ समितिमा सभामुख पदेन अध्यक्ष हुने व्यवस्था थियो।

प्रतिनिधिसभाको प्रथम र दोस्रो अधिवेशनमा गरी विभिन्न विधेयकमाथिको दफावार छलफल गर्नका लागि ५ वटा प्रवर समितिको गठन गरिएको थियो।[१६]

बिर्ता उन्मूलन विधेयक २०१६, जलचर संरक्षण विधेयक २०१७, मादक पदार्थ विधेयक २०१७, संसद्को विशेषाधिकार विधेयक २०१७ र घुम्ती अदालत विधेयक २०१७ माथि छलफल गर्न पाँचवटा प्रवर समिति गठन गरिएको थियो।[१७]

---

१४. भट्ट, पूर्ववत्, पृष्ठ २।
१५. संसदीय विवरण पुस्तिकाः प्रतिनिधिसभा/महासभा (२०१६-२०१७), *संघीय संसद् सचिवालय*, २०७७, पृष्ठ ८।
१६. पूर्ववत्, पृष्ठ १०।
१७. पूर्ववत्, पृष्ठ ११-१३।

यी पाँचैवटा प्रवर समिति र अनुमान समितिका छुट्टाछुट्टै प्रतिवेदन प्रतिनिधिसभामा प्रस्तुत गरिएको छ। तर रोचक पक्ष के छ भने ती प्रतिवेदन सरकारका मन्त्रीहरूले संसद्मा पेस गरेका छन्।

प्रवर समितिको काम पहिलो संसद्को सवैभन्दा महत्वपूर्ण काम थियो। किनकि त्यो समयमा नयाँ प्रणालीअनुरूप नयाँनयाँ कानुन बनाउनुपर्ने थियो। तत्कालीन समयमा यो काम चुनौतीपूर्ण थियो। यो समिति यति महत्वपूर्ण थियो कि संसद्को कुनै पनि सदस्यले विधेयक तथा संशोधन प्रवर समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गर्दा समितिमा रहेका सदस्यको नामसमेत उल्लेख गर्नुपर्थ्यो।[१८]

प्रवर समितिले प्रतिवेदन पेस गर्दा प्रस्तुतकर्ता सदस्यले समितिद्वारा प्रस्तुत विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव सदनमा पेस गर्नुपर्थ्यो। यदि समितिको प्रतिवेदन दुई दिनअघि नै प्राप्त भैइनसकेको भए कुनै पनि सदस्यले उक्त प्रस्तावमाथि आपत्ति गर्न सक्ने र सभामुखले अस्वीकार गरेमा बाहेक त्यो आपत्ति उचित ठहरिन्थ्यो।[१९]

छलफल भइरहेको विधेयकसँग सम्बन्धित मन्त्रालयको मन्त्री, कानुनमन्त्री तथा प्रस्तुतकर्ता सदस्यसमेत यस प्रवर समितिमा सदस्य रहने व्यवस्था थियो। समितिका सदस्यको संख्या र कानुनमन्त्री तथा प्रस्तुतकर्ता सदस्य गरी समितिमा जम्मा ९ जना सदस्य बस्दथे। तर, विधेयक कुनै सदस्यको प्रस्तावबाटै आएको हो भने समिति सदस्यको संख्या ८ हुन्थ्यो।

अनुमान समितिलाई पहिलो संसद्मा महत्वपूर्ण संसदीय समितिको रूपमा राखिएको थियो। राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी सदनमा रिपोर्ट प्रस्तुत गर्नु समितिको प्रमुख दायित्व हुन्थ्यो।[२०]

अनुमानमा निहित नीतिको सट्टा लागू गर्न सकिने नीति र आफूले उचित देखेको अनुमानमाथि विचार गर्नेगरी यो समिति गठन हुन्थ्यो।[२१]

अनुमान समितिमा ९ जना सदस्य राखिन्थ्यो। ती सदस्यलाई सभाले समानुपातिक प्रतिनिधित्वको सिद्धान्तअनुसार एकल संक्रमणीय मतद्वारा चयन गनुपर्थ्यो। समितिका सदस्यहरूको कार्यकाल बढीमा एक वर्षको मात्रै राखिन्थ्यो।[२२]

---

१८. श्री ५ को सरकार कानुन मन्त्रालय। प्रतिनिधिसभा नियमावली। नेपाल गजेट, ५ भाद्र २०१६, खण्ड ९, भाग-३, नियम ९६।
१९. पूर्ववत्।
२०. पूर्ववत्, नियम-१४७।
२१. पूर्ववत्, उपनियम २।
२२. पूर्ववत्, उपनियम ४।

त्यस्तै, पहिलो संसद्मा निवेदन पत्र समितिको पनि परिकल्पना गरिएको देखिन्छ।[२३] यो समितिले प्रमुख काम सभामा आएका निवेदन पत्रको विषय, सही गर्ने सदस्यहरूको संख्या तथा निवेदन नियमानुकूल छ कि छैन भनेर मूल्यांकन गर्ने थियो।

त्यस्तै, विशेषाधिकार समिति पनि यही परिकल्पना गरेको थियो। जसको काम प्रश्नहरूलाई राम्रोसँग जाँचबुझ गर्ने तथा सम्बन्धित व्यक्तिहरूलाई आफ्ना कुरा भन्ने मौका दिएपछि सबै तथ्यहरूको विचार राख्ने विशेषाधिकारको हनन भएको छ कि छैन भनेर हेर्ने हुन्थ्यो।[२४]

यदि संसद्को विधेषाधिकार हनन भएको पाइएमा कुन कारण वा परिस्थितिबाट हनन भएको हो भनेर त्यसको खोजीनिती गर्दै सभामा रिपोर्ट पेस गर्नेगरी यो समितिको परिकल्पना गरिएको थियो।

विशेषाधिकारको प्रश्न उठाउने अनुमति प्राप्त गरेको कुनै पनि सदस्यले उक्त प्रश्न विशेषाधिकार समितिमा पठाइयोस् भन्ने प्रस्ताव गरेपछि समेत समितिले उक्त विषयमा काम थाल्थ्यो।[२५]

सभामुखले जुनसुकै सदस्यलाई समितिको सदस्यका रूपमा मनोनीत गर्न पाउँथे। समितिमा ९ जनाभन्दा बढी सदस्य रहने गरी तयार पारिएको थियो।[२६]

त्यसैगरी, मुलुकका केही पेचिला विवाद र जल्दाबल्दा विषयमा संसदीय समिति गठन गरेर त्यसबारे अध्ययन गरी प्रतिवेदन पेस गर्न माग गर्दै प्रतिनिधिसभामा सांसदहरूले गम्भीर तवरबाट आवाज उठाएको पाइयो। केही संवेदनशील विषयमा सांसदहरूले संसद्मा संकल्प प्रस्ताव नै राखेर त्यस्ता मागहरू उठाएको संसद्का रेकर्डहरूमा भेटिन्छ।

"गण्डक योजना अध्ययन गरी रिपोर्ट पेस गर्नको निमित्त संसद्का १५ जना सदस्यको एउटा समिति गठन होस्" भनी सांसद मृगेन्द्र शमशेर प्रस्तावक रहेको संकल्प प्रस्ताव २०१६ साल भदौ १२ गते प्रतिनिधिसभामा प्रस्तुत गरिएको छ।[२७]

त्यसैगरी, "यस वर्ष अग्नि काण्डद्वारा पीडित देशका विभिन्न क्षेत्रका जनताहरूको सेवा तथा सहायताको निमित्त एउटा कमिटी गठन होस्" भनी सांसद निस्तार राय यादवले २०१७ भदौ ११ गते प्रतिनिधिसभामा संकल्प प्रस्ताव प्रस्तुत गरेको पाइन्छ।[२८]

---

२३. श्री ५ को सरकार कानुन मन्त्रालय। प्रतिनिधिसभा नियमावली। नेपाल गजेट, ५ भाद्र २०१६, खण्ड ९, भाग-३, नियम १३५।
२४. पूर्ववत्, नियम १६६।
२५. पूर्ववत्, नियम १६४।
२६. पूर्ववत्, नियम १६५।
२७. संसदीय विवरण पुस्तिकाः प्रतिनिधिसभा/महासभा (२०१६-२०१७), *संघीय संसद् सचिवालय*, २०७७, अनुसूची-३, पृष्ठ ५६।
२८. संसदीय विवरण पुस्तिकाः प्रतिनिधिसभा/महासभा (२०१६-२०१७), *संघीय संसद् सचिवालय*, २०७७, अनुसूची-३, पृष्ठ ६५।

असरी, छोटो समय चलेको पहिलो संसद्मा पनि संसदीय समितिका मूलभूत व्यवस्थाहरूको सक्रिय तथा गम्भीर रूपमा अभ्यास गरेको पाइन्छ। तर संसदीय व्यवस्थाको हत्या गरी निर्दलीय पञ्चायती व्यवस्थाको सुरुवात गरेसँगै संसदीय समितिका ती अभ्यासको पनि प्रारम्भिक अवस्थामा अन्त्य भयो।

राष्ट्रिय पञ्चायतमा समिति अभ्यास

राजा महेन्द्रले २०१७ पुस १ गते संसदीय व्यवस्थाको अन्त्य गरी निर्दलीय पञ्चायती शासन व्यवस्था लागू गरेपछि संसदीय अभ्यासको अन्त्य गरियो। तर उनले आफू अनुकूलको व्यवस्थापिका भने खडा गरे। जसको नाम दिइयो- राष्ट्रिय पञ्चायत। नेपाली माटो सुहाँउदो भनी प्रचार गरिएको सो व्यवस्थामा सुरुमा समितिको परिकल्पना गरेको देखिँदैन। तर, राष्ट्रिय पञ्चायतको कामकारबाहीमा जटिलता देखिँदै गएपछि तत्कालीन शासकले समितिको संख्या बढाउँदै लगेको देखिन्छ। यस क्रममा समितिको अधिकार पनि बढ्दै गएको पाइन्छ।

निर्दलीय पञ्चायतकालको सुरुमा एउटा मात्र समितिको परिकल्पना गरिएको थियो। राष्ट्रिय पञ्चायतको बैठकले प्रत्येक समितिलाई राष्ट्रिय पञ्चायतसँग सम्बन्धित कुनै काम दिन सक्थ्यो। तत्कालीन संविधानले नै समितिको प्रावधान राखेको देखिन्छ। पञ्चायत शासनको सुरुवातदेखि नै राष्ट्रिय पञ्चायतमा 'निर्देशक समिति'को परिकल्पना गरियो।[२९]

नेपालको संविधान, २०१९ अनुसार गठन गरिएको निर्देशक समितिले सदनको कामकारबाहीमा अध्यक्षलाई सहयोग पुऱ्याउने अपेक्षा गरिएको थियो तर पछि आर्थिक मामिला सम्बन्धमा अध्ययन तथा छानबिन गर्न लेखा समिति र अनुमान समितिको व्यवस्था गरियो।[३०]

संविधानले राष्ट्रिय पञ्चायतका अध्यक्ष र उपाध्यक्ष निर्देशक समितिका पदेन अध्यक्ष र उपाध्यक्ष हुने र प्रधानमन्त्री, अर्थमन्त्री, गृहमन्त्री, पञ्चायतमन्त्री र कानुन तथा न्यायमन्त्री पदेन सदस्य रहने व्यवस्था गरेको थियो। निर्देशक समितिका अरू सदस्यहरूको निर्वाचन राष्ट्रिय पञ्चायतको नियमावलीअनुसार राष्ट्रिय पञ्चायतका सदस्यहरूद्वारा गरिने संविधानमा उल्लेख थियो।

नेपालको संविधान, २०१९ मा दोस्रो संशोधन (२०३२) गरी विषयगत समिति गठन गर्ने प्रावधान समेटियो। "राष्ट्रिय पञ्चायतका सदस्यहरूलाई मुलुकको शासनमा बढी मात्रामा सक्रिय गराउने उद्देश्यले राष्ट्रिय पञ्चायतका विभिन्न विषयका समितिहरू रहनेछन्," सो प्रावधानमा भनिएको छ, "उपधारा (१) बमोजिमका समितिहरूको गठन, काम, कारबाही र

---

२९. श्री ५ को सरकार, नेपालको संविधान २०१९, नेपाल कानुन आयोग, धारा ४१।
३०. संसद् सचिवालयमा उपलब्ध विवरणमा आधारित।

राष्ट्रिय पञ्चायतका विषयसँग सम्बन्धित अरू समितिहरूको व्यवस्था राष्ट्रिय पञ्चायतको नियमावलीमा भएबमोजिम हुनेछ।"

त्यसैगरी, २०४५ सालमा राष्ट्रिय पञ्चायत नियमावली संशोधन गरी पञ्चायत समिति, सामाजिक समिति, आर्थिक समिति, लेखा समिति, जलस्रोत समिति र विकास समितिको व्यवस्था गरिएको थियो।[३१]

त्यतिबेला सदनमा पेस हुने विधेयकहरू समितिमा पठाइँदैनथ्यो। पूर्ण बैठकमा नै छलफल गरेर विधेयकलाई टुंगो लगाइन्थ्यो। यसरी पञ्चायतकालको सुरुवाती समयमा समितिलाई देशको शासन सत्तामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी गराइएन।[३२]

जब पञ्चायती संविधान दोस्रोपटक संशोधन गरियो, त्यसपछि आवश्यकताअनुसार विधेयकहरू निर्देशक समितिमा पनि पठाउन थालियो। त्यसपछि अन्य विषयगत समितिहरूको पनि परिकल्पना गर्न थालिएको देखिन्छ।[३३]

राष्ट्रिय पञ्चायत नियमावली २०३० सार्वजनिक भएपछि सुरुदेखिकै निर्देशक समितिको दायरा बढाइयो। राष्ट्रिय पञ्चायतमा पेस हुने कार्यक्रम सुव्यवस्थित ढंगले मिलाउने काममा यो समितिले अध्यक्षलाई सल्लाह दिनुपर्ने प्रावधान राखियो।[३४]

निर्देशक समितिमा जम्मा १४ जना सदस्य राखिन थालियो। समिति सदस्यहरू कार्यकाल दुई वर्षको राखिएको थियो। समितिका पदेन सदस्यबाहेक निर्देशक समितिका अन्य सदस्यहरू राष्ट्रिय पञ्चायतका सदस्यबाटै निर्वाचित गरिन्थ्यो। राष्ट्रिय पञ्चायत अध्यक्ष नै निर्देशक समितिको अध्यक्ष हुन्थे। सम्पूर्ण सदस्य संख्याको तीन खण्डको एक खण्ड उपस्थित भएमा मात्र समितिको काम सुरु हुन सक्थ्यो। कुनै मन्त्री पदेन सदस्य मन्त्रिपरिषद्बाट बाहिरिएको अवस्थामा र पदावधि पूरा भएमा वा राजीनामा गरेमा उक्त व्यक्तिको निर्देशक समितिको सदस्यता सकिन्थ्यो।[३५]

त्यस्तै २०३० सालको नियमावलीमार्फत राष्ट्रिय पञ्चायतमा अरू दुईवटा समिति पनि थपियो। ती समितिका नाम हुन्, सार्वजनिक लेखा समिति र अनुमान समिति।

---

३१. संसद् सचिवालयमा उपलब्ध विवरणमा आधारित।
३२. उप्रेती विष्णुदत्त, दक्षिण एसियाली संसदीय प्रणाली तुलनात्मक विश्लेषण, २०५४, प्रकाशक रत्न पुस्तक भण्डार, पृष्ठ ११।
३३. श्री ५ को सरकार, नेपालको संविधान २०१९, नेपाल कानुन आयोग, भाग ४१ क।
३४. राष्ट्रिय पञ्चायत सचिवालय, राष्ट्रिय पञ्चायत नियमावली, नेपाल गजेट, १ असार २०३३, खण्ड २३, भाग-३, नियम १०७।
३५. पूर्ववत्, नियम १०२, १०३, १०५, १०६।

सार्वजनिक लेखा समितिको दायित्व सरकारबाट विनियोजित लेखा वा राष्ट्रिय पञ्चायतमा पेस भएका अरू कुनै लेखको जाँच गरी प्रत्येक वर्ष प्रतिवेदन बनाउने रहन्थ्यो। यो समितिमा ९ जना सदस्य रहन्थे भने सदस्यहरूको कार्यकाल प्रत्येक श्रावण संक्रान्तिदेखि गणना हुने गरी दुई वर्षको हुन्थ्यो।

त्यस्तै अनुमान समितिको दायित्व राजस्व र व्ययसम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमानमा निहित रकममा कति किफायत गर्न सकिन्छ भनेर वार्षिक अनुमान तयार गर्ने थियो। राष्ट्रिय पञ्चायतद्वारा समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम एक परिवर्तनीय मतको आधारमा निर्वाचित भएका ९ जना सदस्य यो समितिमा रहन्थे। यो समितिका समितिका सदस्यहरूको कार्यकाल पनि प्रत्येक श्रावण संक्रान्तिदेखि गणना हुने गरी दुई वर्षको हुन्थ्यो।[३६]

यतिबेलासम्म राष्ट्रिय पञ्चायतका निर्णयबाट गठित कुनै पनि समितिको सभापति अध्यक्षबाट मनोनीत गर्न थालिएको थियो।[३७]

समितिहरूलाई कागजपत्र झिकाउने तथा सम्बधित व्यक्तिलाई उपस्थित गराउन सक्ने अधिकार थियो। कुनै कागजपत्र अथवा कुनै व्यक्तिको बयान समितिको कार्यको निमित्त आवश्यक छ छैन भन्ने प्रश्न उठेमा सो कुरा सभापतिसमक्ष पेस गरिने र सभापतिको निर्णय अन्तिम हुने नियम पनि राखिएको थियो। यदि मन्त्रीले कुनै कागजपत्रलाई सार्वजनिक हित वा सुरक्षाको विपरीत हुने देखेमा त्यस्तो कागजपत्र समितिको समक्ष नराख्न पनि सक्थ्यो।[३८]

२०३७ सालमा संविधानको तेस्रो संशोधनमा अर्को समिति थपियो। यो समितिको नाम रह्यो, पञ्चायत नीति तथा जाँचबुझ समिति।

संवैधानिक प्रावधानअनुसार नै बनेको यो समितिमा राष्ट्रिय पञ्चायतको अध्यक्षकै अध्यक्षता हुन्थ्यो। यो समितिको गठन तथा दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सम्वर्धनको लागि आवश्यक पर्ने सम्पूर्ण काम कारवाही गर्ने अधिकार तथा कार्यविधि आदि विषयमा राजाबाट स्वीकृत नियमावलीबमोजिम हुन्थ्यो र यो नियमावलीको पालना भयो भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन पाइने थिएन।[३९]

संविधानको तेस्रो संशोधनद्वारा थप यो संशोधन राजाबाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा २०३७ फागुन ५ देखि प्रारम्भ भएको थियो।

---

३६. राष्ट्रिय पञ्चायत सचिवालय, राष्ट्रिय पञ्चायत नियमावली, नेपाल गजेट, १ असार २०३, खण्ड २३, भाग-३, नियम ११२।

३७. पूर्ववत्, नियम ११३।

३८. पूर्ववत्, नियम ११४।

३९. श्री ५ को सरकार, नेपालको संविधान २०१९, नेपाल कानुन आयोग, धारा ४१ क।

राष्ट्रिय पञ्चायत नियमावली २०४० बाट पञ्चायतकालमा समितिको तेस्रो कालखण्डको सुरुवात भएको देखिन्छ। यो नियमावलीमार्फत विषयगत समितिको सुरुवात गरियो। नियमावलीले व्यवस्था गरेका ६ वटा विषयगत समितिहरू बनाइयो।[४०]

जसमध्ये सबैभन्दा महत्वपूर्ण थियो, पञ्चायत समिति। यो समितिलाई मन्त्रिपरिषद्, गृह, पञ्चायत तथा स्थानीय विकास, सामान्य प्रशासन, कानुन तथा न्याय, रक्षा र लोक सेवा आयोगको वार्षिक प्रतिवेदन हेर्ने जिम्मेवारी दिइएको थियो।

त्यस्तै सामाजिक समितिले शिक्षा तथा संस्कृति, स्वास्थ, परराष्ट्र, सञ्चार, समाज कल्याण हेर्ने जिम्मेवारी पाएको थियो। आर्थिक समितिलाई अर्थ, अनुमान, लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन हेर्ने जिम्मा दिइयो। जलस्रोत समितिलाई जलस्रोत, वन तथा भू संरक्षण, कृषि र भूमिसुधार हेर्ने जिम्मेवारी थियो। र, विकास समितिलाई दिइयो, योजना, उद्योग, वाणिज्य तथा आपूर्ति, निर्माण तथा यातायात, पर्यटन र श्रम हेर्ने जिम्मेवारी।

राष्ट्रिय पञ्चायतको अधिवेशन चालु रहेको वा नरहेको जुनसुकै बखत अध्यक्षले आवश्यक देखेमा समितिको बैठक बोलाउन सक्ने नियम बनाइएको थियो। त्यस्तै समितिको बैठकमा विषयसित सम्बन्धित नभएको मन्त्रीले पनि सभापतिको अनुमति लिई समितिको बैठकमा भाग लिन सक्ने व्यवस्था गरियो। बहुमतको निर्णय समितिको निर्णय मानिने, समितिको गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको चार खण्डको एक खण्ड हुने नियम बनाइयो।[४१]

पञ्चायती व्यवस्थामा ६ वर्ष राष्ट्रिय पञ्चायत र पछि संसदीय व्यवस्थामा समेत सांसद रहेका रमेशनाथ पाण्डेका अनुसार राष्ट्रिय पञ्चायत अन्तर्गतका समितिमा विषयको ज्ञान र अनुभवको आधारमा सदस्यहरू चयन हुन्थे। त्यतिबेला समितिहरू शक्तिशाली हुने गरेको र महत्वपूर्ण समसामयिक विषयमा उपसमिति बनाएर त्यसबारे स्थलगत निरीक्षण र अध्ययन गर्ने गरेको पाण्डे सम्झिन्छन्। "विश्वका सफल प्रजातन्त्रमा संसदीय समितिहरूको अभ्यास प्रचलित छ। कानुन निर्माणमा यो अभ्यास मूल्यवान् साबित भएको छ। समिति व्यवस्थाले संसद्को कार्यबोझ उल्लेखनीय मात्रामा घटाउँछ," पाण्डे भन्छन्।[४२] सरकारलाई जवाफदेही बनाउनका लागि समितिहरूले सम्बन्धित मन्त्रीलाई दिने निर्देशनहरूको संख्यात्मक वृद्धिमा भन्दा कार्यान्वयनमा सुनिश्चित गर्ने शैली अपनाउनु उचित हुने उनको ठहर छ। "समितिहरूले विषयगत विज्ञहरूलाई बोलाउने, उनीहरूको ज्ञान र अनुभव उपयोग गर्ने र तदनुकूल सरकारलाई मार्गदर्शन गर्ने विधि अपनाउनु उचित हुन्छ," उनी भन्छन्।

---

४०. श्री ५ को सरकार, नेपालको संविधान २०१९, नेपाल कानुन आयोग, नियम ११८।
४१. पूर्ववत, नियम १२८।
४२. पूर्वसांसद रमेशनाथ पाण्डेसँग २०७८ भदौमा गरिएको कुराकानीमा आधारित।

राजा महेन्द्रबाट बहुदलीय संसदीय व्यवस्थाको हत्या गरेर स्थापित गरेको निर्दलीय पञ्चायती व्यवस्थामा पनि संसदीय व्यवस्थामा अवलम्बन गरिने एउटा महत्वपूर्ण परिपाटी समिति प्रणालीलाई भने आत्मसात् गरियो। यसले गर्दा निर्दलीय पञ्चायत व्यवस्थामा पनि विधायिकी पाटो क्रियाशील बनेको थियो।

प्रजातन्त्र पुनर्स्थापनापछि संसदीय समितिको विकासक्रम र अभ्यास

२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापनापछि २०४८ सालमा आमनिर्वाचन सम्पन्न भई ३० वर्षपछि संसदीय व्यवस्थाको अभ्यास पुनः सुरु भयो।

नेपाल अधिराज्यको संविधान २०४७ लागू भएपछि सोही संविधानको व्यवस्थाअनुसार २०४८ वैशाख २९ गते २०५ क्षेत्रमा निर्वाचन भयो। सो निर्वाचनबाट नेपाली कांग्रेसले ११० सिट जितेर संसद्मा स्पष्ट बहुमतसहित सबैभन्दा ठूलो दल बन्यो। नेकपा (एमाले) ले ६९ सिट जितेर दोस्रो ठूलो दल बन्यो। त्यसैगरी, संयुक्त जनमोर्चाले ९, नेपाल सद्भावना पार्टीले ६, राष्ट्रिय प्रजातन्त्र पार्टी (चन्द) ३, नेपाल मजदुर किसान पार्टी २, नेकपा प्रजातन्त्रवादी २ र राष्ट्रिय प्रजातन्त्र पार्टी (थापा) ले १ सिट जिते भने ३ सांसद स्वतन्त्र हैसियतमा निर्वाचित भए।[४३]

सो संसद्को प्रथम अधिवेशन २०४८ असार ६ गते प्रारम्भ भएको थियो। संसद् सचिवालयले आफ्ना प्रकाशनहरूमा प्रजातन्त्र पुनर्स्थापनापछिको सो प्रतिनिधिसभालाई प्रथम प्रतिनिधिसभा भनेको छ भने २०५१ मा भएको आमनिर्वाचन र २०५६ मा भएको निर्वाचनपछि गठन भएका संसद्लाई क्रमशः द्वितीय र तृतीय प्रतिनिधिसभा नामकरण गरिएको छ। प्रतिनिधिसभाका विभिन्न अवधि र २०४८ बाट सुरु भई २०५९ मा संसद् विघटन हुँदासम्मको राष्ट्रिय सभामा फरकफरक संख्या र कार्यक्षेत्रसहित संसदीय समितिहरू गठन गरिएको थियो।

सुरुमा सात समिति

२०४८ पछिको प्रतिनिधिसभातर्फ ७ वटा समितिहरू गठन गरिएको थियो।

---

४३. नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल, कान्तिपथ काठमाडौं, २०७३, पृष्ठ ३१७।

यस्तो थियो समिति र तिनको कार्यक्षेत्र[४४]

समितिको नाम	कार्यक्षेत्र
१. अर्थ समिति	अर्थ र आर्थिक योजना।
२. सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन।
३. परराष्ट्र तथा मानवअधिकार समिति	कानुन, न्याय प्रशासन, संसदीय व्यवस्था, प्रत्यायोजित व्यवस्थापन, मानवअधिकार, विदेशी राष्ट्र र संघ संस्थासँग सम्बन्धित, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन।
४. प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समिति	जलस्रोत, भूमिसुधार, भूमि व्यवस्था, कृषि, वातावरण संरक्षण, वन र भूसंरक्षण।
५. जनसंख्या तथा सामाजिक समिति	शिक्षा, संस्कृति, स्वास्थ्य, श्रम र सामाजिक कल्याण।
६. राज्य व्यवस्था समिति	मन्त्रिपरिषद्, गृह, सामान्य प्रशासन, रक्षा र लोक सेवा आयोगको वार्षिक प्रतिवेदन।
७. विकास तथा सञ्चार समिति	आवास, भौतिक योजना, निर्माण, यातायात, सञ्चार, उद्योग, पर्यटन, आपूर्ति, वाणिज्य र स्थानीय विकास।

त्यतिबेलाको नियमावलीअनुसार प्रत्येक समितिमा पदेन सदस्यसहित बढीमा ३५ जना सदस्य रहने र समितिको विषयसँग सम्बन्धित मन्त्री सो समितिको र प्रधानमन्त्री सबै समितिको पदेन सदस्य हुने व्यवस्था गरिएको थियो।

द्वितीय प्रतिनिधिसभामा थपिए समिति

२०४८ सालमा निर्वाचित प्रतिनिधिसभालाई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विघटन गरेपछि २०५१ असार २९ गते मध्यावधि निर्वाचन सम्पन्न भएको थियो। सो निर्वाचनमा ८८ सिट जितेर नेकपा (एमाले) सबैभन्दा ठूलो दल बन्यो भने ८३ सिट सहित नेपाली कांग्रेस दोस्रो ठूलो दल बन्यो। त्यसैगरी, राष्ट्रिय प्रजातन्त्र पार्टीले २०, नेपाल मजदुर किसान पार्टीले

४४. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा (२०४८ - २०५१), संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ २७।

४ र नेपाल सद्भावना पार्टीले ३ स्थानमा विजय हासिल गरे भने ७ जना सांसद स्वतन्त्र हैसियतमा विजयी भए।[४५]

यसरी बनेको प्रतिनिधिसभालाई संसद्को द्वितीय प्रतिनिधिसभाको रूपमा नामकरण गरिएको छ। सो सभाले अघिल्लो पटकभन्दा केही संसदीय समिति थप गरेको थियो। त्यसअघि प्रतिनिधिसभामा ७ वटा विषयगत समिति रहेकामा दोस्रोमा भने ९ वटा समिति बनाइएको थियो।

समिति र तिनको कार्यक्षेत्र[४६]

समितिको नाम	कार्यक्षेत्र
१. **अर्थ समिति**	अर्थ र आर्थिक योजना।
२. **सार्वजनिक लेखा समिति**	सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन।
३. **परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति**	परराष्ट्र, मानवअधिकार, वाणिज्य, आपूर्ति, र पर्यटन तथा नागरिक उड्डयन
४. **प्राकृतिक स्रोत र साधन समिति**	जलस्रोत, भूमिसुधार, भूमिव्यवस्था र कृषि।
५. **वातावरण संरक्षण समिति**	वातावरण, वन, भूसंरक्षण, उद्योग, आवास र भौतिक योजना।
६. **जनसंख्या तथा सामाजिक समिति**	जनसंख्या, शिक्षा, स्वास्थ्य, महिला, समाज कल्याण, श्रम र युवा, खेलकुद तथा संस्कृति।
७. **राज्य व्यवस्था समिति**	मन्त्रिपरिषद्, रक्षा, गृह, सामान्य प्रशासन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन र लोक सेवा आयोगको वार्षिक प्रतिवेदन।
८. **कानुन, न्याय तथा संसदीय व्यवस्था समिति**	कानुन, न्याय प्रशासन, संसदीय व्यवस्था, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन र प्रत्यायोजित व्यवस्थापन।
९. **विकास समिति**	निर्माण, यातायात, स्थानीय विकास, विज्ञान तथा प्रविधि, सूचना र सञ्चार।

यसरी समितिको संख्या वृद्धि गर्दा कार्यक्षेत्र थपघट तथा फेरबदल पनि गरिएको छ।

---

४५. नेपालको निर्वाचन इतिहास, निर्वाचन आयोग नेपाल, कान्तिपथ काठमाडौं, २०७३, पृष्ठ ३१७।
४६. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा २०५१ - २०५५, संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ ५२।

तृतीय प्रतिनिधिसभामा गरिएन धेरै फेरबदल

२०५६ वैशाख २० र जेठ ३ गते दुई चरणको निर्वाचनबाट तृतीय प्रतिनिधिसभा निर्वाचित भइआएको थियो। सो सभामा नेपाली कांग्रेसले पुनः बहुमत हासिल गऱ्यो। कांग्रेसले १११ स्थानमा विजय हासिल गरी प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल बन्यो भने ७१ सिट जितेर नेकपा एमाले दोस्रो ठूलो दल बन्यो। राष्ट्रिय प्रजातन्त्र पार्टीले ११, नेपाल सद्भावना पार्टीले ५, राष्ट्रिय जनमोर्चाले ५, नेपाल मजदुर किसान पार्टीले १, संयुक्त जनमोर्चाले १ स्थानमा जितेका थिए।

यसपटकको प्रतिनिधिसभाले भने समिति गठनमा कुनै फेरबदल गरेको देखिँदैन। त्यसअघि दोस्रो प्रतिनिधिसभाले गठन गरेका ९ वटा समितिलाई नै जस्ताको तस्तै निरन्तरता दिएको पाइन्छ। यस्तो छ समितिको विवरण :

समिति र तिनको कार्यक्षेत्र[४७]

समितिको नाम	कार्यक्षेत्र
१. अर्थ समिति	अर्थ र आर्थिक योजना।
२. सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन।
३. परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति	परराष्ट्र, मानवअधिकार, वाणिज्य, आपूर्ति, र पर्यटन तथा नागरिक उड्डयन
४. प्राकृतिक स्रोत र साधन समिति	जलस्रोत, भूमिसुधार, भूमिव्यवस्था र कृषि।
५. वातावरण संरक्षण समिति	वातावरण, वन, भूसंरक्षण, उद्योग, आवास र भौतिक योजना।
६. जनसंख्या तथा सामाजिक समिति	जनसंख्या, शिक्षा, स्वास्थ्य, महिला, समाज कल्याण, श्रम र युवा, खेलकुद तथा संस्कृति।
७. राज्य व्यवस्था समिति	मन्त्रिपरिषद्, रक्षा, गृह, सामान्य प्रशासन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन र लोक सेवा आयोगको वार्षिक प्रतिवेदन।
८. कानुन, न्याय तथा संसदीय व्यवस्था समिति	कानुन, न्याय प्रशासन, संसदीय व्यवस्था, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन र प्रत्यायोजित व्यवस्थापन।
९. विकास समिति	निर्माण, यातायात, स्थानीय विकास, विज्ञान तथा प्रविधि, सूचना र सञ्चार।

४७. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा २०५६ - २०५९, संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ ५१।

विशेषाधिकार समिति

तृतीय प्रतिनिधिसभा अवधिमा एउटा विशेषाधिकार समिति पनि गठन भएको थियो। नेपालको संविधान २०४७ को धारा ६२ द्वारा सांसदबारे प्रदत्त अधिकारको हनन भएको भनी सो समिति गठन भएको थियो। सांसद लीलामणि पोखरेल र नारायणमान विजुक्छेलाई ललितपुरमा आयोजित एक कार्यक्रमबाट पक्राउ गरिएको विरोधमा संसद्मा आवाज उठेपछि २०५८ असार २१ मा बसेको प्रतिनिधिसभाको बैठकले सो समिति गठन गरेको थियो।

"२०५८ असार ६ गते ललितपुर जिल्लाको मंगलबजार डबलीमा नौ बामको संयुक्त आयोजनामा सार्वजनिक सुरक्षा नियमावली तथा वर्तमान राजनैतिक स्थितिको जानकारी जनसमक्ष ल्याउन उपस्थित मा. सांसदद्वय श्री लीलामणि पोखरेल र श्री नारायणमान विजुक्छेलाई जिल्ला प्रहरी कार्यालय, ललितपुरबाट खटिएका प्रहरीहरूले कार्यक्रममा हस्तक्षेप गरी संसद्को बीसौं अधिवेशन बोलाइएको सूचना जारी भइसकेपछिको अवस्थामा पक्राउ गरिएकाले विशेषाधिकार हनन हुन गएको" भन्ने विषयमा ९ सदस्यीय विशेषाधिकार समिति गठन गरिएको थियो। सांसद आनन्दप्रसाद ढुंगाना संयोजक रहेको सो समितिमा सांसदहरू गोविन्दबहादुर शाह, गोपालमान श्रेष्ठ, डा. प्रकाशचन्द्र लोहनी, विरोध खतिवडा, मृगेन्द्रकुमार सिंह यादव, रमेश लेखक, शिवप्रसाद हुमागाईं र सुवास नेम्वाङ सदस्य रहेका थिए।

विशेषाधिकारबारे नेपालको संविधान २०४७ को धारा ६२ मा भनिएको छ : "यस संविधानको अधिनमा रही संसद्को दुवै सदनमा पूर्ण वाक् स्वतन्त्रता रहनेछ र सदनमा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गर्न, थुनामा राख्न वा निजउपर कुनै अदालतमा कारबाही चलाइने छैन।"

राष्ट्रिय सभामा समितिहरू

नेपाल अधिराज्यको संविधान २०४७ अनुसार ६० सदस्यीय उपल्लो सदन राष्ट्रिय सभा हुने व्यवस्था थियो। त्यसमा राजाबाट विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिमध्येबाट मनोनीत १० जना, प्रतिनिधिसभाबाट समानुपातिक प्रतिनिधित्वको सिद्धान्तबमोजिम एकल संक्रमणीय मतको आधारमा निर्वाचित हुने कम्तिमा तीनजना महिलासहित ३५ जना र प्रत्येक विकास क्षेत्रका गाउँ र नगरका स्थानीय निकायका प्रमुख र उपप्रमुख तथा जिल्लाका स्थानीय निकायका प्रमुख, उपप्रमुख र सदस्यहरू मतदाता भएको निर्वाचक मण्डलद्वारा ती विकास क्षेत्रबाट तीन जनाका दरले एकल संक्रमणीय मतको आधारमा १५ जना सदस्य निर्वाचित हुन्थे।[४८] यसरी निर्वाचित भई आएको ६० सदस्यीय

४८. संसदीय विवरण पुस्तिका, राष्ट्रिय सभा २०४८ - २०५९, संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ १।

राष्ट्रिय सभामा राष्ट्रिय सभा नियमावली, २०४८ को नियम १५१ अनुसार दुई वटा समिति गठन गरिएको थियो।

समिति र कार्यक्षेत्र:[४९]

समितिको नाम	कार्यक्षेत्र
१. दुर्गम क्षेत्र समिति	नेपाल अधिराज्यमा सामाजिक र आर्थिक रूपबाट विपन्न दुर्गम तथा अविकसित क्षेत्रहरूमा श्री ५ को सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी, यातायातजस्ता आधारभूत सुविधाहरू के कति पुऱ्याउन सकेको छ, त्यसबाट स्थानीय जनजीवनमा के कस्तो प्रभाव परेको छ, त्यसको अध्ययन गरी राय र सुझाव सहितको प्रतिवेदन पेस गर्ने।
२. प्रत्यायोजित तथा सरकारी आश्वासन समिति	संसद्द्वारा प्रत्यायोजित अधिकारबमोजिम बनाइएका नियम, विनियम तथा जारी गरेका आदेशहरू वा सूचनाहरू प्रत्यायोजित व्यवस्थापनको सीमाभित्र रही गरिएका छन् कि छैनन् र मन्त्रिपरिषद् का सदस्यहरूले श्री ५ को सरकारको तर्फबाट सभामा समय समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न श्री ५ को सरकारद्वारा के कस्ता कदमहरू उठाइएका छन् हेरी सभामा प्रतिवेदन पेस गर्ने।

राष्ट्रिय सभा नियमावली २०५५ अनुसार समितिको संख्या थप गरी चारवटा समिति गठन गरिएको थियो। ती समितिको नाम र कार्यक्षेत्र यस प्रकार छ :[५०]

समितिको नाम	कार्यक्षेत्र
१. दुर्गम क्षेत्र समिति	नेपाल अधिराज्यमा श्री ५ को सरकारले तोकेका दुर्गम क्षेत्रहरूमा सो क्षेत्रको समग्र विकासका लागि के कस्ता आधारभूत सुविधाहरू पुऱ्याउन सकेको छ वा पुऱ्याउने नीति र कार्यक्रम छ, त्यसको अध्ययन गरी राय र सुझाव सहितको प्रतिवेदन पेस गर्ने।
२. सरकारी आश्वासन समिति	मन्त्रिपरिषद्का सदस्यहरूले श्री ५ को सरकारको तर्फबाट सभामा समय समयमा प्रस्तुत गरिएका वा दिइएका आश्वासनलाई पूरा गर्न श्री ५ को सरकारद्वारा के कस्ता कदमहरू उठाइएका छन् अध्ययन गरी सभामा प्रतिवेदन पेस गर्ने।

४९. संसदीय विवरण पुस्तिका, राष्ट्रिय सभा २०४८ - २०५९, संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ ३५।

५०. पूर्ववत्, पृष्ठ ३६।

समितिको नाम	कार्यक्षेत्र
३. सामाजिक न्याय समिति	देशमा विद्यमान मानवअधिकारको स्थिति, शैक्षिक, सामाजिक तथा आर्थिक दृष्टिले विपन्न र पिछडिएका महिला, दलित वर्ग, जनजाति र समुदायहरूको उत्थान र विकास, बालबालिकाहरूको हकहित संरक्षण तथा अपांग, असहाय र अशक्त व्यक्तिहरूका समुचित उत्थान र विकासका सम्बन्धमा सामाजिक न्याय, सहज-सुलभ रूपमा उपलब्ध भएको छ छैन भन्ने विषयमा समसामयिक अध्ययन गरी राय र सुझाव सहितको प्रतिवेदन पेस गर्ने।
४. प्रत्यायोजित व्यवस्थापन समिति	संसद्द्वारा प्रत्यायोजित अधिकारबमोजिम बनाइएका नियम, विनियम तथा जारी गरेका आदेशहरू वा सूचनाहरू प्रत्यायोजित व्यवस्थापनको सीमाभित्र रही गरिएका छन् कि छैनन् र प्रत्यायोजित अधिकारबमोजिम नियम, विनियम, आदेशहरू बनाइएका र तदनुसार कार्यान्वयन गरिएका छन् वा छैनन् भन्ने अध्ययन गरी सभामा प्रतिवेदन पेस गर्ने।

अन्य समिति

माथि उल्लिखित समितिहरू बाहेक राष्ट्रिय सभामा तत्कालीन तथा विशेष प्रयोजनका लागि छुट्टाछुट्टै समिति गठन गरी सो काम सम्पन्न गरेको पाइन्छ। सभाको बैठक सञ्चालन, त्यसका लागि विषयहरूको प्रारम्भिक छनोट तथा समयावधि निर्धारणलगायत विषयमा सभाध्यक्षलाई परामर्श दिनका लागि सभाध्यक्षकै अध्यक्षतामा एक कार्यव्यवस्था परामर्श समिति रहने गरेको थियो। यो व्यवस्था अहिले पनि निरन्तर अभ्यासमै छ।

पहिलो संसद्मा जस्तै २०४८ सालमा दुई सदनात्मक व्यवस्था अभ्यासमा आएसँगै दुवै सदनका कामलाई आपसमा समन्वयात्मक र व्यवस्थित गर्नका लागि संयुक्त समिति गठन गर्न सक्ने संवैधानिक व्यवस्था गरियो।

नेपाल अधिकाराज्यको संविधान २०४७ को धारा ६५ मा संयुक्त समितिसम्बन्धी व्यवस्था गरिएको थियो। "दुई सदनका बीचको कार्य प्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समितिको गठन गरिनेछ," संविधानको व्यवस्थामा भनिएको छ, "संयुक्त समितिमा प्रतिनिधिसभाको सदस्य दुईजना र राष्ट्रिय सभाको सदस्य एकजनाका अनुपातमा बढीमा १५ जना सदस्यहरू रहने छन्।"[५१] संयुक्त समितिको व्यवस्था अहिले पनि कायम छ।

५१. नेपाल अधिराज्यको संविधान २०४७, धारा ६५।

जसअनुसार २०४८ साउन २७ गतेदेखि २०५७ भदौ १ गतेसम्मको अवधिमा विभिन्न प्रयोजनका लागि १५ वटा संयुक्त समितिहरू गठन भएका थिए। तीमध्ये दुईवटा समिति राष्ट्रिय सभामा उत्पत्ति भएका थिए भने बाँकी सबै समिति प्रतिनिधिसभामा उत्पत्ति भएका हुन्।[५२]

त्यसैगरी, राष्ट्रिय सभामा विशेष समिति गठन गर्ने छुट्टै व्यवस्था थियो। उपल्लो सदनमा सरकारका मन्त्रालयहरूसँग सम्बन्धित विषयगत समिति रहने व्यवस्था नभएको हुँदा विधेयकहरू समितिमा छलफल गर्न हरेक विधेयकका लागि अलग-अलग विशेष समिति गठन गर्ने व्यवस्था गरिएको थियो। सम्बन्धित विधेयकमा छलफल गरी प्रतिवेदन सभा समक्ष पेस गरिसकेपछि समितिको अस्तित्व नरहने व्यवस्था गरिएको थियो। नियमावलीको सो व्यवस्थाअनुसार त्यस प्रयोजनका लागि राष्ट्रिय सभामा ६३ वटा विभिन्न विधेयकसम्बन्धी विशेष समितिहरू गठन गरिएको थियो।[५३]

त्यसबाहेक, राष्ट्रिय सभाका नियमित तथा आइपर्ने कामलाई विभिन्न अवसरमा तत्कालीन प्रयोजनका लागि छुट्टै समितिहरू बनाएर काम गर्ने गरेको पाइयो। जस्तै राष्ट्रिय सभाको २०५१ माघ १८ गतेको बैठकबाट नियमावली मस्यौदा समिति गठन गरिएको थियो। सो बैठकले नरहरि आचार्यको अध्यक्षतामा महादेवप्रसाद यादव, प्रेमबहादुर सिंह, सुवासचन्द्र नेम्वाङ र कृष्णप्रसाद घिमिरे सदस्य रहेको पाँच सदस्यीय समिति गठन गरिएको थियो।

त्यतिबेला सभाको विशेषाधिकार, यसको गरिमा र सांसदहरूको आचरणलाई पनि महत्व दिएर त्यसको प्रतिष्ठा कायम गर्ने उद्देश्यले समेत निकै महत्वका साथ समितिहरू गठन गरेको पाइयो।

राष्ट्रिय सभाको विशेषाधिकार हनन भएको सम्बन्धमा दुईवटा विशेषाधिकार समिति गठन गरेको पाइन्छ भने राष्ट्रिय सभाका सदस्यहरूको आचरणका सम्बन्धमा उठेका प्रश्नहरूको विषयमा छानबिन गरी सभामा प्रतिवेशन पेस गर्न राष्ट्रिय सभा अध्यक्षको अध्यक्षतामा एउटा आचार समिति गठन गर्ने व्यवस्था रहेको पाइन्छ। सो समितिमा सत्तापक्षका नेता, विपक्षी दलका नेता, संसदीय व्यवस्था मन्त्री, सत्तापक्षका सचेतक, विपक्षी दलका सचेतक पदेन सदस्यसहित वरिष्ठतम् नेताहरू रहने व्यवस्था गरेकोबाट सदस्यहरूको आचरणको विषयलाई निकै गम्भीरताका साथ लिएको पाइन्छ।

२०५२ कात्तिक २० गतेको सभाको बैठकबाट राष्ट्रिय सभाको गरिमा र मर्यादा सम्बन्धी समिति गठन गरिएको थियो।[५४] वासुदेव रिसाल संयोजक रहेको सो ९ सदस्यीय समितिलाई राष्ट्रिय सभाको मर्यादा र गरिमाको विषयमा प्रतिवेदन पेस गर्ने कार्यादेश दिइएको थियो।

---

५२. संसदीय विवरण पुस्तिका, राष्ट्रिय सभा २०४८ - २०५९, संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ ३३-३५।
५३. पूर्ववत्, पृष्ठ ३७।
५४. पूर्ववत्, पृष्ठ ३९।

पुनर्स्थापित प्रतिनिधिसभामा समितिहरू

२०६२-६३ को जनआन्दोलनको अभूतपूर्व सफलतापछि प्रतिनिधिसभाको पुनर्स्थापना भयो। आन्दोलनरत् दलहरूले संविधानसभाको निर्वाचन गर्ने, गणतन्त्र, संघीय व्यवस्था स्थापना गर्ने लगायतका एजेन्डासहित आन्दोलन चर्काएका थिए। तर, ती व्यवस्थाका लागि आधार तयार गर्न २०५९ जेठ ८ गते विघटन गरिएको प्रतिनिधिसभा पुनर्स्थापना गर्नुपर्ने दलहरूको एक प्रमुख माग थियो। सोही मागअनुसार प्रतिनिधिसभाको पुनर्स्थापना भयो र त्यसको बैठक २०६३ वैशाख १५ गते बस्यो। पुनर्स्थापित संसद्ले २०६३ जेठ ४ गते नेपाली राजनीतिमा विद्यमान मूलभूत व्यवस्थामै आमूल परिवर्तन गर्ने ऐतिहासिक निर्णयहरू गऱ्यो। झन्डै साढे २ सय वर्ष पुरानो राजसंस्थालाई उसले प्रयोग गर्दै आएका सबै विशेषाधिकारबाट विच्छेद गऱ्यो। राजामातहत रहेको सेनालाई संसद् र सरकारमातहत ल्यायो। श्री ५ को सरकारलाई नेपाल सरकार, शाही नेपाली सेनालाई नेपाली सेना नामकरण गर्ने, र प्रतिनिधिसभालाई सर्वशक्तिशाली बनाउने निर्णय सो सभाले गऱ्यो।

यसरी राजनीतिमा उथलपुथल ल्याउने निर्णय गरेको सो संसद्ले प्रतिनिधिसभाका समितिहरूलाई भने मूलतः पूर्ववत् अवस्थामै निरन्तरता दियो।

पुनर्स्थापित संसद्मा विषयगत समिति र तिनको कार्यक्षेत्र[५५]

समितिको नाम	कार्यक्षेत्र
१. अर्थ समिति	अर्थ र आर्थिक योजना।
२. सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा र महालेखा परीक्षकको वार्षिक प्रतिवेदन।
३. परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति	परराष्ट्र, मानव अधिकार, वाणिज्य, आपूर्ति, र पर्यटन तथा नागरिक उड्डयन
४. प्राकृतिक स्रोत र साधन समिति	जलस्रोत, भूमिसुधार, भूमिव्यवस्था र कृषि।
५. वातावरण संरक्षण समिति	वातावरण, वन, भूसंरक्षण, उद्योग, आवास र भौतिक योजना।
६. जनसंख्या तथा सामाजिक समिति	जनसंख्या, शिक्षा, स्वास्थ्य, महिला, समाज कल्याण, श्रम र युवा, खेलकुद तथा संस्कृति।

५५. संसदीय विवरण पुस्तिका, पुनर्स्थापित प्रतिनिधिसभा (२०६३/०१/१५ - २०६३/१०/०१), संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ २६।

समितिको नाम	कार्यक्षेत्र
७. राज्य व्यवस्था समिति	मन्त्रिपरिषद्, रक्षा, गृह, सामान्य प्रशासन, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र लोक सेवा आयोग।
८. कानुन, न्याय तथा संसदीय व्यवस्था समिति	कानुन, न्याय प्रशासन, संसदीय व्यवस्था, महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन र प्रत्यायोजित व्यवस्थापन।
९. विकास समिति	निर्माण, यातायात, स्थानीय विकास, विज्ञान तथा प्रविधि, सूचना र सञ्चार।

अन्य समिति

यी विषयगत तथा नियमित समितिवाहेक पुनर्स्थापित संसद्को यस अवधिमा विभिन्न छानबिन समितिहरू तथा अन्य विशेष प्रयोजनका लागि धेरैवटा समिति वनाइएको थियो।

त्यतिवेला राजधानी काठमाडौंकै छेउ नगरकोट र मोरङको वेलवारीमा भएका हत्याकाण्ड छानविन गरी प्रतिवेदन पेस गर्न सांसद परि थापाको नेतृत्वमा ७ सदस्यीय समिति गठन गरिएको थियो। त्यसैगरी, सिरहा ४ वाट निर्वाचित सांसद हेमनारायण यादवको हत्याकाण्डवारे छानविन गर्न सांसद आनन्दप्रसाद ढुंगानाको नेतृत्वमा ७ सदस्यीय समिति वनाइएको थियो।[५६]

सरकार र नेकपा माओवादी दुवै पक्षवाट युद्धविराम घोषणा गरेपछि वार्ता सुरु भइसकेको र २५ बुँदे युद्धविराम आचारसंहिता समेत लागू भइसकेको अवस्थामा सो वार्ता प्रक्रियाको अनुगमन गर्न प्रतिनिधिसभाको २०६३ जेठ १६ गतेको वैठकले वार्ता प्रक्रिया संसदीय अनुगमन समिति गठन गरेको थियो। सभामुख सुवास नेम्वाङको अध्यक्षतामा गठन गरिएको सो समितिमा पछि थप गरिएका ४ सहित २२ सदस्य रहेका थिए।

प्रतिनिधिसभाले गरेका ऐतिहासिक घोषणाहरूको कार्यान्वयन सुनिश्चित गर्न पनि १२ सदस्यीय विशेष समिति गठन गरिएको थियो। सो समितिमा ईश्वर पोखरेल, केशव थापा, गोकर्णराज विष्ट, गोविन्दबहादुर शाह, नवराज सुवेदी, भरतकुमार शाह, महेश आचार्य, राजेन्द्र महतो, रामचन्द्र पौडेल, लालबाबु पण्डित, विनयध्वज चन्द र हरि आचार्य सदस्य थिए।[५७]

त्यसैगरी, सुरक्षा विशेष समिति, कार्यव्यवस्था परामर्श समिति र प्रतिनिधिसभा नियमावली मस्यौदा समिति जस्ता सदा भैं नियमित कार्यका लागि समितिहरू पनि गठन गरिएको थियो।

---

५६. संसदीय विवरण पुस्तिका, पुनर्स्थापित प्रतिनिधिसभा (२०६३/०१/१५ - २०६३/१०/०१), संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ २१-२२।

५७. पूर्ववत, पृष्ठ २८।

संसदीय सुनुवाइको अभ्यास

नेपालमा संसदीय सुनुवाइको अभ्यास संसदीय व्यवस्थामै पनि नयाँ प्रयोग हो। नेपालको पहिलो संसद्मा र २०४८ पछिको संसदीय व्यवस्थामा पनि अवलम्बन नगरिएको सुनुवाइको अभ्यास अन्तरिम संविधान २०६३ को दोस्रो संशोधनपछि सुरु गरिएको हो।

अन्तरिम संविधानको दोस्रो संशोधनमा "यस संविधानबमोजिम संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने संवैधानिक पद तथा सर्वोच्च अदालतका न्यायाधीश र राजदूतको पदमा नियुक्ति पूर्व निजहरूको कानुनमा व्यवस्था भएबमोजिम संसदीय सुनुवाइ हुनेछ," भन्ने प्रावधान थपी यो प्रचलन सुरु गरिएको हो। त्यसपछि सुनुवाइ व्यवस्था जारी छ। नेपालको संविधानले पनि सो व्यवस्थालाई निरन्तरता दिएको छ।

२०७२ मा जारी नेपालको संविधानको धारा २९२ मा सुनुवाइको प्रयोजनका लागि संघीय संसद्का दुवै सदनका सदस्यहरू रहने गरी संघीय कानुनबमोजिम १५ सदस्यीय समिति गठन हुने भनी तोकेको छ। सो संयुक्त समितिमा रहने सदस्यले संघीय संसद्को उक्त कार्यकालभर सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्न नपाउने व्यवस्था पनि गरेको छ।

सुनुवाइको व्यवस्था अवलम्बन गरेपछि सुरुमा प्रस्तावित उम्मेदवारलाई समितिको कम्तिमा एकजना सदस्यले मात्र समर्थन गरे पनि सम्बन्धित उम्मेदवारको नाम समितिबाट अनुमोदन हुने व्यवस्था थियो। त्यसो गर्दा नाम मात्रको सुनुवाइ भनी चौतर्फी आलोचना भएपछि समितिको दुई तिहाइ सदस्यले अस्वीकार गर्न सक्ने व्यवस्था लागू गरियो। सोही प्रावधान अहिलेसम्म कायम छ। सुनुवाइ समितिमा प्राप्त नाम समितिको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट अस्वीकृत नभएमा अनुमोदन भएको मानिने हालको व्यवस्थामा उल्लेख छ।[५८]

अन्तरिम व्यवस्थापिका संसद : समिति संख्यामा वृद्धि

२०६२-६३ को जनआन्दोलनको बलमा पुनर्स्थापित प्रतिनिधिसभाले विभिन्न ऐतिहासिक घोषणा गरी संसद्मार्फत् तिनलाई संस्थागत गर्ने पहल सुरु गऱ्यो। त्योसँगै सो प्रतिनिधिसभाले संविधानसभाको निर्वाचनसम्मका लागि अन्तरिम संविधान निर्माण गर्ने, विद्रोही नेकपा माओवादीलाई संसद्मा प्रवेश गराउने लगायतका काम सुरु गऱ्यो। त्यसका लागि २०६३ कार्तिक २१ गते सात दल र नेकपा माओवादीका नेताहरूबीच सहमति जुट्यो, जसअनुसार माओवादीहरू संसद्मा सहभागी हुने भए। संविधानसभाबाट संविधान जारी नहुँदासम्मको

---

५८. संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली : २०७५।

लागि प्रतिनिधिसभाको २०६३ माघ १ गतेको बैठकबाट नेपालको अन्तरिम संविधान २०६३ पारित गरियो। सो संविधानमा तत्कालीन एक सदनात्मक संसद्लाई व्यवस्थापिका-संसद् नामकरण गरियो। सशस्त्र विद्रोहबाट शान्तिपूर्ण राजनीतिमा आएको माओवादीले राजनीतिक सहमतिका आधारमा संसद्मा ८३ सिट पायो।

सो सहमतिअनुसार विद्रोही नेकपा माओवादीसमेत व्यवस्थापिका संसद्मा सहभागी भएपछि प्रतिनिधिसभाको बनोट यस्तो बन्यो :



राजनीतिक दल	सिट संख्या[५९]
नेपाली कांग्रेस	८५
नेकपा (एमाले)	८३
नेकपा (माओवादी)	८३
नेपाली कांग्रेस (प्रजातान्त्रिक)	४८[६०]
राष्ट्रिय प्रजातन्त्र पार्टी	६
नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)	५
नेपाल मजदुर किसान पार्टी	४
जनमोर्चा नेपाल	४
राष्ट्रिय जनमोर्चा	३
वाममोर्चा	३
नेकपा (एकीकृत)	२
राष्ट्रिय जनशक्ति पार्टी	२
नेपाल सद्भावना पार्टी	१
जम्मा	३२९

---

५९. संसदीय विवरण पुस्तिका, व्यवस्थापिका संसद् (२०६३-२०६४), *संघीय संसद् सचिवालय*, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ २।

६०. पार्टी विभाजनपछि प्राप्त सिट। नेता शेरबहादुर देउवाको नेतृत्वमा २०५९ असोजमा नेपाली कांग्रेस विभाजन गरी गठन गरिएको नेपाली कांग्रेस (प्रजातान्त्रिक) २०६४ असोजमा नेपाली कांग्रेसमै पुनः एकीकरण भएको थियो।

ाओवादी संसद्मा सहभागी भएपछिको व्यवस्थापिका संसद्ले विषयगत समितिहरूको संख्या र कार्यक्षेत्रमा व्यापक हेरफेर गऱ्यो।

मसअघि ७ बाट ९ वटा बनाइएको विषयगत समितिकै संख्या १४ पुऱ्याइयो। त्यसैगरी सो व्यवस्थापिका संसद्को अवधिमा ७ वटा विशेष समिति र ८ वटा अन्य समितिहरू गठन गरिएको थियो।

२०६३ फागुन १० गते गठन गरिएका विषयगत समिति र तिनको कार्यविभाजन यसरी तोकिएको थियो :[६१]

समिति	कार्यक्षेत्र
१. अर्थ समिति	अर्थ मन्त्रालय र आर्थिक योजना
२. अन्तर्राष्ट्रिय सम्बन्ध समिति	परराष्ट्र मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सन्धि सम्झौताहरू
३. कानुन, न्याय तथा व्यवस्थापिका संसद् सम्बन्ध समिति	कानुन न्याय र व्यवस्थापिका संसद्, महान्यायाधिवक्ताको कार्यालय र प्रत्यायोजित अधिकारबमोजिम जारी भएका नियम, विनियम र आदेशको अनुगमन तथा मूल्यांकन
४. कृषि तथा सहकारी समिति	भूमिसुधार तथा व्यवस्था मन्त्रालय र कृषि तथा सहकारी मन्त्रालय
५. प्रशासन सुधार अनुगमन समिति	सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र सार्वजनिक प्रशासन
६. प्राकृतिक स्रोत र साधन समिति	वन तथा भूसंरक्षण मन्त्रालय र जलस्रोत मन्त्रालय
७. भौतिक पूर्वाधार तथा विकास समिति	भौतिक योजना तथा निर्माण मन्त्रालय
८. मानव अधिकार तथा सामाजिक न्याय समिति	राष्ट्रिय मानवअधिकार आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
९. योजना तथा स्वायत्त शासन समिति	स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग

६१. संसदीय विवरण पुस्तिका, व्यवस्थापिका संसद् (२०६३-२०६४), संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं, २०७७, पृष्ठ ३९-४९।

समिति	कार्यक्षेत्र
१०. राज्य व्यवस्था समिति	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय र निर्वाचन आयोग
११. वातावरण सञ्चार तथा प्रविधि समिति	सूचना तथा सञ्चार मन्त्रालय, वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय
१२. शिक्षा स्वास्थ्य तथा जनसंख्या समिति	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालय
१३. सार्वजनिक लेखा समिति	सार्वजनिक लेखा र महालेखा परीक्षकको कार्यालय
१४. श्रम तथा औद्योगिक सम्बन्ध समिति	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र श्रम तथा यातायात व्यवस्था मन्त्रालय

विशेष समितिहरू[६२]

१. आर्थिक सामाजिक रूपान्तरण सम्बन्धी विशेष समिति

२. द्वन्द्वपीडित पुनर्स्थापना तथा राहत परिचालन अनुगमन विशेष समिति

३. राज्यको पुनर्संरचनासम्बन्धी विशेष समिति

४. शान्ति सम्झौता कार्यान्वयन अनुगमन विशेष समिति

५. सुरक्षा विशेष समिति

६. संसदीय सुनुवाइ विशेष समिति

७. संविधानसभा निर्वाचन व्यवस्थापन अनुगमन विशेष समिति

अन्य समिति:[६३]

१. कार्यव्यवस्था परामर्श समिति

२. व्यवस्थापिका संसद्को नियमावली मस्यौदा समिति

३. बेलबारी हत्याकाण्ड व्यवस्थापिका संसदीय छानबिन समिति

४. व्यवस्थापिका संसद्को महिला समूहको नियमावली मस्यौदा समिति

५. व्यवस्थापिका संसद् भवन निर्माण समिति

---

६२. संसदीय विवरण पुस्तिका, व्यवस्थापिका संसद् (२०६३-२०६४), *संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं*, २०७७, पृष्ठ ७।

६३. पूर्ववत, पृष्ठ ८।

६. नेपालको अन्तरिम संविधान, २०६३ संशोधन विशेष समिति

७. व्यवस्थापिका संसद् नियमावली संशोधन मस्यौदा समिति, २०६४

८. कृष्णचरण श्रेष्ठ हत्या छानबिन संसदीय समिति

यस अवधिमा यसरी प्रतिनिधिसभामा विषयगत, विशेष र अन्य समितिहरूको संख्यामा व्यापक वृद्धि भएको थियो तर त्यतिबेला एक सदनात्मक संसद् भएका कारण उपल्लो सदनका समितिको संख्या थपिँदैनथ्यो।

पहिलो संविधानसभा काल (२०६५-२०६९) : समितिमा समावेशी नेतृत्व

२०६४ चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन भयो। २०६५ जेठ १५ देखि औपचारिक रूपमा आफ्नो कार्य प्रारम्भ गरी २०६९ जेठ १४ गतेसम्म कायम रहेको सो संविधानसभाले नियमित संसद्को रूपमा पनि काम गरेको थियो। संविधानसभामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट २ सय ४० जना र समानुपातिक प्रणालीबाट ३ सय ३५ जना सभासद् निर्वाचित भएका थिए भने २६ जना मन्त्रिपरिषद्बाट मनोनीत भएका थिए। यसरी आएका ६०१ जना जनप्रतिनिधि संविधानसभामा सभासद्का रूपमा संविधान निर्माणको काममा खट्थे भने व्यवस्थापिका संसद्तर्फ सांसदको रूपमा नियमित संसदीय गतिविधिमा सहभागी भएका थिए।

तर दल गाभिने र फुट्ने क्रम जारी रहँदा पहिलो संविधानसभाको अन्तिम कार्यकालताका सभामा प्रतिनिधित्व गर्ने दलको संख्या ३२ पुगेको थियो। पहिलो संविधानसभा कालमा व्यवस्थापिका संसद्तर्फ ८ वटा विषयगत समिति, २ वटा विशेष समिति र ६ वटा अन्य समिति थिए।

नेपाल सरकारलाई व्यवस्थापिका-संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन एवं राय सल्लाह दिनका लागि व्यवस्थापिका-संसद्अन्तर्गत ८ वटा विषयगत समिति र २ वटा विशेष समिति गठन गरिएको थियो। त्यसैगरी सभा सञ्चालनमा आवश्यक परामर्श दिनका लागि संविधानसभाबाट गठित कार्यव्यवस्था परामर्श समितिले नै व्यवस्थापिका-संसद्को बैठक सञ्चालनमा समेत आवश्यक परामर्श दिने व्यवस्था मिलाइएको थियो।[६४]

६४ संसदीय विवरण पुस्तिका, संविधानसभा, व्यवस्थापिका संसद्, (२०६५-२०६९) संघीय संसद् सचिवालय, २०७७ असार, पृष्ठ ३४।

संविधानसभाको अवधिभर व्यवस्थापिकीय कार्य गर्नका लागि संविधानसभा (व्यवस्थापिका-संसद्को कार्य सञ्चालन) नियमावली, २०६५ को व्यवस्था गरिएको थियो । सोही आधारम २०६५ मंसिर ३० गते संसदीय समितिहरूको गठन गरिएको थियो । तिमध्ये ८ वटा विषयगत समिति थिए । विशेष समितितर्फ संसदीय सुनुवाइ विशेष समिति र सुरक्षा विशेष समिति थिए।

त्यसैगरी, तत्कालीन विशेष प्रयोजनका लागि विभिन्न ५ वटा अन्य समिति गठन गरिएको थियो । ती थिए- व्यवस्थापिका-संसद् नियमावली संशोधन मस्यौदा समिति, प्रतिवद्धता कार्यान्वयन अनुगमन विशेष समिति, संकल्प कार्यान्वयन अनुगमन विशेष समिति, सहमति कार्यान्वयन अनुगमन विशेष समिति र संसदीय छानविन विशेष समिति ।

लैंगिक, धार्मिक र जातीय लगायतका आधारमा संविधानसभा नेपालको इतिहासमै सबैभन्दा समावेशी थियो। पहिलो संविधानसभाको कार्यकालमा व्यवस्थापिका संसद्तर्फका समितिको नेतृत्व पनि त्यसैगरी समावेशी रूपमा चयन भएका थिए। विषयगत समितितर्फ सभापतिमा महिलाहरू ५० प्रतिशत थिए भने दलित, जनजाति तथा मधेसी सांसदले पनि नेतृत्व गरेका थिए। (संविधान निर्माण र व्यवस्थापिका संसद्को काम गर्ने दोहोरो भूमिकामा रहेको ६०१ सदस्यीय संविधानसभातर्फ छुट्टाछुट्टै विषयगत समितिहरू गठन गरिएको थियो । संविधान लेखनको विशेष प्रयोजनका लागि गठन गरिएका संविधानसभातर्फका विषयगत समितिवारे यहाँ चर्चा गरिएको छैन ।)

विषयगत समिति

समिति	सभापति
विधायन समिति	यशोदा गुरुङ (सुवेदी)
अर्थ र श्रम सम्बन्ध समिति	सुशीला कन्दङ्वा
अन्तर्राष्ट्रिय सम्बन्ध र मानवअधिकार समिति	पदमलाल विश्वकर्मा
प्राकृतिक स्रोत र साधन समिति	शान्ता चौधरी
विकास समिति	जितेन्द्रप्रसाद सोनल
महिला, बालबालिका र समाज कल्याण समिति	सन्ध्या देवी
राज्य व्यवस्था समिति	रामनाथ ढकाल
सार्वजनिक लेखा समिति	रामकृष्ण यादव

विशेष समिति

समिति	सभापति
सुरक्षा विशेष समिति	सभामुख
संसदीय सुनुवाइ विशेष समिति	कुलबहादुर गुरुङ

दोस्रो संविधानसभा काल र रूपान्तरित संसद् (२०७०-२०७४) : समिति धेरै, महिला सभापति कम

पहिलो संविधानसभाले संविधान निर्माणको काम सम्पन्न गर्न नसकेको र सर्वोच्च अदालतको फैसलाका कारण चार वर्षपछि पुनः कार्यकाल थप पनि नगरिएपछि २०६९ जेठ १४ गते सो सभा भंग भयो। त्यसपछि २०७० मंसिर ४ गते संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गरियो। पहिलो संविधानसभाजस्तै दोस्रो पनि ६०१ सदस्यीय थियो र यसको पनि संविधानसभाको रूपमा संविधान निर्माण र व्यवस्थापिका संसद्को रूपमा संसदीय काम गर्ने दोहोरो भूमिका थियो।

दोस्रो संविधानसभाको पहिलो बैठक २०७० माघ ८ गते बसेको थियो। सो कार्यकालमा व्यवस्थापिका संसद्तर्फ ११ वटा समितिहरू गठन गरिएको थियो। त्यसबाहेक सुनुवाइ विशेष समिति र सभामुख पदेन सदस्य र सभापति रहने सुरक्षा विशेष समिति थिए। यसअघि विषयगत समितितर्फ ५० प्रतिशत महिला नेतृत्व चयन गरिएकामा यसपटक ११ विषयगत र सुनुवाइ विशेष समितिसहित १२ मध्ये २ वटा समितिको सभापतिमात्र महिला सांसदलाई चयन गरिएको थियो। सुरक्षा विशेष समितिमा सभामुख नै पदेन सभापति हुने भएको हुँदा यहाँ गणना गरिएको छैन। संविधान जारी गरेको यस अवधि समितिमा महिला नेतृत्व चयन गर्ने मामिलामा निकै अनुदार रह्यो। यसरी विषयगत समितिको नेतृत्व प्राप्त गर्ने महिला सांसद गंगा चौधरी र रञ्जुकुमारी झा मात्र थिए। चौधरीले विधायन समिति र झाले महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाजकल्याण समितिको नेतृत्व गरेका थिए।

समिति संख्यामा वृद्धिसँगै कार्यक्षेत्रमा हेरफेर

नेपालको संविधानको धारा २ सय ९६ को उपधारा ३ बमोजिम संघीय संसद्ले सम्पादन गर्नुपर्ने काम प्रतिनिधिसभाको निर्वाचन नभएसम्म संविधानसभाबाट रूपान्तरण भएको व्यवस्थापिका संसद्ले सम्पादन गर्ने संवैधानिक व्यवस्था रहेको थियो।

तत्कालीन व्यवस्थापिका संसद्ले निर्माण गरेको 'व्यवस्थापिका संसद् नियमावली, २०७३ को नियम १७७ बमोजिम देहाय बमोजिमका कार्यक्षेत्र रहने गरी निम्न १२ वटा

विषयगत समितिहरूको व्यवस्था गरिएको थियो। (संविधान निर्माण र व्यवस्थापिका संसद् को काम गर्ने दोहोरो भूमिकामा रहेको ६०१ सदस्यीय संविधानसभातर्फ छुट्टाछुट्टै विषयगत समितिहरू गठन गरिएको थियो। संविधान लेखनको विशेष प्रयोजनका लागि गठन गरिएका संविधानसभातर्फका विषयगत समितिबारे यहाँ चर्चा गरिएको छैन।)

समिति र कार्यक्षेत्र[६५] *(यी सभापति मध्ये केही भने सरकार परिवर्तनसँगै फेरिएका थिए)*

समिति	सभापति	कार्यक्षेत्र
अर्थ समिति	प्रकाश ज्वाला	अर्थ मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय योजना आयोग।
अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति	प्रभु साह	परराष्ट्र मन्त्रालय, श्रम तथा रोजगार मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय।
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण समिति	भीष्मराज आङ्देम्बे	आपूर्ति मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य मन्त्रालय र उपभोक्ताको हित संरक्षण सम्बन्धी।
कृषि तथा जलस्रोत समिति	गगनकुमार थापा	ऊर्जा मन्त्रालय, कृषि विकास मन्त्रालय, पशु पन्छी विकास मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र सिँचाइ मन्त्रालय।
विकास समिति	रवीन्द्र अधिकारी	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र सूचना तथा संचार मन्त्रालय।
विधायन समिति	गंगा चौधरी सतौवा	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, सर्वोच्च अदालत, न्याय परिषद् र महान्याधिवक्ताको कार्यालय।

६५. बगाल शिवदत्त, सार्वजनिक व्यवस्थापनमा संसदीय समितिको भूमिका, *व्यवस्थापिका, संसद् सेवा स्मारिका*, २०७३ पेज १४१।

समिति	सभापति	कार्यक्षेत्र
महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति	रञ्जुकुमारी झा	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, शिक्षा मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य मन्त्रालय र राष्ट्रिय महिला आयोग।
राज्य व्यवस्था समिति	दिलबहादुर घर्ती	गृह मन्त्रालय, रक्षा मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, लोक सेवा आयोग र निर्वाचन आयोग।
वातावरण संरक्षण समिति	जनकराज चौधरी	खानेपानी तथा सरसफाइ मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय र सहरी विकास मन्त्रालय।
सामाजिक न्याय तथा मानवअधिकार समिति	सुशीलकुमार श्रेष्ठ	शान्ति तथा पुनर्निर्माण मन्त्रालय, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेस आयोग, थारू आयोग, मुस्लिम आयोग, राष्ट्रिय मानवअधिकार आयोग र मानवअधिकारसम्बन्धी।
सार्वजनिक लेखा समिति	जनार्दन शर्मा	सार्वजनिक लेखा र महालेखापरीक्षकको प्रतिवेदन।
सुशासन तथा अनुगमन समिति	मोहनसिंह राठौर	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अख्तियार दुरूपयोग अनुसन्धान आयोग।
संसदीय सुनुवाइ विशेष समिति	कुलबहादुर गुरुङ	संसदीय सुनुवाइ

त्यसैगरी केही तत्कालीन प्रयोजनका लागि र केही अन्य प्रकृतिका समितिहरू पनि गठन गरिएको थियो। जस्तैः महाभियोग सिफारिस समिति, संविधान कार्यान्वयन, अनुगमन तथा निर्देशन समिति, संयुक्त समिति बनाइएको थियो।

संघीय संसद्मा समिति : महिला सभापति बढे

२०७२ असोज ३ गते संविधान जारी गरेपछि दोस्रो संविधानसभा व्यवस्थापिका संसद्मा रूपान्तरण भएको थियो। सभासद् र सांसदको रूपमा दोहोरो जिम्मेवारीमा क्रियाशील जनप्रतिनिधिहरू त्यसपछि सांसदको भूमिकामा मात्र रहे। नयाँ संविधानअनुसार २०७४ मंसिर १० र २१ गते २ चरणमा प्रतिनिधिसभाको निर्वाचन भयो। निर्वाचनपछि २०७४ फागुन २० गते प्रतिनिधिसभाको पहिलो बैठक बसेको थियो। हाल प्रतिनिधिसभामा कुल २ सय ७५ सांसदमध्ये २ सय ७१ जना कायम छन्।

नेपालको संविधानको धारा ९७ मा प्रतिनिधिसभा र राष्ट्रिय सभाले संघीय कानुनबमोजिम समितिहरू गठन गर्न सक्ने व्यवस्था गरिएको छ। प्रतिनिधिसभा अन्तर्गत निम्न समिति र सभापति चयन गरियो। यी सभापति मध्ये केही भने सरकार परिवर्तनसँगै बदल भए।

प्रतिनिधिसभातर्फका समिति, तिनका सभापति र कार्यक्षेत्र *(२०७८ असोज १५ सम्मको तथ्यांकमा आधारित)*

समिति	सभापति	कार्यक्षेत्र
अर्थ समिति	कृष्णप्रसाद दाहाल	अर्थ मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, लगानी बोर्ड, राष्ट्रिय योजना आयोग
अन्तर्राष्ट्रिय सम्बन्ध समिति	पवित्रा निरौला (खरेल)	परराष्ट्र मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति	विमलप्रसाद श्रीवास्तव	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उपभोक्ता हितसम्बन्धी।
कानुन, न्याय तथा मानवअधिकार समिति	कृष्ण भक्त पोखरेल	कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय, न्याय परिषद्, न्याय सेवा आयोग, महान्यायिवक्ताको कार्यालय र मानवअधिकार
कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति	पूर्णकुमारी सुवेदी	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र वन तथा वातावरण मन्त्रालय

समिति	सभापति	कार्यक्षेत्र
महिला तथा सामाजिक समिति	निरुदेवी पाल	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेस आयोग, थारू आयोग, मुस्लिम आयोग।
राज्य व्यवस्था तथा सुशासन समिति	शशी श्रेष्ठ	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, शान्ति प्रक्रिया।
विकास तथा प्रविधि समिति	कल्याणीकुमारी खड्का	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, सहरी विकास मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
शिक्षा तथा स्वास्थ्य समिति	जयपुरी घर्ती	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय
सार्वजनिक लेखा समिति	भरतकुमार शाह	सार्वजनिक लेखा, महालेखापरीक्षकको वार्षिक प्रतिवेदन।
संसदीय सुनुवाइ समिति	लक्ष्मणलाल कर्ण	संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि संसदीय सुनुवाइ गर्ने।
राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति	निरा देवी जैरु	संविधानको भाग ४ मा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्ने।

राष्ट्रिय सभा अन्तर्गतका विषयगत समितिहरू

संघीय संसद्को माथिल्लो सदन राष्ट्रिय सभा एक स्थायी सदन हो। सभामा मतको भार फरक रहने गरी प्रदेशसभाका सदस्य र स्थानीय तहका प्रमुख तथा उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तिमा तीन जना महिला, एकजना दलित र एकजना अपांगता वा अल्पसंख्यकसहित ८ जना गरी निर्वाचित ५६ जना र नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तिमा १ जना महिलासहित ३ जना गरी ५९ सदस्य रहने संवैधानिक व्यवस्था छ। यस सभाका सदस्यहरूको कार्यकाल ६ वर्षको रहेको छ भने एक तिहाई सदस्यहरूको प्रत्येक २ वर्षमा समाप्त हुने व्यवस्था गरिएको छ।[६६]

संवैधानिक व्यवस्थाअनुसार २०७४ माघ २४ गते भएको राष्ट्रिय सभाको निर्वाचनपछि २ वर्षे अवधि समाप्त भएर रिक्त स्थानमा पदपूर्तिका लागि २०७६ मंसिर १४ गते निर्वाचन भएको थियो।

राष्ट्रिय सभा अन्तर्गतका समिति र कार्यक्षेत्र

समिति	सभापति	कार्यक्षेत्र
दिगो विकास तथा सुशासन समिति	तारादेवी भट्ट	सरकारले अख्तियार गरेको दिगो एवं सन्तुलित विकास र सुशासन प्रवर्द्धनसम्बन्धी विषय
विधायन व्यवस्थापन समिति	परशुराम मेघी गुरुङ	राष्ट्रिय सभामा प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन र ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान।
प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति	रामनारायण विडारी	प्रत्यायोजित व्यवस्थापनसम्बन्धी कार्य, सरकारी आश्वासन सम्बन्धी कार्य र राष्ट्रिय महत्वका दस्तावेज अभिलेख व्यवस्थापनसम्बन्धी विषय।

६६. संघीय संसद् संक्षिप्त परिचय २०७७, संघीय संसद् सचिवालय, पृष्ठ ५।

समिति	सभापति	कार्यक्षेत्र
राष्ट्रिय सरोकार तथा समन्वय समिति	दिलकुमारी रावल थापा (पार्वती)	तहगत राज्य संरचनाको विकासमा समन्वय, राष्ट्रिय सम्पदा, मानवअधिकार तथा परराष्ट्र सम्बन्ध, सन्धि सम्झौताको कार्यान्वयनको अवस्था, समन्यायिक विकासको अवस्था, पिछडिएको क्षेत्र, समुदाय, संस्कृति, राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय सुरक्षा र संवैधानिक आयोग सम्बन्धी विषय।

प्रत्येक निर्वाचनपछि संसदीय समितिको संरचना र स्वरूपमा परिवर्तन

नेपालको पहिलो संसद्देखि हालसम्म सबै संसद्मा संसदीय समिति क्रियाशील रहेका छन्। तर, तिनको संख्या, संरचना र कार्यक्षेत्र लगायतका विषय भने फेरबदल गरिएको पाइन्छ। वि.सं २०१५ सालको निर्वाचनपछिको संसद्देखि हालसम्मको संसदीय समितिको स्वरूप र कार्यक्षेत्रमा हेरफेर भइरहने गरेको छ।

संघीय संसद्को प्रतिनिधिसभा, राष्ट्रिय सभाले आफ्नो नियमावली पारित गर्ने बेला वा नियमावली संशोधन गर्दा विभिन्न समितिहरूको परिकल्पना गरेका हुन्छन्।

यसरी समितिहरूको नाम तथा कार्यक्षेत्र फेरबदल हुनुमा त्यतिबेलाको समय सन्दर्भ, संसद्मा रहेका राजनीतिक पार्टीहरूबीच बन्ने सहमति आदिका आधारमा आवश्यक ठानिएअनुसार समितिको संख्या, नाम, कार्यक्षेत्र निर्धारण हुने गरेको संसद्का अधिकारीहरूको भनाइ छ।

संघीय संसद् सचिवालयका सहसचिव डा.रोजनाथ पाण्डेका अनुसार प्रत्येक ५ वर्षमा निर्वाचन हुने व्यवस्थाअनुसार नयाँ चुनिएर आएका सांसदले प्रतिनिधिसभा र राष्ट्रिय सभाको

नियमावलीमा संशोधन गर्ने क्रममा मस्यौदा समितिहरू गठन हुने गर्छन। त्यही मस्यौदा समितिले पेस गरेको प्रस्तावमाथि प्रतिनिधिसभामा छलफल हुन्छ र समितिको नाम, कार्यक्षेत्र र संख्या निर्धारण गरेर सोहीअनुसार अगाडि बढ्ने अभ्यास छ।[६७]

आउँदो चुनावपछिको संसद्ले आवश्यक ठानेमा अहिले भएको समितिमा परिवर्तन गर्न सक्छ भने आवश्यक नठानेमा हाल कायम रहेका समितिहरू नै रहन पनि सक्छन्।

६७. २०७८ असोजमा संघीय संसद् सचिवालयका सहसचिव डा.गोजनाथ पाण्डेसँग गरिएको कुराकानीमा आधारित।



अध्याय २

संसदीय अनुगमनः प्रभावकारिताको आलोकमा समिति

लेखा समिति : अब्बल इतिहास

२०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि ०४८ सालमा आमनिर्वाचन भई द्विसदनात्म व्यवस्थाको पनि पुनः सुरुवात भयो। ३० वर्षपछि मुलुकमा बहुदलीय व्यवस्था पुनर्स्थाप हुँदा संसद्ले निकै उत्साहका साथ काम सुरु गरेको थियो। संसद्लाई जीवन्त बनाउ प्रमुख निकायहरू थिए- संसदीय समिति। दुवै सदनमा रहेका विभिन्न समितिले मुलुक जल्दाबल्दा विषयमाथि छलफल, छानविन तथा अनुसन्धान गरी त्यसबारे आवश्यक निर्ण गर्ने र सुझावसहित प्रतिवेदन पेस गर्ने परिपाटी सुरु गरे।

२०१६ देखि २०१७ सालसम्म छोटो अवधि चलेको पहिलो संसद्ले संसदीय समितिक अवधारणा र केही आधारभूत अभ्यास सुरु गरेको थियो। तर ती समितिले कुनै विषयमा गह र सघन अभ्यास गर्ने पर्याप्त अवसर पाएनन्। संसद् र समितिहरूले आधारभूत संरचना तथ गरी आफ्ना प्रयासलाई परिणाममुखी बनाउन नपाउँदै राजा महेन्द्रबाट संसदीय व्यवस्थाक अन्त्य गरियो।

त्यसैले, पहिलो संसद्मा हुन नपाएको संसदीय समितिको राम्रो अभ्यास २०४८ पछि भने निक सक्रियताका साथ गरिएको थियो। प्रतिनिधिसभामा रहेका ७ र राष्ट्रिय सभाका ४ विषयग समितिमध्ये पनि सार्वजनिक लेखा समितिले सुरुदेखि नै निकै सक्रियताका साथ काम गरेक देखिन्छ। सो समितिले त्यतिबेला ठूलो अनियमितता वा भ्रष्टाचार भएको आशंका गरिएक प्रमुख मुद्दाहरूमाथि छलफल तथा छानविन सुरु गऱ्यो। जनआन्दोलनको बलबाट प्रजातन्त्र पुनर्स्थापना भएपछि गरिएको पहिलो आमनिर्वाचनमा स्पष्ट बहुमत प्राप्त गरी सरकार हाँकेक नेपाली कांग्रेसलाई संसदीय समितिका छानविनले निकै अप्ठेरोमा पाऱ्यो। आफ्नो पार्टीक एकल सरकार बनाएर प्रतिपक्षीप्रति समेत कडा रवैया अपनाउँदै आँच बढेका शक्तिशाल प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई पनि सार्वजनिक लेखा समितिले गरेका छानविन त्यहाँ उठेका प्रश्न सामना गर्न निकै कठिन भएको थियो।

प्रजातन्त्र पुनर्स्थापनापछि भ्रष्टाचारको आशंकामा केही विवाद चर्किए। २०४८ पछिक संसद्मा लामो समय निरन्तर रिपोर्टिङ गरेका पत्रकार हरिबहादुर थापा भन्छन्- तीमध्ये पहिल बहुचर्चित प्रकरण थियो, धमिजा काण्ड।

"बिनाप्रतिस्पर्धा बेलायतस्थित दिनेश धमिजाको फेयर लिमिटेडलाई तत्कालीन शाह वायुसेवा निगमका लागि युरोपका सबै मुलुकमा एजेन्ट नियुक्त गर्ने, नियन्त्रण, निरीक्षण र प्रवर्द्धन गर्ने अधिकार दिइएपछि जन्मिएको प्रकरण थियो त्यो," थापा लेख्छन्, "उत

एजेन्ट नियुक्तिमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले चासो राखेपछि समस्या बल्झिएको थियो।"[६८]

सरकारी ध्वजावाहक शाही नेपाली वायु सेवा निगमको युरोपजस्तो महत्वपूर्ण बजारमा टिकट बिक्रीमा प्रधानमन्त्रीको समेत संलग्नतामा ठूलो अनियमितता गरेको भनी त्यतिबेलाको आक्रामक प्रमुख प्रतिपक्षी नेकपा एमाले लगायतका प्रतिपक्षी दलहरूले सो विषयलाई सदन र बाहिरसमेत निकै चर्काए। बेलायती नागरिक क्रिस्टोफर थोमस गिल स्वामित्वको फेयर लिमिटेडको एक पाउन्ड बराबरको सेयर किनेको र त्यसको सञ्चालक सदस्यसमेत रहेका आधारमा दिनेश धमिजालाई ५५ करोडको टिकट बिक्री गर्न एजेन्ट नियुक्त गरिएको थियो।

यही प्रकरणको जोडदार उठानसँगै लेखा समिति सर्वसाधारणमाझ समेत स्थापित भयो भने प्रधानमन्त्री कोइराला थप अप्ठेरोमा परे। "यो प्रकरण लेखा समितिमा बहसमै छँदा गिरिजाप्रसाद कोइरालाले २०५१ असार २६ मा प्रतिनिधिसभा विघटनको सिफारिस गरे। त्यसपछि भएका मध्यावधि निर्वाचनमा विपक्षीहरूले यस प्रकरणलाई कांग्रेसविरुद्ध अस्त्रका रूपमा प्रयोग गरे। पार्टीको आन्तरिक विग्रह त थियो नै, धमिजा काण्डले पनि कांग्रेसको छवि धमिल्यायो। पहिलो दलका रूपमा निर्वाचनमा गएको कांग्रेस दोस्रो दलमा झऱ्यो," थापाको भनाइ छ।[६९]

राष्ट्रिय ध्वजावाहक शाही नेपाली वायु सेवा निगममा अनियमितताका प्रकरण त्यसपछि पनि पटकपटक दोहोरिए र लेखा समितिले अन्य प्रकरणमा पनि छानबिन गऱ्यो। २०५५ सालमा निगमले अमेरिकी कम्पनी चेज एअर इन्कसँग जहाज भाडामा लिने सम्झौता विवादित बन्यो। त्यसैगरी २०५८ सालमा पनि लाउडा एअरसँग विमान भाडामा लिने निर्णय झनै विवादित भयो।

चेज एअर प्रकरणबारे लेखा समितिले छानबिन गरी अनियमितता भएको ठहर गरेको थियो। शाही नेपाली वायु सेवा निगमको सञ्चालक समिति र व्यवस्थापनको गैरजिम्मेवारीपनको कारणले निगमले प्रत्यक्ष अमेरिकी डलर ७ लाख ८३ हजार ७ सय ५० र अप्रत्यक्ष अन्य नोक्सानीहरू बेहोर्न परिरहेको लेखा समितिको अध्ययन प्रतिवेदनको ठहर छ। निगमको व्यवस्थापनले सम्झौताको दफा १०.३ अनुसार चेज एअर इन्कबाट बैंक ग्यारेन्टी लिएर मात्रै पेस्की रकम उपलब्ध गराउनुपर्नेमा त्यसतर्फ निगम, नेपाल राष्ट्र बैंक र राष्ट्रिय वाणिज्य बैंक समेतले ध्यान नदिएको समितिको निष्कर्ष छ।[७०] समितिले यस प्रकरणबाट निगमलाई

---

६८. थापा लोकबहादुर, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, काठमाडौं, २०७३, पृष्ठ ४२।

६९. पूर्वोक्त।

७०. शाही नेपाल वायुसेवा निगम र चेज एअर इन्कबीच जहाज उपलब्ध गराउने सम्बन्धमा भएको सम्झौता तथा कारोबारसम्बन्धी अध्ययन प्रतिवेदन, २०५५, प्रतिनिधिसभा, सार्वजनिक लेखा समिति, संसद् भवन, सिंहदरबार, काठमाडौं।

नोक्सानी र क्षति पुऱ्याउनुका अतिरिक्त विदेशी मुद्रा पनि अपचलन गरे गराएको भन्दै सम्बन्धि व्यक्तिहरूमाथि कारवाही गर्न र उक्त रकम असुल उपर गर्नुपर्ने ठहर गरेको थियो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा तत्कालीन नेकपा (माले) का यामलाल कँडेल पर्यटन संस्कृति तथा नागरिक उड्डयनमन्त्री रहेका बेला सो प्रकरण भएको थियो। समितिले भविष्यमा यस किसिमका गल्ती दोहोरिन नदिन सचेत र सतर्क हुनुपर्ने बतायो।

तर, त्यसको दुई वर्ष नबित्दै निगमले जहाज भाडामा लिने विषयमै अर्को विवाद चर्किएर जुन लाउडा काण्डले चर्चित छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नेतृत्वकै सरकारमा नेपाली कांग्रेसका तारिणीदत्त चटौत पर्यटन तथा नागरिक उड्डयन मन्त्री रहेका बेला भएको यस विवादबारे पनि लेखा समितिले छानविन गरेको थियो। लेखा समितिले निगमले लाउडा एअरसँग विमान भाडामा लिनेसम्बन्धी निर्णय तथा कामकारवाहीहरू अनियमित, बदनियतपूर्ण र निगमको हितविपरीत भएकाले यसमा संलग्न सबै व्यक्ति तथा पदाधिकारीहरूलाई कानुनबमोजिम कारवाही गरी हदैसम्मको सजाय गर्न गराउन र कारवाहीको जानकारी समितिलाई दिन श्री ५ को सरकार (मन्त्रिपरिषद्) सचिवालयलाई निर्देशन दिएको थियो।[७१]

२०५१ सालको मध्यावधि निर्वाचनबाट नेकपा (एमाले) सबैभन्दा ठूलो दल बन्यो। एमालेका मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार बनायो। सो सरकारका पालामा पनि अनियमितताको ठूलै प्रकरण भयो। लेवीको चिनी प्रकरण नामबाट चर्चित सो काण्डमा एमाले सरकारलाई हम्मेहम्मे पाऱ्यो। भारतले सस्तोमा दिने ४० हजार टन चामल र ३० हजार टन चिनी आयात गर्ने लाइसेन्स सरकारी कम्पनी साल्ट ट्रेडिङ र नेसनल ट्रेडिङलाई नदिई निजी कम्पनी केडिया समूहलाई दिएपछि यो विषय चर्किएको। लगत्तै यो काण्डमा लेखा समितिले छानविन सुरु गऱ्यो। समितिले एमाले उपप्रधानमन्त्री माधवकुमार नेपाल र अर्का वरिष्ठ मन्त्री सिपी मैनालीलाई समितिमा डाकेपछि यो घटना पत्रकारका निम्ति गतिलो खुराक बन्यो।[७२]

यसरी सार्वजनिक लेखा समितिले त्यतिबेलाका जल्दाबल्दा विषयमाथि छानविन गर्न थालेपछि सो समिति मिडियाको आकर्षणको थलो बन्यो भने क्रमशः आमसर्वसाधारणको समेत चर्चित बन्यो। एकातर्फ उसले कांग्रेस र एमाले दुवै सरकारका पालामा आक्रामक रूपमा काम गरेको थियो भने सो समितिको निरन्तरको सक्रियता पनि उत्तिकै उल्लेखनीय पक्ष थियो।

---

७१. शाही नेपाल वायुसेवा निगमद्वारा ७६७-३०० ई.आर. लाउडा विमान भाडामा लिने प्रक्रिया एवं निर्णयसम्बन्धी सार्वजनिक लेखा समितिको प्रतिवेदन, २०५८, प्रतिनिधिसभा, सार्वजनिक लेखा समिति संसद् भवन, सिंहदरबार, काठमाडौं।

७२. थापा, हरिबहादुर, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, काठमाडौं, २०७३, पृष्ठ ४३।

संसदीय कालखण्डमा विवादमा आएका बहुचर्चित काण्ड र प्रकरणहरू चाहे सांसदहरूको औषधि खर्च दुरूपयोगका विषय हुन् वा गृह मन्त्रालयबाट वितरित आर्थिक सहायता, चन्दा र पुरस्कारदेखि जहाज भाडा प्रकरणसम्मका विषय लेखाले नै उजागर गरेको हो। संसदीय कालखण्डमै पनि प्रभावशाली रहेका राप्रपा नेता तथा कृषिमन्त्री पद्मसुन्दर लावतीलाई भ्रष्टाचारको अभियोग लगाउने अवस्थामा लेखा समितिकै कारण सम्भव भएको र रासायनिक मल खरिद काण्ड छानबिन गरेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई अनुसन्धान गरी मुद्दा चलाउन लेखा समितिले निर्देशन दिएको हो।[७३]

सेनाले निकै अपारदर्शी मानिने र त्यतिबेलासम्म पनि राजाकै छत्रछायामा रहेका कारण शक्तिशाली मानिने नेपाली सेना र अर्को शक्तिशाली निकाय नेपाल प्रहरी संगठनभित्र भएको अनियमितताका काण्डमा पनि हात हाल्यो। त्यतिमात्र होइन उनीहरूका कतिपय निर्णय समितिले उल्ट्याएको समेत थियो।

"सेनाले २०५८ सालमा आरजे-जहाज खरिद प्रक्रिया अन्तिम चरणमा पुऱ्याएको थियो। तर, उक्त खरिदको औचित्य खुलाउन नसकेपछि लेखा समितिले त्यो निर्णय बीचमै उल्ट्याइदियो। २०५८ मै लेखा समितिले सेनाको सुपरपुमा हेलिकप्टर खरिद प्रक्रिया रोक्न निर्देशन दिएको थियो। सेनाले राष्ट्रप्रमुख तथा विदेशी अति विशिष्ट पाहुनाका निम्ति ८८ करोड रूपैयाँमा हेलिकप्टर खरिद गर्न खोजेको थियो। निर्णयको औचित्य देखाउन नसक्दा समितिले कार्यान्वयनमा ल्याउन नदिएका यस्ता उदाहरण धेरै छन्।"[७४]

त्यसो त लेखा समितिले पछिल्लो कालखण्ड अर्थात् गणतन्त्र सुरु भएपछि पनि केही नगरेको भने होइन। अहिले पनि संसद्मा सबैभन्दा सक्रिय समितिहरूमध्येमा यो समिति पर्छ। राहदानी छपाई प्रकरण, अखिल नेपाल फुटबल संघ (एन्फा) विवाद, दूरसञ्चार फ्रिक्वेन्सी वितरणको विषय, 'प्लस टू'को उत्तरपुस्तिकासम्बन्धी प्रकरण आदि गणतन्त्रकाल सुरु भएपछि लेखा समितिले छानबिन गरेका चर्चित काण्डमध्ये केही हुन्।

अन्तर्राष्ट्रिय नजरमा पनि अब्बल !

नेपालमा बहुदलीय प्रजातन्त्रको पुनरोदय भएपछि संसारभर त्यसले उत्साहजनक सन्देश प्रवाह गरेको थियो। नेपालको प्रजातन्त्र संस्थागत गर्न भनी विभिन्न मुलुक सहयोगका लागि अघि बढे। त्यसै क्रममा अमेरिकी सहयोग नियोग यूएसएडले पनि प्रजातान्त्रिक बहुलता पहलकदमी (डेमोक्रेटिक प्लुरालिज्म इनिसियटिभ) मार्फत नेपालको संसद्लाई सहयोग

---

७३. थापा, हरिबहादुर, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, काठमाडौं, २०७३, पृष्ठ ४५।
७४. पूर्वोक्त, पृष्ठ ४६।

गरेको थियो। सो सहयोगको प्रभाव कस्तो पऱ्यो त भनी गरिएको अध्ययन प्रतिवेदनम लेखा समितिको कामको निकै प्रशंसा गरिएको छ। नेपालमा संसदीय सहयोग (पार्लियामेन्ट एसिस्टेन्ट्स इन नेपाल) नामक प्रतिवेदनमा भनिएको छ, "सार्वजनिक लेखा समितिले अचम्म लाग्ने गरी निकै सशक्त र लोकप्रिय अनुगमनकारी भूमिका विकास गरेको छ, यसले गर्दा जवाफदेहिताको सुरुवात भएको छ, जुन कुरा सरकारी निकायमा पहिले थाहा नै थिएन।"[७५]

सन् १९९६ मा प्रकाशित भएको सो अध्ययनले प्रतिनिधिसभाको मुख्यतः सार्वजनिक लेखा समितिको भूमिकासँगै नेपालमा संसदीय अनुगमनको अभ्यासको सुरुवात भएको ठहर गरेको छ। "सो समितिले सरकारी प्रशासन संयन्त्रमाथि छानविन गर्ने गरेको छ जबकि ती निकायहरू पहिले कोहीप्रति पनि जवाफदेही थिएनन्। प्रेसले पनि निकटबाट हेर्ने यो एक मात्र संसदीय समिति हो र सदनको अधिवेशन नभएको लामो अवधिमा पनि नियमित रूपमा वैठक गर्ने यो एक मात्र समिति हो," सो अध्ययनको ठहर छ, "यसले महालेखा परीक्षकको प्रतिवेदनहरूको समीक्षा गर्छ र सरकारी साधनस्रोतको प्रयोगमा भएका अनियमितताबाथि छानविन गर्छ। सञ्चारमाध्यमका रिपोर्टहरूका अनुसार अन्य संसदीय समितिभन्दा सार्वजनिक लेखा समितिका छानविनमा दलीय पूर्वाग्रह कम हुन्छ।"[७६]

कसैप्रति जवाफदेही नभएको, निकै शक्तिशाली र आफूखुसी काम गर्ने गरेको सरकार प्रशासनयन्त्रलाई लेखा समितिको सक्रियतामुखी छानविनले पहिलोपटक प्रशासनलाई जवाफदेही बनाएको सो अध्ययनमा उल्लेख छ। त्यसो त सो अध्ययन प्रतिवेदनको भाषा र प्रस्तुति हेर्दा आफ्नो सहयोगको प्रभाव राम्रो पारेको देखाउन लेखा समितिको कामकारवाहीलाई केही बढाइचढाइ गरेको जस्तो पनि देखिन्छ।

तर संसद्कै रेकर्डअनुसार पनि त्यतिबेलाका अन्य समितिको तुलनामा सो समितिले निकै बढी काम गरेको देखिन्छ। २०४८ देखि २०५१ सम्म चलेको संसद् अवधिमा हेर्दा अन्य समितिमध्ये बढीमा पनि कुनैले ६७ वटा, कुनैले ५३ र कुनैले ५० वटासम्म बैठक गरी कूल १४७ घन्टा, १११ र १०३ घन्टा समितिका बैठक सञ्चालन गरेको पाइयो। तर लेखा समितिले सोही अवधिमा २१८ वटा बैठक गरी ५६० घन्टा बैठक सञ्चालन गरेको देखिन्छ। हेर्नौं यस विवरण:[७७]

---

७५. Impact Evaluation, Parliamentary Assistance in Nepal, USAID, 1996, Number 7, Page 2

७६. पूर्ववत, पृष्ठ ७।

७७. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा (२०४८ - २०५१), *संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं*, २०७७, पृष्ठ २९।

समिति	बैठक संख्या	बैठकले लिएको समयावधि
१. अर्थ समिति	६७	१४७.४५ घन्टा
२. सार्वजनिक लेखा समिति	२१८	५६०.३० घन्टा
३. परराष्ट्र तथा मानवअधिकार समिति	५०	१०३.१३ घन्टा
४. प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समिति	५३	१११.४५ घन्टा
५. जनसंख्या तथा सामाजिक समिति	४६	१०२.१५ घन्टा
६. राज्य व्यवस्था समिति	३९	८४.३० घन्टा
७. विकास तथा सञ्चार समिति	४२	१११.४५ घन्टा

प्रेसलाई पहुँच दिने निर्णयले झनै चर्चित

सार्वजनिक लेखा समितिले भ्रष्टाचारको गन्ध आएका केही चर्चित काण्डहरूको छानबिन गरी धेरैको ध्यान आकर्षित गरेको थियो । जसका कारण सञ्चारमाध्यम सो समितिमा झुम्मिन थाले । तर, समितिका बैठकमा प्रवेश गर्ने अनुमति पत्रकारलाई थिएन । तर, सो समितिले यस मामिलामा पनि अरूभन्दा एक कदम अघि बढेर पत्रकारहरूलाई बैठकभित्रै बसेर छलफलको प्रत्यक्ष अवलोकन गरी रिपोर्टिङ गर्ने अनुमति दियो । सो समितिको यो वास्तवमै क्रान्तिकारी कदम थियो । पत्रकारलाई यस्तो पहुँच दिने लेखा समिति नेपालको पहिलो संसदीय समिति मात्र नभई अन्य मुलुकमा समेत यसलाई उदाहरणीय पहलको रूपमा लिइएको थियो ।

पत्रकार थापाका अनुसार संसदीय समितिभित्र रिपोर्टिङका निम्ति पत्रकारलाई औपचारिक आमन्त्रण गर्ने लेखा समिति पहिलो संसदीय समिति हो । "प्रेसलाई खुला गरेपछि लेखा समिति निकै सक्रिय र प्रभावकारी संसदीय समितिको रूपमा स्थापित भयो । आर्थिक अनियमिततामा संलग्नहरूका नामनामेसी प्रकाशित हुन थालेपछि सरकारी अधिकारीहरू जवाफदेही हुन बाध्य बने । त्यस निम्ति प्रत्यक्ष दबाब दिने अस्त्र साबित हुन पुग्यो प्रेस । सँगै संसद्का कामकारबाहीबारे जनतामा चासो बढ्यो ।"[७८]

थापाका अनुसार समितिका बैठकमा पत्रकारलाई रिपोर्टिङका लागि खुला गर्दा राम्रो हुने भनी सुरुमा लेखा समितिका हृदयेश त्रिपाठी र विरोध खतिवडाले जोड दिएका थिए । त्यतिबेला समितिको सभापति त्रिपाठी नै थिए ।

७८. थापा हरिबहादुर, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, काठमाडौं, २०७३, पृष्ठ ४४ ।

लेखा समितिले पत्रकारका लागि खुला गरेको अन्य समितिलाई भने मन परेको थिएन पञ्चायतकालदेखि जागिर खाएका संसद् सचिवालयका त्यतिबेलाका अधिकांश कर्मचारीले त्यो खुलापन पटक्कै रुचाएनन्। "संसद् सचिवालयका कर्मचारीहरू लेखा समितिम पत्रकारलाई बन्देज लगाउने लबिङमा समेत उत्रेका थिए तर समितिका सदस्यहरूले उ लबिङलाई महत्व दिएनन्।"[७९]

सो कुरा नेपालकै अन्य संसदीय समितिले वर्षौंसम्म पनि अनुसरण गर्न चाहेनन्। त्यसको केहि वर्षपछि विकास समितिले पत्रकारलाई खुला गरेको थियो। पछि क्रमशः अन्य समितिहरू खुला हुँदै गए।

नेपालको सार्वजनिक लेखा समितिले आफ्ना बैठकमा पत्रकारलाई रिपोर्टिङका लागि खुला गर्दा युरोपको संसद्मा समेत सो सुविधा नभएको समितिका तत्कालीन सचिव सोमबहादुर थापाको भनाइ छ। "प्रजातन्त्र, जवाफदेहिता, पारदर्शिता र मानवअधिकारको धेरै शिक्षा र अर्ती दिने युरोपको संसद्मा नभएको प्रेस प्रवेशसम्बन्धी व्यवस्था नेपालको प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिमा गरिएको विषय संसारभरि फैलियो। यसले नेपालको गौरव बढाउने काम पनि गऱ्यो। यो निर्णय दक्षिण एसियामा पहिलो बन्न पुग्यो भने युरोपलाई शिक्षा र उदाहरण दिने विषय बन्यो।"[८०]

सचिव थापाका अनुसार त्यसपछि दक्षिण एसियाका बंगलादेश, पाकिस्तान र श्रीलंकाले संसदीय समितिहरूमा पत्रकारलाई प्रवेश दिने विषयमा नेपालको अनुसरण गरे। "भारतमा सन् १९९४ मा आयोजित दक्षिण एसियाली सार्वजनिक लेखा समितिका सभापति तथा सदस्यहरूको सम्मेलनमा सहभागीहरूले नेपालको संसदीय समितिमा प्रेसलाई दिइएको पहुँचको मुक्तकण्ठले प्रशंसा गरेका थिए। भारतका सार्वजनिक लेखा समितिका तत्कालीन सभापति मुरलीमनोहर जोशीले आफ्नो समितिमा पनि पत्रकारलाई प्रवेश दिने प्रतिबद्धतासहितको मन्तव्य राखेका थिए।"[८१]

साख जोगाउने चुनौती

संसद्मा पछिल्ला केही कार्यकालयता भने लेखा समितिको त्यो प्रभाव क्रमशः खस्किँदै गएको प्रस्टै देखिन्छ। लेखा समितिले केही वर्षयता कुनै गम्भीर प्रकरणमा गहन छानबिन गरी टुंगोमा पुऱ्याएको सम्झनलायक काम कमै छन्। केही विषयहरूमाथि छलफल गर्ने सक्रियता देखाए पनि सुशासनका क्षेत्रमा स्मरणयोग्य छाप छाड्ने काम कम हुँदै गएका छन्। समितिको

---

७९. थापा हरिबहादुर, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, काठमाडौं, २०७३, पृष्ठ ४४।
८०. थापा सोमबहादुर, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, काठमाडौं, २०७३, पृष्ठ १२७।
८१. पूर्ववत, पृष्ठ १२८।

खस्किँदो साखप्रति संसद् र संसदीय मामिलालाई नजिकबाट हेर्नेहरूले चिन्ता जाहेर गरेको पनि पाइन्छ।

विपक्षीकै बेवास्ता

यसो हुनुमा धेरै कारणहरूमध्ये लेखा समितिप्रति विपक्षी दलहरूकै आकर्षण र लगाव कम देखिनु एउटा कारण भएको कतिपयको बुझाइ छ।

संसदीय समितिहरूमध्ये निकै प्रभावशाली मानिएकै कारण लेखा समितिको नेतृत्व विपक्षी दललाई दिने अभ्यास स्थापित छ। सत्ता पक्षबाट हुने गम्भीर अनियमितताका प्रकरणमा लेखा समितिले लगाम लगाउन सकोस् भनी यसो गरिएको हो। तर, नेपालमा मुख्यतः गणतन्त्रकालमा यो मान्यतालाई समेत निरन्तरता दिइएन।

प्रमुख विपक्षी दलको वरिष्ठ नेताले लेखा समितिको नेतृत्व सम्हालेर सरकारबाट भएका अनियमितताविरुद्ध सशक्त रूपमा छानबिन गर्ने कुरालाई गम्भीरताका साथ नलिएको कुरालाई समिति स्वयंले पनि कमजोरीको रूपमा औंल्याएको छ।

"बेलायतको परम्परालाई अनुसरण गर्दै २०४८ सालदेखि सार्वजनिक लेखा समितिको सभापति विपक्षी दललाई दिने गरिएको थियो। तर २०६६ जेठ ११ देखि यो परम्परा निरन्तर हुन सकेन तथापि यसलाई निरन्तरता दिनुपर्ने आवश्यकता छ।"[८२]

२०६४ सालको निर्वाचनमा सबैभन्दा ठूलो दल बनेपछि सरकारको नेतृत्व गरेको नेकपा माओवादीले सरकार छाडेर विपक्षमा पुग्यो। तर संसद्मा प्रमुख विपक्षी दलको रूपमा रहँदा पनि उसले लेखा समितिको नेतृत्व दाबी गरेन। आक्रामक सडक संघर्ष चर्काएको माओवादीले लेखा समितिको नेतृत्व गरेर सरकारका अनियमिततामाथि लगाम लगाउनेतर्फ कुनै रुचि देखाएन।

पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा सरकार बनेपछि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता रामकृष्ण यादव समितिको सभापति बने। पछि कांग्रेस सत्तारुढ दल बन्यो र माओवादी प्रमुख प्रतिपक्षी। तर माओवादीले लेखा समितिको नेतृत्वतर्फ कुनै चासो नदेखाएपछि सत्तारुढ कांग्रेसका नेता यादवले नै लामो समयसम्म समितिको नेतृत्व गरिरहे। समितिका एक सदस्यका अनुसार त्यतिबेला माओवादी सांसदहरूले प्रमुख विपक्षी दलको रूपमा सो समितिको नेतृत्व आफूहरूले गर्नुपर्ने प्रसंग उठाए पनि त्यतिबेला सो पार्टीले सभामुखसमक्ष पुगेर औपचारिक रूपमा सो नेतृत्वको लागि दाबी नै गरेन। पछि पनि यस्तै स्थिति देखियो।

---

८२. सार्वजनिक लेखा समिति वार्षिक प्रतिवेदन २०७६, पृष्ठ १।

चुनावबाट सत्ताधारी सभापति

पहिले विपक्षीमा हुँदा लेखा समितिको नेतृत्व लिन वास्ता नगरेको माओवादी पार्टीले सरकारमा गएपछि फेरि सोही पदका लागि प्रतिस्पर्धा नै गऱ्यो। माओवादी पार्टी सरकारमै रहेका बेला माओवादी सांसदहरू जनार्दन शर्मा र उनी मन्त्री भएपछि डोरप्रसाद उपाध्याय लेखा समितिको सभापति बने। कांग्रेस-माओवादी सहितको सरकार रहेका बेला माओवादीका उपाध्यायलाई समिति सभापतिको रूपमा अघि सारियो। यसपटक भने प्रमुख प्रतिपक्षी एमालेले सो पदमा दावी गऱ्यो। सत्तारुढ गठबन्धनका उपाध्याय र प्रतिपक्षी एमालेका सांसद पशुपति चौलागाईं दुवैको उम्मेदवारी परेपछि २०७३ माघ १७ गते लेखा समितिमा मतदान भयो। सत्तारुढ गठबन्धनका कांग्रेस, माओवादी, मधेसवादी र अन्य दलका सांसदहरूको मत पाएर उपाध्याय सभापति चयन भए।[८३] सत्तापक्षमै भएर पनि राप्रपा सांसदहरूले भने प्रतिपक्षी दलका उम्मेदवार चौलागाईंलाई मत दिएका थिए।

लेखा समिति विपक्षी नेताले नै नेतृत्व गर्ने भन्ने कुनै स्पष्ट लिखित प्रावधान छैन त्यसैले सत्तारुढ दलको सांसद सो समितिको सभापति हुँदा छाइनैपर्ने बाध्यता छैन। लेखा समितिलाई प्रभावकारी बनाउनेतर्फ त्यति गम्भीर छैनन् भन्ने यी घटनाक्रमहरुबाट देखिन्छ।

लामो समय लेखा समितिको सचिव रहेका सोमबहादुर थापा त्यस्तो अवस्थामा सत्तारुढ र विपक्षी दलहरू र सभापति रहेको सत्तापक्षको सांसद स्वयंले विचार गर्ने कुरा भएको बताए। "नैतिक रूपमा छाड्ने कुरा हो। र हामीले अवलम्बन गरेको मूल्य मान्यता हो। किनभने सरकारले राज्यकोषको सञ्चालन गर्छ र त्यसो गर्दा भएका अनियमितता हेर्ने संसद्को मुख्य समिति लेखा समिति हो, त्यसैले त्यसको नेतृत्व विपक्षी सांसदले गर्दा राम्रो हुन्छ भन्ने मान्यताअनुसार यो परम्परा स्थापित भएको हो," पूर्वसचिव थापा भन्छन्, "यसको महत्वलाई हेरेर लेखा समितिको सभापतिमा विपक्षी दलको पनि वरिष्ठ नेतालाई चयन गर्ने प्रचलन छ, भारत लगायतका देशमा पनि त्यसो गरेको पाइन्छ।"[८४]

थापाका अनुभवले के भन्छ भने संसदीय समिति प्रभावकारी बन्नका लागि केही कुराहरूको संयोजन मिल्नुपर्छ। "समितिको नेतृत्व र सदस्यहरू दुवैतर्फ केही गर्ने भन्ने जाँगर भयो भने त्यो सिनर्जीले राम्रो नतिजा दिन्छ," पूर्वसचिव थापा भन्छन्, "त्यस्तो उत्साह भएका सांसदहरूको संख्या समितिमा पहिले धेरै देखिन्थ्यो, अहिले पनि त्यस्ता सांसद हुनुहुन्छ तर अलि कम।"[८५]

---

८३. लेखा समितिको सभापतिमा उपाध्याय निर्वाचित, अनलाइनखबर, २०७३ माघ १७ गते।
८४. सार्वजनिक लेखा समितिका तत्कालीन सचिव सोमबहादुर थापासँग २०७८ भदौ १७ गते गरिएको कुराकानी।
८५. पूर्ववत्।

राज्य व्यवस्था समिति : गहिरो छानबिनबाट प्राप्त नयाँ उचाइ

३० वर्षपछि बहुदलीय व्यवस्था पुनर्स्थापना भएपछि २०४८ बाट सुरु भएको संसद्मा सुरुदेखि नै संसदीय समितिले सक्रियताका साथ काम थाले। २०४८ पछिका संसदीय समितिमध्ये लेखा समितिले निकै सक्रियता र प्रभावकारिताका साथ काम गऱ्यो। बहुदलीय व्यवस्थाको पुनर्बहालीपछिको पहिलो संसद्मा ७ वटा विषयगत समिति गठन गरिएको थियो। त्यसपछि समितिको संख्या, नाम र कार्यक्षेत्रमा निरन्तर फेरबदल भइरह्यो। कुनै समिति हटाइयो त कुनै थपियो भने कुनैको कार्यक्षेत्रमा हेरफेर गरियो। तर, सुरुमै गठन भएका ७ वटा समितिमध्ये लेखा समिति, राज्य व्यवस्था समिति र अन्तर्राष्ट्रिय सम्बन्ध समिति भने महत्वपूर्ण समितिको रूपमा निरन्तर कायम छन्।

पछिल्लो व्यवस्थाअनुसार राज्य व्यवस्था तथा सुशासन समितिको कार्यक्षेत्रभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग र निर्वाचन आयोग एवं शान्ति प्रक्रियासम्बन्धी कामकारबाही पर्छन्।[८६]

तीन पूर्वप्रहरी महानिरीक्षकसहित कैयौंलाई जेल पठाएको त्यो छानबिन

समयक्रममा सक्रियता र भूमिकाका आधारमा विभिन्न समयमा विभिन्न समिति प्रभावशाली देखिँदै आएका छन्। राज्य व्यवस्था समितिले गरेका केही छानबिन पनि त्यस्तै उल्लेख्य छन्। पहिलो संविधानसभा कालमा राज्य व्यवस्था समितिले गरेको सुडान घोटालासम्बन्धी छानबिन, त्यसको प्रतिवेदनले राज्य संयन्त्रमा पारेको प्रभावका कारण सो प्रतिवेदनलाई अहिलेसम्मकै उल्लेख्य मानिन्छ। लेखा समितिजस्तै राज्य व्यवस्था समितिलाई पनि पहिलेदेखि नै एक महत्वपूर्ण समितिको रूपमा हेरिँदै आएको हो। यस समितिले प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोक सेवा आयोगजस्ता महत्वपूर्ण निकायका कामकारबाही र त्यहाँ भएका अनियमितताबारे निगरानी गर्ने भएका कारण यो समितिप्रति धेरैको चासो छँदै थियो। सुडान प्रकरणमा नेपाल प्रहरीका तीनजना पूर्वमहानिरीक्षकसहित उच्च अधिकृतहरूको संलग्नतामा ठूलो अनियमितता भएको भनी यो समितिको अध्ययन प्रतिवेदनले विस्तृत तथ्यहरू बाहिर ल्याएपछि त्यसले ठूलो तरंग ल्यायो। जसका कारण २०६५ पछिको संसदीय कालमा राज्य व्यवस्था समितिले नयाँ उचाइ हासिल गऱ्यो।

संयुक्त राष्ट्रसंघीय शान्ति मिसनअन्तर्गत सुडानको डार्फरमा शान्ति कार्यमा खटिएका प्रहरीलाई नेपाल प्रहरीले आर्मर्ड पर्सनेल क्यारियर (एपीसी) लगायतका सामग्री खरिद गर्दा करोडौं रुपैयाँ अनियमितता भएको भनी राज्य व्यवस्था समितिले छानबिन गरेको थियो।

---

८६. प्रतिनिधिसभा नियमावली २०७५ को नियम १७०।

२०६६ असोज १ मा बसेको प्रहरी कल्याण कोष सञ्चालक समितिको बैठकले एपीसी खरिदका लागि निर्णय गरेको थियो तर एपीसी खरिद गर्दा अत्यन्तै पुराना खरिद गरी शान्ति मिसनमा जाने नेपाल प्रहरीका अधिकृत तथा जवानले निकै ठूलो दुःख झेल्नुपरेको थियो।[८७] सो आवाज उठेपछि २०६६ भदौ १७ गते बसेको समितिको बैठकले उक्त अनियमितताको छानबिन गर्नका लागि समिति सदस्य प्रदीपकुमार ज्ञवालीको संयोजकत्वमा भीमप्रसाद गौतम, जगदीश्वरनरसिंह केसी, रामजनम चौधरी, लीला न्याँईच्याँई सदस्य रहेको समिति गठन गरेको थियो।

ज्ञवाली नेतृत्वको संसदीय टोलीले सुडानमै पुगेर सत्यतथ्य खोजेको थियो। समितिको सोही निष्कर्षका आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले थप अनुसन्धान गरी तत्कालीन प्रहरी महानिरीक्षक रमेश चन्द ठकुरीसहितका अभियुक्तविरुद्ध मुद्दा दायर गरेको थियो।[८८] त्यतिबेला आयोगले प्रहरी महानिरीक्षक भइसकेका तीनजनासहित २४ बहालवाला र १० अवकाशप्राप्त गरी ३४ प्रहरी अधिकारीविरुद्ध एकैचोटि २०६८ जेठमा मुद्दा दायर गरेको हो।

विशेष अदालतले तीन पूर्वप्रहरी महानिरीक्षक हेमबहादुर गुरुङ, रमेशचन्द ठकुरी र ओमविक्रम राणासहित वरिष्ठ प्रहरी अधिकृतहरू र खरिद प्रक्रियामा संलग्न ठेकेदारलाई दोषी ठहर गरेको थियो। पछि सर्वोच्च अदालतले पनि सोहीअनुसार उनीहरूलाई दोषी ठहर गरी जेल सजाय तोक्यो। यसरी तीन पूर्वप्रहरी महानिरीक्षकसहित वरिष्ठ अधिकारी जेल जानेगरी गरिएको निर्णयको मुख्य आधार ज्ञवाली नेतृत्वको उपसमितिको प्रतिवेदन नै थियो।

सो छानबिनका लागि उपसमिति सुडान नै पुगेर त्यहाँ रहेका विदेशी मिसनका अधिकारीहरूसँग पनि सोधपुछ गरी प्रतिवेदन तयार गरेको थियो। उक्त उपसमितिले ३५ वटा बैठक बसेर २०६७ वैशाख १० गते समितिलाई प्रतिवेदन बुझाएको थियो।

समितिका तत्कालीन सचिव मुकुन्द शर्माले राज्यव्यवस्था समितिको व्यापक दबाबले मात्रै मुद्दा दायर भएको बताए। सो विषयमा समिति क्रियाशील नभएको भए त्यो परिणाम नआउने शर्माको निष्कर्ष छ। १ वर्षसम्म अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पदाधिकारीलाई हरेक महिना २ पटक समितिमा बोलाएर समितिको प्रतिवेदन अनुसारको अनुसन्धान मूल्यांकन कहाँ पुग्यो ? के काम गर्दै हुनुहुन्छ ? भनेर फलोअप (ताकेता) गरेकाले १ वर्षपछि मुद्दा दायर हुन सकेको हो।[८९]

---

८७. सुवेदी ईश्वरी, ससदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, सिंहदरबार काठमाडौं, २०७३, पृष्ठ १८४-१८५।

८८. फुयाल राजेन्द्र, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, सिंहदरबार काठमाडौं, २०७३, पृष्ठ ६४।

८९. राज्य व्यवस्था समितिका सचिव मुकुन्द शर्मासँग २०७८ असोज पहिलो साता गरिएको कुराकानी।

कुनै संसदीय समितिले गरेको छानबिन र निर्देशनका आधारमा भएको थप अनुसन्धान, अदालती फैसला र कारबाही प्रक्रिया एउटा तार्किक निष्कर्षसम्म पुगी राज्यका निकायमा परेको यो तहको प्रभावका हिसाबले यो एउटा प्रमुख उपलब्धिका रूपमा स्थापित भएको हो।

राज्यव्यवस्था समितिले प्रहरीमा भएको अनियमितता मात्र नभई अन्य क्षेत्रमा पनि केही गम्भीर अध्ययन तथा छानबिन गरी त्यसअनुसार निर्देशन दिएको थियो। त्यतिबेला नेपाली सेनाका लागि मुलुकभर रहेका भौतिक संरचना निर्माणमा यसले महत्वपूर्ण निर्देशन गरेको समितिको भनाइ छ। शर्माका अनुसार त्यसबाहेक राज्यका विभिन्न पदाधिकारीले राज्यकोषमा व्ययभार पर्ने गरी दुरूपयोग गरेका घटनाको छानबिन र निजामती कर्मचारीका लागि आउने विदेशी छात्रवृत्तिबारे पनि छानबिन गरेर त्यसमा सुधार ल्याउन समितिले भूमिका खेलेको छ।

"माओवादीको ठूलो दबदबा भएको बेला नेपाली सेनाको जुन हविगत थियो त्यस्तो अवस्थामा सेनाको पूर्वाधार सुधार गर्नका लागि समितिले गरेका क्रियाकलाप महत्वपूर्ण छन्। राज्यका मर्यादाक्रमका लागि समितिले गरेका काम, विभूषणको विषय, निजामतीबाट विभिन्न मुलुकमा छात्रवृत्तिमा पठाउँदा अनियमितता भयो भनेर मुख्यसचिवको नेतृत्वमा समिति गठन गरेर सुधार गरिएको थियो," शर्माको भनाइ छ।

सुरुदेखि नै संसद्को एक प्रभावशाली समितिको रूपमा रहेको राज्य व्यवस्था समितिले २०६५ पछि जुन नयाँ उचाइ हासिल गरेको थियो, त्यो पछिल्ला वर्ष फेरि खस्केको चर्चा हुन थालेको छ। संसद्को पछिल्ला कार्यकालमा राज्य व्यवस्था समितिले पहिलेजस्तो गम्भीर प्रकरणहरूमा गहन अध्ययन गरी नीति निर्माणमा गहिरो प्रभाव पार्न नसकेको, समितिका कतिपय निर्णय विवादित समेत भएको आदि कारणले गर्दा समितिको प्रभावकारिताबारे प्रश्न उठ्न थालेको हो। लोक सेवा आयोगले प्रकाशित गरेको विज्ञापन रद्द गर्न भनी दिएको निर्देशन लगायतका केही निर्णयले त समिति आफै अप्ठेरोमै परेको थियो। त्यसयता पनि समितिका निर्णय तथा निर्देशनहरू विवादमुक्त भएनन्।

पछिल्ला वर्षमा समितिले के कस्ता गतिविधि र निर्णयहरू गरेको छ, त्यसको दृष्टान्तस्वरूप यहाँ केही उदाहरण विवरणसहित दिइएको छ :

२०७५ पछि समितिका केही निर्णय

———— गणतन्त्रबारेको २०७७ कात्तिक २४ गतेको निर्णय ————

"नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/०६/११ को निर्णय अनुसार नेपालको औपचारिक नाम नेपालीमा "संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल" र अंग्रेजीमा "Federal Democratic Republic of Nepal" लेख्ने गरिएकोमा अब उप्रान्त नेपालको औपचारिक नाम नेपालीमा "नेपाल" र अंग्रेजीमा "Nepal" मात्र लेख्ने भन्ने विषयले समितिको

ध्यानाकर्षण भएको छ। नेपाली जनताको निरन्तरको संघर्षद्वारा नेपाल एकात्मक राज्यबाट संघीयतामा निरंकुशतावाट लोकतान्त्रिक व्यवस्थामा र संवैधानिक राजतन्त्रबाट गणतन्त्रमा गएको सर्वविदितै छ। युगान्तकारी परिवर्तनले नेपाली जनताको आकांक्षालाई सम्बोधन गर्न ऐतिहासिक संविधानसभाको पहिलो वैठकबाट संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको र संविधानसभाद्वारा जारी नेपालको संविधानले पनि उक्त विषयलाई आत्मसात गरेको छ तसर्थ हालसम्म नेपालको औपचारिक नामका रूपमा नेपालीमा प्रयोग भइरहेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल र अंग्रेजीमा "Federal Democratic Republic of Nepal" लाई हाल आएर परिवर्तन गर्दा आम जनमानसमा कतै यसले संघीय संसद्को क्षेत्राधिकार ग्रहण र राजनीतिक प्रणाली नै परिवर्तन गर्न खोजेको हो कि भन्ने आशंका उत्पन्न भएको छ। त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य प्रणाली र शासन व्यवस्थालाई अभिव्यक्त गर्ने संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल Federal Democratic Republic of Nepal लाई परिवर्तन गर्नुपर्ने कारण यसको आवश्यकता र औचित्यतासहित संघीय संसद्मा छलफलपश्चात् मात्र निष्कर्षमा पुग्नु उपयुक्त हुने सुझावसहित हाललाई उक्त निर्णय कार्यान्वयन नगर्न नगराउन राज्य व्यवस्था तथा सुशासन समिति नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्लाई निर्देश गर्दछ।

यौनहिंसाबारे २०७५ असोज ११ गतेको निर्णय

मुलुकमा देखिएको बालिकादेखि वृद्धा महिलामाथि भएको बलात्कार, हत्या र एसिड आक्रमणजस्ता जघन्य मानवताविरोधी अपराधका दोषीलाई सत्य तथ्यको आधारमा छिटोभन्दा छिटो पत्ता लगाई कानुनी दायरामा ल्याउनका लागि साथै यस्ता अमानवीय घटनाहरू दोहोरिन नदिन प्रहरी प्रशासनलाई अझ जिम्मेवार र संवेदनशील बनाई घटनाको कारक तत्वको रूपमा देखिएको सामाजिक आर्थिक विषमता, महिलालाई वस्तुको रूपमा हेर्ने चिन्तन, इन्टरनेटको माध्यमबाट भइरहेको अश्लील सामग्रीको प्रसारण, मादकको अनियन्त्रित उत्पादन, वितरण र उपभोगजस्ता कारकहरू नियन्त्रित र व्यवस्थित गर्ने कानुनी र संरचनागत सुधार गरी अन्तर मन्त्रालयगत समन्वयका साथै प्रभावकारी रूपले कार्य गरी समाजलाई सभ्य, सुसंस्कृत, नैतिकवान् र समुन्नत बनाउन सामाजिक जागरण अभियानसमेत सञ्चालन गर्न गृह मन्त्रालयलाई निर्देशन दिने।

लिपुलेकमा भारतले गरेको सडक निर्माणबारे २०७७ वैशाख २८ गते

८ मे २०२० मा भारत सरकारले भारतको पिथौरागढबाट नेपालको कालापानी क्षेत्रको गुन्जी हुँदै चीनको मानसरोवर जाने लिपुभञ्ज्याङसम्मको सडक निर्माण भएको भनी उद्घाटनसमेत गरेको छ। उक्त स्थानका बारेमा स्वयं भारत सरकारले नेपाल भारतबीच "विवादित भू-भाग" भनी दुई पक्षीय समझदारीद्वारा हल गर्न स्वीकारी सकेको हो। यद्यपि सन् १८१६

को सुगौली सन्धिअनुसार र थुप्रै भौगोलिक, सामाजिक र सांस्कृतिक ऐतिहासिक प्रमाण, लिखत नक्सा, तथ्य आदिले काली (महाकाली) नदी र त्यसपूर्वको भूभाग नेपालको अखण्ड सार्वभौमिकताभित्र रहेको प्रमाणित छ। काली नदीको मुहान लिम्पियाधुरा रहेको र उक्त स्थान नेपाल, भारत र चीनबीचको त्रिदेशीय विन्दु रहेको वास्तविक सत्य हो। नेपालको सार्वभौमिकतामाथि वलात् हस्तक्षेप र थिचोमिचो गर्दै उक्त क्षेत्रमा भारतले तेस्रो मुलुक पुग्ने सडक निर्माण गर्नु अतिक्रमणकारी नीति भएको ठहर्छ। राज्य व्यवस्था समितिले भारत सरकारको यस कदमप्रति खेद व्यक्त गर्दै घोर भर्त्सना गर्दछ। अतः लिम्पियाधुरादेखि पूर्वपट्टिको कालापानी लिपुलेक लगायतको सम्पूर्ण भागबाट भारतीय सैनिक फिर्ता गरी नेपालको सार्वभौमिकता र अखण्डताको सम्मान गर्न त्यस प्रकारको अतिक्रमणकारी कदम त्याग्न, छिमेकीसँगको मैत्रीपूर्ण सम्बन्धको सम्मान गर्न पञ्चशीलको सिद्धान्तको आधारमा अन्तर्राष्ट्रिय सम्बन्धलाई कार्यान्वयन गर्नसमेत यो समिति आग्रह गर्दछ। यस सम्बन्धमा नेपाल सरकारले आफ्नो राष्ट्रिय सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमानको विषयमा सम्बन्धित राष्ट्रहरूसँग संवादद्वारा तत्काल र निरन्तर पहल गरी सीमा विवादको स्थायी समाधान गर्न निर्देश गर्दछ। अन्यथा भएमा उक्त विषयवस्तुलाई अन्तर्राष्ट्रियकरण गर्नसमेत सुझाव प्रदान गर्दछ।

———— जयसिंह धामीको मृत्युबारे २०७८ भदौ १० गते ————

दार्चुला जिल्ला व्यास गाउँपालिका वडा नं. २ बस्ने जयसिंह धामीको मिति २०७८ साउन १५ गते तुइन तर्ने क्रममा भएको घटना प्रकरणको सम्बन्धमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ। सो घटनाका सम्बन्धमा सत्य तथ्यसहितको प्रतिवेदन यथाशीघ्र सार्वजनिक गर्ने, आवश्यक कूटनीतिक पहल गर्ने, पीडित परिवारलाई उचित राहतको व्यवस्था गर्ने।

व्यास क्षेत्रका स्थानीय बासिन्दाको सुरक्षा तथा आवतजावतको लागि आवश्यक पर्ने पुल, मोटरबाटो लगायतका स्थानीय पूर्वाधारहरू यथाशीघ्र निर्माण गर्ने, दार्चुलादेखि टिंकरसम्मको सडक निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्ने, तुइनलाई तत्काल विस्थापित गरी झोलुंगे एवं पक्की पुलको व्यवस्था गर्ने, ती क्षेत्रका बासिन्दाका लागि हाललाई खाद्यान्न र औषधिको आवश्यक व्यवस्था गरी जनजीवन सहज बनाउने।

———— भारतीय नक्सामा कालापानीबारे २०७६ कात्तिक २५ गते ————

१. १ नोभेम्बर २०१९ मा भारत सरकारले कालापानी, लिपुलेक, लिपुभञ्ज्याङ समेतलाई समेटेर भारतीय भूमि भनी प्रकाशित गरेको भारतको राजनैतिक नक्सामा नेपाली भूमि अतिक्रमण हुनुका साथै नेपालको राष्ट्रियता सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि हस्तक्षेप भएको सन्दर्भमा नेपाल सरकार अविचलित र दृढ रहने, लिम्पियाधुराबाट बग्ने कालीनदीको पूर्वको कालापानी लिपुलेक र लिम्पियाधुरासम्मको भू-भाग नेपालको

हो र महाकाली नदीको मुहान लिम्पियाधुरा नै हो भन्ने सरकारको प्रस्ट एवं दृढ अडान रहेकोमा त्यसको सराहना गर्दै नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ। नेपाल सरकार विभिन्न राजनैतिक दल राजनीतिक एवं सामाजिक संघ संगठन, नागरिक समाज, सञ्चार जगत्, र आम नेपाली जनसमुदायलाई एकताबद्ध भई राष्ट्रियताको पक्षमा दृढतापूर्वक उभिन राज्य व्यवस्था तथा सुशासन समिति हार्दिक अपिल गर्दछ।

२. लिम्पियाधुरा मुहान भएको महाकाली नदीपूर्वको भू-भाग नेपालको हो भन्ने भौगोलिक र ऐतिहासिक तथ्यहरूलाई स्वीकार गर्दै उक्त क्षेत्रमा नेपालको सार्वभौम अधिकार कायम गर्न नेपाल सरकारले तत्काल उच्चस्तरीय राजनैतिक एवं कूटनैतिक पहल गर्ने। अहिले आम नेपालीहरू एकताबद्ध भई भारतीय अतिक्रमणको विरोध गरिरहेको बेला नेपाल भारतबीच रहेका अन्य स्थानका सीमा विवादहरू समेत स्थायी रूपमा समाधान गर्न तत्काल पहल कदमी लिने।

३. नेपालको शैक्षिक सामग्रीहरूमा प्रयोगमा रहेको नेपालको नक्सामा सुधार गरी पाठ्यक्रम निर्माण गर्नुका साथै हालसम्म प्रचलनमा ल्याइएको नेपालको नक्सामा लिम्पियाधुरा मुहान भएको काली नदीसम्मको भू-भाग समावेश गरी नयाँ नक्सा तयार पार्ने।

४. कालापानी लगायतका अन्य सीमा क्षेत्रमा नेपालको तर्फबाट सीमा सुरक्षा बलको स्थायी ब्यारेक खडा गरी सीमाको स्थायी सुरक्षाको व्यवस्थाका साथ सीमा नियमन गर्ने।

लोक सेवाको विज्ञापन रद्द गर्नेबारे २०७६ जेठ २७ गते

१. नेपालको संविधानमा सबै जाति, लिंग, भाषा, धर्म, संस्कृति र भूगोललाई सम्बोधन गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। संविधानको धारा ४२ मा सामाजिक न्यायको हक सुनिश्चित गर्दै आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्गहरूको लागि समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागिताको हक हुने व्यवस्था छ। त्यसैगरी, संविधानको धारा २२१ मा स्थानीय तहको व्यवस्थापिकीय अधिकार, धारा २२६ मा गाउँसभा र नगरसभाले कानुन बनाउन सक्ने विषय, धारा २२७ मा गाउँसभा र नगरसभासम्बन्धी अन्य व्यवस्थाअन्तर्गत प्रदेश कानुनबमोजिम गाउँपालिका र नगरपालिकाको कर्मचारी व्यवस्थापन हुने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकीय संगठन र कर्मचारी दरबन्दीसम्बन्धी उपदफा (१) ले गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ राजस्व क्षमता खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन

भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम गर्ने व्यवस्था स्पष्ट रूपमा राखिएको सन्दर्भमा मिति २०७६ जेठ १५ गते लोक सेवा आयोगले स्थानीय तहको विभिन्न पदहरूको लागि प्रकाशन गरेको विज्ञापन संविधानको मर्म र भावनाअनुरूप नदेखिएकाले उक्त विज्ञापन तत्काल रद्द गर्न, गराउन नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संविधानको धारा २ ९३ अनुसार लोक सेवा आयोगलाई निर्देशन दिने।

२. प्रदेश र स्थानीय तहको कार्यक्षेत्र, आवश्यकता, विशिष्टता, अपनत्व र पूर्ण सहभागितामा प्रदेश एवं स्थानीय तहको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी वास्तविक दरबन्दी संख्या यकिन भएपछि मात्र समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रचलित कानुनबमोजिम रिक्त पदहरू पदपूर्ति गर्न सबै प्रक्रियाहरू अघि बढाउने व्यवस्था मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने।

३. स्थानीय तहको कार्यबोझलाई मध्यनजर गरी उक्त तहको कार्य सम्पादनका लागि आवश्यक पर्ने कर्मचारीहरू व्यवस्थापन गर्न हाललाई संघको दरबन्दीमा रहेका पुल र फाजिलका कर्मचारीहरूलाई स्थानीय तहमा काजमा खटाउने र स्थायी पदपूर्ति नभएसम्मका लागि आवश्यकताअनुसार निश्चित मापदण्डका आधारमा आ-आफ्नो तहमा कर्मचारीहरू करारमा नियुक्ति गर्ने व्यवस्था मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिने।

— २०७७ मंसिर २४ गते उपत्यकाका तीन जिल्लालाई अलग्याउने गरी निर्णय —

कुनै कार्य सम्पादन गर्न पर्याप्त कानुन नभएको अवस्थामा समाज व्यवस्थामा खलल पर्न जाने वा राज्यलाई हानिनोक्सानी हुने वा हुन सक्ने अवस्था आएमा तत्काल संसद्को बैठक चालु नरहेको अवस्थामा अत्यावश्यक कानुनी निकासका लागि अध्यादेशद्वारा कानुन जारी गर्ने सुविधा सरकारलाई रहन्छ तथापि तत्कालै त्यस्तो कानुन नल्याउँदा परिस्थितिमा खासै फरक नपर्ने र अत्यावश्यक पनि नभएको सामान्य अवस्थामा संसद्को बैठक सञ्चालन नभएको अवस्थाको उपयोग गरी कुनै प्रयोजन राखेर अध्यादेशद्वारा कानुन जारी गरी कार्यान्वयन गर्नु अधिकारको अवाञ्छित दुरूपयोग हुन जाने र संसद्द्वारा कानुन बनाउने लोकतान्त्रिक व्यवस्थाको अवहेलना हुने भएकाले अध्यादेशबाट शासन चलाउने थोरै पनि मनसाय कतैबाट व्यक्त हुनु वा प्रचलनमा ल्याउनु लोकतन्त्रको लागि हितकर हुँदैन। नेपालको संविधानले व्यवस्था गरेको संघीय संरचना विपरीत उपत्यकाका तीन जिल्लालाई वाग्मती प्रदेशबाट अलग्याउने गरी अध्यादेशमा भएको प्रावधान र सम्बन्धित मन्त्रालयबाट प्रहरी अतिरिक्त महानिरीक्षकको पद संगठन तथा व्यवस्थापनको प्रतिवेदन तथा प्रस्तुत प्रस्तावमा समेत समावेश नभएको अवस्थामा मुलुकको समग्र प्रहरी संगठनको

सञ्चालनमा दूरगामी रूपमा प्रतिकूल असर पर्नेगरी प्रहरी अतिरिक्त महानिरीक्षकको प सिर्जना गर्ने विषय संविधान, कानुन, विधि र प्रक्रियाविपरीत भएकोले हाललाई उक्त प्रहरी अतिरिक्त महानिरीक्षकका पदको नियुक्ति कार्य कार्यान्वयन नगर्न नगराउन नेपाल सरकार गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिने।

समितिका २०७५ यताका गतिविधि

२०७५ सालमा नयाँ समिति गठन भएपछि राज्य व्यवस्था समितिले ठूला प्रकरणमा छानबिन गरेको छैन।

समितिले २०७५ कात्तिक १४ गते नेपाली सेनाको प्रधान कार्यालयको स्थलगत निरीक्षण गर्नुका साथै नेपाली सेनाले हालसम्म गरेका कामकारवाही, कल्याणकारी योजना एवं नेपाली सेनाद्वारा निर्माणाधिन तराई मधेस द्रुतमार्ग आयोजनाबारे विस्तृत विवरण एवं जानकारी (ब्रिफिङ) लिएको थियो। फास्ट ट्र्याक निर्माणका क्रममा ललितपुरको खोकन र वुङमतीलगायतका ठाउँमा स्थानीयलाई पर्न जाने समस्याबारे समितिको ध्यानाकर्षण भएको बताएको थियो। समितिले २०७५ पुस १ गते सरकारलाई त्यसबारे निर्देशन दिएको थियो। "स्थानीय सरोकारवालाका विषयहरू न्यायोचित रूपमा अविलम्ब सम्बोधन गरी एकीकृत योजना निर्माणद्वारा गौरवको उक्त आयोजना निर्धारित समयभित्रै सम्पन्न हुनेगरी ततूतत् निकायहरूको जिम्मेवारीभित्रका कार्यहरू अन्तरमन्त्रालयगत समन्वय गरी अविलम्ब र प्रभावकारी रूपले सम्पन्न गर्न" समितिले प्रधानमन्त्री कार्यालय र रक्षा मन्त्रालय र गृहमन्त्रालयलाई निर्देशन दियो।[१०]

समितिले २०७५ चैत १७ गते बेलुका बारा र पर्सा जिल्लामा आएको विनाशकारी हावाहुरीबाट प्रभावित क्षेत्रहरूमा भएको क्षति र तत्काल गरिएका उद्धार, घाइतेको औषधि उपचार, राहत वितरण, पुनर्वास एवं पुनर्निर्माणका कार्यहरू र हावाहुरी प्रभावित जनताको अवस्थाबारे बुझ्न २०७६ वैशाख ६ ७ र ८ गते स्थलगत अनुगमन गरेको थियो। यस सन्दर्भमा २०७५ चैत १९ गते पनि सरकारका नाममा निर्देशन दिँदै "हावाहुरीबाट प्रभावितहरूको शीघ्र स्वास्थ्य उपचार, तत्काल राहत क्षतिपूर्ति तथा पुनर्स्थापनाको व्यवस्था गर्ने" प्रधानमन्त्री कार्यालय र गृह मन्त्रालयलाई समितिले निर्देशन दिएको थियो। अनुगमनपछि समितिले ९ बुँदामा सरकारलाई पुनः सोही निर्देशन दिएको थियो।

०७६ असार अन्तिम साता परेको अविरल वर्षाको कारण भएको दुवान, बाढीबाट काठमाडौं, ललितपुर, भक्तपुरलगायत तराईका मोरङ, सुनसरी, सप्तरीलगायतका विभिन्न

१०. राज्य व्यवस्था समितिको वार्षिक प्रतिवेदन २०७५।

जिल्लामा भएको जनधनको क्षति घाइतेहरूको अवस्था पुनर्स्थापना पुनर्निर्माण लगायत बाढीबाट प्रभावित जनताको अवस्थाबारे बुझ्न राज्यव्यवस्था समितिले साउन पहिलो हप्ता ती ठाउँहरूमा अनुगमन गरेको थियो।

संवैधानिक निकायहरूका कामकारबाहीबारे अध्ययन गर्न राज्यव्यवस्था समितिले २०७६ मंसिर १० गते निर्वाचन आयोग, २०७६ पुस १५ गते लोक सेवा आयोग र २०७६ पुस २० गते अख्तियार दुरूपयोग अनुसन्धान आयोग पुग्यो। त्यहाँ समितिले आयोगहरूको कामकारबाही र प्रगतिबारे जानकारी लिएको थियो।

राज्यव्यवस्था समितिले कारागारहरूको अवस्थाको बारेमा स्थलगत अनुगमन गरेको थियो। सो क्रममा २०७६ मंसिर ११ गते केन्द्रीय कारागार सुन्धारा, २०७६ मंसिर १८ गते नक्खु कारागार पुगेर त्यहाँ रहेका कैदीको अवस्थाबारे जानकारी लिएको थियो। अनुगमनपछि समितिले कारागारको अवस्था सुधार्न निर्देशनसमेत दिएको थियो।

अन्तर्राष्ट्रिय सम्बन्ध समिति : सीमामा बढी केन्द्रित

संसद्मा रहेको अन्तर्राष्ट्रिय सम्बन्ध समितिलाई एक महत्वपूर्ण समितिको रूपमा लिइन्छ। २०४८ सालदेखि नै निरन्तर क्रियाशील यो समितिको कार्यक्षेत्र बेलाबेलामा हेरफेर हुने गरेको भए पनि परराष्ट्र मन्त्रालयसँग जोडिएका वैदेशिक मामिला यसको प्रमुख विषय रहने गरेको छ।

२०७४ को आमनिर्वाचनपछिको संसद्मा गठन गरिएको अन्तर्राष्ट्रिय समितिको कार्यक्षेत्रमा परराष्ट्र मन्त्रालयसँगै पर्यटन मन्त्रालयलाई पनि राखिएको छ। त्यसैले सो मन्त्रालयसँग जोडिएका विषयमा पनि यस समितिले सक्रियताका साथ छलफल, अध्ययन तथा अनुगमन गर्ने गरेको छ। अन्तर्राष्ट्रिय सम्बन्ध तथा वैदेशिक मामिलाबारे विषय चयन गर्ने क्रममा समितिले सीमा समस्यालाई बढी प्राथमिकतामा राख्ने गरेको देखिन्छ। विशेषगरी नेपाल-भारत सीमा क्षेत्रलाई लिएर समितिले कैयौं छलफल गरेको छ। यस सम्बन्धमा सरकारलाई सुझाव तथा निर्देशन दिँदै आएको छ।

नेपालको अन्तर्राष्ट्रिय सीमासम्बन्धी विषयमा निरन्तर छलफल गर्ने भएका कारण पनि समितिलाई चासोका साथ हेर्ने गरिएको छ। समितिले ०७५ माघ २७ गते सीमाका बारेमा तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग छलफल गरेको थियो। ज्ञवालीले सीमा सुरक्षा व्यवस्थापनका सम्बन्धमा समितिलाई त्यतिबेलाको अद्यावधिक जानकारी गराएका थिए। त्यसपछि पनि समितिले पटक-पटक सीमासम्बन्धी विषयमै केन्द्रित रहेर छलफल गरेको छ।

०७६ साउन २९ गते समितिले सीमा क्षेत्रमा हुने डुवानका विषयमा सरकारसँग छलफल गरे थियो। बाँके जिल्लाको सीमा र डुवान समस्याको सम्बन्धमा गृह, परराष्ट्र र ऊर्जा, जलस्रो तथा सिँचाइ मन्त्रालय, सशस्त्र प्रहरी, नापी विभागसँग छलफल गरेको थियो। ०७६ भदौ मा पनि समितिले सीमामै केन्द्रित छलफल गऱ्यो। सीमा सुरक्षाका सम्बन्धमा समितिले दिन ११ वटा निर्देशन दियो। जीपीएस पद्धतिबाट सीमा निर्धारण गर्न, सीमा पिलर निर्मा गर्न समितिले निर्देशन पनि दियो। अन्तर्राष्ट्रिय सीमा सुरक्षालाई उच्च प्राथमिकतामा रा सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोस्ट (बीओपी) थप्न पनि निर्देशन दियो। सीम हुने डुवान समस्या समाधान गर्न स्थायी प्रकृतिको संरचना बनाउन समिति समितिको निर्णे थियो।

०७६ कात्तिक २४ गते समितिले सीमाकै विषय उठायो। कालापानी, लिपुलेक लिम्पियाधुराका विषयमा समितिले छलफल गऱ्यो। त्यसको ३ दिनपछि समितिले पुनः य विषयमा छलफल चलायो। कालापानी, लिपुलेक र लिम्पियाधुराका सम्बन्धमा समिति सरकारलाई पाँच बुँदे निर्देशन समेत दियो। समितिले सरकारलाई भन्यो, 'नेपाल लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्ता लगायतका भारतीय अतिक्रमणमा परेका नेपा भू-भागमा नेपालको सार्वभौम अधिकार र स्वामित्व सुदृढ गर्न भारत सरकारसँग राजनीति कूटनीतिक तहमा अविलम्ब वार्ता गरी समस्या समाधान गर्नू।' लिम्पियाधुरा, लिपुलेक कालापानी क्षेत्रमा रहेका भारतीय सुरक्षा फौज फिर्ता गरी नेपालको भौगोलिक अखण्डता रक्षा गर्न भारत सरकारसँग आवश्यक तहमा वार्ता गर्न पनि समितिले निर्देशन दियो। त्यस नेपालको लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्ता लगायतका नेपाली भूमि समावेश गरे नेपालको नक्सा अविलम्ब जारी गर्न पनि निर्देशन दिएको थियो।

समितिले ०७७ वैशाख २१ गते पनि सीमाकै विषयमाथि छलफल गऱ्यो। कालापानी लिपुलेक र लिम्पियाधुराको विषयमा छलफल गर्न समितिले तत्कालीन परराष्ट्रमन्त्री प्रदी ज्ञवाली र भूमि व्यवस्थामन्त्री पद्मा अर्यालसहित समितिको बैठकमा बोलाएको थियो समितिले त्यस दिन सरकारलाई दिएको निर्देशनमा भनेको छ, 'हालै भारतले तावाघाटदेखि नेपालको दार्चुला जिल्लाको लिपुलेकसम्म सडक निर्माण गरी उद्घाटन गरेको त बाहिर आएको छ। नेपाली भूमिमा अतिक्रमण गरी भारतले सडक निर्माण गर्नु अन्तर्राष्ट्रि कानुन, दुई देशका बीच विद्यमान सम्झौता र सहमति, असल छिमेकीसम्बन्धी मान्यता नीतिविपरीत छ। यस्तो कार्यको यो बैठक विरोध गर्दछ। भारतद्वारा अतिक्रमित भूमिबा भारतीय सुरक्षाकर्मीलाई यथाशीघ्र हटाउन, लिम्पियाधुरा, लिपुलेकलगायत कालापानी क्षेत्र नेपालको सुरक्षा र प्रशासनिक उपस्थिति कायम गर्न उच्च तहबाट राजनीतिक, कूटनीतिक अन्य आवश्यक कार्य गर्नू।'

वैशाख २९ गतेकै बैठकबाट समितिले नेपाली भूभागलाई समेटेर नक्सा सार्वजानिक गर्न पनि निर्देशन दियो। नेपालको सीमा क्षेत्रलाई सुरक्षित बनाउन अन्तर्राष्ट्रिय कानुन र स्थापित मान्यताअनुरूप नियमन गर्नुका साथै व्यवस्थित गर्न राजनीतिक र कूटनीतिक पहलबाट सीमा व्यवस्थापन गर्न बाँकी रहेका परासीको सुस्ता र कञ्चनपुरको पुनर्बास र बेलौरी लगायतका ठाउँहरूमा सीमा व्यवस्थापनको काम अविलम्ब सम्पन्न गर्न पनि समितिको निर्देशन थियो।

०७७ साउन ११ गतेको बैठकमा पनि समितिले सीमाकै विषयलाई प्राथमिकता साथ उठायो। त्यस दिन समितिले तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग छलफल गरेको थियो। कालापानी, लिपुलेक र लिम्पियाधुरासमेत समेटेर नक्सा सार्वजानिक भएपछि देखिएका समस्या, नेपालको नक्साअनुसारको वास्तविक भूभाग प्राप्त गर्नका लागि देखिएका समस्या, सीमा स्तम्भहरू व्यवस्थापनमा रहेका समस्या, दशगजा क्षेत्र प्रस्ट गर्ने सन्दर्भमा रहेका समस्याका बारेमा जानकारी गराएका थिए।

यसरी विभिन्न समयमा सीमालाई केन्द्रमा राखी समितिले छलफल चलाइरहेको छ। यसबाहेक समितिले आफ्नो नियमित कामको सिलसिलामा आफ्नो कार्यक्षेत्रमा रहेका विभिन्न विषयमा रहेर छलफल, अनुसन्धान तथा अनुगमन गरी त्यसका आधारमा सुझाव एवं निर्देशन दिने गरेको छ।

पछिल्ला वर्षहरूमा अन्तर्राष्ट्रिय सम्बन्ध समितिले छलफल तथा अध्ययनका लागि के कस्ता विषय चयन गरेको छ, के कस्ता निर्णय तथा निर्देशन गरेको छ र अनुगमनका लागि कस्ता ठाउँहरूको छनोट गरी कहाँकहाँ पुगेको छ भनी त्यसको दृष्टान्तका लागि समितिका केही गतिविधि, अनुगमन र निर्णय तथा निर्देशनहरूको विवरणसहित सूची यहाँ प्रस्तुत गरिएको छ :

समितिले छानबिन गरेका केही विषय

पर्यटन मन्त्रालय मातहत रहेको तारागाउँ विकास समिति अन्तर्गतको सरकारी सम्पत्ति हिनामिना भएको गुनासो आएपछि त्यसबारे अध्ययन गर्न समितिले ०७५ सालमा उपसमिति गठन गऱ्यो। उपसमितिले तारा गाउँ विकास समिति र तारागाउँ रिजेन्सी होटल्स लिमिटेडबीच सम्झौता गरी सञ्चालित हायात होटलमा सरकारको स्वामित्व घटेको भन्ने सम्बन्धमा पनि अध्ययन गऱ्यो। सो सम्बन्धमा अध्ययन गर्न अग्निप्रसाद सापकोटाको संयोजकत्वमा ०७५ मंसिर १९ गते गठन गरिएको उपसमितिमा पुष्पा भुसाल, नारदमुनि राना, प्रेमप्रसाद तुलाचन, सानु शिवा सदस्य थिए। उपसमितिको प्रतिवेदनलाई ०७५ चैत २४ गते समितिले पारित गऱ्यो। छानबिनपछि समितिले सरकारलाई १४ बुँदे निर्देशन दिएको थियो।

'तारागाउँ विकास समितिको अवस्था नाजुक रहेको र यसतर्फ नेपाल सरकारबाट पनि पर्याप्त ध्यान गएको देखिएन। तसर्थ यथास्थितिमा तारागाउँ विकास समितिबाट सञ्चालित रिसोर्ट

होटलहरू (पोखरा, ककनी, नगरकोट) को व्यवस्थापन र सञ्चालनमा पर्याप्त सुधार ग
समितिले सरकारलाई दिएको निर्देशनमध्ये पहिलो बुँदामा भनिएको छ, 'अनुचित तर
मालपोत ऐन, २०३४ प्रतिकूल हुने गरी तारागाउँ रिजेन्सी होटल्स लिमिटेडलाई तारा
विकास समितिले हक हस्तान्तरण गरी दिएको १५० रोपनी जग्गा नेपाल सरकार
स्वामित्वमा ल्याउनू।'[११]

सो समितिले वेलायती सेनामा कार्यरत रहँदा तलब सुविधामा विभेद भएको भनी लर
समयदेखि संघर्ष गरिरहेका भुपू गोर्खा सैनिकहरूको समस्याको विषयमा पनि छानविन गरे
छ। समितिले २०७५ फागुन ३ गते उक्त समस्यावारे अध्ययन गर्न सांसदहरू भीम राव
दीपक प्रकाश भट्ट र दिव्यमणि राजभण्डारीको उपसमिति बनायो। उपसमितिले त्यस विषय
अध्ययन गरी ०७५ चैत १ गते पूर्ण समितिलाई प्रतिवेदन बुझायो र समितिबाट प्रतिवेदन पा
भयो। समितिले भन्यो, 'गोर्खा सैनिकहरू ब्रिटिस सरकारका पक्षबाट युद्धमा होमिएको र
तहको त्याग र बलिदान गर्दा समेत त्यसको अनुपातमा पुरस्कृत गर्ने तथा उचित क्षतिपू
प्रदान गर्नुपर्नेमा मानवोचित र न्यायपूर्ण व्यवहार गरिएको पाइँदैन।'

पहिलो र दोस्रो विश्वयुद्धमा मारिएका, हराएका एवं घाइते भएका गोर्खा सैनिकहरूको तथ्य
तयार गरी पीडित र तिनका परिवारलाई क्षतिको अनुपातमा क्षतिपूर्ति उपलब्ध गराउन ब्रिटि
सरकारसँग पहल गर्न पनि समितिको निर्देशन थियो। त्यस्तै, समितिले भन्यो, '१० पुस्तादे
ब्रिटिस सेनामा सेवारत व्यक्तिका परिवार आज पनि गरिबीको मार खेप्न बाध्य छन्। गोर्
भर्ती प्रचलनकै कारणले उनीहरू शिक्षा, निजामती सेवा र राजनीति लगायतका क्षेत्रमा पछा
परेकाले भुपू गोर्खाका समस्याहरूको सम्बोधन गर्न आवश्यक छ।'[१२]

नेपाल सरकारको तर्फबाट ब्रिटिस सरकारसँग वार्ता गर्न परराष्ट्र मन्त्रीको नेतृत्व
प्रतिनिधिसभा, अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सदस्यहरू, भूतपूर्व गोर्खाका प्रतिनिधिहरू स
सम्बन्धित विषयका विज्ञहरू समेत रहने गरी एक उच्चस्तरीय समिति गठन गर्न पनि समिति
निर्देशन दियो।

समितिको ०७५ मंसिर ७ गतेको बैठकले नेपाल वायु सेवा निगम जहाज खरिदका सम्बन्ध
छलफल गऱ्यो। समितिले सोही दिन वाइडबडी खरिदका सम्बन्धमा छानविन गरी प्रतिवे
पेस गर्न प्रकाशमान सिंहको नेतृत्वमा नारदमुनि गना र मेनुका गुरुङ सदस्य भएको उपसमि
गठन गऱ्यो। तर, मंसिर १९ गते बसेको बैठकले उपसमितिलाई पुनर्गठन गर्दै दीपकप्रक

११. तारागाउँ विकास समिति अध्ययन प्रतिवेदन अनुगमन उपसमिति प्रतिवेदन २०७५, अन्तर्राष्ट्रिय सम्बन्ध समिति, संघीय संसद, प्रतिनिधिसभा।

१२. भूतपूर्व गोर्खा सैनिकका समस्या सम्बोधन सम्बन्धी प्रतिवेदन २०७५, अन्तर्राष्ट्रिय सम्बन्ध समिति, संघीय संसद, प्रतिनिधिसभा।

भट्टको संयोजकत्वमा दिव्यमणि राजभण्डारी, रेनुका गुरुङ, सरलाकुमारी यादव, सुदन किराती सदस्य रहेको उपसमिति बनायो। ०७६ वैशाख १९ गते उपसमितिले समिति सभापति पवित्रा निरौला खरेललाई प्रतिवेदन बुझायो र वैशाख २५ गतेको समिति बैठकले उक्त प्रतिवदेन पास गऱ्यो। छानबिनपश्चात् समितिले नेपाल सरकार, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, सार्वजानिक खरिद अनुगमन कार्यालयलाई निर्देशन पनि पठायो। समितिले नागरिक लगानी कोषलाई भन्यो, 'एक अर्बभन्दा बढीको लगानी गर्दा सम्बन्धित विषयको विज्ञ र परामर्शदाताहरूको राय लिई मात्र लगानी गर्नू।'

समितिले कर्मचारी सञ्चय कोषलाई भन्यो, 'नेपाल वायु सेवा निगमबाट आफ्नो रकम उठाउन कानुनबमोजिम प्रक्रिया अघि बढाई आम सञ्चयकर्ताहरूको लगानीको सुरक्षणका उपायहरू अवलम्बन गर्नू।' त्यस्तै, सार्वजानिक खरिद ऐनलाई समयअनुसार परिमार्जन गर्न सरकारलाई निर्देशन दियो।

वाइडबडीका सम्बन्धमा समितिले रीत नपुगेको प्रस्तावका सम्बन्धमा, मूल्य वृद्धिका सम्वन्धमा, इस्क्रो एजेन्टका सम्बन्धमा, अधिकतम उडान भारका सम्बन्धमा, निर्माता र इन्जिन निर्माता रोल्स रोयसका सम्बन्धमा पनि विभिन्न निर्देशन दियो। न्यारोबडी जहाज र चिनियाँ जहाजका सम्बन्धमा पनि विभिन्न कमजोरी औंल्याउँदै समितिले सरकारलाई निर्देशन दियो।

समितिले सरकारलाई दिएका केही निर्देशन र सुझाव[१३]

१. **२०७६ मंसिर २७** – नेपालको लिम्पियाधुरा, लिपुलेक, कालापानी र सुस्ता लगायतका भारतीय अतिक्रमणमा परेका नेपाली भूभागमा नेपालको सार्वभौम अधिकार र स्वामित्व सुदृढ गर्न भारत सरकारसँग राजनीतिक, कूटनीतिक तहमा अविलम्ब वार्ता गरी समस्या समाधान गर्ने। लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा रहेका भारतीय सुरक्षा फौज फिर्ता गरी नेपालको भौगोलिक अखण्डताको रक्षा गर्न भारत सरकारसँग आवश्यक तहमा वार्ता गर्ने। नेपालको लिम्पियाधुरा, लिपुलेक, कालापानी, सुस्ता लगायतका नेपाली भूमि समावेश गरी नेपालको नक्सा अविलम्ब जारी गर्ने।

२. **२०७७ वैशाख २९**– भारतले तावाघाटदेखि नेपालको दार्चुला जिल्लाको लिपुलेकसम्म सडक निर्माण गरी उद्घाटन गरेको तथ्य बाहिर आएको छ। नेपाली भूमिमा अतिक्रमण गरी भारतले सडक निर्माण गर्नु अन्तर्राष्ट्रिय कानुन, दुई देशबीच विद्यमान सम्झौता र सहमति, असल छिमेकीसम्बन्धी मान्यता एवं नीतिविपरीत छ। यस्तो कार्यको यो बैठक विरोध गर्दछ। भारतद्वारा अतिक्रमित भूमिबाट भारतीय सुरक्षाकर्मीलाई

---

१३. समितिबाट प्राप्त विवरणका आधारमा।

यथाशीघ्र हटाउन, लिम्पियाधुरा, लिपुलेकलगायत कालापानी क्षेत्रमा नेपालको सु
र प्रशासनिक उपस्थिति कायम गर्न उच्च तहवाट राजनीतिक, कूटनीतिक र अ
आवश्यक कार्य गर्नू।

३. **२०७७ जेठ ४**– प्रवासमा रहेका स्वदेश फर्किन चाहने र फर्काउनुपर्ने नेपालीहरू
सम्वन्धमा नेपाल सरकारको स्पष्ट नीति हुनु आवश्यक छ। यस सन्दर्भमा कोरो
संक्रमणको अवस्था, नेपालीहरू रहेका विभिन्न देशहरू तथा त्यहाँ रहेका नेपालीहरू
वर्गीकरण गर्ने। यस्तो वर्गीकरणको आधारमा स्वदेश फर्किन चाहने नेपालीहरूल
निश्चित समय तोक्नुका साथै कार्यतालिका वनाई कार्यान्वयन गर्ने। स्वदेश फर्कि
नेपालीहरूलाई प्रवेश गर्ने जिल्ला, सम्वन्धित प्रदेश र सीमा नाका रहेका पालिकास्तर
स्वास्थ्य परीक्षण गर्नुका साथै निश्चित समय क्वारेन्टाइनमा राख्ने व्यवस्था गरी क्रम
घर पठाउनू।

४. **२०७८ साउन ३१**– अफगानिस्तानमा तालिवान विद्रोहीले राजधानी कावुल समेतल
नियन्त्रणमा लिने स्थिति देखिएकाले त्यहाँ रहेका सम्पूर्ण नेपाली नागरिकहरूल
सुरक्षित रूपमा हवाई तथा अन्य माध्यमवाट उद्धार गर्नको लागि तत्काल कूटनीतिक
लगायतका सवै उपायको अवलम्वन गर्नू। विदेशस्थित नेपाली नागरिकहरूको हक
हित र सुरक्षाको लागि परराष्ट्र मन्त्रालय तथा विदेशस्थित कूटनीतिक नियोगहरूले
काम गर्नुपर्ने हुँदा वैदेशिक रोजगारीमा जाने नेपालीहरूको विवरण श्रम, रोजगार तथ
सामाजिक सुरक्षा मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई अनिवार्य रूपमा नियमित पठाउने
व्यवस्था गर्नू।

समिति अनुगमनका लागि स्थलगत भ्रमणमा गएका केही उदाहरण[१४]

१. **पोखरा**– अन्तर्राष्ट्रिय सम्वन्ध समितिले वनाएको 'पर्यटन तथा नागरिक उड्डयन
अध्ययन अनुगमन उपसमिति'ले ०७५ कार्तिक १५ गते निर्माणाधीन पोखरा
विमानस्थल अनुगमन गरेको थियो। समितिले अनुगमनमा जानुको उद्देश्यवारे भनेको
छ– पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रिया र फेवातालमा अतिक्रमणको
सम्वन्धमा अध्ययन गर्नका लागि गएको हो।

२. **भैरहवा**– अन्तर्राष्ट्रिय सम्वन्ध समितिले वनाएको 'पर्यटन तथा नागरिक उड्डयन
अध्ययन अनुगमन उपसमिति'ले ०७५ मंसिर १८ गते भैरहवास्थित निर्माणाधीन
गौतमबुद्ध विमानस्थल अनुगमन गरेको थियो। अनुगमनमा जानुको उद्देश्यवारे समितिले
भनेको छ– गौतमबुद्ध विमानस्थल अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रियाको
सम्वन्धमा अध्ययन गर्नका लागि गएको हो।

---

१४. समितिवाट प्राप्त विवरणका आधारमा।

३. **निजगढ**– अन्तर्राष्ट्रिय सम्बन्ध समितिले बनाएको 'पर्यटन तथा नागरिक उड्डयन अध्ययन अनुगमन उपसमिति' ०७५ कात्तिक १९ गते निजगढ पुगेको थियो। त्यहाँ जानुको उद्देश्यबारे समितिले भनेको छ- निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण प्रक्रियाको बारेमा जाँचबुझ गर्न गएका हौं।

४. **पोखरा, मुस्ताङ, कोराला नाका**– अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सदस्यहरूले ०७५ चैत ३० देखि ०७६ वैशाख ४ सम्म पोखरा, मुस्ताङ र कोराला नाका घुमे। विशेषगरी नेपाल भ्रमण वर्ष २०२० को प्रवर्द्धनार्थ आफूहरू उक्त क्षेत्र गएको समितिले जनाएको छ।

५. **चीन (बेइजिङ, साङ्घाई र छेन्दु)**– अन्तर्राष्ट्रिय सम्बन्ध समिति सदस्यहरू पवित्रा निरौला खरेल, उमा रेग्मी, चाँदतारा कुमारी, दीपकप्रकाश भट्ट, मोहन बानियाँ, रेनुका गुरुङ, सुदन किराती चीन भ्रमणमा गएका थिए। ०७६ असार ३० गते गएका उनीहरू साउन ५ गतेसम्म त्यहाँ बसेका थिए। समितिले भनेको छ- द्विपक्षीय सम्बन्ध सुधार, स्थलगत अवलोकन अध्ययनका लागि गएका हौं।

६. **जापान**– अन्तर्राष्ट्रिय सम्बन्ध समिति सदस्यहरू बोधमाया कुमारी यादव र सरलाकुमारी यादव जापान गए। ०७६ फागुन १८ गते गएका उनीहरू फागुन २२ गतेसम्म त्यहाँ बसेका थिए। द्विपक्षीय सम्बन्ध सुधार, स्थलगत अवलोकन अध्ययनका लागि गएको समितिले बताएको छ।

७. **लुम्बिनी**– अन्तर्राष्ट्रिय सम्बन्ध समितिअन्तर्गत बनेको 'विश्व सम्पदा सूचीकृत सांस्कृतिक क्षेत्र अध्ययन तथा अनुगमन उपसमिति' सदस्यहरू पवित्रा निरौला खरेल, उमा रेग्मी, नारदमुनि राना, माधवकुमार नेपाल, बोधमाया कुमारी यादव, सरलाकुमारी यादव, सुजिता शाक्य ०७६ चैत ४ लुम्बिनीको भ्रमण गरेका थिए। त्यहाँ उनीहरू चैत ६ सम्म बसे। समितिले भनेको छ- स्थलगत अध्ययन/अवलोकन गर्न गएका हौं।

८. **रारा ताल**– अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सदस्यहरू ०७७ चैत १५ गते रारा तालको स्थलगत अवलोकनमा गए। उनीहरू त्यहाँ चैत १८ सम्म बसेका थिए। उनीहरूले बर्दिया राष्ट्रिय निकुञ्जको पनि भ्रमण गरेका थिए। पर्यटनका सम्बन्धमा अध्ययन अवलोकन गर्न गएको समितिको भनाइ छ। सो भ्रमणबारे समितिले प्रतिवदेन पेस गरेको थियो।

प्रतिवदेनलाई सरकारले जसरी सम्बोधन गर्नुपर्थ्यो त्यसो गरेन : सभापति निरौला



०७४ सालमा हामी निर्वाचित भएपछि संसदीय समितिहरू बने। त्यसै दौरानमा अन्तर्राष्ट्रिय सम्बन्ध समिति पनि बन्यो। हामी २५ जना सदस्य छौं। समितिमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, पूर्वगृहमन्त्री भीम रावल, पूर्वपरराष्ट्रमन्त्री सुजाता कोइराला र विशेषगरी अन्तर्राष्ट्रिय सम्बन्धका विज्ञ व्यक्तिहरू लगायत यस समितिका सदस्य हुनुहुन्छ। हामीले परराष्ट्र र पर्यटन मन्त्रालय हेर्छौं।

हाम्रो समितिमा खासै विधेयकहरू आउँदैनन्। अहिलेसम्म एउटामात्र विधेयक आएको छ। त्यो हो राहदानी विधेयक। हामीले विशेषगरी अन्तर्राष्ट्रिय सम्बन्धमा देखापरेका केही समस्या र अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालीहरूलाई आइपर्ने कठिनाइहरूका बारेमा नै केन्द्रित भइरहेका छौं। परराष्ट्र मात्रै हैन, पर्यटन मन्त्रालय पनि हेर्नुपर्ने भएकाले यसअन्तर्गत रहेर पनि हामीले नियमित छलफल गरिरहेका छौं। पर्यटकीय क्षेत्रलाई व्यवस्थित गर्न हामीले सरकारलाई नियमित रूपमा ध्यानाकर्षण गराउँदै आएका छौं। बेलाबेला उपसमिति बनाएर अध्ययन अनुगमन गरिरहेका हुन्छौं।

हामी केही समयपहिले काठमाडौंभित्रै धरहरा र गनेशमानसिंह सांस्कृतिक सङ्ग्रहालयको अनुगमन गरेका थियौं। त्यहाँ भएका समस्याबारे सरकार र सम्बन्धित निकायलाई सजग गराएका छौं। भूकम्पबाट क्षति भएका विश्वसम्पदा सूचीमा रहेका हनुमान ढोका, चाँगुनारायण मन्दिर, स्वयम्भू, पशुपति लगायतका क्षेत्रको सम्बर्द्धनमा पनि हामीले सम्बन्धित निकायका अधिकारीलाई बोलाएर छलफल गरेका छौं। ती क्षेत्रहरूको स्थलगत अनुमगन गरेका छौं। त्यस्तै, लुम्बिनी पनि गएका थियौं। पर्यटकीय क्षेत्रमा अझै पनि गर्नुपर्ने काम धेरै छन्।

सरकारले गरेको वाइडबडी तथा न्यारोबडी जहाज खरिदबारे पनि छानबिन गरेका थियौं। त्यहाँ भएका अनियमितता र समस्यालाई खोतल्ने प्रयास गरेका थियौं। त्यसको हामीले प्रतिवेदन बनायौं। तर, प्रतिवेदनलाई सरकारले जुन हदले सम्बोधन गर्नुपर्थ्यो त्यो देखिएन। आशा छ, आगामी दिनमा कार्यान्वयन होला। नागमाउ विकास समितिको पनि छानबिन गर्यौं। हायात होटलमै गएर अनुगमन गरेका थियौं। त्यहाँ भएका समस्या र समाधानको उपायसमेत समेटेर प्रतिवेदन तयार पारेका थियौं। प्रतिवेदनलाई हामीले सम्बन्धित मन्त्रालय पठाएका थियौं तर त्यसको पनि सम्बोधन हुन सकेको छैन। मन्त्रालयले काम अघि बढ्दै छ भनेर एकपटक जानकारी गराएको

थियो। भुपू गोर्खा सैनिकहरूको समस्याका बारेमा पनि हामीले अध्ययन गरेका थियौं। त्यसको प्रतिवेदन पनि बनाएका छौं।

हामीले विभिन्न समस्याबारे छलफल गरेर सरकारको ध्यानाकर्षण गराइरहेका छौं, निर्देशन दिइरहेका छौं। जस्तै, आइफा अवार्ड रोक्न निर्देशन दियौं। त्यसलाई हामीले नेपालको हितविपरीत ठान्यौं। त्यसको सम्झौतापत्र हामीले अध्ययन गर्‍यौं। त्यसबारे सबै माननीयले अध्ययन गरेपछि हामीले छलफल गर्‍यौं। सबै माननीयले त्यो यहाँ गर्न उपयुक्त छैन भनेर भन्नुभयो र हामीले त्यसलाई रोक्न निर्देशन दियौं। नेपालमा गर्ने भनिएको आइफा अवार्ड कार्यक्रम रोकियो।

हामीले विभिन्न समयमा सम्बन्धित ठाउँको अनुगमनमा गएका छौं। अनुगमन गरेर सरकारलाई सुझाव दिइरहेका छौं। तर, अनुगमनमा जाने सन्दर्भमा आर्थिक पक्ष जोडिन आउँछ। अनुगमनमा जान सरकारले निश्चित बजेट तोकिदिएको हुन्छ। तोकिएको त्यो बजेटमा हामी अनुगमन गरेर आउन कठिन हुन्छ। कृष्णबहादुर महरा सभामुख हुँदा हामीले सभापतिहरूको भेलामा यो कुरा उठाएका थियौं। किनभने बजेट सीमा बढाइनुपर्छ। पैसा नपुगेपछि अनुमगन राम्रो हुँदैन।

समय परिवेश र तत्काल घट्ने घटनामा आधारित भई हामीले समितिमा छलफलका लागि विषयवस्तु छनौट गर्दै आएका छौं।

(सभापति पवित्रा निरौला खरेलसँग गरिएको कुराकानीमा आधारित)

शिक्षा तथा स्वास्थ्य समिति : चिकित्सा नीतिदेखि महामारीको शुमरीसम्म



समितिको प्रभावकारिताको सन्दर्भ आउँदा समय क्रममा कहिले कुनै एउटा समिति त कहिले अर्को कुनै समिति बढी चर्चामा आएको पाइन्छ। केही दूला राष्ट्रिय घोटालाका विषयमा छानबिन सुरु गरेका कारण २०४८ पछि लेखा समिति निकै चर्चामा रह्यो। पहिलो संविधानसभा कालमा राज्य व्यवस्था समितिले पनि धेरैको ध्यान तान्यो। सुडान प्रकरणमा राज्य व्यवस्था समितिले गरेको छानबिनका कारण सो समितिले राष्ट्रिय स्तरमै हलचल ल्याएको थियो। त्यस्तै, पहिले खासै चर्चामा नहुने गरेको विकास समिति दोस्रो संविधानसभा अवधिमा निकै चर्चामा रह्यो। त्यतिबेला सो समितिका सभापति रवीन्द्र अधिकारीले विकास निर्माण र सोसँग जोडिएका सार्वजनिक चासोका विषयमा दैनिकजसो समितिका बैठकबाट विभिन्न निर्णय गर्ने र निर्देशन दिने गर्थे।

उनले त्यतिबेला स्थलगत भ्रमण पनि उत्तिकै गराएका थिए। अधिकारी सभापति रहँदा विकास समिति त्यसअघि र पछिभन्दा निकै नै चर्चामा रह्यो। यसरी कतिपय अवस्थामा नेतृत्वका कारण पनि समितिको सक्रियता बढेको दृष्टान्त पाइन्छ।

त्यसैगरी कुनै समिति सो समितिको कार्यक्षेत्रमा पर्ने विषयवस्तुको संवेदनशीलता, सार्वजनिक सरोकारको विषयमा तत्कालीन अवस्थामा आइपरेको परिस्थिति र त्यसबारे समितिले गरेका छानविन, निर्णय तथा निर्देशनका कारण पनि कुनै समितितर्फ आमजनताको ध्यान बढी आकर्षित हुन्छ। संघीय संसद् गठन भएपछि प्रतिनिधिसभातर्फको शिक्षा तथा स्वास्थ्य समितिको सन्दर्भमा सो दृष्टान्त प्रासंगिक बनेको छ। पहिले कमै चर्चा हुने गरेको शिक्षा तथा स्वास्थ्य समितिले केही वर्षदेखि धेरैको ध्यान तान्न थालेको छ। समितिमा शिक्षा र सार्वजनिक स्वास्थ्यसँग जोडिएका केही जल्दाबल्दा विषय उठान हुन थालेपछि यो समितिबारे धेरैको चासो बढेको हो। त्यस्तै एउटा ज्वलन्त उदाहरण हो- चिकित्सा शिक्षा तथा सार्वजनिक स्वास्थ्यसम्बन्धी विषय। यस क्षेत्रमा व्यापक सुधार हुनुपर्ने माग राखी डा. गोविन्द केसीले आमरण अनसन सुरु गर्नुका साथै विभिन्न समूहले आवाज उठाउन थालेपछि यो राष्ट्रिय बहसको विषय बन्न थाल्यो।

त्यसपछि यो विषयले सञ्चारमाध्यम र क्रमशः संसद्मा पनि थप स्थान पाउन थाल्यो। आफ्नो कार्यक्षेत्रमा पर्ने यो विषयबारे शिक्षा तथा स्वास्थ्य समितिले छलफल सुरु गऱ्यो। त्यसपछि चिकित्सा शिक्षासम्बन्धी बहसको नयाँ केन्द्र बन्यो यो समिति।

शिक्षा तथा स्वास्थ्य समितिको कार्यक्षेत्रमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय पर्दछन्। सोही कार्यक्षेत्रभित्र रहेर शिक्षा तथा स्वास्थ्य समितिले विभिन्न विधेयकमाथि छलफल गरी प्रतिवेदन पास गरेर संसद्मा पेस गर्नुका साथै धेरै महत्वपूर्ण निर्णय र सरकारलाई निर्देशन गरेको समितिको वार्षिक प्रतिवेदनमा उल्लेख छ। यस समितिले सार्वजनिक सरोकारका विषय र केही महत्वपूर्ण एजेन्डाहरूमा छलफल, अध्ययन गरी निर्णयहरू गरेको र त्यसबाट सम्बन्धित क्षेत्र र राज्यको नीति निर्माण तथा कार्यान्वयन तहमा महत्वपूर्ण प्रभाव पारेको समितिका पदाधिकारीहरूको दावी छ।

यस कार्यकालमा समितिले हालसम्म चिकित्सा शिक्षा विधेयक, रेडियोधर्मी पदार्थको प्रयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक लगायत ८ वटा विधेयक समितिमा छलफल गरी प्रतिवेदन सदनमा पेस गरिसकेको छ।

संघीय संसद्को निर्वाचन भई बनेको हालको यस समितिको कार्यकालमा समेत महत्वपूर्ण निर्णयहरू गरिएको र सोका आधारमा सरकारबाट नीतिगत तहमै विभिन्न कामहरू भएको समिति पदाधिकारीहरूको भनाइ छ।

यस समितिले पास गरेको चिकित्सा शिक्षा विधेयकलाई एउटा महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिने र नेपालको मेडिकल शिक्षामा रहेको शुल्कको समस्या समाधान गर्न दिएको निर्देशन र त्यसको कार्यान्वयनलाई अर्को महत्वपूर्ण उपलब्धि मान्नुपर्ने समितिको दाबी छ।[९५]

समितिले मेडिकल कलेज शुल्क विवादलगायत विविध विषयमा अध्ययन गर्न गठित उपसमितिले तयार गरेको प्रतिवेदनको आधारमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र चिकित्सा शिक्षा आयोगलाई निर्देशन दिएको थियो।

उपसमितिले तयार पारेको प्रतिवेदनमा मेडिकल कलेजहरूले कुल सिट संख्याको एक तिहाइ विदेशी विद्यार्थी भर्ना गरेको अवस्थामा पेइङ नेपाली विद्यार्थीहरूको शुल्कमा निश्चित प्रतिशत तोकेरै घटाउनुपर्ने र क्रमशः थपिएको कुल सिट संख्याको २० प्रतिशत नघटाई छात्रवृत्तिको व्यवस्था गर्ने एमबीबीएस, बीडीएसलगायत चिकित्सा शिक्षा अध्ययनको शुल्क सम्बन्धमा मुद्रास्फीति (महँगीवृद्धि) को आधारमा स्वतः शुल्क निर्धारण हुने एवं चिकित्सा शिक्षाको शुल्क सम्बन्धित निकायबाट तोकिसकेपछि मातहतका निकायहरूले अतिरिक्त शुल्क असुलेमा प्रचलित कानुनअनुसार हदैसम्मको कारबाही व्यवस्था आयोगले गर्ने लगायतका निर्देशन दिन समितिलाई सुझाव दिएको थियो।

मेडिकल शिक्षामा बढी शुल्क लिएको उजुरीहरू धेरै आएपछि समितिले गठन गरेको उपसमितिले ६ वटा सार्वजनिक शिक्षण संस्था, त्रिभुवन विश्वविद्यालयका सम्बन्धन प्राप्त ४ वटा निजी कलेजहरू र काठमाडौं विश्वविद्यालयका सम्बन्धन प्राप्त ४ निजी कलेजको अध्ययन गरी प्रतिवेदन तयार पारेको थियो।[९६]

समितिले यसलाई महत्वपूर्ण उपलब्धिको रूपमा लिएको छ। चिकित्सा शिक्षा विधेयक, मेडिकल कलेजहरूको शुल्क सम्बन्धमा सरकारलाई दिएको निर्देशन र त्यसको कार्यान्वयन, निर्माणाधीन सुरेश वाग्ले मेमोरियल क्यान्सर अस्पताल निर्माण एवं सरकारी विद्यालयहरूको भवन निर्माणलाई समितिको निर्देशनका कारण काम अघि बढेको बताउँदै समिति सभापति जयपुरी घर्तीले त्यसलाई महत्वपूर्ण उपलब्धिको रूपमा लिएको बताइन्।[९७]

---

९५. समिति सभापति जयपुरी घर्तीसँगको कुराकानी।
९६. समितिबाट प्राप्त विवरण।
९७. सभापति जयपुरी घर्तीसँग कुराकानीमा आधारित।

शिक्षा तथा स्वास्थ्य समितिको मिति २०७६ भदौ १८ गतेको बैठकले निर्माणाधीन सुरेश वाग्ले मेमोरियल क्यान्सर अस्पतालको सम्बन्धमा कार्यदलले दिएको प्रतिवेदनअनुसार त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान (डीन कार्यालय), त्रिवि शिक्षण अस्पताललाई (शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत) र स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएको थियो।[१८]

उक्त भवन समयमा निर्माण हुन नसक्नु र समय अवधि बढ्दै जानुको मुख्य कारण यस परियोजनासँग सम्बन्धित निकायहरू त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, सहरी विकास तथा भवन निर्माण विभाग, निर्माण कम्पनी र त्रिवि शिक्षण अस्पताल व्यवस्थापनको समेत हदैसम्म कमजोरी रहेको देखिएको र स्वास्थ्य मन्त्रालय र शिक्षा मन्त्रालयले समेत समयमा अनुगमन तथा निर्देशन नगरेकोले भवन निर्माणमा ढिलाइ भएको देखिएको भन्दै समितिले उक्त भवनको अनुगमन गर्दा करिब ६५ देखि ७० प्रतिशत काम सम्पन्न भइसकेको देखिएकाले बाँकी काम र तेस्रो भेरिएसनबमोजिम थप काम सम्पन्न गर्न समय थप गर्नुपर्ने सुझाव दिएको थियो।

कार्यदलले अन्तिम पटकलाई निर्माण कम्पनी, सहरी विकास तथा भवन निर्माण विभाग र त्रिवि शिक्षण अस्पतालको त्रिपक्षीय प्रतिबद्धता बमोजिम तेस्रो भेरिएसनमा अति आवश्यक आइटममात्र राखी संशोधित तेस्रो भेरिएसन सम्बन्धित निकायबाट तयार गर्न लगाई स्वीकृत गरी भेरिएसन स्वीकृत भएको मितिले ९ महिनाभित्र भवन हस्तान्तरण हुन नसकेमा निज ठेकेदारसँग गरेको सम्झौतामा उल्लेखित क्षतिपूर्ति बापतको रकम असुल गरी निजसँगको सम्झौता रद्द गरी उक्त कम्पनीलाई कालो सूचीमा समेत राख्न सम्बन्धित निकायलाई निर्देशन दिने उल्लेख गरेको थियो। सोही निर्देशन समितिले दिएपछि सुरेश वाग्ले मेमोरियल क्यान्सर अस्पतालको भवन निर्माण भई हाल कोरोना संक्रमितलाई उपचार गर्ने प्रयोगमा आइरहेको छ।[१९]

चिकित्सा शिक्षा तथा सार्वजनिक स्वास्थ्यको विषयवाट चर्चामा आएको शिक्षा समिति २०७६ सालदेखि भनै बढी सार्वजनिक चासोको विषयसँग जोडिन पुग्यो।

२०७६ माघ २८ गते बसेको समितिको बैठकले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई चीनमा फैलिएको कोरोनासंक्रमणबाट मानवीय क्षति भएको र विश्वभरि त्रास फैलिरहेको अवस्थामा चीनमा अध्ययनरत नेपाली विद्यार्थीलगायत त्यहाँ रहेका नेपालीहरूलाई उचित व्यवस्था मिलाई यथासक्य छिटो स्वदेश ल्याउनको लागि र

१८. संघीय संसद् शिक्षा तथा स्वास्थ्य समितिको वार्षिक प्रतिवेदन, २०७७, पृष्ठ ११।
१९. समिति सभापति जयपुरी घर्तीसँगको कुराकानी।

नेपालमा कोरोना भाइरसबाट हुन सक्ने सम्भावित खतरालाई मध्यनजर गरी रोगको रोकथाम गर्न निर्देशन गरेको थियो ।[१००]

उक्त निर्देशनअनुसार सरकारले २०७६ पागुन ३ मा चीनको वुहान सहरमा रहेका १७५ र लिन गएका १८ जना क्रियु मेम्बरलाई भक्तपुरको खरिपाटी आइसोलेसन सेन्टरमा राखिएको समितिको दाबी छ।

यस्तै नेपालमा कोरोना भाइरस (कोभिड १९) संक्रमणको जोखिम तीव्रतापूवर्क बढिरहेको भन्दै समितिको २०७७ जेठ १ को बैठकले स्वास्थ्य परीक्षणको दायरा तीव्र बनाउन र अति आवश्यक स्वास्थ्य सामग्रीहरूको अभाव हुन नदिने र प्रदेश सरकार, स्थानीय तहलाई स्वास्थ्य सामग्रीहरू यथाशीघ्र उपलब्ध गराउने व्यवस्था गर्न सरकारलाई निर्देशन दिएको थियो ।[१०१]

कोरोना महामारीले जनजीवन जटिल बनाउँदै लगेपछि सो समितिले अर्को महत्वपूर्ण विषयबारे छलफल सुरु गऱ्यो । कोभिड महामारी फैलिँदै गएपछि सरकारले एसईईको परीक्षा नगर्ने र आन्तरिक मूल्यांकनबाट गर्ने भनी निर्णय गऱ्यो ।

संविधान र कानुनले कक्षा १२ सम्मको शिक्षा विद्यालय शिक्षा भनेर किटान गरेकाले स्थगित भएको एसईई सधैंका लागि हटाएर कक्षा १० र कक्षा ११ का परीक्षाहरू स्थानीय तहबाट सञ्चालन गरी कक्षा १२ को परीक्षामात्रै राष्ट्रिय स्तरको परीक्षा हुने गरी आवश्यक कानुनी व्यवस्था गर्न समितिले निर्देशन दियो ।[१०२]

उक्त निर्देशनको कार्यान्वयन अवस्थाकै आधारमा २०७७ सालको परीक्षा पनि आन्तरिक मूल्यांकनबाट गरिएको र कक्षा १० को परीक्षा नगर्नका लागि दीर्घकालीन व्यवस्थापनका सम्बन्धमा संघीय शिक्षा विधेयकको मस्यौदा तयार गरी अन्तिमीकरणका लागि कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा विचाराधीन रहेको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले समितिलाई जानकारी दियो ।

समितिले कक्षा १२को परीक्षामात्र पटकपटक स्थगित हुँदा विद्यार्थीहरूको भविष्यमा असर पर्न सक्ने र मानसिक असर पनि परिरहेको भन्दै खोपको व्यवस्थापन गर्दै स्वास्थ्य मापदण्ड र भौतिक दूरी कायम गरी यथाशीघ्र होम सेन्टरमा नै परीक्षा सञ्चालन गर्न पटकपटक निर्देशन दिइसकेको भए पनि त्यो कार्यान्वयन हुन सकेको देखिँदैन ।[१०३]

---

१००. संघीय संसद् शिक्षा तथा स्वास्थ्य समिति को वार्षिक प्रतिवेदन, २०७७, पृष्ठ १८ ।

१०१. पूर्ववत्, पृष्ठ २१ ।

१०२. शिक्षा तथा स्वास्थ्य समितिका सचिव पुष्प प्रकाश श्रेष्ठसँग २०७८ भदौमा गरिएको कुराकानीमा आधारित ।

१०३. पूर्ववत् ।

यस निर्देशनअनुसार कोभिड १९को परीक्षण ७६ वटा प्रयोगशालाबाट भइरहेको र सबै प्रदेश एवं दुर्गम जिल्लाहरूमा समेत परीक्षणको व्यवस्था मिलाइएको जानकारी समितिलाई दिइएको छ।

समितिले चिकित्सक, स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, सुरक्षाकर्मी र स्वयंसेवकका लागि गुणस्तरीय पीपीईलगायतका सामग्री यथाशीघ्र उपलब्ध गराउन र संक्रमणबाट बच्न अनिवार्य रूपमा मास्क, सेनिटाइजर प्रयोग गर्नुपर्ने आवश्यकता भएको हुँदा सर्वसाधारण नागरिकलाई सर्वसुलभ ढंगले उपलब्ध हुने व्यवस्था मिलाउन पनि निर्देशन दिएको थियो। यस्तै कोरोना रोकथामको लागि चाहिने आवश्यक स्वास्थ्य सामग्रीहरू (पीसीआर, पीपीई, मास्क, थर्मल गनलगायत), स्वाथ्य उपकरण, औषधि र दक्ष जनशक्तिको व्यवस्थापन व्यापक र यथाशीघ्र व्यवस्था गर्न तथा आइसोलेसन बेड, भेन्टिलेटरहरूको थप व्यवस्था गर्न र कन्ट्याक्ट ट्रेसिङमा जोड दिन तथा अन्य विरामीहरूले खानुपर्ने औषधिमा कुनै अभाव हुन नदिन पनि समितिले निर्देशन दिएको थियो।

कोरोना महामारी फैलिएर मुलुकभर परिस्थिति जटिल बन्दै गएका बेला लकडाउनको समयमा सरकारलाई उत्तरदायी बनाउँदै जनजीविका सुचारु गर्ने उद्देश्यसहित समितिले गरेका निर्देशन महत्वपूर्ण बनेको समितिको भनाइ छ।[१०४]

शिक्षा समितिले गरेका कोभिड १९ सम्बन्धी केही महत्वपूर्ण निर्देशनहरू कार्यान्वयनमा आएका छन् भने केही निर्देशनहरू कार्यान्वयनमा समस्या समेत देखिएका छन्। समिति सभापति जयपुरी घर्तीका अनुसार समितिले दिएका निर्देशनमध्ये ७० प्रतिशत कार्यान्वयनमा आएको पाइन्छ।[१०५]

समितिका निर्णयहरू सरकारी निकायबाट कार्यान्वयन गर्न समस्या हुने पुरानो रोग हो, जुन कायमै छ। त्यसो हुनुका मुख्य कारणमध्ये एक मानिन्छ- एउटै विषयमा संसद्का फरकफरक समितिबाट भिन्नभिन्न निर्देशनहरू दिने प्रवृत्ति।

जस्तैः कोभिड-१९ सम्बन्धमा कानुन, न्याय तथा मानव अधिकार समिति, अर्थ समिति, कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति, महिला तथा सामाजिक समिति, राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति र विधायन व्यवस्थापन समिति, राष्ट्रिय सरोकार तथा समन्वय समिति, दिगो विकास तथा सुशासन समितिले छुट्टाछुट्टै छलफल गरी निर्देशन दिएका छन्। यस्ता गतिविधिका कारण संसदीय समितिहरूले विषय चयन गर्ने प्रणाली, त्यहाँ हुने छलफल र समितिले दिने निर्देशनलाई सरकारी पक्षले गम्भीर रूपमा नलिने र कार्यान्वयनमा गम्भीरता नदेखाउने गरेको पाइन्छ।

---

१०४. समिति सभापति जयपुरी घर्तीसँगको कुराकानीमा आधारित।
१०५. पूर्ववत्।



अध्याय ३

संसद्मा महिला : समितिको नेतृत्वमा बढ्दै प्रतिनिधित्व

६ दशकभन्दा लामो नेपालको संसदीय इतिहासलाई फर्केर हेर्दा महिला सहभागि उत्साहजनक देखिँदैन। अझ संसदीय समितिहरूको इतिहास खोतल्दा त तिनको नेतृत्व महिलाहरू नगन्य नै देखिन्छन्। २०१६ सालदेखि २०७८ सालसम्मको तथ्यांक हेर्ने हो भ महिला प्रतिनिधित्वको विषयले गणतन्त्रकालअघि खासै प्राथमिकता पाएको थिएन।

पहिलो संसद्का प्रतिनिधिसभा र महासभामा १-१ जना महिल

२०१५ साल फागुन ७ सालवाट सुरु भई चैत २८ गतेसम्म भएको निर्वाचनमा प्रतिनिधिसभ सदस्यमा ७ जना महिलाले उम्मेदवारी दिएका थिए। तर एकजना नेपाली कांग्रेसकी उम्मेदव द्वारिकादेवी ठकुरानी मात्र विजयी भएकी थिइन्।[१०६]

उनलाई नेपाली कांग्रेसले क्षेत्र नं. ६६ डडेलधुरामा उम्मेदवार बनाएको थियो। ठकुरानी ३,९०३ मतसहित निर्वाचित भएकी थिइन्।[१०७]

उनै ठकुरानी वीपी कोइरला नेतृत्वमा बनेको १९ सदस्यीय मन्त्रीमण्डलमा स्वास्थ्य तथ स्वायत्त शासन उपमन्त्री पनि बनिन्।[१०८] नेपालको इतिहासमा मन्त्री बन्ने उनी पहिलो महिला हुन्।[१०९]

यस्तै प्रतिनिधिसभावाट निर्वाचित १८ जना र तत्कालीन श्री ५ बाट मनोनीत १८ गरी जम्मा ३६ जना सदस्यहरू भएको महासभा गठन हुने व्यवस्थाअनुसार २०१६ असार २१ गते श्री ५ बाट उपल्लो सदन महासभामा एकमात्र महिलाका रूपमा काठमाडौं बानेश्वरकी कमल राणा मनोनीत भएकी थिइन्।[११०]

उनै राणा महासभाको उपाध्यक्षमा पनि निर्वाचित भइन्। सो पदका लागि २०१६ साउन ६ गते भएको निर्वाचनमा कमल राणा र दिलीपकुमार शाहीको उम्मेदवारी बराबरीछि मतदानबट

---

१०६. संसद्मा महिला सहभागिता (वि.सं. २०१५-वि.सं. २०७८), *संघीय संसद् सचिवालय*, सिंहदरबार, काठमाडौं, पृष्ठ २।

१०७. नेपाल जगत, पहिलो संसद : वीपी-महेन्द्र टकराव, साझिला पुस्तक प्रा.लि., बागबजार, काठमाडौं, पृष्ठ ७३।

१०८. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा/महासभा (२०१६-२०१७), *संघीय संसद् सचिवालय*, सिंहदरबा काठमाडौं, पृष्ठ ४।

१०९. नेपाल जगत, पहिलो संसद : वीपी-महेन्द्र टकराव, साझिला पुस्तक प्रा.लि., बागबजार, काठमाडौं, पृष्ठ ७३।

११०. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा/महासभा (२०१६-२०१७), *संघीय संसद् सचिवालय*, सिंहदरबा काठमाडौं, (अनुसूची-५) पृष्ठ ६९।

उपाध्यक्ष चयन गरियो। दुवै प्रस्तावको पक्षमा मत बराबर परेको थियो। अध्यक्षले निर्णायक मत कमल राणालाई दिएपछि उनलाई सभाको उपाध्यक्ष चुनिएको घोषणा गरिएको थियो।[१११]

राणा संसद्को उपाध्यक्ष बन्ने विश्वकै पहिलो महिला भएको दाबी पनि गरिएको छ। उनलाई बधाई दिँदै महासभासद् शुभशमसेर राणाले भनेका थिए- "आजसम्म अन्तर्राष्ट्रिय जगतमा पनि यसरी संसद्को उपाध्यक्ष पदमा स्त्री जाति छानिएका छैनन्। त्यसैले पनि यो नेपालका लागि गर्वको विषय हो।"[११२]

राणाका अनुसार नेपालको सो ऐतिहासिक पहिलो संसद्मा प्रतिनिधिसभातर्फ ठकुरानी र महासभातर्फ राणा स्वयं गरी १-१ जनामात्र सदस्य थिए।[११३]

राणा सोही वर्ष असोज ९ गते गठन भएको ६-सदस्यीय एक प्रवर समितिमा सदस्य पनि रहेकी थिइन्।[११४] विशेष विवाह (व्यवस्था) विधेयक, २०१६ माथि छलफलको लागि सो प्रवर समिति गठन गरिएको थियो। सो समितिका अन्य सदस्यमा होराप्रसाद जोशी, सूर्यबहादुर थापा, बालचन्द्र शर्मा, दिलीपकुमार शाही र शम्भुराम श्रेष्ठ थिए। नेपालको सो पहिलो संसद्मा विशेष प्रयोजनका लागि प्रवर समिति बनाउने व्यवस्था गरिएको थियो।

राष्ट्रिय पञ्चायतमा न्यून निर्वाचित

त्यसपछि २०१७ सालमा राजा महेन्द्रले संसदीय व्यवस्था नै खारेज गरी निर्दलीय पञ्चायती व्यवस्था लागू गरे।

२०३८ सालमा भएको राष्ट्रिय पञ्चायत चुनावमा २ जना महिला निर्वाचित भएका थिए भने २०४३ को निर्वाचनमा ३ जना महिला विजयी भएको इतिहास छ।[११५] पछिल्लो निर्वाचनमा ३३ जना महिला उम्मेदवार निर्वाचनको प्रतिस्पर्धामा थिए। त्यसो त २०१९ देखि २०४३ सम्म २४ वर्षको अवधिमा निर्वाचित र विभिन्न समूहबाट मनोनीत गरी २१ जना महिला राष्ट्रिय पञ्चायत सदस्य बनेका थिए।

---

१११. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा/महासभा (२०१६-२०१७), संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं, पृष्ठ ३२।

११२. नेपाल जगत, पहिलो संसद : बीपी-महेन्द्र टकराव, साझिला पुस्तक प्रा.लि., बागबजार, काठमाडौं, पृष्ठ ३३।

११३. झण्डावाल गाडी हाँकेर कलेज जाने पहिलो महासभाकी महिला सांसद, सेतोपाटी, शुक्रबार, फागुन २४, २०७५, १६:००:००, https://www.setopati.com/politics/176689

११४. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा/महासभा (२०१६-२०१७), संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं, पृष्ठ ३४।

११५. संसद्मा महिला सहभागिता (वि.सं. २०१५-वि.सं. २०७४), संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं, पृष्ठ ३।

तीमध्ये एकजना सदस्य सरस्वती राईले राष्ट्रिय पञ्चायतमा विषयगत समितिको नेतृत्व गरे थिइन्। गाउँ फर्क राष्ट्रिय अभियानमा पनि जोडिएकी उनी २०३४ सालमा राष्ट्रिय पञ्चा सदस्य चुनावमा निर्विरोध भइन् र त्यही साल राष्ट्रिय पञ्चायत विकास समितिको सभा चुनिइन्। पहिलोपटक २०३५ साल फागुनमा जलस्रोत सहायकमन्त्री बनेकी उनी २०३७ राष्ट्रिय पञ्चायत सदस्यमा मनोनयन भएपछि दोस्रोपटक जलस्रोत सहायकमन्त्री नै बने थिइन्।[११६]

२०४८-२०५१ : सातमध्ये एक्ली महिला सभापति



२०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना हुनुअघिसम्म नीति निर्माण तहमा महिलाहरू सहभागिता न्यून थियो। २०४७ को संविधानमा प्रतिनिधिसभामा कम्तिमा ५ प्रतिश महिला उम्मेदवार हुनुपर्ने व्यवस्था हुँदा राष्ट्रिय सभामा कम्तिमा ३ जना महिला सदस्य हुनुपर्ने संवैधानिक व्यवस्था थियो। जसअनुसार प्रतिनिधिसभामा १६ जना र राष्ट्रिय सभामा ३ जना गरी २७ जना महिला सांसद चुनिएका थिए। संसद्मा महिला बढ्दा त्यसको केही प्रभाव संसदीय समतिमा पनि परेको थियो।

२०४८ पछिको संसद्को प्रतिनिधिसभामा रहेका ७ समितिमध्ये एउटा विकास तथा मजदू समितिको नेतृत्वमा महिला सांसद पुगेकी थिइन्। ७ मध्ये एक्ली सभापति थिइन् लीला कोइराला।[११७] अन्य ६ समितिमध्ये अर्थ समितिमा विनयध्वज चन्द, सार्वजनिक लेखा

११६. अस्ताइन् राजनीतिज्ञ सरस्वती राई, अन्नपूर्ण पोस्ट, २२ जेठ २०७५, १७:२७:००
https://annapurnapost.com/news/99836

११७. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा (२०४८-२०५१), संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं, पृष्ठ ९४।

समितिमा राधाकृष्ण मैनाली, परराष्ट्र तथा मानवअधिकार समितिमा भागवत झवाली, प्राकृतिक स्रोत र साधन तथा वातावरण संरक्षण समितिमा आत्माराम ओझा बाहुन, जनसंख्या तथा सामाजिक समितिमा डा. श्यामलाल तवदार र राज्य व्यवस्था समितिमा कृष्णसिंह परियार सभापति थिए।[११८]

सार्वजनिक लेखा समिति, राज्य व्यवस्था समिति र परराष्ट्र तथा मानवअधिकार समितिजस्ता प्रभावशाली मानिएका समितिमा महिला सांसदलाई सदस्यसमेत चयन गरिएको थिएन। परराष्ट्र समितिमा पछि २०५० चैत १६ गते विद्यादेवी भण्डारीलाई मनोनयन गरिएको थियो।

२०५१-२०५५ : नौ विषयगत समितिमा महिला नेतृत्व शून्य

प्रतिनिधिसभामा यसअघि ७ विषयगत समिति रहेकामा २०५१ को मध्यावधि निर्वाचनबाट बनेको संसद्मा ९ वटा विषयगत समिति गठन गरिएको थियो। अर्थ समिति, सार्वजनिक लेखा समिति, परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समिति, प्राकृतिक स्रोत र साधन समिति, वातावरण संरक्षण समिति, जनसंख्या तथा सामाजिक समिति, राज्य व्यवस्था समिति, कानुन, न्याय तथा संसदीय व्यवस्था समिति र विकास समिति थिए। ती समितिका सभापतिमा क्रमशः मणि लामा, जागृतप्रसाद भेटवाल, हिरण्यलाल श्रेष्ठ, दुर्योधन सिंह, विष्णुविक्रम थापा, महेन्द्रध्वज जीसी, कमलप्रसाद कोइराला, चक्रबहादुर डगौरा चौधरी र प्रेमबहादुर भण्डारी थिए।[११९] यी कुनै पनि समितिको सभापतिका रूपमा महिला सांसदलाई चयन गरिएन।

२०५६-२०५९ : महिला सभापति फेरि शून्य

२०५६ सालको निर्वाचनपछि बनेको प्रतिनिधिसभाले विषयगत समितिहरूको संख्या, संरचनामा कुनै परिवर्तन गरेन। संसद्को सो काल पनि महिला नेतृत्वप्रति अत्यन्त अनुदार रह्यो। अघिल्लो पटकजस्तै सो कार्यकालमा पनि ९ विषयगत समितिमध्ये सबैको नेतृत्वमा पुरुषमात्रै चयन गरियो। २०५६ पछिको प्रतिनिधिसभामा अर्थ समितिको सभापतिमा स्मृतिनारायण चौधरी, सार्वजनिक लेखा समितिमा सुवास नेम्वाङ, परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिमा सोमप्रसाद पाण्डेय, प्राकृतिक स्रोत र साधन समितिमा लेखनाथ आचार्य, वातावरण संरक्षण समितिमा सूर्यप्रसाद प्रधान, जनसंख्या तथा सामाजिक समितिमा नरेन्द्रबहादुर बम, राज्य व्यवस्था समितिमा होमनाथ दाहाल, कानुन, न्याय तथा संसदीय व्यवस्था समितिमा महेन्द्र यादव र विकास समितिमा टंकप्रसाद राई सभापति थिए।[१२०]

---

११८. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा (२०४८-२०५१), संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं, पृष्ठ ९१-९४।

११९. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा (२०५१-२०५५), संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं, पृष्ठ ११३-११६।

१२०. संसदीय विवरण पुस्तिका, प्रतिनिधिसभा (२०५६-२०५९), संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं, पृष्ठ १३४-१३७।

राष्ट्रिय सभा

२०४८-२०५९ : विषयगत समितिमा ४ महिला सभापति

राष्ट्रिय सभातर्फ पनि २०४८ देखि २०५९ बीचको फरक फरक कार्यकालमा चारजना म सांसदले विभिन्न विषयगत समितिको नेतृत्व गरेका थिए।[१२१] हेरौं तालिकामाः

समिति	महिला सभापति	सम्बद्ध दल	सभापति चयन मि
दुर्गम क्षेत्र समिति	सुशीला शर्मा	नेपाली कांग्रेस	२०५२-९-२०
सरकारी आश्वासन समिति	शिलुप्यारी मुल्मी (कर्माचार्य)	नेपाली कांग्रेस	२०५५-७-९
दुर्गम क्षेत्र समिति	गौरा कोइराला	नेकपा-एमाले	२०५८-६-१२
सामाजिक न्याय समिति	अम्बिका पन्त चापागाईं	नेपाली कांग्रेस	२०५८-६-१२

विशेष समितिमा नेतृत्व : ६३ सभापति बन्दा ६१ पुरुष, २ महिला

२०४८ देखि २०५९ सम्म राष्ट्रिय सभाको २२औं अधिवेशन कालसम्मको अवधि विषयगत समितिबाहेक विधेयकसम्बन्धी ६३ वटा विशेष समिति गठन गरिएको थियो। मन्त्रालयहरूका हरेक विधेयकहरूमाथि विस्तृत छलफल गर्नका लागि गठन गरिएका ती विशेष समितिले कार्यादेशअनुसार सदनमा प्रतिवेदन पेस गरेपछि तिनीहरूको कार्यकाल पनि सकिन्थ्यो। त्यस्ता ६३ विशेष समितिमध्ये जम्मा दुईवटा समितिको नेतृत्व महिला सांसद पाएका थिए।[१२२]

अधिवेशन	छलफलका लागि विशेष समिति गठन गरिएका विधेयक	गठन मिति	सभापतिको नाम
चौथो	निजामती सेवा विधेयक, २०४९	२०४९-१२-१०	चेतकुमारी दाहाल
बाह्रौं	गर्भ संरक्षणसम्बन्धी विधेयक, २०५४ (गैरसरकारी)	२०५४-५-२४	शिलुप्यारी मुल्मी (कर्माचार्य)

१२१. संसदीय विवरण पुस्तिका, राष्ट्रिय सभा (२०४८-२०५९), *संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं* अनुसूची ११, पृष्ठ १३१।

१२२. संसदीय विवरण पुस्तिका, राष्ट्रिय सभा (२०४८-२०५९), *संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं* अनुसूची १२, पृष्ठ १३२-१३५।

१२३. संसदीय विवरण पुस्तिका, राष्ट्रिय सभा (२०४८-२०५९), *संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं* अनुसूची १२, पृष्ठ १३३-१३४।

पुनर्स्थापित प्रतिनिधिसभा (२०६३-०१-१५ देखि २०६३-१०-०१)

९ मध्ये एक्ली महिला सभापति

२०६२/०६३ को राजनीतिक परिवर्तनपछि भने संसद मा महिला सांसदको सहभागिता उल्लेख्य रूपमा बढ्यो। राजा ज्ञानेन्द्रद्वारा २०५९ जेठ ८ मा विघटन गरिएको प्रतिनिधिसभा २०६३ वैशाख ११ गते पुनर्स्थापित भएको थियो।

पुनर्स्थापित संसद्मा समितिको संख्या र कार्यक्षेत्रमा कुनै उल्लेख्य परिवर्तन गरिएन। तर, नेतृत्वमा फेरवदल गरिएको थियो। यसरी हेरफेर गर्दा ९ वटा विषयगत समितिमध्ये एउटा समितिको मात्र नेतृत्व महिलाले पाएकी थिइन्। सो अवधिमा कानुन, न्याय तथा संसदीय व्यवस्था समितिको सभापतिमा सावित्री बोगटी (पाठक) चयन भएकी थिइन्।[१२४]

पुनर्स्थापित संसद्मा विभिन्न पार्टीबाट ५७ जना महिला सदस्यहरूको प्रतिनिधित्व थियो। त्यो बेला व्यवस्थापिका संसद्मा महिला प्रतिनिधित्वको सवालमा पहिलोपटक संसद्मा सबैभन्दा धेरै संख्या अर्थात् १७ प्रतिशत महिला सदस्य रहेका थिए। ऐतिहासिक जनआन्दोलनपछि महिला सहभागिताको बहस ताते पनि संसदीय समितिको नेतृत्वमा भने महिलाले उचित संख्यामा नेतृत्व पाउन सकेनन्।

पहिलो संविधानसभा काल : नेतृत्वमा बराबर (८ मा ४ महिला सभापति)

२०६४ साल चैत २८ गते भएको पहिलो संविधानसभामा दलित, जनजाति, अल्पसंख्यक समुदायका प्रतिनिधि जस्तै महिलाहरू पनि उल्लेख्य मात्रामा निर्वाचित भए। सो चुनावमा ३२.७८ प्रतिशत महिला सदस्य निर्वाचित भएका थिए। पहिलो संविधानसभामा प्रत्यक्षतर्फ ३० जना, समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित १ सय ६१ जना र मन्त्रिपरिषद्बाट मनोनीत ६ जना गरी १ सय ९७ जना महिला सदस्यहरूको प्रतिनिधित्व रह्यो।

६०१ जना सदस्य रहेको संविधानसभाले नै नियमित संसद्को काम पनि गर्थ्यो। संविधानसभातर्फ पनि विषयगत समितिहरू थिए। संविधान निर्माणमा विषयगत मस्यौदा तयार पार्ने उनीहरूको जिम्मेवारी थियो। संसद्तर्फ पनि अरू बेलाजस्तै विषयगत समितिहरू थिए, जसले संसदीय जिम्मेवारीअनुसारको काम गर्थे। यसरी पहिलो संविधानसभा कालमा प्रतिनिधिसभातर्फ ८ वटा विषयगत र २ वटा विशेष समिति गठन गरिएको थियो।

---

१२४ संसदीय विवरण पुस्तिका, पुनर्स्थापित प्रतिनिधिसभा (२०६३/०१/१५ - २०६३/१०/०१), संघीय संसद् सचिवालय, सिंहदरबार काठमाडौं, अनुसूची १०, पृष्ठ १०९।

आन्दोलन सफल भई मुलुकमा गणतन्त्र स्थापना भएको सुरुको सो अवधि संसदीय समितिक नेतृत्व चयनका सन्दर्भमा उदार रह्यो। किनकि ८ विषयगत समितिमध्ये आधाको नेतृत्व सम्हाल्ने मौका महिलाले पाए।

२०६५ मंसिर ३० गते गठन गरिएका संसदीय समितिमा विधायन समितिको सभापतिम यशोदा गुरुङ (सुवेदी), अर्थ र श्रम सम्बन्ध समितिको सभापतिमा सुशीला कन्दङ्वा प्राकृतिक स्रोत र साधन समितिको सभापतिमा शान्ता चौधरी, महिला, बालबालिका र समाज कल्याण समितिको सभापतिमा सन्ध्या देवी गरी ४ महिला सभापति रहेका थिए।

दोस्रो संविधानसभा काल : महिला नेतृत्व फेरि न्यून (१४ मध्ये दुई मात्र महिला सभापति)

पहिलो संविधानसभाले संविधान जारी गर्न नसकी २०६९ जेठ १४ गते पहिलो संविधानसभा विघटन भयो। पहिलो संविधानसभाकै सदस्य संख्या र निर्वाचन प्रणाली समेतलाई समेत २०७० मंसिर ४ गते दोस्रो संविधानसभाको चुनाव भयो। त्यसमा प्रत्यक्ष निर्वाचन प्रणालीबाट १० जना, समानुपातिक निर्वाचन प्रणालीबाट १ सय ७१ जना र मन्त्रिपरिषद्बाट मनोनीत ४ गरी कुल १ सय ७६ जना महिला सदस्यहरुले दोस्रो संविधानसभामा प्रतिनिधित्व गर्ने अवसर पाए। जुन प्रतिनिधित्वको हिसाबले २१.२८ प्रतिशत हो। अन्तरिम संविधानले भने महिला प्रतिनिधित्व ३३ प्रतिशत हुनुपर्ने व्यवस्था गरेको थियो।

संसद्को समेत काम गर्ने जिम्मेवारी भएको दोस्रो संविधानसभाले संसद्तर्फ विषयगत समितिको संख्यामा वृद्धि गऱ्यो। यसपटक गठन गरिएका १२ वटा विषयगत समितिमध्ये जम्मा २ वटाको मात्र नेतृत्व महिलाले पाए। विधायन समितिको सभापति गंगा चौधरीले पाइन् भने महिला, बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समितिको सभापति रञ्जुकुमारी झालाई बनाइयो। यसरी संविधानसभा तथा संसद्मा प्रतिनिधित्वको हिसाबले पहिलो कार्यकालमा जतिकै महिलाहरुको उपस्थिति भए पनि संसदीय समितिको नेतृत्वमा भने अत्यन्त न्यून रह्यो।

२०७४ यता : १६ सभापतिमध्ये ९ महिला

दोस्रो संविधानसभाले २०७२ असोज ३ मा नयाँ संविधान जारी गऱ्यो। संघीय संसद्को दुवै सदनमा कम्तिमा एक तिहाइ महिला सदस्य रहनुपर्ने व्यवस्था नयाँ संविधानले पनि सुनिश्चित गऱ्यो। नयाँ संविधानअनुसार २०७४ मंसिरमा भएको चुनावमार्फत अहिलेको संघीय संसद् अन्तर्गत प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट ६ जना र समानुपातिक निर्वाचन प्रणालीबाट ८४ जना गरी ९० जना महिला सदस्यको उपस्थिति छ। जुन ३२.७३ प्रतिशत हो।

त्यस्तै ५९ सदस्यीय राष्ट्रिय सभामा २२ जना महिला सदस्यहरूको सहभागिता रहेको छ। जुन ३७.२९ प्रतिशत हो। प्रतिनिधिसभा र राष्ट्रिय सभामा गरी जम्मा ११२ जना महिला सदस्यहरूको संघीय संसद्मा प्रतिनिधित्व छ। जुन ३३.५३ प्रतिशत हो।

संसद्मा मात्र होइन संसदीय समितिमा समेत समावेशी सिद्धान्त अवलम्बन गर्नुपर्ने व्यवस्थाले समितिको नेतृत्वमा महिला लैजाने फराकिलो बाटो कोऱ्यो। जसका कारण संघीय संसद् का दुई सदनमा गरी १६ समितिमध्ये ९ वटा समितिको सभापतिमा महिला चयन भए। प्रतिनिधिसभाका विषयगत समितिमा ६, राष्ट्रिय सभातर्फका विषयगत समितिमा २ र संयुक्त समितिमा २ गरी ९ जना सभापति चयन गरिएको हो। (सरकार र मन्त्रिमण्डलमा फेरबदल हुँदा समितिको नेतृत्वमा पनि हेरफेर भएको छ।)

प्रतिनिधिसभातर्फका विषयगत समितिमा महिला सभापति *(२०७८ असोज १५ सम्मको तथ्यांकमा आधारित)*

१.	अन्तर्राष्ट्रिय सम्बन्ध समिति	पवित्रा निरौला (खरेल)
२.	कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति	पूर्ण कुमारी सुवेदी
३.	महिला तथा सामाजिक समिति	निरु देवी पाल
४.	राज्य व्यवस्था तथा सुशासन समिति	शशी श्रेष्ठ
५.	विकास तथा प्रविधि समिति	कल्याणी कुमारी खड्का
६.	शिक्षा तथा स्वास्थ्य समिति	जयपुरी घर्ती

राष्ट्रिय सभातर्फका विषयगत समितिमा महिला सभापति

१.	दिगो विकास तथा सुशासन समिति	तारादेवी भट्ट
२.	राष्ट्रिय सरोकार तथा समन्वय समिति	दिलकुमारी रावल थापा (पार्वती)

संयुक्त समिति सभापति

१.	राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति	निगादेवी जैरु

नेपालको संसदीय इतिहासलाई फर्केर हेर्ने हो भने २०४८ सालयता संसदीय समितिलाई क्रमशः पारदर्शी र समावेशी बनाउने पहलकदमीहरू भएका छन्। तर, ती प्रयासमा पनि बारम्बार चुनौतीहरू भने आइपरेको देखिन्छ।

सांसद मीना पाण्डेका अनुसार विगतमा भन्दा अहिले संसदीय समिति निकै उदार भएका छन्। पछिल्लो समय एकैपटक ९ जना महिला सांसद समितिको सभापति भएको उदाहरणले पनि नीति निर्माण गर्ने तहमा महिलाको आवश्यकता महसुस गर्न थालिएको उनको बुझाइ छ।

तर दलीय राजनीति र परम्परागत सोचका कारण महिलाको नेतृत्वमा कामकारवाही अघि बढाउन अझै पनि सहज भइनसकेको देखिन्छ। राज्य व्यवस्था, अन्तर्राष्ट्रिय सम्बन्ध समितिजस्ता महत्वपूर्ण समितिमा महिला सभापति भए पनि पुरुष सांसदहरूको दबदबाका कारण समितिको नेतृत्व गर्न अझै पनि सहज नभएको अनुभव उनीहरूसँग छ। जानकारहरूका अनुसार महिलालाई नेतृत्व दिए पनि उनीहरूको भूमिकालाई देखावटी रूपमा मात्र सीमित गरी शीर्ष र प्रभावशाली नेताहरूको निर्देशनबाट समितिका गतिविधि तथा निर्णय प्रभावित गर्ने प्रवृत्ति कायमै छ।



अध्याय ४

संसदीय निगरानी र निर्देशन कार्यान्वयनका चुनौती

संसदीय समितिका निर्देशन: कार्यान्वयन कम

संसद्का समितिले समसामयिक विषय, विवाद तथा अनियमितता भएको आशंका गरिएका विषयमा छलफल तथा छानविन गरी सम्वन्धित मन्त्रालय तथा निकायहरूलाई निर्देशन दिने गर्छन्। समितिका निर्देशनहरू कतिपय अवस्थामा कार्यन्वयन भएका हुन्छन् भने कैयौं निर्देशन सरकारले सिधै उपेक्षा गरेको पाइन्छ। जनप्रतिनिधिहरूको निकाय संसद्वाट भएका निर्णय तथा निर्देशनहरू कार्यकारी निकायहरूवाट किन कार्यान्वयन हुँदैन भन्ने सधैं वहसको विषय वन्ने गरेको छ।

प्रतिनिधिसभा नियमावली, २०७५ ले विषयगत समितिको काम, कर्तव्य र अधिकारमा "आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने मन्त्रालय, आयोग र निकायसँग सम्वन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्वन्धी प्रतिवेदन पेस गर्ने" भनी स्पष्ट पारेको छ।[१२५] त्यसैगरी, सोही नियममा मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन वैठकमा पेस गर्ने पनि उल्लेख गरेको छ। समितिहरूले संसद्को प्रतिनिधिसभा (उपल्लो सदनको समिति भए राष्ट्रिय सभा) नियमावलीले दिएको यही अधिकार प्रयोग गरी सो समितिको कार्यक्षेत्रमा पर्ने मन्त्रालय वा अन्य सरकारी निकायलाई निर्देशन दिने गर्छन्। तर समितिले दिएका धेरैजसो निर्देशन कार्यान्वयन भएकै हुँदैन।

सरकारले ०७६ कात्तिक २७ गते नेपाल प्रहरीमा प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) पद सिर्जना गर्ने निर्णय गऱ्यो। उक्त निर्णयका आधारमा गृहसचिव नेतृत्वको वढुवा समितिले एक डीआईजीलाई मंसिर १५ गते एआईजी वढुवाका लागि सिफारिस गऱ्यो। वढुवाको विषयमा गृहमन्त्री रामवहादुर थापा र आइजीपी शैलेश थापा क्षेत्री नै असन्तुष्ट रहेको खवर वाहिरियो। त्यसपछि संसद्को राज्य व्यवस्था तथा सुशासन समितिले ०७६ मंसिर २५ गते त्यस विषयमा छलफल गऱ्यो। वैठकमा गृहमन्त्री थापाले पनि वढुवा र सिफारिसका विषयमा आफ्नो असन्तुष्टि व्यक्त गरे। गृहमन्त्री, गृहसचिव, प्रहरी महानिरीक्षक एवं प्रहरी अतिरिक्त महानिरीक्षक लगायतको उपस्थितिमै समितिले दरवन्दी थपको प्रक्रिया स्थगन गर्न सरकारलाई निर्देशन दियो।

---

१२५. प्रतिनिधिसभा नियमावली, २०७५, नियम १७५, संघीय संसद सचिवालय, सिंहदरवार, काठमाडौं।

"नेपालको संविधानले व्यवस्था गरेको संघीय संरचनाविपरीत उपत्यकाका तीन जिल्लालाई वाग्मती प्रदेशबाट अलग्याउने गरी अध्यादेशमा भएको प्रावधान र सम्बन्धित मन्त्रालयबाट प्रहरी अतिरिक्त महानिरीक्षकको पद संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन तथा प्रस्तुत प्रस्तावमा समेत समावेश नभएको अवस्थामा मुलुकको समग्र प्रहरी संगठनको सञ्चालनमा दूरगामी रूपमा प्रतिकूल असर पर्ने गरी प्रहरी अतिरिक्त महानिरीक्षको पद सिर्जना गर्ने विषय संविधान, कानुन, विधि र प्रक्रियाविपरीत भएकोले हाललाई उक्त प्रहरी अतिरिक्त महानिरीक्षकको पदको नियुक्ति कार्य कार्यान्वयन नगर्न नगराउन नेपाल सरकार, गृह मन्त्रालय तथा प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिने"[१२६] भनी राज्य व्यवस्था समितिले निर्णय गऱ्यो।

तर संसदीय समितिले यसरी निर्देशन दिएको २४ घण्टा पनि नबित्दै सरकारले विश्वराज पोखरेललाई एआईजीमा बढुवा गऱ्यो।

राज्यव्यवस्था तथा सुशासन समितिको बैठकले एआईजी बढुवा प्रक्रिया रोक्न भनी दिएको निर्देशनको बेवास्ता गर्दै सरकारले पोखरेललाई एआईजीमा बढुवा गरेपछि[१२७] व्यवस्थापिकालाई कार्यपालिकाले अटेर गरेको रूपमा सो विषयले चर्चा पायो।

प्रहरीका सम्बन्धमा राज्य व्यवस्था समितिले दिएको निर्देशन सरकारले बेवास्ता गरेजस्तै सेनाका सन्दर्भमा सार्वजनिक लेखा समितिले दिएको निर्देशन पनि सरकारले अटेर गरेको थियो।

सेनाले जिम्मेवारी पाएको 'फास्ट ट्रयाक' निर्माणमा फेज-२ अन्तर्गतको खरिद प्रक्रिया रद्द गरेर पूर्वयोग्यता छनोटको प्रक्रिया पुनः अघि बढाउन संसद्को सार्वजानिक लेखा समितिले सरकारलाई ०७७ चैत १९ गते निर्देशन दियो। पूर्वयोग्यता छनोटमा फेज-२ अन्तर्गत एउटा मात्रै कम्पनी छनोट हुनु आपत्तिजनक रहेको समितिको ठहर थियो। समितिले भनेको थियो, "काठमाडौं-तराई फास्टट्रयाकको सुरुङ र पुलको ईपीसी कन्ट्रयाक्ट प्रि-क्वालिफिकेसन (पीक्यु) प्रकरणका दुई प्याकेजमध्ये दोस्रो प्याकेजका सम्बन्धमा सार्वजानिक खरिद ऐन, २०६३ र सार्वजानिक खरिद नियमावली, २०६४ को प्रस्तावनाअनुसार प्रतिस्पर्धा, पारदर्शिता र मितव्ययिता सुनिश्चित हुनेगरी खरिद प्रक्रिया सञ्चालन नभएकाले बोलपत्रमा प्रतिस्पर्धा निषेध गरेको देखिँदा पूर्वयोग्यताका लागि अघि बढाइएको प्याकेज केटीएफटी/आईसीबी/पीक्यु/०७६/०७७-२ को खरिद प्रक्रिया रद्द गरी पुनः नियमानुसार पूर्वयोग्यताका लागि खरिद प्रक्रिया अघि नबढाउनू।" तर, समितिले दिएको निर्देशन सरकारले

---

१२६. संसद् दर्पण, वर्ष ६, अंक २१, २०७७ माघ, संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं, पृष्ठ १८।

१२७. महेश जयसिंह, एआईजीमा पोखरेलको बढुवा, महानिरीक्षक बन्ने बाटो खुल्यो, इकान्तिपुर डट कम, २५ मंसिर, २०७७।

टेरेन। सरकारले सेनालाई काम रोक्न कुनै निर्देशन दिएन। त्यसपछि समितिले पुनः ०७८ वैशाख १२ गते सरकार र सेनालाई समेत पत्र पठाएर फेज-२ अन्तर्गतको कामकारबाही रोक्न निर्देशन दियो। तर पनि, सेनाले काम रोकेन।

त्यसलगत्तै सञ्चारमाध्यमहरूले फास्ट ट्र्याकअन्तर्गतको प्याकेज टूको ठेक्का प्रक्रिया रद्द गर्न संसद्को सार्वजनिक लेखा समितिको निर्देशन अटेर गर्दै सेनाले काम अघि बढाएको समाचार प्रकाशित गरेका छन्।

सेनाले निर्देशनविपरीत काम अघि बढाएपछि समितिले पुनः रक्षा मन्त्रालयलाई खरिद प्रक्रिया रोक्न निर्देशन दियो। "यसअघि मन्त्रालयलाई मात्रै निर्देशन दिँदै आएको समितिले यसपटक सेनालाई पनि बोधार्थ पठाएको छ। लेखा समितिको निर्णयविपरीत, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को बर्खिलाप हुने गरी टेन्डर प्रक्रिया अघि बढाई संसद्को निर्णयको प्रतिकूल हुने स्थिति पैदा भएकाले उक्त खरिद प्रक्रिया रद्द गरी, गराई यस सम्बन्धमा मन्त्रालयको स्पष्ट धारणा-प्रतिक्रियासहित सम्पूर्ण कागजात तीन दिनभित्र उपलब्ध गराउनू,' समितिले मन्त्रालयलाई पठाएको पत्रमा भनिएको छ।[१२८]

संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिले दिएका निर्देशन पनि सरकारले पटकपटक बेवास्ता गर्ने गरेको छ। त्यस्तै एउटा निर्णय हो गोर्खा सैनिक सम्बन्धी निर्देशन। २०७५ फागुन ३ गते भूतपूर्व गोर्खा सैनिकहरूको समस्या समाधान गर्न सो समितिले सरकारलाई निर्देशन दियो। समितिले भन्यो, "नेपालको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमत्वलाई सर्वोपरी राख्दै भूतपूर्व गोर्खा सैनिकहरूले न्याय र समानताका लागि उठाएका मागहरू तथा औंल्याएका समस्याहरू समाधान गर्नका लागि उच्चस्तरबाट पहल र वार्ता आरम्भ गर्नू।"

तर, सरकारले उक्त निर्देशनको कार्यान्वयन गर्न तत्परता देखाएन। समितिले निर्देशन अटेर गरेपछि समितिले वार्षिक प्रतिवेदनमै लेख्यो, "समितिबाट पत्राचार गर्दा कार्यान्वयनको अवस्थाका बारे जानकारी प्राप्त नभएको।" सरकारले त्यसपछि पनि गोर्खा सैनिकको समस्या समाधानमा पहल गरेन। गोर्खा सत्याग्रह संयुक्त संघर्ष समितिको आह्वानमा ०७८ साउन २४ गतेदेखि ३ जना भूतपूर्व सैनिकहरू बेलायतमै आमरण अनसन बस्न बाध्य भए।

---

१२८. दाहाल किरण, लेखा समितिको निर्देशन अटेर गर्दै सेनाले अघि बढायो फास्ट ट्र्याकको काम, नयाँ पत्रिका, काठमाडौं, १३ वैशाख २०७८।

समितिको बैठकबाट दिइएका निर्देशनहरू

मिति	निर्देशन	कार्यान्वयनको अवस्था
२०७५/०९/०९	भूतपूर्व गोर्खाहरूले उठाएका मागहरूको सम्बन्धमा संयुक्त अधिराज्य लगायतका देशहरूसँग भइरहेको वार्ता तथा गोर्खा भर्तीका सम्बन्धमा समग्र अवस्थाबारे जानकारी गराउन नेपाल सरकार परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।	समितिबाट पत्राचार गर्दा कार्यान्वयनको अवस्थाबारे जानकारी प्राप्त नभएको।
२०७५/११/०३	नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र स्वामित्वलाई सर्वोपरि राख्दै भूतपूर्व गोरखा सैनिकहरूले न्याय र समानताका लागि उठाएका मागहरू तथा औंल्याएका समस्याहरू समाधान गर्नाका लागि उच्चस्तरबाट पहल र वार्ता आरम्भ गर्न नेपाल सरकारलाई निर्देशन दिने। गोर्खा भर्ती सन्धिको पुनरवलोकन गरी नेपालको संविधान र लोकतान्त्रिक प्रणालीको मान्यताअनुरूप नेपालको परराष्ट्र नीतिको कार्यान्वयन गर्दै नेपाल सरकारको सहमतिबिना नेपाली महिलाहरूलाई बेलायती सेनामा भर्ती गर्ने कार्य तुरुन्त बन्द गरियोस् र भर्ती गरिएको भनी विभिन्न सञ्चारमाध्यममा आएको विषयमा स्पष्ट पार्न निर्देशन दिने।	समितिबाट पत्राचार गर्दा कार्यान्वयनको अवस्थाबारे जानकारी प्राप्त नभएको।

स्रोत : वार्षिक प्रतिवेदन २०७६, संघीय संसद्, प्रतिनिधिसभा, अन्तर्राष्ट्रिय सम्बन्ध समिति।

देश महामारीले आक्रान्त भएका बेला संसदीय समितिले त्यससम्बन्धी कानुन परिमार्जन गर्न भनी निर्देशन दियो। तर सरकारले त्यसलाई पनि पालना गरेन। कोरोना संक्रमण बढ्दै गएपछि सरकारले संक्रामक रोग ऐन ०२१ अनुसार संयन्त्र बनाउने र ०२१ कै कानुनअनुसार लकडाउन र निषेधाज्ञाका नीतिहरू अवलम्बन गऱ्यो। तर, ०२१ सालको कानुन अहिले उपयुक्त नदेखिएको भन्दै संसदीय समितिहरूले सरकारलाई संक्रामक रोगसम्बन्धी ऐन तुरुन्त ल्याउन निर्देशन दिए। १९ वैशाख ०७६ मा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले संक्रामक रोग सम्बन्धी छुट्टै ऐन तुरुन्त ल्याउन निर्देशन दियो। तर, सरकारले यसलाई वास्तै गरेन।

२९ पुस ०७६ मा संसद्को विकास तथा प्रविधि समितिले सिंहदरबारस्थित नेपालको पहिलो संसद् भवन भत्काउन निर्देशन दियो। समितिले भनेको थियो, "पहिलो संसद् भवन भत्काएर स्टेट गेस्ट हाउस बनाऊ।" तर यो निर्देशन कार्यान्वयनको चरणमा गएको छैन। बरु, संसदीय समितिको निर्देशनमाथि राज्यका अरू निकायबाट प्रश्न उठ्यो। पुरातत्व विभाग पहिलो संसद् भवन नेपालको एतिहासिक सम्पति भएको भन्दै विकास समितिको निर्देशनमाथि प्रश्न उठाएपछि सरकारलाई पनि यो निर्णय कार्यान्वयन नगर्न सहज भएको छ। त्यो भवन के गर्ने भन्ने विषयमा सरकारले अहिलेसम्म निर्णय गरेको छैन। अहिले उक्त भवन जीर्ण अवस्थामा छ।

निर्देशन कति बाध्यकारी ?

सार्वभौम र जनप्रतिनिधिमूलक संसद्का समितिहरुले निर्देशन दिँदै जाने तर मन्त्रालय र कार्यपालिकाका अन्य निकायले त्यसलाई अटेर गर्दै आफ्नै हिसाबले काम गर्ने हो भने समितिका निर्देशनको के अर्थ भन्ने प्रश्न उठ्दै आएको छ। त्यसैगरी, संसदीय समितिका निर्देशनहरू बाध्यकारी हुन् कि होइनन् त भन्ने बहस पनि हुने गरेको छ।

संविधानविद् डा. विपिन अधिकारीले भने संसदीय समितिको निर्देशन सरकारका लागि बाध्यकारी नभएको बताए। एआईजीको पद थपिएको सम्बन्धमा पनि दावेदारमध्येबाटै सम्बन्धित समितिले कानुनसम्मत बहुवा सिफारिस गरेकाले निर्देशन पालना नगर्दा सरकारलाई कानुनी रूपमा अप्ठेरो नपर्ने उनको भनाइ छ। तर संसदीय समितिको निर्देशनको राजनीतिक र नैतिक महत्व भने हुने हुँदा राजनीतिक रूपमा क्षति वा अलोकप्रियता हुन सक्ने अधिकारीको भनाइ छ। "समितिको निर्देशन अड्डा र अदालतका आदेश-फैसला वा पुर्जी जस्तो मान्नैपर्ने बाध्यता छैन," अधिकारीको बुझाइ छ।[१२९]

समितिका अव्यवहारिक निर्देशन

संसदीय समितिका निर्णय तथा निर्देशनहरू कार्यान्वयन किन हुँदैनन् भन्दा सरकारी निकायबाट प्रायः आउने एउटा समान जवाफ हो- समितिहरूका कैयौं निर्णय हचुवा र कार्यान्वयन गर्नका लागि अव्यवहारिक हुने गर्छन्, जसका कारण चाहेर पनि कार्यान्वयन गर्न सम्भव हुँदैन। हेरौं केही उदाहरण :

- विधायन व्यवस्थापन समितिले ०७७ वैशाख १९ गते देशैभर हरेक परिवारबाट एकजनाको कोभिड परीक्षण गर्न निर्देशन दियो। समितिले भन्यो, "कोभिड- १९ को परीक्षणको दायरा विस्तार गरी कम्तिमा हरेक परिवारबाट सकभर एकजनाको नमुना

---

१२९. पोखरेललाई एआईजी बनाउने निर्णय स्थगन गर्न संसदीय समितिको निर्देशन, कान्तिपुर दैनिक, काठमाडौं, मंसिर २४, २०७७।

छनोट गरी कोरोनाको परीक्षण गर्ने कार्ययोजना बनाई लागू गर्न तथा स्वास्थ्य सामग्रीको भण्डारणलाई प्राथमिकताका साथ सबै प्रदेश तथा स्थानीय तहमा आवश्यकताअनुरूप व्यवस्थापन गर्न र राहत वितरण प्रक्रियालाई व्यवस्थित गर्नू।" त्यतिबेलाको सन्दर्भमा यो निर्णय चर्चाको विषय बन्यो। स्वास्थ्य सामग्रीको अभाव, देशभर रहेका ल्याबको त्यो क्षमता नभएको र पर्याप्त तयारी समेत नभएको अवस्थामा समितिले मुलुकभरका हरेक परिवारबाट कम्तिमा एकजनालाई परीक्षण गराउनू भनी अव्यवहारिक निर्देशन दिएको भनी चर्चा चलेको थियो।

- संसद्को कानुन न्याय तथा मानवअधिकार समितिले ०७७ भदौ ५ गते सरकारलाई निर्देशन दियो, "कोभिड-१९ बाट संक्रमित सक्रिय बिरामीको संख्या व्यापक रूपमा बढिरहेको हुँदा तत्काल १० हजार संख्यामा भेन्टिलेटर र आईसीयूको व्यवस्था गर्नू।" त्यस्तै, तत्काल ७७ वटै जिल्लाका सदरमुकामबाट पीसीआर परीक्षण हुने प्रबन्ध मिलाउन पनि समितिले सरकारलाई निर्देशन दियो। त्यतिबेला कोरोना द्रुत रूपमा बढिरहेको थियो। सरकारको तयारी अपुग थियो। तर, यस्तै परिस्थितिका बीच समितिले भने मुलुकभरको यथार्थ स्थिति नबुझी यस्तो निर्देशन दियो जुन आदर्श रूपमा राम्रो भए पनि तत्काल कार्यान्वयनका गर्न व्यवहारिकरूपमा सम्भव थिएन। किनभने १० हजार आईसीयू-भेन्टिलेटर र ७७ जिल्लामै पीसीआरको परिक्षण गर्न न सम्भव थियो न सरकारले त्यसका लागि तत्काल स्रोत साधन जुटाउन सक्थ्यो किनभने त्यतिबेला विकसित मुलुकहरूमा समेत यी अत्यावश्यक सामग्रीको चरम अभाव थियो।

संसदीय समितिबाट दिइने अव्यवहारिक निर्देशनका यी प्रतिनिधिमूलक उदाहरण हुन्। यस्ता निर्देशन दिँदा संसदीय समितिको प्रभावकारिता बढ्नुको साटो उनीहरूका निर्णय र निर्देशनमाथि नै प्रश्न उठाउने आधार बन्ने गरेको छ। त्यतिमात्र होइन, यसले गर्दा सरकारी निकायलाई संसदीय समितिका निर्णय कार्यान्वयन नगर्ने बहाना पनि बन्ने गरेको छ।

कार्यक्षेत्र जुधाउने प्रवृत्ति

- **२०७६ कात्तिक २५ गते, सोमबार**– भारत सरकारले जारी गरेको नक्साबारे संसद्को राज्य व्यवस्था तथा सुशासन समिति र अन्तर्राष्ट्रिय सम्बन्ध समितिले छुट्टाछुट्टै बैठक तथा छलफल गरे। त्यो पनि एकैदिन र एउटै समयमा एउटै विषयमाथि दुई फरक समितिमा छलफलसमेत गरेको पाइयो। यी दुवै समितिले एउटै विषयमा छलफल गर्न २०७६ कात्तिक २५ गते बिहान साढे ११ बजे नै बोलाएका थिए। त्यस दिन राज्य व्यवस्था समितिले भूमि व्यवस्थामन्त्री पद्मा अर्यालसँग छलफल गऱ्यो। उता अन्तर्राष्ट्रिय सम्बन्ध समितिले परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग छलफल गऱ्यो।

सीमाको विषय दुवै समितिको कार्यक्षेत्रमा पर्ने देखिन्छ। सीमाको विषय अन्तर्राष्ट्रिय सम्बन्धसँग जोडिने भएकाले अन्तर्राष्ट्रिय समितिले हात हाल्यो। सीमा सुरक्षासँग पनि जोडिएको र सीमामा सुरक्षाकर्मीहरू खटिने हुँदा गृह मन्त्रालयले पनि हेर्छ। गृह मन्त्रालय राज्य व्यवस्था समितिले हेर्ने भएकाले उसले पनि छलफल गर्ने भयो। राज्य व्यवस्था समितिले सीमाको विषयमा छलफल गर्न प्रधानमन्त्री केपी ओलीलाई नै बोलाएको थियो तर उनी आएनन्। भूमि व्यवस्थामन्त्री सहभागी भइन्। बैठकमा राज्य व्यवस्था समितिले कालापानी, लिपुलेक र लिम्पियाधुरा समेटेर नेपालको नक्सा प्रकाशन गर्न सरकारलाई निर्देशन दियो। अन्तर्राष्ट्रिय समितिले भने कुनै ठोस निर्णय गरेन, यस विषयमा थप छलफलको आवश्यकता रहेको निष्कर्षसहित बैठक सकियो।

- **०७७ साउन १९ गते-** महिला तथा सामाजिक समिति र कानुन, न्याय तथा मानवअधिकार समिति दुवैले एसिड आक्रमणको विषयमाथि छलफल गरे। त्यस दिन ११ बजे महिला समितिको छलफल थियो भने अपराह्न १ बजे कानुन समितिको बैठक थियो। महिला समितिले महिला मन्त्रालय, गृह मन्त्रालय, महिला आयोग र तीन जना पीडितलाई छलफलमा बोलाएको थियो। यस समितिमा गृह मन्त्रालयबाट सहसचिव, महिला मन्त्रालयबाट सहसचिव र आयोगको सचिवको प्रतिनिधित्व थियो। त्यस्तै, पीडितहरू जेनी खड्का, मुस्कान खातुन र संगीता थापा मगर सहभागी थिए। अर्कोतिर, कानुन समितिले महिला मन्त्रालय, गृह मन्त्रालय, महान्यायाधिवक्तालाई बोलाएको थियो। बैठकमा महिला मन्त्रालयबाट सचिव, महान्यायाधिवक्ता, गृह मन्त्रालयका सहसचिव उपस्थित थिए। एसिड आक्रमबाट महिलाहरू नै बढी पीडित भएका कारण महिला समितिले यस विषयमा छलफल अघि बढायो। अर्कोतिर मानवअधिकारको विषय भएकाले मानव अधिकार समितिले पनि यही विषयमाथि छलफल गऱ्यो।
- राष्ट्रिय वनहरूमा लागू भएको वैज्ञानिक वन व्यवस्थापन कार्यक्रममाथि छानबिन गर्ने संघीय संसद् प्रतिनिधिसभाका दुई संसदीय समितिबीच प्रतिस्पर्धा र विवाद चल्यो। कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति र सार्वजनिक लेखा समितिबीच मुलुकका विभिन्न जिल्लाका राष्ट्रिय वनमा लागू वैज्ञानिक वन व्यवस्थापन कार्यक्रममाथि छानबिन गर्न दुवै समितिले उपसमिति गठन गरेर काम सुरु गरे। लेखा समितिले ०७७ असार ५ गते 'राष्ट्रिय वनमा लागू भएको वैज्ञानिक वन व्यवस्थापन कार्यक्रमका कारण वन फडानी भइरहेको सम्बन्धमा स्थलगत अध्ययन गर्ने' कार्यक्षेत्र तोकेर उपसमिति गठन गऱ्यो। कृषि समितिले ०७७ असार १० गते वैज्ञानिक वन व्यवस्थापनको छानबिन गर्न उपसमिति गठन गऱ्यो। दुई समितिबीच भएको सो विवाद समाधान गर्नका लागि सभामुख अग्निप्रसाद सापकोटा नै अघि सर्नुपऱ्यो। संसदीय समितिहरूबीच कार्यक्षेत्र लगायतका विषयमा विवाद भएको अवस्थामा त्यस्तो विवादको निरोपानो गर्ने अधिकार सभामुखलाई दिइएको छ।

कुनै समितिले अन्य समितिको कार्यक्षेत्रभित्र पर्ने विषयका सम्बन्धमा छलफल, अध्ययन एवं अनुगमन गर्नुपर्ने अवस्था परेमा सभामुखको पूर्वस्वीकृति लिनुपर्ने प्रतिनिधि सभा नियमावलीको नियम १९२ मा व्यवस्था गरिएको छ।

"समितिका कार्यक्षेत्र सम्बन्धमा विवाद उठेमा सभामुखको निर्णय अन्तिम हुनेछ," सो नियमको उपनियम ३ मा भनिएको छ।[१३०]

सोही व्यवस्थाअनुसार सभामुख सापकोटाले २०७७ असार १८ गते लेखा समितिका सभापति भरतकुमार शाह र कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति पूर्णकुमारी सुवेदीलाई बोलाएर क्षेत्राधिकार विवादको समाधान निकाल्ने पहल गरेका थिए। तर, सो बैठकपछि दुवै समितिहरू आ-आफ्ना ढंगले अघि बढे र आ-आफ्नै हिसाबले प्रतिवेदन बनाए। सभामुखको पहल औपचारिकतामा सीमित भयो।

यसरी कार्यक्षेत्र जुधाएकै कारण समितिको निर्णय कार्यान्वयनमै अन्योल सिर्जना भएको अर्को एउटा बहुचर्चित प्रकरण हो- एनसेललाई फोरजी सेवा प्रदान गर्ने कि नगर्ने भन्ने विषय। निजी टेलिकम कम्पनी एनसेलले सरकारलाई तिर्नुपर्ने लाभकर नतिरेका कारण सो कम्पनीलाई फोरजी सेवा सञ्चालनका लागि अनुमति दिने कि नदिने भन्ने विवाद चर्केपछि प्रतिनिधिसभाका सार्वजनिक लेखा, अर्थ र विकास गरी तीनवटा समितिले छलफल थालेपछि सो विषय थप गिजोलिएको थियो। यस विषयमा तीनवटा समितिबीच नै आपसमा विवाद चर्किएको थियो।[१३१] लेखा र अर्थ समितिले एनसेलले लाभकर चुक्ता नगरेसम्म उसलाई फोरजी सेवा सञ्चालन गर्ने अनुमति दिन नहुने भनी निर्देशन दिएका बेला विकास समितिले कम्पनी सेवा रोक्न नहुने भनी निर्देशन दिएपछि दूरसञ्चार प्राधिकरणले विकास समितिको निर्देशन देखाएर सेवा रोक्नू भन्ने अन्य दुई समितिको निर्देशन कार्यान्वयन गर्न नसक्ने बताएको थियो।[१३२]

संसदीय समितिहरूको वर्षौंदेखिको प्रवृत्ति हेर्दा सांसदहरूले विषय छनोट गर्दा दीर्घकालीन नीति निर्माणको दृष्टिकोण वा सर्वसाधारणको हितका आधारमा भन्दा पनि तत्काल चर्चामा आउने सार्वजनिक विषयमा छलफल गर्न समितिहरूबीच हानाथाप हुने गरेको देखिन्छ। धेरै वर्ष संसद्मा बिताएका संसद् सचिवालयका पूर्वमहासचिव मनोहरप्रसाद भट्टराईको अनुभूति पनि त्यस्तै छ। "जुन विषय अत्यधिक रूपमा राष्ट्रिय चिन्ताको र सरोकारको विषय छ, बढी चर्चित छ, जसले जनमानसको मतमा असर गर्छ, त्यस्ता विषयमा समितिहरूबीच विवाद

---

१३०. प्रतिनिधिसभा नियमावली-२०७५, संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं।
१३१. एनसेलको फोरजी सेवा : संसदीय समितिबीच विवाद, अन्नपूर्ण पोष्ट, २० बैशाख २०७४, https://annapurnapost.com/news/70217
१३२. पूर्ववत्।

भएको पाइन्छ। त्यस्तै आर्थिक दृष्टिकोणबाट ठूला कारोबार हुने विषयहरूमा पनि प्रत्यक्ष या परोक्ष ढंगबाट सांसदहरू बढी आकर्षित हुने गरेको देखिन्छ," भट्टराईको बुझाइ छ।[१३३] भारतले नेपालको सीमा अतिक्रमण गरी नक्सा जारी गर्नुका साथै नेपाली भूमिबाटै सडक बनाएको विषय धेरै नेपालीको भावनामा चोट पर्ने विषय हो, जुन मुद्दामा छलफल गर्न धेरै समिति बढी तत्पर देखिए। त्यसैगरी अर्बौं भुक्तानीको मामिला जोडिएको एनसेल प्रकरण आर्थिक दृष्टिकोणबाट धेरै समितिका लागि आकर्षक भएको थियो।

समितिहरूले कार्यक्षेत्र जुधाएर काम गर्ने नयाँ प्रवृत्ति होइन। यसअघिका संसद्का कार्यकालमा पनि यो समस्या निरन्तर उठ्ने र यसबारे सभामुखकै तहबाट पनि पटकपटक हस्तक्षेप भएकै हो। तर प्रजातन्त्र पुनर्स्थापना पछिको ३० वर्षे संसदीय अभ्यासमा अझै पनि यसबारे दिगो समाधान निस्केको छैन।

तर यस्ता गतिविधिले पनि समितिको प्रभावकारितालाई कम बनाएको छ भने सरकारी निकायलाई निर्देशन अटेर गर्न सजिलो पारेको छ। एनसेल प्रकरणमा दूरसञ्चारले विकास समितिको निर्देशन देखाएर लेखा र अर्थ समितिको निर्देशन कार्यान्वयन गर्न अस्वीकार गरेको उदाहरण सबैभन्दा सान्दर्भिक छ।

सरकारबाट समितिमाथि नै छानबिन माग

सरकारी निकायबाट भएका अनियमितता, भ्रष्टाचार वा अन्य कुनै गलत निर्णय वा गतिविधिमाथि संसदीय समितिले छानबिन गर्नु स्वाभाविक प्रक्रिया हो। तर संसद्को यही कार्यकालमा संसद्को सबैभन्दा प्रभावशाली मानिने लेखा समितिमाथि नै एकजना मन्त्रीले छानबिन गरी दोषीमाथि कारवाहीको माग गरेका थिए।

सार्वजनिक लेखा समितिले २०७५ असोजमा चिनीको बजार भाउबारे छलफल गर्ने क्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सो मातहतका निकायलाई चिनीको बजार भाउ बढाउन चलखेल गरेको गलत आरोप लगाएको भनी उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले त्यसविरुद्ध समितिमाथि नै छानबिनको माग गरेका थिए। मन्त्री यादवले लेखा समितिमा भएको सो कुराविरुद्ध सभामुखलाई पत्र लेखी छानबिनको माग गरेका हुन्।

"संघीय संसद, प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिले मिति २०७५/०६/१४ को पत्रानुसार यस मन्त्रालयको बेरुजु फछ्यौंटको प्रगति र बजारमा उपभोग्य वस्तुहरूको उपलब्धता विषयमा २०७५/०६/१५ गतेका दिन यस मन्त्रालयका दुवै सचिवहरू तथा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशकलाई बोलाई छलफल गर्दा

---

१३३. संसद् सचिवालयका पूर्वमहासचिव मनोहरप्रसाद भट्टराईसँग २०७८ कार्तिकमा गरिएको कुराकानीमा आधारित।

रु. १ अर्ब ६९ करोडको चिनीको बजार भाउ बढाउनमा चलखेल भएको समेत हामीमाथि आरोप लगाइएको र पत्रपत्रिकामा पनि सार्वजनिक भएकोले तथ्यहीन आरोप लगाएको प्रति खेद व्यक्त गर्दै यथाशीघ्र छानबिन गरी दोषीमाथि कडा कारबाहीको लागि हार्दिक अनुरोध गर्दछु" मन्त्री मातृका प्रसाद यादवले सभामुखलाई २०७५ असोज १८ गते लेखेको पत्रमा उल्लेख छ।

सरकार पक्षबाटै भएको यस्तो आपत्तिले संसदीय समितिको विश्वसनीयता खस्किँदै गएको त होइन भन्ने आशंका बढ्न थालेको छ। र, यस्ता गतिविधिबाट अन्ततः सरकारी अनियमितितामाथि निगरानी गर्ने संसदीय समितिमाथि उल्टै सरकारी पक्ष नै हाबी हुन सक्ने देखिन्छ।

असंसदीय अभ्यास: उपलब्धिविहीन बैठक

संसद्मा वैठक सञ्चालन, सदस्यहरूको सम्बोधन तथा प्रस्तुतिलगायत हरेक गतिविधि गर्दा मर्यादा र शिष्टता कायम गर्ने अभ्यास र परम्परा हुन्छन्। जनप्रतिनिधिमूलक संस्थाको गरिमा कायम गर्न र व्यवस्थापिकाका काम कारवाहीलाई बढी उपलब्धिमूलक बनाउनका लागि पनि संसद् र संसदीय समितिका बैठक मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्ने परिकल्पना गरिएको हुन्छ।

त्यसैले, संसद्मा बोल्दा कुनै पनि पदाधिकारी वा सदस्य एकले अर्कोसँग सवाल-जवाफ गर्न नपाउने कडा व्यवस्था गरिएको हुन्छ। राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, मन्त्री वा सांसद जोसुकै भए पनि संसद्मा सम्बोधन गर्दा सभामुखमार्फत मात्र आफ्ना धारणा राख्न पाइन्छ। प्रतिनिधिसभा नियमावली-२०७५ को नियम २० मा "सभामुखले समय दिएपछि मात्र बोल्नुपर्ने," भन्ने स्पष्ट व्यवस्था गरेको छ।

संसद्मा सभामुख वा राष्ट्रिय सभा अध्यक्षको अनुमतिबिना कुनै पनि सदस्यले बोल्न पाउँदैन। कुनै सदस्यको भनाइ चित्त नबुझे पनि अर्को सदस्यले त्यसबारे दोहोरो सवाल जवाफ गर्न पाईँदैन। नियमापत्ति गर्दा पनि अर्को सदस्यले बोलेको कुरा नियमविपरीत भयो भनेर मात्र पुग्दैन कुन नियमविपरीत भयो भनी सो नियम वा उपनियम उल्लेख गर्नेपर्छ।

जसरी सदनका बैठक सञ्चालनका लागि सभामुखलाई निकै अधिकार दिइएको छ, संसदीय समितिका बैठक पनि ठिक त्यसैगरी सञ्चालन गर्ने परिकल्पना गरिएको र सभापतिलाई पनि सभामुखलाई जस्तै अधिकारसम्पन्न बनाइएको छ। तर अधिकांश सभापतिहरूले सो अधिकारअनुसार बैठक सञ्चालन गर्न सकेको भने पाइँदैन। प्रतिनिधिसभा नियमावलीमा समितिका बैठकलाई मर्यादित र अनुशासित बनाउनेबारे स्पष्ट व्यवस्था गरिएको छ।

"समितिको बैठकमा शान्ति, सुव्यवस्था तथा अनुशासन कायम राखी समितिको बैठक सुचारु रूपले सञ्चालन गर्न समिति र समितिका सदस्यका सम्बन्धमा सभापतिलाई यस नियमावली वमोजिम सभामुखलाई भएको सबै अधिकार हुनेछ।"[१३४]

नियमावलीको सोही व्यवस्थाअनुसार समितिहरूले पनि त्यसबारे सभापतिलाई पर्याप्त अधिकार दिएर बैठक सञ्चालन कार्यविधि बनाएका छन्।

"समितिको सभापतिको ध्यानाकर्षण गर्नको निमित्त सदस्यले हात उठाउनुपर्नेछ र सभापतिले निजको नाम क्रमशः बोलाएपछि वा इसारा गरेपछि एकपटकमा एक जनाले मात्र बोल्नुपर्नेछ। कुनै एक सदस्य बोलिरहेको समयमा बीचैमा अर्को सदस्यले बोल्न र एक आपसमा कुरा गर्न पाइनेछैन," सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधिमा उल्लेख छ, "सदस्यले समितिको बैठकमा बोल्दा सभापतिलाई सम्बोधन गरेर मात्र बोल्नुपर्नेछ। समितिको छलफलको क्रममा कुनै सदस्यले व्यक्त गरेको विषयवस्तुलाई अर्को सदस्यले सो कुरामा सहमति व्यक्त गर्ने बाहेक पुनः सोही विषय नदोहोऱ्याउनेतर्फ ध्यान दिनुपर्नेछ। बैठकमा बोल्दा कसैलाई व्यक्तिगत आक्षेप लगाउन, अशिष्ट, अश्लील, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्न हुँदैन। सदस्यले बोल्न पाउने अधिकारलाई बैठकको कार्यमा बाधा पार्ने मनसायले दुरुपयोग गर्न पाइनेछैन।"[१३५]

सभापतिले बैठकलाई मर्यादित बनाउन समितिका सदस्यहरूलाई आह्वान गर्ने र कुनै सदस्यबाट अमर्यादित व्यवहार भएमा प्रतिनिधिसभा नियमावलीअनुसार कारवाही गर्न सक्ने अधिकार सभापतिलाई सो कार्यविधिले दिएको छ।[१३६]

संसदमार्गनिर्देशनका तपय अभ्यासरप्रक्रियासमयक्रममानियमकेरूपमास्थापितहुनेहुँदात्यसलाईनिकै महत्व र गम्भीरताका साथ हेर्नुपर्छ। "संसदीय व्यवस्थामा अभ्यासबाट स्थापित मान्यतालाई पनि संसदको नियमावलीसरह ग्रहण गर्ने यसको अंशको रूपमा मानिन्छ," संसद् सचिवालयका महासचिव डा. भरतराज गौतमको भनाइ छ, "संविधान र नियमावलीमा भएका विषय त्यसैअनुरूप र नभएका विषय संसदीय अभ्यासबाट निर्क्योल गरिन्छ। अतः संसदको नियमावली र अभ्यासबाट स्थापित मान्यताअनुसार संसदीय कामकारवाही सञ्चालन, प्रक्रिया परिस्कृत र विकसित भएको हुन्छ।"[१३७]

तर संविधान, नियमावली र समितिका आन्तरिक कार्यविधिका यी प्रावधानहरूको संसदहरूले कुनै पर्वाह गरेको पाइँदैन।

---

१३४. प्रतिनिधिसभा नियमावली, २०७५, नियम १८७, संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं।

१३५. २०७५/०४/२१ गते पारित सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधि २०७५।

१३६. पूर्ववत्।

१३७. गौतम, डा. भरतराज, संसदीय कार्यसञ्चालन : अभ्यास एवं परम्परा, संघीय संसद सेवा समाचार, वर्ष ९, अंक ८, २०७७, पृष्ठ ६२।

समितिका बैठकहरू उपलब्धिमूलक हुन नसक्नुमा समितिका बैठक मर्यादित र विषयकेन्द्रित नहुनु एक प्रमुख कारण भएको बताइन्छ। नियमावलीले सभापतिलाई जसरी अधिकार दिएको छ सो अनुसार उनीहरूले समिति बैठकलाई अनुशासित र उपलब्धिमूलक बनाउन सकेको देखिँदैन। प्रायः हरेकजसो समितिमा यी नियम उल्लंघन भएको हुन्छ। समितिका गतिविधि नियाल्दा सो कुरा प्रस्टै देखिन्छ। हेरौं, केही प्रतिनिधिमूलक दृष्टान्तहरू :

दृष्टान्त १

१० साउन २०७७ मा प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध समितिले त्यसअघि आफूले दिएका निर्देशन कार्यान्वयनको विषयमा छलफल बैठक राखेको थियो।

बैठकमा एमाले अध्यक्ष केपी ओली पक्षका सांसद र सत्तापक्षीय गठबन्धनका सांसदहरूबीच भनाभन भयो। दुई पक्षबीचको तिक्तताले समिति बैठक प्रभावित भयो। बैठकको सुरुवात गर्दै सभापति पवित्रा निरौला खरेलले एकपछि अर्को सांसदहरूलाई क्रमैसँग बोल्न समय दिइन्। समिति सदस्यहरूले धारणा राखिरहेका थिए। बैठकको बीचमा ओलीपक्षीय सांसद नारदमुनि राना आइपुगे। उनको बोल्ने पालो आयो। उनले बोल्नेक्रममा विवाद निम्तियो। रानाले प्रतिनिधिसभा पुनर्स्थापना गराउने अदालतको कदम र माधव नेपाल पक्षको व्यवहारको आलोचना गर्न सुरु गरे। त्यसपछि पूर्वप्रधानमन्त्री माधव नेपाल स्वयं र उनीपक्षीय सांसदहरू दीपकप्रकाश भट्टलगायत रानामाथि खनिए। नेता नेपालले रानालाई प्रतिगमनको मतियार भएर समितिमा प्रस्तुत भएको आरोप लगाए। नेपाल र भट्टले रानालाई बैठकबाट निस्कन चेतावनीसमेत दिए। सभापतिले वादविवाद नगर्न बारम्बार आग्रह गर्दा पनि सांसदहरूले टेरेनन्। समिति सदस्यहरूबीच जुहारी चली नै रह्यो।

"समिति सभापतिले रोक्दा पनि संसद् विघटन सही थियो भनिरहन थालेपछि नेपाल पक्षका एमाले सांसद दीपकप्रकाश भट्टले रोक्दै भने, 'प्रतिगमनका मतियारहरू।' भट्टले बोलिनसक्दै पहिल्यैदेखि आक्रोशित मुद्रामा देखिएका नेपाल आफै बोल्न थाले। रानातिर चोर औंला तेर्स्याउँदै उनले भने, 'प्रतिगमनको मतियार बन्ने ?' राजीनामा दिनुस्, निस्किनुस्।' राना आफूले सही भनेको भनेर बोल्न खोज्दै थिए, नेपालले रोक्दै भने 'प्रतिगमनको मतियार बन्न पाइँदैन। तपाईं हट्नुस्। राजीनामा दिनुस्, निस्किनुस्। विघटन गराउने अनि..."[१३८]

१३८. महत जयसिंह, संसदीय समितिमै एमालेको चर्काचर्की, कान्तिपुर दैनिक, काठमाडौं, ११ साउन २०७७।

सांसद रानाले आफूलाई वैठकवाट निस्कनुस् भन्ने सांसद भट्टतिर हेर्दै प्रतिप्रश्न गरे, "बोल्न पाइँदैन भन्ने तपाईं को हो ?"

त्यसपछि रानासँग जोडिएकै सिटमा वसेकी माओवादी सांसद चाँदतारा कुमारीले रानातर्फ औंलो उठाएर सोधिन् 'तपाईं को हो जे पायो त्यही बोल्ने ? हामीले आन्दोलन गरेर ल्याएको हो संसद्। तपाईं जे पायो त्यही नबोल्नुस्।' यसरी सँगै वसेका सांसदहरू एकअर्काप्रति औंला ठड्याएर जुहारी खेल्दा विवादले भौतिक रूप लिने पो हो कि भन्ने जोखिमसमेत देखिन्थ्यो। यसरी सांसदहरूको सवालजवाफले विथोलिएको वैठक विषयमा फर्किनै सकेन।

"केही समयपछि नेता नेपाल निस्किए। अनि अरू सांसद पनि वैठक कक्षवाट वाहिरिए। समिति विषयमै प्रवेश नगरी सक्कियो।"[१३९]

दृष्टान्त २

१९ मंसिर २०७७ मा अन्तर्राष्ट्रिय सम्वन्ध समितिमा नेपाल-भारत सीमावारे तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग छलफल थियो। वैठकको सुरुमै मन्त्री ज्ञवालीले भारतसँग सीमा समस्यावारे संवादको प्रयास भइरहेको वताए। मन्त्री ज्ञवालीको भनाइलगत्तै समिति सदस्य भीम रावललले भारतीय गुप्तचर संस्था रअका प्रमुखको भ्रमण र प्रधानमन्त्री केपी शर्मा ओलीसँगको भेटलाई लिएर प्रश्न उठाए। रावलले १० मिनेट समय लिए। तर, समिति सभापति पवित्रा निरौला खरेलले उनलाई ३ मिनेटमात्रै समय दिएकी थिइन्। समय लिने सन्दर्भमा समिति सभापति खरेलसँग सवाल जवाफ नै चल्यो। रावलको मन्त्री ज्ञवालीसँग पनि सवाल जवाफ चल्यो। ज्ञवाली र रावलको सवाल-जवाफ भने नेपाल भारत सीमा समस्या समाधानका लागि नेपाल सरकारले गरेको पहलसँग केन्द्रित थियो।

एउटै पार्टीका स्थायी कमिटी सदस्य रहेका ज्ञवाली र रावलवीच संसदीय समितिमा जुहारी चल्यो। आफ्नै पार्टीका सांसदले सरकारको कामकारवाहीमाथि प्रश्न उठाएपछि मन्त्री ज्ञवाली रुष्ट देखिए। ज्ञवालीको जिकिर थियो, 'आफ्नो सरकारलाई विश्वास नगरेर कसलाई विश्वास गर्ने ? सीमा विवादको विषयमा जुन गम्भीरता राख्नुपर्थ्यो त्यो सरकारले राखेको छ।' सांसद रावलले माथिल्लो

---

१३९. संसदीय समितिमा नेपाल र ओली पक्षका सांसदवीच भनाभन : विषयमा प्रवेश नै नगरी सक्कियो वैठक, सेतोपाटी डट कम, काठमाडौं, साउन १०, २०७७।

कर्णाली जलविद्युत परियोजनाको विषयमा पनि प्रश्न उठाए। माथिल्लो कर्णाली परियोजना बनाउने ठेक्का भारतीय कम्पनी जीएमआरले पाएको छ। ७ वर्षमा पनि सो परियोजना अगाडि बढ्न नसकेको तर वर्तमान सरकारले अर्को म्याद थपेर त्यसलाई लम्ब्याउने काम गरेको भन्दै रावलले सरकारको आलोचना गरे। यसमा पनि मन्त्री ज्ञवालीले जवाफ फर्काए, 'माननीयज्यूले जुन गम्भीरताका साथ कुरा उठाउनुभएको छ, त्यसैगरी सरकारले काम गरेको छ।' मन्त्री ज्ञवाली र रावलबीच समितिमा सिधा प्रश्नोत्तर जस्तो चलिरह्यो। एकपछि अर्को प्रश्न गर्ने क्रममा सांसद रावलले कोसी उच्च बाँधमा भारतले दबाब दिन थालेको प्रसंग पनि कोट्याए। र, सरकारले कोशी आसपासका क्षेत्रलाई डुबाएर कोशीको पानी जम्मा गरेर त्यहाँ पानीजहाज चलाउन खोजेको टिप्पणी गरे। तर मन्त्री ज्ञवालीले भने यस्ता आशंका नगर्न भन्दै जहाज चलाउने विषय र कोसी उच्च बाँधको काम त्यसरी अघि नबढेको प्रस्टीकरण दिए।

दृष्टान्त ३

१० चैत ०७६ मा संसदीय सुनुवाइ समितिमा चीनका लागि प्रस्तावित राजदूत महेन्द्रबहादुर पाण्डेको सुनुवाइ हुँदै थियो। नेपाली कांग्रेसका सांसद जितेन्द्रनारायण देवले नेपालको विदेश नीतिमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी नेकपाले दलीय प्रभाव पारेको दावी गरे। तुरुन्तै तत्कालीन नेकपाका प्रमुख सचेतक देव गुरुङले प्रतिवाद गरे। नेपालको विदेश नीतिबारे सांसदद्वय गुरुङ र देवबीच समितिको सो बैठकमा जुहारी नै चल्यो। 'नेपालको परराष्ट्र नीति संविधानअनुसार चल्ने कि कुनै अमुक पार्टीको विदेश विभागबाट प्रभावित हुने?' देवको प्रश्न थियो। सांसद देवको जवाफ अर्का सांसद गुरुङले दिइरहेका थिए। 'यो विषयमा प्रस्तावित राजदूत पाण्डेले जवाफ दिने हैन। अनि किन यो विषय यहाँ उठाइयो?' गुरुङको प्रतिप्रश्न थियो। त्यसपछि सांसद देवले भनेजुएला प्रकरण कोट्याए। लगत्तै गुरुङले जवाफ फर्काए, 'हामी दलीय व्यवस्थामा छौं। त्यसकारण दलको नीतिबाट सरकारको नीति प्रभावित हुन्छ। तर माननीयले उठाएको यो विषय यहाँ उठाउने विषय हैन।' सांसदद्वयको जुहारीमा समिति सभापति लक्ष्मण लाल कर्णले हस्तक्षेप गरेनन्। सभापतिलाई बेवास्ता गर्दै सांसदहरूबीच सिधा सवाल जवाफ भइरह्यो। सो बैठक पनि त्यस दिनको सुनुवाइको एजेन्डाभन्दा असम्बन्धित प्रसंगका कारण प्रभावित रह्यो।

दृष्टान्त ४

नेपाल टेलिकमको प्रबन्ध निर्देशकको पदपूर्ति खुल्ला प्रतिस्पर्धाबाट गर्ने निर्देशन....' विकास समितिकी सभापति कल्याणी खड्काले सो समितिको निर्णयको एउटा पूरा वाक्य पढिनसक्दै 'एकछिन एकछिन' भन्दै बैठकमा उपस्थित सञ्चारमन्त्री गोकुल बास्कोटा बीचमै कड्किए। खड्का अलमलमा परेर रोकिइन्। 'एकछिन एकछिन, मेरो यो निर्णयमा एउटा आपत्ति छ। यहाँ छलफल एउटा, निर्देशन अर्को, कसले लेख्छ निर्देशन ?' मन्त्री बास्कोटाले आक्रोशित स्वरमा भने, 'छलफल गरौं, कसरी हुन्छ यो ?' मन्त्री बास्कोटा कड्केपछि निरीह हुँदै सभापति खड्काले 'ठिक छ, ठिक छ' भन्दै परिस्थिति सहज पार्ने प्रयास गरिन्। मन्त्री बास्कोटा त्यतिमै रोकिएनन्। 'प्रतिस्पर्धाबाटै हुन्छ भनेर लेख्नै पर्दैन। कानुनमै त्यही छ। समितिको के निर्देशन हो यो ? पूर्वनिर्देशित हुन्छ र निर्णय ?'

मन्त्री आबद्ध दल नेकपाबाटै प्रतिनिधित्व गर्ने सभापति खड्काले मन्त्रीकै सामु निर्णय सुनाएकी थिइन्। उनले मन्त्रीको हस्तक्षेप रोक्न सकिनन्। वरु आफ्नै कमजोरी स्वीकारे जसरी भनिन्, 'कानुनमा रहेर काम गरौं, यसमा अनियमितता नहोस् भन्ने मात्र खोजेको।' मन्त्री बास्कोटाको आपत्तिपछि टेलिकम प्रबन्ध निर्देशकको पदपूर्ति खुला प्रतिस्पर्धाबाट गर्ने निर्देशन समितिको निर्णयबाट हटाइयो। त्यो भाषा सच्याएर समितिले टेलिकमको सेवालाई विस्तार र गुणस्तरीय बनाउन तत्काल प्राविधिक, प्रशासनिक र व्यवस्थापकीय सुधार गर्न निर्देशन दियो।

यसरी सरकारका कामकारबाहीको अनुगमन गर्ने र मन्त्रालयलाई निर्देशन दिने अधिकार भएको समिति र त्यसका सभापतिमाथि समितिकै बैठकमा मन्त्री हाबी भए। मन्त्रीले समितिको निर्णय नै उल्ट्याएको प्रसंग निकै चर्चित बन्यो। कार्यकारीका निकायसामु विधायिकी निकाय निरीह र फितलो भएको यो अर्को एउटा प्रतिनिधि घटना हो।

स्वार्थ जोडिएका विषयमा सांसदको सक्रियता

केही वर्षयता संसद्मा झाँगिदै गएको एउटा प्रवृत्ति हो आफ्नै स्वार्थ जोडिएका विषयमा सांसदहरूको संलग्नता। अर्थात्, जुन विषयमा आफ्नो व्यापार व्यवसायको स्वार्थ छ त्यही विषयमाथि सदन र मुख्यतः संसदीय समितिहरूमा छलफल, छानबिन हुँदा उनै सांसदहरू सहभागी भएर आफ्नो स्वार्थअनुकूल निर्णय गराउने प्रवृत्ति बढ्दो छ।

ुख्य थलो व्यवस्थापिकामा केही वर्षयता बढेको स्वार्थ बाझिने (कन्फ्लिक्ट
ायमै सांसदहरूको दबदबालाई संसदीय मामिलाका जानकारहरूले चिन्ताको
लिनुपर्ने बताएका छन् । 'संसद्'मा स्वार्थ बाझिने थुप्रै व्यक्तिको उपस्थिति
क्लँदो छ । संसदीय समितिहरूमा बसेर नीति र कानुन निर्माणमा खुलमखुला
– लबिङ गर्ने र निर्णय प्रक्रियामा हावी हुने प्रवृत्ति व्यापक रूपमा देखिएको

ो सञ्चारमाध्यम र संसदीय मामिलामा अध्ययन गर्ने विज्ञहरूले गम्भीर
ाएका पनि छन् । तर यो संसद्कालमा यस्ता गतिविधि झन् बढिरहेको तथ्य
हेका छन् । सामान्यतया सबै समितिमा यस्ता विषय उठ्ने गरे पनि अर्थ
समिति र शिक्षा तथा स्वास्थ्य समितिमा बढी पेचिलो बन्ने गरेको छ ।

दस्य रहेका बैंक सञ्चालकहरू नै बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन
णमा हाबी भए । सो समितिका सदस्य नै बैंकका प्रमुख, सञ्चालक तथा
ो र उनीहरूले आफूअनुकूल प्रावधान सो विधेयकमा समावेश गरेको भनी
ी विरोध भयो । प्रस्तावित कानुनमा व्यावसायीले आफ्नो स्वार्थअनुरूप केही
वधान राखेको भनी सार्वजनिक रूपमा व्यापक आलोचना भएपछि सदनमा
धेयकलाई सदनले नै पुनः समितिमा फिर्ता गऱ्यो ।[१४०]

वधेयकमा काम गरिरहेको अर्को समितिमा पनि त्यस्तै गतिविधि देखियो ।
सञ्चालकहरूले सो विधेयकमा आफूअनुकूल प्रावधान राख्न सफल भए ।
व्यापक विरोध हुँदाहुँदै पनि उनीहरूले सो विधेयकलाई सदनबाटै पारित
ाए ।[१४१] राजधानीमा ठूला स्कुल, कलेज चलाइरहेका ती सांसदहरूले नयाँ
ठिन हुने प्रावधान कानुनमा राख्न सफल भएका थिए । त्यसैगरी, प्रस्तावित
ान (मेडिकल कलेज तथा अस्पताल) सम्बन्धी विधेयक छलफल भइरहेको
यस्तै दृष्टान्त देखियो । सोही अस्पतालका सञ्चालक समेत रहेका समितिका
विधेयकमा आफूअनुकूल प्रावधान राख्न जोडबल गरेपछि त्यसबारेको
क्यो ।

र्माण व्यवसायीहरू सांसद बनेर आउने क्रम बढ्दो छ । उनीहरूमध्ये विभिन्न
लजस्ता विकास निर्माणका कामको ठेक्का लिएर अलपत्र पार्ने, ढिलाइ गर्ने
गरेर भ्रष्टाचारमा परेका ठेकेदार कम्पनीका मालिक पनि हुने गर्छन् । विकास

---

hok, https://myrepublica.nagariknetwork.com/news/mps-influencing-
ntary-decisions-in-clear-conflict-of-interest/, July 11, 2016 07:15 AM

निर्माणका कामहरूको निगरानी गर्ने र त्यसबारे नीति तथा कानुनहरू तर्जुमा गर्ने संसद्को विकास समिति नै त्यस्ता सांसदहरूको रोजाइमा पर्ने गरेको छ। विकास समितिले अलपत्र आयोजनाहरूको अनुगमनमा जाँदा उनीहरू आफैं सहभागी हुन्छन् र ठेकेदारको पक्षमै उभिएर बोल्छन्।[१४२]

यस्ता घटनाक्रमले अहिले नेपालका संसदीय समिति र समग्र संसद्लाई नराम्रोसँग गिजोलेको छ भने सुशासन र संसदीय व्यवस्थाको स्वच्छता चाहनेहरूलाई पिरोलेको छ।

संसदीय मामिलामा रिपोर्टिङ गर्दै आएका पत्रकार सुशील पन्त पछिल्ला वर्ष संसदीय समितिहरूमा स्वार्थ समूहहरू हावी हुँदै गएको बताउँछन्। "बैंक तथा वित्तीय संस्थासम्बन्धी विधेयक (बाफिया) र शिक्षा ऐन आठौं संशोधन विधेयक सम्बन्धमा कतिपय सांसदले विधाधिकी दायित्वभन्दा स्वार्थ समूहको हितमा काम गरे। बैंक र वित्तीय संस्थाका सञ्चालकहरू आफै समिति अन्तर्गतका उपसमितिमा बसेर आफूअनुकूल विधेयक पारितको कोसिस गरे, परन्तु चौतर्फी विरोधपछि संसद्को पूर्ण बैठकले कतिपय दफाका प्रावधानको पुनः विचारको लागि संसदीय समितिमा पठाईदियो। नेपालको संसदीय इतिहासमा सांसदहरू स्वयंले यति भद्दा लविङ सायदै गरेका थिए। सञ्चारमाध्यममा पत्रकारहरूले निरन्तर समाचार लेखेका कारण पनि संसद्ले सो विधेयक समितिमा फर्काईदियो।"[१४३]

यस प्रवृत्तिलाई निरुत्साहित गर्ने विधि र उपायहरू खोज्नुपर्ने आवाज गम्भीर रूपमा उठ्न थालेको छ। नेपालको संसदीय अभ्यासमा स्वार्थवाझको समस्या दिनप्रतिदिन बढ्दो क्रममा रहेको प्राध्यापक कृष्ण खनालको ठहर छ। "लोकतन्त्रको मूल्य र मान्यतालाई व्यवहारमा कायम राख्दै आमजनताको बृहत्तर हितका लागि सांसदहरूको आचरण र व्यवहार सुनिश्चित गर्नु अपरिहार्य हुन्छ," खनालको भनाइ छ।[१४४] यसमा सुधारबारे संसदीय मामिलाका अध्येता खनालका पाँच बुँदे सुझाव छन्।[१४५] वैयक्तिक हित/स्वार्थ, सार्वजनिक हित/स्वार्थ टकराव, द्वन्द्व, स्वार्थबाझजस्ता शब्दको स्पष्ट परिभाषा गरी अन्तर्राष्ट्रिय प्रचलन र मान्यताअनुसार व्यक्तिगत विवरण र घोषणाको प्रावधान राख्नुपर्ने र स्वार्थसम्बन्धी विवादको निरूपण गर्ने संयन्त्र र अधिकारीको स्पष्ट व्यवस्था गर्नुपर्ने खनालको धारणा छ। कानुन उल्लंघन गर्ने सदस्यमाथि कारवाहीको प्रकृति र हद निर्धारण गर्नुपर्ने र अहिले कतिपय देशमा शासकीय

---

१४२. घिमिरे रवीन्द्र, बजगाईं रघुनाथ, 'स्वार्थी पात्र'हरूको दबदबा : सरकारदेखि संसदसम्म, २०७८ साउन २२ गते २१:०१ मा प्रकाशित https://www.onlinekhabar.com/2021/08/994635

१४३. पन्त सुशील, 'मिनी पार्लियामेन्ट'को रिपोर्टिङ, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, २०७३, पृष्ठ १९१-१९२।

१४४. खनाल कृष्ण, विधायनी कार्यमा स्वार्थ टकराव, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, २०७३, पृष्ठ २१।

१४५. पूर्ववत।

आचरणको छुट्टै कानुनी व्यवस्था गर्ने प्रचलन भएजस्तै नेपालमा पनि त्यसै गर्नुपर्ने आवश्यकता रहेको खनालको भनाइ छ।

त्यसो त नेपालकै संसद्ले पनि त्यसबारे नियम नै नबनाएको भने होइन। प्रतिनिधिसभा नियमावली २०७५ ले यसबारे आधारभूत नियम बनाएको छ। सो नियमावलीको नियम १९१ मा समितिका छलफल र निर्णयमा कस्ता सदस्यले भाग लिन नहुने भन्नेबारे प्रावधान राखिएको छ। "कुनै समितिको विचाराधीन विषयसँग कुनै सदस्यको व्यक्तिगत स्वार्थ गाँसिएको भए सो विषयको छलफल र निर्णयमा सो सदस्यले भाग लिन हुँदैन," सो नियममा भनिएको छ। त्यसैगरी सोही नियमावलीको परिच्छेद २६ मा सदस्यको आचरण र अनुगमनसम्बन्धी व्यवस्था गरिएको छ।

सो परिच्छेदअन्तर्गत नियम २१६ मा सभाका पदाधिकारी तथा सदस्यले संविधान बमोजिमको उत्तरदायित्व पूरा गर्न तथा निजको कामकारवाहीमा सार्वजनिक विश्वास कायम गर्न केके आचारसंहिता पालना गर्नुपर्नेछ भनी उल्लेख गरिएको छ।

सभा वा आफू सदस्य भएको समितिमा विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा बैठक वा समितिलाई जानकारी गराई सो विषयमा हुने छलफलमा भाग नलिने भनी स्पष्ट उल्लेख गरिएको छ।[१४६] तर, अहिलेसम्म त्यस्ता विषयसँग सम्बन्धित कुनै सांसदहरूले यस्तो नैतिकता देखाएको उदाहरण छैन।[१४७]

संसद् तथा राज्यका निकायलगायत सार्वजनिक ओहदामा रहेका व्यक्तिहरूलाई स्वार्थ बाझिने नीति निर्माण कार्य र निर्णय प्रक्रियाबाट अलग राख्ने काम अन्य देशहरूका लागि पनि चुनौतीपूर्ण देखिएको छ र त्यसलाई विभिन्न देशले आआफ्नै तरिकाले सम्बोधन गर्ने गरेका छन्। कतिपयले यसैसम्बन्धी छुट्टै कानुन बनाएका छन् भने धेरैले बनाएका छैनन्। "सांसदको निजी स्वार्थ नियमनका लागि क्यानडाले छुट्टै कानुन बनाएको छ। भारत, अमेरिका, बेलायतले आचारसंहिताको व्यवस्था गरेका छन्। अस्ट्रेलियामा संसदीय समितिको व्यवस्था छ। आचरण समितिको व्यवस्था धेरै देशहरूमा रहेको पाइन्छ," प्राध्यापक खनाल भन्छन्।[१४८]

भारतमा 'कन्फ्लिक्ट अफ इन्ट्रेस्ट' सम्बन्धी कानुन बन्ने क्रममा रहेको तर त्यहाँ इमान भएका नेताहरूले घोषणा गरेर त्यस्तो 'स्वार्थको द्वन्द्व' हुने ठाउँमा त्यस प्रक्रियाबाट सर्लक्क आफै अलग हुने गरेको सेतोपाटी डट कमका प्रधानसम्पादक अमीत ढकाल लेख्छन्।

---

१४६. प्रतिनिधिसभा नियमावली, २०७५, दफा २१६ (ज), संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं।

१४७. पिमिरे स्वीन्द्र, बजगाईं रघुनाथ, 'स्वार्थी पात्र'हरूको दबदबा : सरकारदेखि संसद्सम्म, २०७८ साउन २२ गते २१:०१ मा प्रकाशित https://www.onlinekhabar.com/2021/08/994635

१४८. खनाल कृष्ण, विधायनी कार्यमा स्वार्थ टकराव, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, २०७३, पृष्ठ १९।

"भारतीय जनता पार्टी (भाजपा) का दिवंगत नेता अरूण जेट्लीले त्यसो गरेका थिए। भोडाफोनको विवादास्पद १५ हजार करोड भारतीय रूपैयाँ कर छलीको विषय केन्द्रीय सरकारको अर्थ मन्त्रालयले हेरिरहेको थियो। अर्थ मन्त्रालयमा भइरहेको छलफलमा अर्थमन्त्री जेटलीले आफू सहभागी नहुने बताए। आफूले यसअघि भोडाफोन कम्पनीलाई वकिलका रूपमा परामर्श उपलब्ध गराएकाले अहिले उसैको छानविनमा वस्नु 'कन्फ्लिक्ट अफ इन्ट्रेस्ट' हुने जिकिर गरे। जेट्लीको उक्त निर्णयको भारतमा सराहना गरिएको छ।"[१४९]

यस सन्दर्भमा अमेरिकी संसद्को एउटा अभ्यासचाहिँ हाम्रा लागि पनि 'रोलमोडल' अर्थात् उदाहरणीय हुन सक्ने संसदीय मामिलामा रिपोर्टिङ गर्दै आएका पत्रकार नारायण काफ्लेको बुझाइ छ। "जहाँ विधायकले आफूलाई समेत लाभ हुने कानुन पारित गरेमा आफ्नो कार्यकाल सकिएपछि मात्र लागू हुने प्रावधान छ," काफ्ले लेख्छन्, "तर, हाम्रा विधायक आफ्ना व्यवसायसँग सम्बन्धित कानुन आफै बनाइदिन्छन्। आफ्नो प्रत्यक्ष सरोकार भएको विषयमा विधान पनि तर्जुमा गर्छन्।"[१५०] नेपालमा त्यसरी प्रत्यक्ष स्वार्थ जोडिएका सांसदहरूले बनाएका कानुन तत्काल लागू हुन्छन्। केही वर्षयता झाँगिँदो यो रोग नियन्त्रण गर्ने उपाय बेलैमा नखोजे संसदीय समितिलाई थप गाँज्ने र समग्र संसद्प्रति जनविश्वास गुम्दै जाने निश्चित छ।

आचरण अनुगमन समितिले गर्न सक्छ सम्बोधन

प्रतिनिधिसभाको नियमावलीले स्वार्थ बाझिने विषय भएमा त्यस्ता विषयमा हुने छलफल तथा निर्णय प्रक्रियाबाट सांसद आफै अलग्गिनुपर्ने भनी आचारसंहिता खण्डमा उल्लेख गरे पनि सदस्यहरूले सो नियमलाई बेवास्ता गर्दै आएका छन्। नियमावलीले सांसदलाई जस्तै संसद्को नेतृत्वलाई पनि त्यसप्रति जिम्मेवार र सो समस्यालाई सम्बोधन गर्न चाहेमा त्यसका लागि आवश्यक व्यवस्था गरेको छ। नियमावलीमा व्यवस्था गरिएको आचरण अनुगमन समिति गठन गरेर क्रियाशील भएको अवस्थामा सो समस्याको धेरै हदसम्म सम्बोधन हुन सक्छ। प्रतिनिधिसभाका सभामुख सभापति र उपसभामुख उपसभापति रहने सो समितिमा विपक्षी दलको नेता र प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलका नेताले छनोट गरेका सदस्यमध्येबाट सभामुखद्वारा मनोनीत बढीमा ९ जना सदस्य रहने व्यवस्था छ।"[१५१]

---

१४९. ढकाल अमीत, "क्षमतावान व्यापारी राजनीतिमा आउँदा, मन्त्री हुँदा किन आपत्ति ?", सेतोपाटी डट कम, साउन १४, २०७८, १६:३३:०० https://www.setopati.com/opinion/244509

१५०. काफ्ले नारायण, सांसद : विधि निर्माता कि विकासे कार्यकर्ता ?, संसदीय पत्रकारिता, संसदीय मामिला पत्रकार समाज, २०७३, पृष्ठ १७७।

१५१. प्रतिनिधिसभा नियमावली, २०७५, नियम २१७, संघीय संसद् सचिवालय, सिंहदरबार, काठमाडौं।

संसद्को कुनै सदस्यले आचारसंहिताको उल्लंघन गरेको भनी सार्वजनिक रूपमा उठेका प्रश्न वा कसैले समिति समक्ष सूचना दिएमा त्यस आधारमा आचरण अनुगमन समितिले आवश्यक छानबिन गर्न सक्छ। तर स्वार्थ बाझिने विषयमा भएका छलफल तथा निर्णय प्रक्रियामा सांसदहरूको खुलेआम सहभागिता तथा लबिङ भइरहँदा समेत नियमावलीले गरेको सो व्यवस्थाअनुसार आचरण अनुगमन समिति गठन गरिएको छैन। त्यस्तो समिति गठन गरी नियमावलीले गरेको व्यवस्था र विधिअनुसार प्रश्न उठेका सदस्यमाथि छानबिन गरेको खण्डमा यस्तो प्रवृत्ति निरुत्साहित हुन सक्छ। त्यसैगरी, संसद्मा देखिएका अन्य विसंगति तथा वेथितिलाई यसबाट धेरै नियन्त्रण हुनसक्छ।

सदाबहार समस्या : गणपूरक संख्या

संसदीय समितिमा सांसदहरूको व्यवहारसँग जोडिएका प्रवृत्ति अध्ययन गर्दा एउटा सदाबहार समस्या देखिन्छ। त्यो हो- गणपूरक संख्या (कोरम) मा अपुग। यस्ता समस्या निरन्तर दोहोरिएपछि कतिपय अवस्थामा कुनै-कुनै समितिले त बिना कोरम पनि बैठक बसेर निर्णय गरेका उदाहरणसमेत पाइन्छन्।

संसद् र समितिहरूका बैठकलाई मर्यादित र अनुशासित बनाउन संसद्को नियमावली र समितिका बैठक सञ्चालनसम्बन्धी आन्तरिक कार्यविधि छन्, जसमा त्यसबारे स्पष्ट व्यवस्थाहरू गरिएको छ। तर पनि सभापतिले ती प्रावधानलाई कडाइका साथ लागू नगर्दा र सांसदहरूले आफैंले बनाएका नियमहरूको पालना नगर्दा सदन तथा समितिका बैठक अमर्यादित, अव्यवस्थित र उपलब्धिहीन हुने गरेका छन्।

समितिको बैठक बस्न तोकिएको दिन र समयमा सम्पूर्ण सदस्यहरू अनिवार्य रूपमा उपस्थित हुनुपर्ने भनी समितिको आन्तरिक कार्यविधिमा स्पष्ट नियम बनाइएको हुन्छ।

प्रतिनिधिसभा नियमावलीले नै समितिको गणपूरक संख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको ५१ प्रतिशत हुने व्यवस्था गरेको छ। समितिको बैठकमा गणपूरक संख्या नपुगेमा सो संख्या नपुगेसम्म समितिको सभापतिले बैठकको कार्य स्थगित गर्न वा अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्छ। गणपूरक संख्या नपुगी लगातार दुईपटक बैठक स्थगित भएमा तेस्रोपटक कम्तिमा एक चौथाइ सदस्य उपस्थिति भएमा बैठक बस्न सक्छ।[१५२]

१५२. प्रतिनिधिसभा नियमावली नियम २०७५ को नियम १७९।

सोही नियमावलीका आधारमा समितिहरूले आफ्ना आन्तरिक कार्यविधिहरू बनाएका छन्, जसमा त्यसबारे थप प्रस्ट प्रावधानहरू राखिएको हुन्छ। "समितिको बैठक बस्ने निर्धारित समयभन्दा ३० मिनेटपछिसम्म पनि ५१ प्रतिशत सदस्यहरूको उपस्थिति हुन नसकेमा सभापतिले बैठक स्थगन गरी अर्को बैठकको मिति तोक्न सक्नेछ," महिला तथा सामाजिक समितिको आन्तरिक कार्यविधिमा उल्लेख छ। तर व्यवहारमा भने समितिका सदस्यहरूले सो नियमलाई पालना गरेको पाइँदैन।

६ मंसिर २०७५ मा संसद्को अर्थ समितिको बैठक दिउँसो १ बजेदेखि बसिरहेको थियो। पौने २ बजे सांसद मेटमणि चौधरी बैठक हलमा प्रवेश गरे। पूर्वप्रधानमन्त्री समेत रहेका समिति सदस्य डा. बाबुराम भट्टराईले व्यंग्य गर्दै भने, 'ढिलो आउनेलाई पुरस्कारको व्यवस्था गरौं।' डा. भट्टराईको व्यंग्य सुनेपछि सुरेन्द्र पाण्डे, सत्या पहाडी, रामकुमारी झाँक्रीलगायत सांसदहरू गलल्ल हाँसे।

सांसदहरूको हाँसोमा मजाक भन्दा बढ्ता समितिको निरीहता झल्किन्थ्यो। कारण- मेटमणि चौधरी समिति हल प्रवेश गरेपछि सांसदको संख्या ८ पुग्यो। कोरम नपुगेर बैठक सुरु हुन सकिरहेको थिएन। सोही दिन बिहान १ बजे बोलाइएको बैठक पनि कोरम नपुगेरै १ बजेलाई सारिएको थियो। दिउँसो पनि कोरमकै समस्या भयो।

कोरम नपुग्ने समस्या अर्थ समितिको मात्र होइन। संसद्का १६ वटै विषयगत समितिले पटकपटक झेल्दै आएका छन् यो समस्या। प्रतिनिधिसभातर्फका विषयगत समितिहरू २५ देखि २७ सदस्यीय सम्मका छन् भने राष्ट्रिय सभातर्फ १३ देखि १५ सदस्यीय छन्। ती समितिका बैठक विधिवत् सञ्चालन भई निर्णय गर्नका लागि कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित हुनुपर्छ।

२५ मंसिर २०७५ मा संसद्को अर्थ समिति र कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको संयुक्त बैठक बिहान ११ बजेलाई तय भएको थियो। तर, साढे १२ बजेसम्म गणपूरक संख्या नपुगेपछि स्थगित भयो।

दिउँसो १ बजे अर्थ समितिको छुट्टै छलफल थियो। पुँजी बजारमा देखिएका समस्याबारे छलफल गर्न दिउँसो १ बजे बोलाइएको अर्थ समितिको बैठक पनि कोरमकै कारण साढे १ बजेतिर बल्ल सुरु भयो। कार्यसूचीअनुसार छलफल चल्यो तर अन्तिमसम्म पनि कोरम पुगेन र कुनै निर्णय हुन सकेन।

१६ वैशाख २०७६ मा संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिमा तारागाउँ रिजेन्सी होटल्सको अनियमितताबारे उपसमितिले तयार पारेको प्रतिवेदनमाथि छलफल गर्ने कार्यसूची थियो। बिहान साढे ११ बजेलाई बोलाइएको बैठक निर्धारित समयमै सुरु भएको समिति सभापति पवित्रा निरौला खरेलले घोषणा गरिन्। तर, २५ सदस्यीय समितिको बैठकमा ७/८ जना

मात्रै सांसद उपस्थित थिए। अर्थात्, कोरम पुगेको थिएन। कोरम नपुगेपछि सभापति खरेलले 'आजको बैठक आन्तरिक मात्र' भनेर पत्रकारलाई बैठक हलबाट बाहिर निकालिन्।

२९ पुस २०७६ मा राष्ट्रिय सभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिले बिहान ११ बजे तत्कालीन भौतिक पूर्वाधार तथा यातायतमन्त्री वसन्त नेम्वाङ्लाई बोलाएको थियो। मन्त्री नेम्वाङसहित मन्त्रालयका सचिव तथा सहसचिवको टोली निर्धारित समयमै बैठक कक्षमा पुगे। तर, बैठकमा सांसदहरूको कोरम पुगेन। एक घन्टा कुर्दा समितिमा सभापतिसहित ५ जना सांसद मात्र उपस्थित भए। त्यसपछि समिति सभापति तारादेवी भट्टले कोरम नपुगेका कारण बैठक सञ्चालन हुन नसकेको जानकारी दिइन्। मन्त्री र मन्त्रालयको टोली फर्किए। सांसदहरू एकअर्कासँग ठट्टा गर्दै बसे।

संसद्लाई प्रभावकारी र जीवन्त बनाउने काम सांसदहरूको हो। संसद्को प्रभावकारिता संसदीय समितिहरूको प्रभावकारितामा निर्भर रहने मानिन्छ। तर, सांसदहरू बैठकमै नजाँदा संसदीय समितिहरूको भूमिका फितलो भएको छ।

अर्थ समितिले गणपूरक संख्या नपुग्ने रोगलाई आफ्नो काम कारबाहीमा एउटा गम्भीर समस्याको रूपमा उल्लेख गरेको छ।

"समितिको गणपूरक संख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुने व्यवस्थाले गर्दा समितिको गणपूरक संख्या पुग्नै समस्या देखिएको साथै समयमा बैठक सुरु गर्न नसकिएको" भनी अर्थ समितिले आफ्नो वार्षिक प्रतिवेदन २०७६ ले पहिचान गरेका 'समस्याहरू' उपशीर्षकमा उल्लेख गरेको छ।

पछिल्ला तीन वर्षमा संसद्ले संसदीय समितिमा सांसदका तर्क र बहसलाई अभिलेख गर्नुभन्दा सांसदलाई बैठकमा उपस्थित गराउन नै मेहनत गर्नुपरेको देखिन्छ।

सांसदहरूमा व्याप्त अर्को प्रवृत्ति छ- बैठकमा गए पनि आफ्ना कुरा राख्ने र निस्किहाल्ने। यस्तै समस्यालाई मध्यनजर गरी समाधानका लागि नियमको व्यवस्था पनि नगरिएको होइन।

"...समितिको बैठक समापन नभई कुनै पनि सदस्यले बैठक कक्ष छाड्नु हुँदैन र बाहिर जानुपर्ने भए सभापतिको अनुमति लिएर जानुपर्नेछ। बैठक सञ्चालनमा समितिका सबै सदस्यहरूले सभापतिलाई सहयोग गर्नुपर्नेछ," समितिहरूले बनाएका आन्तरिक कार्यविधिमा उल्लेख छ।[१५३]

तर यी नियमहरू पनि उल्लंघन भएका दृश्य समितिका बैठकमा नियमित जस्तो देखिन्छ।

---

१५३. सार्वजनिक लेखा समितिको आन्तरिक कार्यविधि-२०७५।

१९ भदौ २०७६ मा संसद्को अन्तर्राष्ट्रिय सम्वन्ध समितिमा पशुपति क्षेत्रको विषयमा विज्ञहरूसँग छलफल थियो। छलफलमा विभिन्न २२ निकायका ४० भन्दा वढी प्रतिनिधि सहभागी थिए।

२२ वटा निकायका प्रतिनिधिले पशुपतिनाथको कलाकृति र त्यसको ऐतिहासिक महत्व लगायतका सन्दर्भमा आफ्ना कुरा राख्दै गए। स्वभावैले त्यसमा समय लाग्यो। तर, सांसदहरू भने बैठक कक्षबाट फुत्तफुत्त निस्के। २५ सदस्यीय समितिका १६ जना सांसदको उपस्थितिमा बैठक सुरु भएको थियो। वैठक सकिनेवेलासम्म जम्मा चार जना सांसद वाँकी रहे। अधिकांश सांसदहरू विज्ञलाई बोलाएर उनीहरूका कुरा नसुनी हिँडे।

यस्ता समस्याबारे संसदीय समितिमा वेलावेला रोचक ठट्टा चल्ने गर्छ- नियमित समितिमा उपस्थित हुने र अन्तिमसम्म वस्नेलाई पुरस्कारको व्यवस्था गरौं। यस्तो प्रस्ताव गर्नेहरू कि समिति सभापति हुन्छन् कि समितिमा सक्रिय रूपमा सहभागी भइरहने सांसद।

सरकारले स्कुले विद्यार्थीलाई दिवाखाजा जस्ता कार्यक्रम सञ्चालन गरेको छ। सम्वन्धित विद्यालयले पनि नियमित रूपमा उपस्थित हुने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गर्ने गरेका छन्। साना बालबालिकालाई नियमित स्कुल आउन प्रोत्साहित गर्न र सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउने उद्देश्यसहित चालिएका केही पहलकदमी हुन् यी। त्यस्तै सिको संसद्मा पनि गरौं न भन्नेजस्ता सन्दर्भ समेत संसद् सचिवालयमा सांसदहरूबीच उठ्ने गर्छ। व्यंग्यात्मक रूपमा चल्ने यी प्रसंगले जनताले संघीय संसद्मा पठाएका जनप्रतिनिधिहरूको हविगत कस्तो छ भन्ने विरूप दृश्य देखाउँछ।

सांसदहरू बैठकमा नगइदिँदा संसदीय सुनुवाइ समितिले संविधानले तोकेको आफ्नो मुख्य कर्तव्य पालनामा समेत चुकेको उदाहरण छ।

६ माघ २०७५ मा संवैधानिक परिषदको बैठकले मुस्लिम आयोगको अध्यक्षमा समिम मियाँ अन्सारीको नाम सिफारिस गऱ्यो। प्रस्तावित अध्यक्षविरुद्ध संसदीय सुनुवाइ समितिले २१ माघ २०७५ मा उजुरी आह्वान गऱ्यो। अन्सारीविरुद्ध शैक्षिक प्रमाणपत्र नक्कली रहेको लगायतका दावी गरेर चारवटा उजुरी परे।

ती उजुरीमाथि समितिमा छलफल भयो। अन्सारीलाई नै बोलाएर सांसदहरूले सवाल-जवाफ पनि गरे। तर निर्णय गर्ने प्रयोजनका लागि बोलाइएको सुनुवाइ समितिको बैठकमा कोरम पुगेन।

संवैधानिक आयोगका अध्यक्षको सिफारिसमा असन्तुष्ट काँग्रेसले सुरुदेखि सुनुवाइ प्रक्रियामा भाग लिएन। अन्सारीको नाम अनुमोदन गर्ने पक्षमा तत्कालीन सत्तारूढ दल नेकपा पनि एकमत थिएन। समितिमा प्रतिनिधित्व गर्ने नेकपाका सदस्यबीच मतभेद र काँग्रेस सांसदहरू निरन्तर अनुपस्थित रहेपछि समिति निर्णय प्रक्रियामै पुग्न सकेन।

सुनुवाइका लागि तोकिएको समय (४५ दिनभित्र) मा समितिले कुनै निर्णय लिन नसकेपछि स्वतः नियुक्तिका लागि बाधा नपर्ने व्यवस्था संघीय संसद्को संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ मा छ। सोहीअनुसार ७ चैत २०७५ मा अन्सारीले आयोग अध्यक्षको शपथ लिए र आयोगमा औपचारिक रूपमा काम थाले।

संविधानको धारा २९२ मा संवैधानिक निकायका पदाधिकारीको नियुक्तिपूर्व संसदीय सुनुवाइ हुने व्यवस्था छ। सोहीअनुसार अन्सारीको सुनुवाइ भएको थियो। तर, कोरम नपुगेकै कारण सुनुवाइ समितिले संविधानले तोकेको आफ्नो मुख्य दायित्व नै निर्वाह गर्न सकेन।

समितिमा शीर्ष नेता : कसैको बेवास्ता, कोही सक्रिय सहभागी

संसदीय समितिहरूको प्रभावकारिताको कुरा गर्दा आउने प्रसंग हो, ती समितिमा पार्टीका शीर्ष तथा प्रभावशाली नेताहरूको सहभागिता। सरकार तथा पार्टी प्रमुख भएका र अन्य प्रभावशाली नेताहरूको समितिमा उपस्थिति हेर्दा कतिपय शीर्ष नेताहरूले समितिलाई महत्व दिएको पाइँदैन। शीर्षमात्र नभई पार्टीका कतिपय प्रभावशाली नेताहरू पनि समितिका गतिविधिमा सहभागी हुन रुचि देखाएको पाइँदैन। यस पटकको संसद्मा प्रधानमन्त्री भइसकेका नेताहरूको समितिमा उपस्थिति र सहभागिता कस्तो रह्यो भन्नेबारे केही तथ्यांकसहित संक्षिप्त चर्चा।



एमाले अध्यक्ष केपी शर्मा ओली : प्रधानमन्त्रीको रूपमा शून्य उपस्थिति

पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका संसदीय दलका नेता केपी शर्मा ओली यस संसद्को कार्यकालमा प्रधानमन्त्रीको रूपमा एकपटक पनि संसदीय समितिको बैठकमा उपस्थित भएनन्।

प्रधानमन्त्री रहेका वेला ओलीलाई प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिले पाँच पटक पत्र काटेर बैठकमा आमन्त्रण गरेको थियो तर ती कुनै पनि बैठकमा प्रधानमन्त्री उपस्थित नभएको समितिले जनाएको छ। नियमावलीअनुसार प्रधानमन्त्री कुनै एउटा समितिको सदस्यमात्र नभई सबै समितिको पदेन सदस्य हुन्छन्। तर राज्यव्यवस्था समितिको कार्यक्षेत्रमै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित गृह तथा रक्षा मन्त्रालय र संवैधानिक आयोगसमेत पर्ने हुँदा सो समितिले त्यसबारे गम्भीर विषयमा छलफल तथा सोधपुछ गर्नुपर्दा प्रधानमन्त्रीलाई पनि आमन्त्रण गर्ने गर्छ।

ओली प्रधानमन्त्री रहेका वेला उनलाई राज्यव्यवस्था तथा सुशासन समितिले २०७६ असार ०३ गते, कात्तिक २५ गते, २०७७ जेठ २१ र कात्तिक २४ गते तथा २०७८ भदौ ४ गते बस्ने बैठकका लागि आमन्त्रण गरेको थियो। त्यसका लागि समितिले क्रमशः २०७६ असार २ गते र कात्तिक २२ गते, २०७७ जेठ २० र कात्तिक २३ गते र २०७८ भदौ ०३ मा पत्र पठाएको थियो। तर ओली ती कुनै पनि बैठकमा उपस्थित भएनन्।[१५४]

प्रधानमन्त्री ओलीलाई समितिमा उपस्थिति गराउन गरिएको प्रयासबारे संसदीय सुनुवाइ समितिका सभापति लक्ष्मणलाल कर्णको पनि अनुभव मिठो छैन। सो समितिले ओलीलाई प्रधानमन्त्री हुँदा एक वर्षभन्दा बढी निरन्तर समितिमा आउन आग्रह गरिरह्यो, प्रधानमन्त्रीको उपस्थितिका लागि निकै प्रयास र प्रतीक्षा पनि गर्‍यो तर प्रयास असफल भएपछि बोलाउने छोड्यो।

प्रधानमन्त्री हुँदा ओलीलाई बैठकमा बोलाउने संसदीय समितिहरूमा सुनुवाइ समिति, राज्य व्यवस्था तथा सुशासन समिति र अन्तर्राष्ट्रिय सम्बन्ध समिति हुन्। तर, कुनै पनि संसदीय समितिले ओलीलाई आफ्नो समितिको छलफलमा उपस्थित गराउन सकेनन्।

सुनुवाइ समितिका सभापति कर्णका अनुसार उनी नेतृत्वको समितिले प्रधानमन्त्रीसँग 'नेपालमा समानुपातिक समावेशिताको अवस्था, संवैधानिक अंगहरूमा पदाधिकारी नियुक्ति लगायतका विषय' मा छलफल गर्न चाहेको थियो।

'भन्डै एक वर्षदेखि कुर्यौं तर, उहाँ कहिल्यै आउनुभएन', सभापति कर्णको भनाइ छ, "आउँदिनँ भन्नुहुन्न तर, कार्यव्यस्तता भनेर आउनुहुन्न।"[१५५]

बरु संसदीय समितिले असहयोग गरेको भनी ओलीले आफू प्रधानमन्त्री रहेकै वेला समितिप्रति असन्तुष्टि व्यक्त गरेका थिए। ४ असोज २०७६ मा संसद् भवन नयाँबानेश्वरमा तत्कालीन

---

१५४. राज्यव्यवस्था तथा सुशासन समितिबाट २०७८ भदौको अन्तिम साता प्राप्त विवरण।

१५५. ११ मंसीर २०७७ का दिन सभापति लक्ष्मणलाल कर्णसँग गरिएको कुराकानी।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को संसदीय दलको बैठक थियो। बैठकलाई सम्बोधन गर्दै ओलीले संसदीय समितिहरूले सरकारलाई अप्ठेरो पार्ने गरी निर्देशन दिएको बताएका थिए।

सो बैठकमा ओलीले भनेका थिए, 'संसदीय समितिहरूले सरकारलाई अप्ठेरोमा पारे, संसद्‌ले सरकारलाई निगरानी गर्ने हो, नियन्त्रण होइन। संसद्‌ले सरकार ठिक दिशामा गयो कि गएन भनेर हेरिराख्ने हो।'

ओलीले सरकारलाई अप्ठेरो पार्ने गरी निर्देशन नदिन संसदीय समितिका सभापतिहरूसँग जिकिर समेत गरेका थिए।

कांग्रेस सभापति शेरबहादुर देउवा : ५ वटा बैठकमा उपस्थित

प्रधानमन्त्री शेरबहादुर देउवा २०७४ सालमा संघीय संसद्‌को सदस्य भएदेखि २०७८ भदौसम्म संसदीय समितिको बैठकमा जम्मा ५ पटक उपस्थित भएका छन्।

सुरुमा प्रतिनिधिसभातर्फको विकास तथा प्रविधि समितिको सदस्य रहेका देउवा सो समितिको बैठकमा जम्मा ४ पटक उपस्थित भएका थिए। पछि समिति सदस्यहरूमा हेरफेर गर्दा पार्टी सभापतिसमेत रहेका देउवा आफू कानुन न्याय तथा मानवअधिकार समितिको सदस्य बने। सो समितिको सदस्यको रूपमा उनी एकपटक मात्र समितिको बैठकमा उपस्थित भएका छन्।

विकास समितिको २०७५ साउन २१ गतेदेखि २०७६ फागुन २७ गतेसम्म ७९ वटा बैठक बसेकोमा नेपाली कांग्रेसको संसदीय दलको नेतासमेत रहेका देउवा सो अवधिमा जम्मा ४ वटा बैठकमा उपस्थित भएको पाइन्छ।

त्यसपछि देउवा कानुन न्याय तथा मानवअधिकार समितिमा सदस्य बनेका हुन्। उनी कानुन, न्याय तथा मानवअधिकार समितिमा २०७७ साउन ११ गते बसेको बैठकमा मात्रै उपस्थित भएको रेकर्ड छ।[४९]

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड : ३ वटा बैठकमा उपस्थित

पूर्वप्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड संसदीय समितिको ३ वटा बैठकमा मात्रै उपस्थित भएका छन्। अध्यक्ष प्रचण्ड २०७५ साउन २१ देखि २०७७ चैत १२ सम्म राज्य व्यवस्था तथा सुशासन समितिको सदस्य थिए। उक्त समयमा समितिको २ सय २७ वटा बैठक बसेका थिए। उक्त अवधिको २०७५ पुस ११, २०७६ कार्तिक २५ गते र २०७७ जेठ २८ गते बसेको बैठकमा मात्रै उनी सहभागी भएको

---

४९ संसदीय समितिहरू २०७८ भदौको अन्तिम साता प्राप्त विवरण।

समितिको रेकर्डमा उल्लेख छ। प्रतिनिधिसभाको २०७७ चैत ३० गतेको बैठकबमोजिम अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड कानुन न्याय तथा मानवअधिकार समितिमा स्थानान्तरण भएका थिए। तर त्यसपछि २०७८ भदौसम्म कानुन, न्याय तथा मानव अधिकार समितिको एउटा पनि बैठकमा सहभागी भएनन्।[१५७]

पूर्वप्रधानमन्त्री झलनाथ खनाल : ४४ वटा बैठकमा उपस्थित

पूर्वप्रधानमन्त्री झलनाथ खनाल प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिको सदस्य छन्। उनी २०७८ भदौसम्म उक्त समितिको ४४ वटा बैठकमा सहभागी भएका छन्।

२०७५ साउन २१ गतेपछि बसेका १२४ वटा बैठकमध्ये ४४ वटा बैठकमा सहभागी भएका नेता खनालले अनुपस्थिति हुँदा पनि अनुपस्थित हुनाको कारणसहित सूचना दिएको पाइन्छ।[१५८] खनाल समितिको बैठकमा धेरै उपस्थित हुने नेताहरूमध्येमा पर्छन्।

पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई : ५९ वटा बैठकमा उपस्थित

पूर्वप्रधानमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई संसदीय समितिका बैठकमा सक्रिय रूपमा सहभागी हुने गरेका छन्। उनी प्रतिनिधिसभाको अर्थ समितिको सदस्य हुन्।

२०७५ साउन २१ गतेबाट सुरु भएको अर्थ समितिको २०७८ भदौ ४ गतेसम्म १ सय ३३ वटा बैठक सम्पन्न भएका छन्। तीमध्ये ५९ वटा बैठकमा भट्टराई सहभागी भएको पाइन्छ।[१५९] भट्टराई समितिको बैठकमा उपस्थित भई तोकिएको विषयवस्तुबारे छलफल तथा निर्णयप्रक्रियामा सक्रिय सहभागी हुने गर्छन्।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल : ५१ वटा बैठकमा उपस्थित

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल संसदीय समितिका ५१ वटा बैठकमा उपस्थित भएका छन्। नवगठित नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवं संसदीय दलका नेतासमेत रहेका नेपाल प्रतिनिधिसभा अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सदस्य हुन्। समितिको २०७५ साउन २१ देखि २०७८ भदौ ३१ सम्म ६५ वटा बैठक सम्पन्न भएकामा तीमध्ये नेपाल ५१ वटा बैठकमा उपस्थित भई सक्रिय रूपमा सहभागी भएका छन्।[१६०]

---

१५७. राज्य व्यवस्था तथा सुशासन समिति र कानुन, न्याय तथा मानव अधिकार समितिबाट २०७८ भदौको अन्तिम साता प्राप्त विवरण।

१५८. विकास तथा प्रविधि समितिबाट २०७८ भदौको अन्तिम साता प्राप्त विवरण।

१५९. अर्थ समितिबाट २०७८ भदौको अन्तिम साता प्राप्त विवरण।

१६०. अन्तर्राष्ट्रिय सम्बन्ध समितिबाट २०७८ भदौको अन्तिम साता प्राप्त विवरण।

नेता नेपालचाहिँ नियमित रूपमा संसदीय समितिमा उपस्थित भई सक्रियताका साथ समितिका बैठकमा सहभागी हुने गरेको अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सचिव सुरजकुमार दुराले बताए।

लाग्दैन कानुन !

संसद्को नियमावलीले सांसदहरूलाई आफू सदस्य रहेको संसदीय समितिमा नियमित रूपमा उपस्थित भई सहभागी हुन अनिवार्य व्यवस्था गरेको छ। तर, शीर्ष र अन्य प्रभावशाली नेताहरूले त्यस्तो कानुनी व्यवस्थालाई समेत बेवास्ता गर्ने गरेका छन्।

संघीय संसद् प्रतिनिधिसभा नियमावली-२०७५ को नियम १८० मा समितिमा लगातार अनुपस्थिति हुने सदस्यलाई कारबाही हुने व्यवस्था गरेको छ। "लगातार पाँचवटा बैठकमा सभापतिको अनुमतिबिना अनुपस्थित रहने सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समितिबाट हटाउन सक्नेछ र सो कुराको जानकारी बैठकलाई दिनेछ," सो नियममा उल्लेख छ।

समितिको लगातार पाँचवटा बैठकमा अनुपस्थित हुने सदस्यले सो को कारण सहितको सूचना सभापतिलाई दिनुपर्छ र सोभन्दा बढी अवधिको भएमा सभामुखलाई दिई स्वीकृत गराउनुपर्ने नियमावलीको व्यवस्था छ।[१६१] तर, यसरी संसदीय समितिमा अनुपस्थित भएका कारण कसैलाई कारबाही गरिएको पाइँदैन।

प्रधानमन्त्री सबै समितिको र समितिको कार्यक्षेत्रसित सम्बन्धित मन्त्री सो समितिको पदेन सदस्य हुने नियमावलीको व्यवस्था छ।[१६२] पदेन सदस्यलाई हाजिरीको नियम लाग्दैन।

सरोकारवालाहरूको नजरमा समितिको प्रभावकारिता

सरकार र सरकारी निकायहरूमाथि संसदीय समितिहरूको निगरानी प्रभावकारी हुनुपर्छ भन्नेमा आमसहमति देखिन्छ। तर ती समितिहरू जति प्रभावकारी हुनुपर्ने हो त्यति भएका छैनन् भन्ने तथ्य पनि उत्तिकै स्थापित छ।

किन यस्तो भइरहेको छ त ?

समितिहरूले गहन अध्ययन, छानबिन र परामर्शपछि तथ्य तथ्यांकमा आधारित रही यथार्थपरक निर्णय गर्ने र सोहीअनुसार सरकारी पक्षलाई निर्देशन दिएको अवस्थामा त्यस्ता निर्देशन कार्यान्वयन हुने बलियो सम्भावना देखिन्छ। तर गम्भीर अध्ययनबिना हचुवा निर्णय

१६१. संघीय संसद् प्रतिनिधिसभा नियमावली-२०७५ को दफा १८८।
१६२. संघीय संसद् प्रतिनिधिसभा नियमावली-२०७५ को दफा १७२ (२)।

गरेको अवस्थामा त्यस्ता निर्देशन कार्यान्वयन नहुने प्रबल सम्भावना हुन्छ। त्यसैगरी निर्देशन कार्यान्वयनका लागि समितिले सम्बन्धित निकायसँग गर्ने ताकेता अर्को महत्वपूर्ण पक्ष हो।

कुनै एउटा निर्देशन दिने र त्यसबारे ताकेता गर्नेबाहेक आफ्ना समग्र निर्देशनहरूको कार्यान्वयनको अवस्थाबारे पनि समितिले अनुगमन गर्ने व्यवस्था छ। जुन प्रावधानमा टेकेर समितिले सरकारी पक्षलाई निरन्तर दबाव दिन सक्छ।

समितिले वर्षभरि गरेका बैठक, छलफल, अनुगमन, छानविन र त्यसका आधारमा सरकारी पक्षलाई दिएका निर्देशन आदिबारे हरेक वर्ष वार्षिक प्रतिवेदन तयार गरी संसद्को पूर्ण बैठकमा पेस गर्नु समितिहरूको एउटा महत्वपूर्ण काम हो।

आफ्नो कार्यक्षेत्रमा पर्ने मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेस गर्ने समितिको एउटा मुख्य कर्तव्यको रूपमा उल्लेख गरिएको छ।[१६३]

यसरी पेस भएका प्रतिवेदन सम्बन्धित मन्त्रीले कार्यान्वयन गर्नुपर्छ र कार्यान्वयन भए नभएको समितिले अनुगमन एवं मूल्यांकन गरी सोको प्रतिवेदन बैठकमा पेस गर्न सक्छ।[१६४]

सो प्रतिवेदनमाथि छलफल होस् भनी समिति सभापतिले सभामुखलाई सूचना दिएपछि सभामुखले त्यसबारे अनुमति दिने र छलफलका लागि समयावधि निर्धारण गर्ने व्यवस्था छ। सो छलफलमा उठेका प्रश्नको सम्बन्धित मन्त्रीले जवाफ दिएपछि मात्र छलफल सम्पन्न हुन्छ।[१६५]

यसरी हेर्दा यदि कुनै समितिले आफ्नो कार्यक्षेत्रभित्र रहेका मन्त्रालय वा सरकारी निकायमा भएका गतिविधिबारे राम्रो अनुगमन, छानविन गर्ने र त्यसबारे आफूले दिएका निर्देशनहरूको कार्यान्वयनबारे पनि निरन्तर अनुगमन गर्ने हो भने समितिले नतिजा हासिल गर्न सक्ने आधार देखिन्छ।

तर समितिले भने कार्यान्वयनको अवस्थाबारे सरकारी पक्षलाई निरन्तर 'फलो अप' गरेको कमै देखिन्छ। जसले गर्दा कार्यान्वयनको अवस्था कमजोर भएको हो।

संसद् सचिवालयका सहसचिव डा. रोजनाथ पाण्डेका अनुसार पनि समितिले दिएका निर्देशन १५ देखि २५ प्रतिशतमात्रै पूर्ण रूपमा कार्यान्वयन हुने गरेको छ। उनका अनुसार कांग्रेस

---

१६३. प्रतिनिधिसभा नियमावली-२०७५ दफा १७५।
१६४. प्रतिनिधिसभा नियमावली-२०७५ दफा १८६।
१६५. पूर्ववत्।

६५ प्रतिशत निर्देशन आंशिक रूपमा कार्यान्वयन भएको र १० देखि १५ प्रतिशत निर्देशन कार्यान्वयन हुँदैनन् ।[१६६] कतिपय निर्देशन समितिले कार्यान्वयनका लागि पटक पटक निर्देशन दिँदा पनि सरकारी पक्षले अटेर गर्ने गरेको पाण्डेको भनाइ छ।

राज्य व्यवस्था तथा सुशासन समितिप्रति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७५ सालमा देखाएको रवैयालाई एउटा उदाहरणको रूपमा लिन सकिन्छ। समितिले २ ९ चैत २०७५ मा सो मन्त्रालयलाई संघअन्तर्गतका निकायहरूको संगठन संरचना र दरबन्दी पुनरवलोकनसम्बन्धी प्रतिवेदन १५ दिनभित्र समितिसमक्ष पेस गर्न निर्देशन दियो। उक्त निर्देशनमा नेपालको संविधानले किटान गरेकाबाहेक संघ अन्तर्गतका मन्त्रालयहरूको कार्यालय जिल्ला तहमा स्थापना नगर्न पनि भनिएको थियो ।[१६७] तर, मन्त्रालयले लामो समयसम्म पनि आफ्नो निर्देशनलाई अटेर गरेपछि समितिले प्रतिवेदन पेस गर्न ताकेता गरेको थियो। "२९ चैत २०७५ को निर्देशन पालना नभएको भन्दै ६ असोज २०७६ मा समितिले पुनः १५ दिनको समय दिएर प्रतिवेदन माग गऱ्यो। त्यो १५ दिन बितेको पनि एक महिना हुँदा समेत निर्देशनअनुसार मन्त्रालयले प्रतिवेदन बुझाएको थिएन।"[१६८]

एकातर्फ सरकारले सकेसम्म संसदीय समितिका निर्देशन कार्यान्वयन गर्न अटेर गरेको देखिन्छ भने अर्कोतर्फ समितिहरूले पनि प्रायः हचुवाका भरमा निर्णय गरेर सरकारलाई कार्यान्वयन नगर्न सहज पार्ने गरेका छन् ।

संसदीय समितिहरूले दिएका कैयौं निर्देशन अत्यन्त हचुवा र तत्काल कार्यान्वयन गर्न व्यवहारिक रूपमा सम्भव नहुने अव्यवहारिक हुने गर्छन् ।

मिडिया वा सार्वजनिक रूपमा चर्चामा आएका विषय तत्काल उठान गर्ने, गहन अध्ययनबिना समितिमा केही दिन सम्बन्धित अधिकारीलाई ल्याएर चर्काचर्की गर्ने र कडा निर्देशन दिने समितिहरूको आम प्रवृत्ति बनेको छ। तर निर्णय कार्यान्वयनका लागि निरन्तर अनुगमन नगर्ने हो भने त्यसबाट सकारात्मक नतिजा आउने देखिँदैन। केही दिनको मिडिया चर्चापछि सो विषय सेलाउँछ। पब्लिक मेमोरी (जनमानसको स्मृति) बाट पनि हट्दै जान्छ। तर नियमावलीले गरेको प्रस्ट व्यवस्थाअनुसार समितिले निरन्तर अनुगमन गरेको खण्डमा सरकारी निकायलाई जवाफदेही बनाउने आधार प्रशस्त देखिन्छ।

---

१६६. "समितिप्रति सरकारको जवाफदेहिता कमजोर छ", संसद् सचिवालयका सहसचिव डा. रोजनाथ पाण्डेसँग न्यू एज्मी नेपालले गरेको कुराकानी, इकागज, साउन २१, २०७८ https://ekagaj.com/article/interview/21366/

१६७. बजगाईं सुनाच, संसदीय समितिका गतिविधि : निर्देशनका नाउ, कार्यान्वयन शून्य, अनलाइनखबर, २०७६ कार्तिक १८ https://www.onlinekhabar.com/2019/11/808429

१६८. पूर्ववत् ।

सहसचिव पाण्डेका अनुसार उपसमिति गठन गरी गहिरो अध्ययन गरेर ल्याएका रिपोर्टहरूले दिएका सुझाव अलि प्रभावकारी देखिएका छन्। समितिमा बसेर विषय प्रवेश गर्नासाथ एकै दिन बैठक बसेर उही दिन गरेका धेरै निर्देशन तथा तत्काल गहिरिएर अध्ययन नगरी जारी गरेका निर्देशनहरू त्यति कार्यान्वयन नभएको देखिन्छ।[१६९]

पछिल्लो समय समितिहरूले कुनै विषयमा गहिरो अध्ययन कम गर्ने र परिणाममुखी भन्दा चर्चामुखी काम गर्ने गरेको गुनासो बढेको छ।

कोरोना महामारीका बेला पनि संसदीय समितिहरूले अपेक्षित भूमिका निर्वाह गर्न नसकेको आवाज उठेको छ।

"संसदीय समितिहरूले सामान्य अवस्थामा पनि राम्रोसँग काम गर्न नसकेको गुनासो छँदै थियो। त्यसबाहेक समितिहरूले तत्काल चर्चामा आउने खालका आधारहीन निर्णय गर्ने र पर्याप्त परामर्श एवं छानबिन नगर्ने गरेको आरोप लाग्ने गरेको छ।"[१७०]

नेपालको संसदीय मामिलालाई लामो समयदेखि नजिकबाट अध्ययन गरिरहेका विज्ञहरूको ठहर पनि के छ भने आधारहीन निर्णयहरू गरेर संसदीय समितिहरूले आफ्नै प्रतिष्ठा र महत्व घटाइरहेका छन्।

कुनैकुनै समितिका केही निर्णय सुनेर त आफू कहिलेकाहीं अचम्मै पर्ने गरेको संसद् सचिवालयका पूर्वमहासचिव सूर्यकिरण गुरुङको भनाइ छ। "समितिका बहुमत सदस्यहरूले कहिल्यै पनि गृहकार्य गर्दैनन्। अध्ययन गर्ने त हाम्रा सांसदहरूको संस्कार नै छैन। अधिकांशतः उनीहरूले सस्तो लोकप्रियताका लागि निर्णय गर्छन्। यस्ता निर्णयहरूले संसदीय समितिलाई निष्प्रभावी बनाउँछ," गुरुङको ठहर छ।[१७१]

अपरिपक्व र हावादारी निर्णय र निर्देशन गरेकै कारण सरकारी पक्षलाई कार्यान्वयन नगर्न सहज पारेकोमा सांसदहरू स्वयं पनि सहमत देखिन्छन्।

"संसदीय समितिहरूले गहन अध्ययन, अनुसन्धान तथा विज्ञहरूसँग परामर्श गरेर त्यसमा आधारित निर्णय गर्ने हो भने त्यसलाई पालना गर्न सरकारी पक्षलाई दबाब पर्छ तर प्रायः

---

१६९. "संसद्प्रति सरकारको जवाफदेहिता कमजोर छ", संसद् सचिवालयका सहसचिव डा. योजनाथ पाण्डेसँग न्यूज एजेन्सी नेपालले गरेको कुराकानी, इकागज, साउन २१, २०७८ https://ekagaj.com/article/interview/21366/

१७०. Ghimire, Binod, "House panels aren't doing their part when government decisions are being questioned", The Kathmandu Post, March 26, 2021.

१७१. Ghimire, Binod, "House committees matter, but they don't matter. In Nepal, mini parliaments are failing in their job", The Kathmandu Post, October 3, 2020.

सस्तो लोकप्रियताका लागि निर्णय गर्ने गरेका छन्," काग्रेस सांसद को ठहर छ।[१७२]

कै मतसँग मिल्दोजुल्दो धारणा छ एमाले सांसद विजय सुब्बाको पनि। वत विषयमा राम्रो तयारी गरेर छलफलमा सहभागी गर्नुपर्नेमा त्यसो नगर्ने राम्रो छलफलबिना परिपक्व निर्णयको अपेक्षा नै गर्न सकिँदैन। अपरिपक्व त्यो कार्यान्वयन नहुने निश्चित नै छ नि," अनुभवी सांसद सुब्बाको भनाइ

ई प्रभावकारी बनाउनका लागि ती समितिहरूको आन्तरिक कार्यप्रणाली पनि उत्तिकै महत्वपूर्ण हुन्छ। तर, नेपालको संघीय संसद्का समितिहरूको डकुमेन्टेसन) लगायतका काम व्यवस्थित देखिँदैनन्। समितिहरू जति न्, सरकारी निकायमाथि उनीहरूका निगरानी र निर्देशनात्मक काम ालो बन्छन्। जुन कुरा संघीय संसद्का समितिहरूका केही गतिविधिहरूमा

धि पनि बिर्सने प्रवृत्ति

ले अरू समितिको कार्यक्षेत्र मिच्ने प्रवृत्तिबारे त पहिलेदेखि नै प्रश्न उठ्ने तिले काम गर्दा आफ्नो कार्यादेश नै ख्याल नगर्ने भन्ने अहिले नयाँ प्रश्न

ा समिति तथा उपसमितिहरूले आफ्नो संवैधानिक दायित्व समेत बिर्सने भनाइ छ।

ध्ययन अनुसन्धान गर्न भनी निश्चित कार्यक्षेत्र तोकी गठन गरिएका आफ्नो कार्यादेशभन्दा बाहिर गएर निर्णय गर्ने तथा निर्देशन दिने गरेको न अधिकारीको भनाइ छ।

राज्य व्यवस्था तथा सुशासन समितिले अख्तियार दुरूपयोग अनुसन्धान क प्रतिवेदन अध्ययन उपसमिति र निर्वाचन आयोगको वार्षिक प्रतिवेदन तिले आफ्नो कार्यादेशभन्दा बाहिर गई निर्देशन दिएको र ती निर्देशन समेत रहेको अधिकारीको ठहर छ।

---

inod, "House committees matter, but they don't matter. In Nepal, mini ts are failing in their job", The Kathmandu Post, October 3, 2020.

"संसद्भित्र गरिने सबै कामकारवाही संविधानसम्मत हुनुपर्छ र संविधानको उद्देश्यवमोजिम सञ्चालन गरिनुपर्छ। किनभने संसद्को शक्तिको आधार संविधान हो। संसद् र संसदीय समितिहरूलाई संविधानमाथि टिप्पणी गर्दै हिँड्ने अधिकार छैन," अधिकारी भन्छन्, "संविधान संशोधनको प्रस्ताव आएको छ वा संविधानलाई कसरी सुधार गर्ने भन्ने विषयमा कार्यदल वनेको छ भने त्यस्तो वेला टिप्पणी गर्न मज्जाले पाइन्छ। एउटा कुरा के नविर्सौं भने, राष्ट्रिय सभा र प्रतिनिधिसभाको नियमावलीमा कुन समितिले के गर्न पाउने र के नपाउने भनेर स्पष्ट उल्लेख छ। कार्यादेश (टीओआर) मा नपरेको हुनाले समिति वा उपसमितिलाई संविधानको विषयमा टिप्पणी गर्ने अधिकार हुँदैन।"[१७४]

निश्चित कार्यादेश पाएको समिति वा उपसमितिले त्यसैअनुसार काम गर्नुपर्ने र सोहीअनुसार प्रतिवेदन दिनुपर्ने अधिकारीको जिकिर छ।

"संसदीय अनुगमन फितलो हुँदा सरकार छाडा भयो"

पूर्वसांसद तथा कानुनविद् खिमलाल देवकोटाले नेपालको संसद् र सांसदको भूमिकावाट आफू असन्तुष्ट रहेको वताउँछन्।

"हाम्रो संसद्को अभ्यास १०-१५ वर्षदेखि भित्रै वसेर र त्योभन्दा अगाडिदेखि पनि निरन्तर हेरिरागेको छु। हाम्रोमा सांसदको भूमिकावाट म विल्कुलै सन्तुष्ट छैन। सांसदहरू आफ्नो पार्टीको सरकार छ भने त्यो सरकारको विरुद्धमा बोल्न नखोज्ने प्रवृत्ति देखिन्छ," देवकोटाको भनाइ छ, "तर, यो गलत हो। समितिमार्फत आफ्नै मन्त्रीलाई, आफ्नै सरकारलाई पनि सही ट्र्याकमा ल्याउन सकिन्छ। प्रश्न उठाईदिएर्पछि सरकार पक्षले भन्न चाहेको कुरा, भन्न नसकिरहेको कुरा त्यहाँ स्पष्टीकरण दिन पाउँछ। यसरी सरकारलाई पनि फाइदा नै हुन्छ। तर, यो कोणवाट सांसदहरू संसद्मा प्रस्तुत हुँदैनन्।"[१७५]

सांसदहरूले आफ्नो क्षमता वढाउन नसकेर्पछि, संसद्को खवरदारी प्रभावकारी नभएर्पछि, संसदीय अनुगमन ढंगको नभएर्पछि सरकार छाडा हुन थालेको देवकोटाको वुझाइ छ। "किनभने संसद्ले केही गर्न सक्दैन, त्यसको स्तर थाहा पाइहालियो भन्ने हुँदो रहेछ र सरकार छाडा हुने वातावरण वन्दो रहेछ। यसको परिणाम- लोकतन्त्रमाथि नै खतरा उत्पन्न भयो। लोकतन्त्रमा राज्यशक्तिको अधिकार कार्यकारीले प्रयोग गर्छ, त्यसको अनुगमन र खवरदारी संसद्ले गर्छ। यो क्रम जति सशक्त भयो, राज्यका सवै अंगको काम उति प्रभावकारी हुन्छ र

---

१७४. अधिकारी, विपिन, संसदीय उपसमितिलाई संविधानमाथि टिप्पणी गर्ने अधिकार छैन, हिमालखवर, वुधवार २० साउन २०७८ https://www.himalkhabar.com/news/125345

१७५. पूर्वसांसद तथा कानुनविद् खिमलाल देवकोटासँग २०७८ भदौमा गरिएको कुराकानी।

समग्रमा मुलुकलाई फाइदा हुन्छ। तर, अहिले संसद्को यो भूमिका फितलो देखिएको छ," देवकोटाले बताए।[१३६]

निर्देशन कार्यान्वयनको बलियो आधार : सही निर्णय र ताकेता

संसदीय समितिका निर्देशनबाट राजनीतिक रूपमा सरकार र राज्यलाई जनताप्रति जिम्मेवार तथा उत्तरदायी बनाउन र सरकारकै कामलाई सहजीकरण गर्न मद्दत पुग्ने सरकारी पक्षको बुझाइ छ। झन्डै दुई वर्षदेखि अर्थात् कोरोना महामारी फैलिएपछि आमजनतासँग सबैभन्दा बढी जोडिएको स्वास्थ्य मन्त्रालयको अनुभव पनि त्यस्तै छ।

यस अवधिमा स्वास्थ्य मन्त्रालयको सञ्चारमाध्यम, संसद्, आमजनता र सरोकारवालाहरूसँग प्रत्यक्ष जोडिएर सार्वजनिक रूपमा उठेका प्रश्न आदिको जवाफ तयार गर्ने र रेस्पोन्स गर्ने जिम्मेवारीमा रहेका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. समिर कुमार अधिकारीको बुझाइ पनि त्यस्तै पाइयो। अधिकारीको भनाइ छ, 'सिद्धान्ततः समितिहरूको निर्देशनको मुख्य उद्देश्य सरकारी निकायलाई काम गर्न सजिलो बनाउने नै हो।'

नियमित कामको चापकाबीच ताकेता

अधिकारीका अनुसार कतिपय अवस्थामा नियमित कामको चाप र संसद् तथा सार्वजनिकस्तरमा उठेका जिज्ञासाहरूको जवाफ दिनका लागि समय व्यवस्थापन गर्न निकै चुनौतीपूर्ण हुन्छ। कतिपय प्रश्नहरूको जवाफका लागि तथ्य तथ्यांकको खोजी गर्नुपर्छ। त्यसका लागि धेरै प्राविधिक काम गर्नुपर्ने हुन्छ तर केही निर्देशनहरू कामको चापको समयमा आकस्मिक रूपमा आउँछन्, त्यसले गर्दा कहिलेकाहीं काम गर्न र खोजीकार्यको सँगसँगै व्यवस्थापन गर्न केही समय आवश्यक पर्छ। त्यसैले तत्काल काम गर्न गाह्रो हुने अवस्थासमेत सिर्जना हुन्छ। समयमा नै काम गरी त्यसको जवाफ तयार गरेर पठाउन पनि चुनौतीपूर्ण हुन्छ। कतिपय अवस्थामा पटकपटक गरिने अनुगमन र निरन्तर ताकेता गर्दा निश्चित कामलाई सुधारको बाटोमा लैजान सकिन्छ।[१३७]

एउटै विषयमा फरक फरक समितिका फरकफरक निर्देशन

नेपालका संसदीय समितिहरूको एउटा पुरानो रोग हो- एउटै विषय वा विवादबारे सबैले हात हाल्ने र आआफ्नै तरिकाले छलफल तथा निर्णय गरी सरकारी निकायहरूलाई निर्देशन

---

१३६. पूर्वसांसद तथा कानुनविद् विमलाल देवकोटासँग २०७८ भदौमा गरिएको कुराकानी।

१३७. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. समिरकुमार अधिकारीसँग २०७८ भदौ दोस्रो साता गरिएको कुराकानी।

दिने। यसबारे पटकपटक संसदीय सचिवालयमा प्रश्न उठेर सभामुख तथा महासचिव स्तरमा त्यसबारे बहस भए पनि यो प्रवृत्ति रोकिएको भने छैन। यो समस्या अहिले पनि देखिएकै छ।

कोभिड महामारी नियन्त्रण, रोकथाम तथा उपचारका सन्दर्भमा पनि संसद्का विभिन्न समितिले छलफल गरी निर्णय तथा निर्देशन दिएका छन्। जसका कारण सम्बन्धित सरकारी निकायमा अन्योल उत्पन्न हुने गरेको सरकारी अधिकारीहरूको गुनासो छ।

संसदीय समितिले गर्ने यस्ता निर्णय र निर्देशन काम गर्नका लागि नै आउने हुन्। तर कहिलेकाहीं एउटै विषयमा आउने फरकफरक निर्णयले केही समस्या ल्याउने गरेको छ किनभने के काम गर्ने कति गर्ने भन्ने अन्योल हुन्छ।[१७८]

एउटै विषयमा धेरै समितिमा छलफल गर्ने र सबैले सरकारी निकायका प्रतिनिधिलाई पटकपटक बोलाउने र लामालामा छलफलहरूमा समितिमै धेरै जना गएर बस्दा निकै समय खर्च गर्नुपर्ने अर्को समस्या रहेको सरकारी पक्षको भोगाइ छ। कामकाजी व्यक्तिहरू व्यस्तताबीच धेरै समय समितिमा व्यतीत गर्न पर्दा व्यवस्थापन गर्न गाह्रोसमेत हुने गरेको छ।

समितिका पहल समग्रतामा फलदायी

केही यस्ता प्राविधिक र व्यवस्थापकीय पक्षहरू ख्याल गर्ने हो भने समग्रतामा भने जनताप्रतिको जवाफदेहिता र सरकारलाई जनउत्तरदायी बनाउने दिशामा समितिका पहलकदमी निकै महत्वपूर्ण हुने कार्यपालिकाका अधिकारीहरूको बुझाइ छ। जनप्रतिनिधिसँगको अन्तरक्रियाबाट सरकारी निकायका कामकारबाही जनअपेक्षाअनुसार भइरहेका छन् कि छैनन्? तादम्यता मिलिरहेको छ कि छैन ? प्राविधिक हिसाबमा भएका निर्णय र विषय देशको सामाजिक राजनीतिक अवस्थाअनुसार भएको छ कि छैन भनेर बुझ्न पनि जरुरी भएकाले संसदीय समितिले गर्ने निर्णय र निर्देशन मार्गदर्शनका रूपमा रहने गर्छन्।[१७९] आफ्नै संगठनको कमान्ड र प्रणालीलाई मात्र स्वीकार गर्ने र राज्यका अन्य निकायप्रति अनुदार मानिने नेपाली सेनामा समेत संसदीय निगरानीप्रति सकारात्मक धारणा बढेको पाइन्छ। सेनामाथि संसदीय अनुगमन हुँदा संस्थागत विश्वसनीयता र सार्वजनिक छविमा सुधार हुने नेपाली सेनाका अवकाशप्राप्त सहायक रथी पूर्ण सिलवालको बुझाइ छ।[१८०]

---

१७८. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. समिरकुमार अधिकारीसँग २०७८ भदौ दोस्रो साता गरिएको कुराकानी।

१७९. पूर्ववत्।

१८०. Silwal, Maj Gen Purna B, Nepal's Instability Conundrum : Navigating Political, Military, Economic & Diplomatic Landscape, Institute for National Security Studies Nepal, Lalitpur, Nepal, 2021, Page 164.

सतही अध्ययनका भरमा आउने निर्देशन कार्यान्वयन गर्न व्यवहारिक समस्या

संसदीय समितिले कहिलेकाहीँ दिने निर्देशन सतही अध्ययनमा आधारित हुने र कार्यान्वयन गर्न व्यवहारिक नहुने सरकारी पक्षको अनुभव छ। समितिमा आउने र छलफल हुने विषयका कतिपय प्राविधिक पक्ष हुन्छन्। सबै जनप्रतिनिधिलाई प्राविधिक वा अन्य सबै विषयमा जानकारी नहुन सक्छ र सबै विषयमा विज्ञता रहने भन्ने पनि हुँदैन। त्यसैले कहिलेकाहीँ विषयका प्राविधिक तथा विभिन्न पाटोहरू राम्रोसँग नबुझी सतही विश्लेषणका आधारमा अत्यन्तै अव्यवहारिक निर्णयहरू पनि हुने गरेको हुन्छ। जसका कारण समितिबाट आउने कतिपय निर्देशनहरू अव्यवहारिक हुने र प्राविधिक तथा तथ्यगत हिसाबले त्यो काम गर्न कुनै आधार प्रमाण देखिँदैन यसलाई के गरी गर्ने होला भन्ने अन्योल पनि कहिलेकाहीँ हुने गरेको छ।[१८१]

तर कतिपय समितिहरूमा भने यस्तो अवस्थामा निकै सुझबुझपूर्ण रूपमा छलफल अघि बढाउनुका साथै सोहीअनुसार निर्णय गरेको पाइन्छ। संवेदनशील विषयमा द्विविधा भएको अवस्थामा सम्बन्धित पक्षसँग छलफल गर्ने गरिएको पाइन्छ र त्यसले गर्दा विषयलाई स्पष्ट बनाएर सही निर्णय गर्न मद्दत पुग्ने गर्छ।[१८२]

कहिलेकाहीँ धेरै विषय र पक्षसँग जोडिएको विषयमा निर्देशनहरू दिँदा एक-अर्कासँग बाझिएर निर्णय दिइन्छ। प्राविधिक विषयहरूमा निर्णय गर्दा प्राविधिक विश्लेषणकै आधारमा निर्देशित हुने परिपाटी भयो भने समितिहरू अथवा राजनीतिक एवं प्रशासनिक संयन्त्रहरूमा पनि सहजता आउने र कार्यान्वयन तथा सेवा प्रवाह गर्ने ठाउँहरूमा पनि सहजता हुने सरकारी पक्षको धारणा छ।

समितिका निर्देशनका कारण कतिपय ठाउँहरूमा प्रशासनिक एवं राजनीतिक संयन्त्रहरूकै बीचमा द्विविधा भइरहेको र यसको प्रभाव सेवाप्रवाह गर्ने ठाउँमा देखिइराखेको मन्त्रालयका अधिकारीहरूको भनाइ छ। कोभिड-१९ को महामारीको समयमा पनि त्यस्ता धेरै अनुभव भोगिएको र देखिएको हुँदा त्यसका आधारमा ती पक्षमा सुधार गरी अगाडि बढ्न सकिन्छ।[१८३]

यसरी समितिहरूले सरकारलाई दिने निर्देशन विशेषतः सरकार र राज्यलाई जनताप्रति जिम्मेवार तथा उत्तरदायी बनाउने उद्देश्यले नै भएका हुन्छन्।

---

१८१ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. समिर कुमार अधिकारीसँग २०७८ भदौ दोस्रो साता गरिएको कुराकानी।

१८२ पूर्ववत्।

१८३ पूर्ववत्।

समितिले दिएका निर्देशनहरूलाई सरकारी पक्षबाट कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने कुरा महत्वपूर्ण हो। संसद्बाट सही निर्णय र निर्देशन भएको अवस्थामा र त्यसको कार्यान्वयनबारे जानकारी लिने र ताकेता गरेको अवस्थामा त्यस्ता निर्देशन कार्यान्वयन भएका छन्।

शिक्षा तथा स्वास्थ्य समितिका सचिव पुष्पप्रकाश खनालका अनुसार सुरेश वाग्ले मेमोरियल क्यान्सर अस्पतालको निर्माणको विषयमा पटक पटक अनुगमन गरेपछि सो निर्देशन कार्यान्वयन भएको थियो।

नजिक भए अनुगमन, टाढा भए पत्रकै भर

संसदीय समितिहरूले पनि आफूले दिएका निर्देशनहरूको कार्यान्वयन अवस्था बुझ्न मेहनत कम गर्ने गरेको पाइन्छ। कुनै विषयमा निर्देशन दिएपछि त्यसअनुसार फिल्डमै साँच्चिकै काम भएको छ कि छैन भनी अनुगमन गर्न समितिहरूले धेरै मेहनत गर्ने गरेको पाइएन।

समितिहरूले नजिक रहेका र सहज भएको ठाउँमा अनुगमनमै जाने र प्रत्यक्ष अवलोकन गर्ने तर अलि टाढा र दुर्गम भेगमा नजाने, बरु पत्र लेखेर निर्देशन कार्यान्वयन सम्बन्धमा के भइरहको छ भनेर सोध्ने चलन छ। त्यसबारे सरकार पक्षबाट हामी गरिरहेकै छौं, काम भइरहेको छ भनेर जवाफ फर्काउने र त्यसैको आधारमा प्रगति भयो भन्ने मान्ने गरेको पनि पाइन्छ।[१८४]

त्यसो त समितिले दिएको निर्णय कार्यान्वयन नभएमा पटकपटक एउटै निर्देशन दोहोऱ्याइ रहने गरेको पनि पाइन्छ।

फरकफरक समितिले एउटै विषयमा छलफल गर्ने र त्यसबारे छुट्टाछुट्टै निर्देशन दिँदा मन्त्रालय र सरकारी निकायलाई पन्छिने मौका पाएको पनि देखिन्छ।[१८५]

एउटै विषयमा फरकफरक समितिको कार्यक्षेत्र जुधेको अवस्थामा वा विरोधाभासपूर्ण निर्देशनहरू जाँदा कार्यान्वयन गर्ने निकायमा अन्योल सिर्जना भई सेवाप्रवाहमा थप समस्या भएका उदाहरण पनि विगतमा देखिएको थियो। त्यस्तो अवस्थामा कार्यक्षेत्र खुट्टाएको (ओभरल्यापिङ) भए पनि सम्बन्धित दुई वा दुईभन्दा बढी समितिले संयुक्त बैठक गर्दा सम्बन्धित सबै सरकारी निकायका प्रतिनिधिलाई एकैठाउँ राखेर संयुक्त रूपमै सो विषयमाथि छलफल तथा निर्णय गर्ने गरेको पाइन्छ। दोस्रो संविधानसभा कालमा विकास समितिका सभापति रवीन्द्र अधिकारी र कृषि तथा जलस्रोत समितिका सभापति गगन थापाले यस्तै प्रयोजनका लागि ती दुई समितिका संयुक्त बैठक आयोजना गरेका थिए।

---

१८४. शिक्षा तथा स्वास्थ्य समितिका सचिव पुष्पप्रकाश खनालसँग २०७८ भदौ दोस्रो साता भएको कुराकानीमा आधारित।

१८५. पूर्ववत्।

तर अहिले त्यस्तो अभ्यास गरेको पाइँदैन। हालको शिक्षा समितिले पनि संयुक्त बैठक राखेको छैन।[१८६]

कुनै विषय वा विवादले बढी चर्चा पायो भने त्यस विषयमा अरू समितिभन्दा आफू अगाडि देखिन र काम गरेका छौं भन्ने देखाउन पनि समितिहरूले कहिलेकाहीं विषय उठान गर्न प्रतिस्पर्धा गर्ने गरेको पाइन्छ। जसले गर्दा बढी चर्चामा रहेको कुनै विषय दुई वा दुईभन्दा बढी समितिले रोज्ने गरेका छन्।

सांसदहरूले छलफलको विषय, सरकारी प्रतिनिधिवाट भएका प्रस्तुति र सरकारी निकायबाट प्राप्त तथ्यतथ्यांकलाई गहिराइका साथ अध्ययन कम गर्ने, समय पनि नदिने गरेका कारण छलफलबाट सही निष्कर्ष नआउने र निर्देशन कार्यान्वयनमा समस्या आउने गरेको वार्ता गरिएका संसद् र सरकारी निकाय दुर्वतर्फका धेरैको ठहर रह्यो।

अध्ययन गरेर निर्देशन दिने, सम्बन्धित पक्ष वा विषय विज्ञसँग पहिला नै गहन छलफल गर्ने, समितिवाट निर्देशन दिएअनुसार काम भए नभएको अनुगमन गर्नु नै संसदीय समिति र तिनका कामकारवाहीलाई प्रभावकारी बनाउने उपयुक्त उपाय हो। यसो गर्दा जनप्रतिनिधिमूलक संस्थाको औचित्य पुष्टि हुन्छ।

कार्यान्वयनमा समस्याबारे शिक्षा तथा स्वास्थ्य समितिको ठहर

संसद्मा क्रियाशील विभिन्न समितिले दिने निर्देशनमध्ये अधिकांश संख्या या त आंशिक रूपमा कार्यान्वयन हुने, या औपचारिकताका लागि प्रक्रियामा मात्र देखिने या विभिन्न कारण देखाई कार्यान्वयन नै नहुने प्रवृत्ति रहेको गुनासो नियमित सुनिन्छ।

समितिहरूले आफ्नो काम थप व्यवस्थित गर्न उपसमितिहरू गठन गरी विभिन्न मुद्दामा विषयकेन्द्रित काम गर्ने गर्छन्। शिक्षा तथा स्वास्थ्य समितिले पनि २०७५ मंसिरदेखि २०७७ भदौसम्म झन्डै दुई वर्षको अवधिमा विभिन्न विषयमा अध्ययन, छानबिन तथा सुझावसहित प्रतिवेदन पेस गर्ने जिम्मेवारीसहित ९ वटा उपसमिति गठन गरेको थियो।

२०७५ मंसिर २ गते सांसद खगराज अधिकारीको नेतृत्वमा, उमेश श्रेष्ठ र जीवनराम श्रेष्ठको नेतृत्वमा तीन छुट्टाछुट्टै उपसमिति गठन गरिएको थियो। सोही महिना ६ गते योगेशकुमार भट्टराईको नेतृत्वमा, २०७५ माघ २३ गते खगराज अधिकारीको नेतृत्वमा अर्को उपसमिति र २०७५ चैत १२ गते सुरेशकुमार राईको नेतृत्वमा पनि समिति गठन गरिएको थियो। त्यसैगरी

१८६. शिक्षा तथा स्वास्थ्य समितिका सांसद पुष्पप्रकाश श्रेष्ठसँग २०७८ भदौ दोस्रो साता भएको कुराकानीमा आधारित।

२०७६ साउन १९ गते र २०७७ भदौ ९ गते सांसद जीवनराम श्रेष्ठको नेतृत्वमा अन्य दुई उपसमिति गठन गरिएको थियो भने २०७६ भदौ ४ गते सांसद अन्जना विशंखेको नेतृत्वमा एउटा कार्यदल गठन गरिएको थियो।[१८७]

यी उपसमिति र समितिले दिएका सुझावहरूको कार्यान्वयनको अवस्था भने त्यति उत्साहजनक छैन। त्यसो हुनुमा समितिको आफ्नै निष्कर्ष र सुझाव छन्।

समितिका निर्देशन कार्यान्वयन नहुनुका पाँच प्रमुख कारण[१८८]

- एउटै प्रकृतिका निर्देशनहरू विभिन्न समितिबाट दिनु,
- समितिले वस्तुनिष्ठ र व्यावहारिक निर्देशन दिन नसक्नु,
- निर्देशन कार्यान्वयनका सम्बन्धमा अनुगमन प्रभावकारी नहुनु
- निर्देशनको प्रभावकारिता र कार्यान्वयनको समीक्षा नहुनु
- सरोकारवाला पक्षहरूसँग निर्देशनपूर्व पर्याप्त छलफल नहुनु

निर्देशन कार्यान्वयनका लागि समितिले दिएका पाँच सुझाव[१८९]

- समितिका निर्देशनहरू कार्यान्वयनका लागि समितिको आफ्नो क्षेत्राधिकारभित्र रहेर मात्र निर्देशन दिनुपर्ने देखिन्छ।
- कतिपय निर्देशनहरू व्यावहारिक नहुँदा पनि कार्यान्वयनमा समस्या देखिएका छन्। त्यसकारण वस्तुनिष्ठ र व्यावहारिक निर्देशन दिनुपर्ने देखिन्छ।
- निर्देशन कार्यान्वयन भए नभएको विषयमा प्रभावकारी अनुगमन हुनुपर्छ।
- निर्देशन दिनुपूर्व सरोकारवाला पक्षहरूसँग पर्याप्त छलफल गर्ने संस्कारको विकास गर्नुपर्ने देखिन्छ।
- निर्देशन कार्यान्वयनका लागि पर्याप्त बजेट व्यवस्था हुनुपर्ने र क्षेत्राधिकारका निकायको बजेटको आकलन गरी सो आधारमा निर्देशन दिनुपर्ने देखिन्छ।

---

१८७. समितिबाट प्राप्त विवरण।
१८८. पूर्ववत्।
१८९. पूर्ववत्।

आफ्नै नजरमा समितिको प्रभावकारिता

संसदीय समितिहरूको कामकारबाही किन अपेक्षाअनुरूप प्रभावकारी भएन भन्ने चर्चा र बहस लामो समयदेखि हुँदै आएको छ। सांसद, संसद् सचिवालय, सम्बन्धित सरकारी निकाय र यस क्षेत्रमा क्रियाशील विज्ञहरूको बीचमा यो विषय बढी उठ्ने गरेको छ। मुख्यतः संसदीय समितिका छलफल तथा छानबिन बढी व्यवस्थित र गहन हुन नसकेको र सरकारी निकायबाट समितिका निर्णय तथा निर्देशनहरूको कार्यान्वयन हुन नसकेकोबारे बारम्बार प्रश्न उठ्छ। यसो किन भएको छ भन्नेबारे केही संसदीय समिति आफैले गरेका समीक्षा उल्लेखनीय छन्। विज्ञहरूले उठाउने गरेका कैयौं समस्या र प्रवृत्तिहरू त समिति आफैले पनि प्रष्ट रूपमा औंल्याएका छन्।

केही समितिहरू आफैंले आफ्ना वार्षिक प्रतिवेदनमा त्यस्ता समस्याहरूको पहिचान गरी समाधानका सुझावसहित ती प्रतिवेदन सदनमा पेस गरेका छन्। समितिहरूले आफ्नै प्रतिवेदनका सुझावअनुसार काम गरेको अवस्थामा पनि कैयौं समस्या समाधान हुन्छ।

केही समितिहरूले आफ्ना वार्षिक प्रतिवेदनमा समितिका समस्या र चुनौतीहरूको पहिचान गरी बुँदागत रूपमा प्रस्तुत गरेका छन् भने समाधानका लागि सुझावहरू पनि दिएका छन्।

प्रतिनिधिसभाको उद्योग वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले "कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीहरू" उपशीर्षकमा त्यस्ता विषय र प्रवृत्तिहरूको चर्चा गरेको छ।

संसदीय समितिको भूमिका अपेक्षाकृत रूपमा प्रभावकारी नहुनुका कारण खोतल्दा यस क्षेत्रका जानकारहरूले प्रायः उल्लेख गर्ने एउटा कारण हो समितिले उठान गरेका विषयमा गम्भीरसँग गहन अध्ययन अनुसन्धान गर्न नसक्नु। उद्योग वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले आफ्नो प्रतिवेदनको पहिलो बुँदा पनि विज्ञहरूको सो भनाइसँग ठ्याक्कै मिल्छ।

"संसदीय समितिहरूले कुनै पनि विषयमा उठेका समस्याहरू सूक्ष्म ढंगले व्यापक र विस्तृत अध्ययन गरी राय सुझाव तथा निर्देशन दिन नसक्नु," एउटा समस्याको रूपमा रहेको समितिले उल्लेख गरेको छ।[२०]

यो समितिले समस्याको रूपमा पहिचान गरेको दोस्रो बुँदा झनै रोचक छ। समितिले विषयको राजनीतिकरणलाई एउटा समस्याको रूपमा प्रस्टसँग पहिचान गरेको छ।

---

२०. वार्षिक प्रतिवेदन-२०७६, उद्योग वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति, प्रतिनिधिसभा।

समितिले वार्षिक प्रतिवेदन २०७७ मा एउटा नयाँ विषय उठान गरेको छ जसमा भनिएको छ, "रुचि र ज्ञानको आधारमा समितिका सदस्यहरूको छनोट नहुँदा बैठकमा माननीयहरूको सक्रियता सहभागितामा कमी देखिन्छ।"

त्यसैगरी, समितिको गतिविधिसँग सम्बन्धित पुराना अभिलेखहरूको व्यवस्थापन नभएको हुँदा संस्थागत स्मरणको कमी भएको, समितिलाई अध्ययन/भ्रमण, अन्तरक्रिया/छलफल लगायतका कार्यक्रमका लागि पर्याप्त बजेटको व्यवस्था हुन नसकेको र कानुन, न्याय तथा मानवअधिकारसँग सम्बन्धित विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका दस्तावेज तथा पुस्तकहरूको पर्याप्त उपलब्धता नभएको जनाएको छ।

राष्ट्रिय सभा अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिको आफ्नो वार्षिक प्रतिवेदन-२०७५/७६ मा समितिका समस्या पहिचान मात्र गरेको छैन, उसले ती समस्याहरूको वर्गीकरण समेत गरेको छ। उसले नीतिगत पक्षमा देखिएका समस्या, स्रोत साधन तथा भौतिक पक्षमा देखिएका समस्या र बैठक व्यवस्थापनलगायत अन्य विविध विषयमा देखिएका समस्या गरी तीन प्रकारका समस्याका रूपमा पहिचान गरेको छ।

समितिले नीतिगततर्फ तीनवटा समस्या औंल्याएको छ। ती हुन्- राष्ट्रिय सभा नियमावलीमा समितिको कार्यक्षेत्र विषयगत मन्त्रालयमा विभाजन नगरिएकोले नेपाल सरकारका निकायहरू यस समितिप्रति कम जिम्मेवार देखिएको, संघीय संसदका समितिबीच कार्यक्षेत्रमा दोहोरोपना रहेको र राष्ट्रिय सभामा पेस भएका विधेयक दफावार छलफलका लागि यस समितिमा आउने प्रक्रिया नभएकाले कानुन निर्माणको प्रक्रियाबाट समिति वञ्चित रहनुपरेको।

स्रोत साधन तथा भौतिक पूर्वाधारका लागि समितिलाई प्रविधिमैत्री बनाउनुपर्ने, समितिका कामलाई पेपरलेस बनाउँदै ई-गभर्नेन्सको अभ्यास गर्नुपर्ने, स्थलगत अनुगमन आदिका लागि पर्याप्त बजेट हुनुपर्ने र अनुसन्धानको क्षमता वृद्धि गर्नुपर्ने बताएको छ।

बैठक व्यवस्थापनतर्फ पनि समितिले आधा दर्जन समस्याहरू औंल्याएको छ। सरकारका निकायहरूले समितिको प्रयोजनको लागि माग गरेका विवरणहरू समयमा पेस नगर्ने र मागबमोजिम पूर्ण विवरणहरू उपलब्ध नगराएको, अन्य समितिसँग कार्यक्षेत्र बाझिने विषयमा संयुक्त बैठक राख्न नसकिएको, बैठकमा आमन्त्रण गरिने कतिपय मन्त्री र पदाधिकारी तथा निकायले समय उपलब्ध गराउन नसक्दा समितिको कार्ययोजनाबमोजिम निर्धारित समयमै बैठकलगायत समितिका अन्य कार्यक्रम सम्पन्न हुन नसकेको उसको भनाइ छ।

कानुन समितिले जस्तै यसले पनि संसदीय अभ्यास, राजनीतिक पद्धति र अनुभवको आदान प्रदान गर्न सांसदहरूलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय भ्रमण, तालिम तथा अध्ययनको व्यवस्था गर्नुपर्ने बताएको छ। त्यसैगरी, सरकारले समितिमा गरेका प्रतिबद्धताहरूको कार्यान्वयनमा प्रभावकारिता नदेखिएको, कार्यक्षेत्रमा दोहोरोपन देखिएको, एउटै विषयमा समितिले दिने

निर्देशनमा एकरूपता नभएको र समितिहरूबीच समन्वयमा कमी भएको पनि समितिले औंल्याएको छ।

कानुन न्याय तथा मानवअधिकार समिति, राज्य व्यवस्था समिति र राष्ट्रिय सरोकार तथा समन्वय समितिले समितिका सदस्य तथा कर्मचारीहरूको क्षमता विकास गर्न वैदेशिक भ्रमणको व्यवस्था गर्नुपर्ने जिकिर गरेका छन्। राज्य व्यवस्था तथा सुशासन समितिले आफ्नो वार्षिक प्रतिवेदन-२०७७ विधेयक निर्माण गर्नुपूर्व विज्ञ एवं सरोकारवाला निकायसँग पर्याप्त छलफल गर्नुपर्ने, सरकार र सम्बन्धित सरोकारवाला निकायहरूलाई दिएका निर्देशन एवं सुझावहरूलाई गम्भीरतापूर्वक लिई अनिवार्य कार्यान्वयन गराउने, समितिको विषयगत विशिष्टताअनुरूप कर्मचारीहरूको व्यवस्थापन गर्नुपर्ने र अध्ययन अनुसन्धानको लागि मन्त्रालयगत एवं निकायगत डेस्कको स्थापना गर्नुपर्ने लगायतका सुझाव दिएको छ।

राष्ट्रिय सभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिले वार्षिक प्रतिवेदन-२०७५/७६ मा समितिका चुनौती र समाधानको बाटो उपशीर्षकमा बुँदागत रूपमा ती विषयहरू प्रस्तुत गरिएको छ।

समितिले दिएको निर्देशनलाई कार्यान्वयनको लागि बाध्यकारी बनाउन कानुनी, नीतिगत र संरचनागत प्रबन्ध पर्याप्त नभएको, सरकारी आश्वासन पूरा गराउने दिशामा समिति क्रियाशील बन्न नसकेको, अन्तरनिकाय समन्वयको अभाव र कार्यगत दोहोरोपना रहेको, समितिको कार्यक्षेत्र अन्तर्गतका विषयविज्ञको अभाव रहेको र समितिका निर्णय कार्यान्वयनमा सरोकारवालाहरू उदासीन रहेको जस्ता समस्या औंल्याएको छ।

त्यसैगरी यो समितिले पनि अन्यले जस्तै स्रोत साधन बढाउनुपर्ने, प्रविधिमैत्री व्यवस्था गर्नुपर्ने, कर्मचारीलाई तालिम दिनुपर्ने, समन्वय बढाउनुपर्ने विषय नै दोहोऱ्याएको छ। यसरी समितिहरूले आफ्ना बैठकबाट सामूहिक रूपमा आआफ्ना बैठकका छलफलबाट निकालेका यी निचोडको आफ्नो अर्थ र महत्व छ। ती समितिले बैठकबाट पारित गरी वार्षिक प्रतिवेदनमा समावेश गरेर सदनमा पेस भएका यी विषय तत्तत् समितिले कार्यान्वयन गर्न वा गराउन प्रयास गरे पनि संसदीय समितिको भूमिकामा धेरै सुधार हुन सक्छ।

समितिका प्रतिवेदन : छैन एकरूपता

समग्र संसद्बारे अध्ययन गर्दा हेरिने एउटा मुख्य पाटो हो संसदीय समितिहरूका गतिविधि, तिनका निर्णय तथा निर्देशनहरू। संसद्को सफलता धेरै हदसम्म संसदीय समितिहरूको कार्यकुशलतामा निर्भर रहने विश्वास गरिन्छ। सबै समितिले आफूहरूले वर्षभरि गरेका कामको फेहरिस्तको सँगालो तयार गर्ने गर्छन्। समिति सभापतिले आआफ्ना प्रतिवेदन

संसद्को पूर्ण बैठकमा पेस गर्छन्। समितिहरूका कामकारवाहीलाई दीर्घकालसम्म नियाल्ने एक प्रकारका आँखीझ्याल हुन् वार्षिक प्रतिवेदनहरू।

संसदीय अध्ययनमा महत्वपूर्ण दस्तावेजका रूपमा रहने यी प्रकाशनहरू केलाउँदा कमीकमजोरीहरू झल्किन्छन्। संसद्का विभिन्न समितिले एउटै समयमा तयार गरी सदनमा पेस गर्ने वार्षिक प्रतिवेदनहरूका केही आधारभूत कुरामा पनि एकरूपता देखिँदैन। विषयवस्तु (कन्टेन्ट) र प्रस्तुति दुवैमा एकरूपताको अभाव आवरण पृष्ठदेखि नै झल्किन्छ।

कुनै समितिको वार्षिक प्रतिवेदनको आवरणमा आर्थिक वर्षको ढाँचामा दुई वर्ष उल्लेख गरिएको हुन्छ भने कुनै समितिको प्रतिवेदनमा एक वर्षमात्र उल्लेख गरिएको हुन्छ। जस्तै : 'कृषि, सहकारी तथा प्राकृतिक स्रोत, समिति वार्षिक प्रतिवेदन २०७६-७७' भनिएको छ भने 'शिक्षा तथा स्वास्थ्य समितिको वार्षिक प्रतिवेदन, २०७७' भनिएको छ।

विषयवस्तुकै सन्दर्भमा हेर्दा विषयगत समितिहरूमध्ये कतिपयले आफ्ना समितिका कामकारवाहीमा देखिएका समस्या र समाधानका बारेमा व्याख्या गरेका छन्। केही समितिले ती विषयलाई आफ्ना वार्षिक प्रतिवेदनको निष्कर्ष र सुझाव खण्डमा बुँदागत रूपमा दिएका छन्। तर, अधिकांशले समस्या र समाधान खण्डमा आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालय र निकायका बारेमा मात्र बोलेका छन्। समितिका बारेमा मौन छन्।

त्यस्तै कतिपय समितिले उनीहरूले दिएका निर्देशनहरूको कार्यान्वयनको अवस्था के छ भनी अद्यावधिक गरेका छन्। केहीले कार्यान्वयनको अवस्थालाई पूर्ण कार्यान्वयन, आंशिक कार्यान्वयन, कार्यान्वयनको प्रक्रियामा रहेको वा कार्यान्वयन नै नभएको वा सुनुवाइ नै नगरिएको भनी वार्षिक प्रतिवेदनमा स्पष्ट तालिका नै बनाएर दिएका छन्। तर केही समितिले भने त्यो विषय उल्लेख नै गरेका छैनन्। प्रतिवेदनहरू केलाउँदा यस्ता कैयौं पक्षहरू भेटिन्छ जसले ती प्रकाशनका आधारभूत कुराहरूमा पनि एकरूपता देखिँदैन।

कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको वार्षिक प्रतिवेदन २०७६-७७ मा उसले वर्षभर गरेका कामकारवाहीका विवरणकै संकलन प्रस्तुत गरिएको छ। र, त्यसैबारे निष्कर्ष तथा सुझावहरू मात्र दिइएको छ। समितिका समस्या, चुनौती र प्रभावकारितावारे केही छैन।

कृषि समितिले जस्तै शिक्षा तथा स्वास्थ्य समितिले पनि वार्षिक प्रतिवेदन, २०७७ मा आफ्ना वर्षभरिका बैठकका निर्णयहरू, समिति तथा उपसमितिले गरेको छलफल, अन्तर्क्रिया, अध्ययन, छानबिन आदिका विवरण र सोहीसम्बन्धी निष्कर्ष र सुझावहरू दिएको छ। समस्याहरू उपशीर्षकमा शिक्षा समितिले आफ्नो कार्यक्षेत्रमा पर्ने मुलुकका समस्या पहिचान गरेको छ। उसले त्यस्ता ११ बुँदे समस्याको पहिचान गरी समाधानका ९ बुँदे सुझाव पेस गरेको छ। तर समितिका समस्या, चुनौती र प्रभावकारितावारे केही बोलेको छैन।

अर्थ समितिले चाहिँ आफ्नो कार्यसम्पादनमा आइपरेका समस्याको पहिचान गरेको छ। सरकारका निकायहरूले समितिको प्रयोजनको लागि माग गरेका विवरणहरू समयमा पेस नगर्ने र माग बमोजिम पूर्ण विवरणहरू उपलब्ध नगराउने, समितिको कार्यक्षेत्र मन्त्रालय र निकायगत आधारमा मात्र वर्गीकरण गर्दा अर्थ व्यवस्थासँग सम्बन्धित विषयमा अन्य समितिहरूका कार्यक्षेत्रमा पनि प्रवेश गर्नुपर्ने हुँदा कार्यक्षेत्रको द्वन्द्व हुने गरेको, समितिमा गहन छलफल र अध्ययन गरी निर्णय हुनुपर्नेमा छलफलको विषयवस्तुमा आवश्यक पूर्वतयारीको कमीका कारण समितिको कामकारबाही र निर्णय हतारमा गरिने लगायतका समस्या औंल्याएको छ।

त्यसैगरी, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले भने आफ्नो वार्षिक प्रतिवेदन-२०७६ मा समितिको कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीहरू नामक एउटा छुट्टै उपशीर्षकमा समस्या र समाधानका उपायहरू बुँदागत रूपमा दिएको छ।

यस वार्षिक प्रतिवेदनमा हरेक बैठकका एजेन्डा र निर्णयहरू लगायतका विवरण मितिगत रूपमा दिइएको छ भने समग्र समस्याबारे निष्कर्ष र सुझाव खण्ड दिइएको छैन।

अन्तर्राष्ट्रिय सम्बन्ध समितिले आफ्नो वार्षिक प्रतिवेदन २०७७ मा समितिले वर्षभरि गरेका बैठक लगायतका गतिविधिको विवरण प्रस्तुत गरेको छ। तर यसले समितिसँग सम्बन्धित समस्याको पहिचान र समाधानका सुझाव खण्ड राखेको छैन।

कानुन, न्याय तथा मानवअधिकार समितिको वार्षिक प्रतिवेदन २०७६ हेर्दा एकदुईवटा विषय र प्रस्तुतिले अरूभन्दा नितान्त फरक देखियो। यो समितिले सरकारी पक्षलाई दिएका निर्देशन कार्यान्वयनको अवस्था र कार्यसम्पादनमा देखापरेका समस्याहरू सम्बन्धमा तालिका नै बनाएर स्पष्ट रूपमा दिएको छ। रोचक पक्ष त के छ भने अन्य समितिको तुलनामा यो समितिले आफ्ना निर्देशन अधिकांश कार्यान्वयन भएको जनाएको छ। उसले सो वर्ष ७ वटा निर्देशन दिएको र तीमध्ये एउटाबाहेक सबै कार्यान्वयन भएको तालिकामा उल्लेख छ। सो समितिले सो तथ्यांकलाई वृत्तचित्र (पाइचार्ट) मा समेत प्रस्तुत गरेको छ। समितिले प्रतिवेदनमा आफ्नो कार्यसम्पादनमा देखापरेका समस्या नामक एउटा छुट्टै उपशीर्षकमा बुँदागत रूपमा उल्लेख गरेको छ।

त्यसैगरी, परिच्छेद ४ मा दिइएको निष्कर्ष, सुझाव तथा सिफारिसमा आफ्नो समग्र कार्यक्षेत्रका समस्याबारे र समितिका कार्यसम्पादनसम्बन्धी निष्कर्ष र सुझाव दिइएको छ।

यसरी कानुन, न्याय तथा मानवअधिकार समितिको वार्षिक प्रतिवेदन २०७६ अरूको भन्दा केही भिन्न देखिन्छ। तर यही समितिको वार्षिक प्रतिवेदन २०७७ भने अघिल्लो वर्षको जस्तो व्यवस्थित देखिँदैन। सो समितिले २०७६ को प्रतिवेदनमा जस्तो २०७७ को प्रतिवेदनमा

आफ्ना निर्देशनको कार्यान्वयनको अवस्थालाई तालिका र इन्फोग्राफिक्समा प्रस्तुत गरेको छैन।

राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिले वार्षिक प्रतिवेदन २०७५-०७६ मा सो वर्षका आफ्ना काम कारवाहीको विस्तृत विवरण प्रस्तुत गरेको छ। अन्य विषयहरूलाई पनि बुँदागत तथा व्यवस्थित रूपमा प्रस्तुत गरेको सो समितिले समितिको कार्यसम्पादनमा देखिएका समस्याबारे भने केही उल्लेख गरेको छैन।

सार्वजनिक लेखा समितिले वार्षिक प्रतिवेदन २०७६ मा वर्षभरि गरेका आफ्ना कामकारबाहीबारे विस्तृत तालिकाहरू, शीर्षक उपशीर्षकमा व्यवस्थित रूपमा दिएको छ। समितिले ३७४ पृष्ठ लामो सो वार्षिक प्रतिवेदनमा हरेक मन्त्रालय, आयोग र अन्य निकायसम्बन्धी विषय र त्यसबारे टिप्पणी छुट्टाछुट्टै उपशीर्षकमा दिएको छ। ती सबै निकायसम्बन्धी समस्या र समाधानका सिफारिसबारे पनि छुट्टाछुट्टै उपशीर्षकमा विस्तृतमा व्याख्या गरेको छ। तर अन्य केही समितिहरुले जस्तो यस समितिले आफ्नै कार्य सम्पादनमा देखिएका समस्या र त्यसलाई प्रभावकारी बनाउन के गर्नुपर्छ भन्नेबारे भने केही बोलेको छैन।

वार्षिक प्रतिवेदन २०७७ मा पनि यो समितिले ३०९ पृष्ठ लामो प्रतिवेदन तयार गरेको छ। तर त्यसमा पनि समितिका समस्याबारे उल्लेख गरेको छैन।

राष्ट्रिय सभा अन्तर्गतको राष्ट्रिय सरोकार तथा समन्वय समितिको वार्षिक प्रतिवेदन २०७५/७६ ले समितिका महत्वपूर्ण निर्देशन तथा सुझावहरू र तिनको कार्यान्वयनको अवस्था शीर्षकमा आफूले सरकारी निकायलाई दिएका निर्देशनको अवस्थाबारे तालिका बनाएर प्रस्तुत गरेको छ।

उसले आफूले दिएका १६ वटा निर्देशनको अवस्था अनुगमन गरी सम्बन्धित मन्त्रालय वा निकायले कार्यान्वयन गरेको, कार्यान्वयन नगरेको, आंशिक कार्यान्वयन भएको, काम अगाडि बढेको, क्रमशः कार्यान्वयनको चरणमा रहेको, कार्यान्वयनको प्रक्रियामा रहेको विवरण दिएको छ।

अरू केही समितिले जस्तै यो समितिले पनि राष्ट्रिय सरोकार तथा समन्वय समितिले सो वर्षमा आफूले सम्पादन गरेका क्रियाकलापहरूबाट प्राप्त उपलब्धिहरूको विवरण बुँदागत रूपमा दिएको छ।

प्रतिनिधिसभा तर्फको राज्य व्यवस्था तथा सुशासन समितिको वार्षिक प्रतिवेदन २०७७ मा पनि समितिका निर्देशन एवं सुझाव कार्यान्वयनको अवस्थाबारे विवरण दिइएको छ। समितिले तालिका बनाएर त्यसको पछिल्लो अवस्थाबारे अद्यावधिक जानकारी प्रतिवेदन

प्रस्तुत गरेको छ। यो समितिले समितिमा प्राप्त गुनासो एवं उजुरीहरू सम्बन्धमा दिएको निर्देशन एवं कार्यान्वयनको अवस्था पनि छुट्टै उपशीर्षकमा प्रस्तुत गरेको छ।

अख्तियार लगायतका आयोगसमेत आफ्नो कार्यक्षेत्रमा रहेको यस समितिले भ्रष्टाचार तथा अनियमितता लगायतका विषयमा प्राप्त गुनासो एवं उजुरीबारे सम्बन्धित मन्त्रालय, अख्तियार वा अन्य सम्बन्धित निकायलाई आवश्यक कारबाही गर्न निर्देशन तथा सुझाव दिएको र त्यस सम्बन्धमा अद्यावधिक अवस्थाबारे पनि तालिका बनाएर प्रतिवेदनमा प्रस्तुत गरेको छ।

राज्य व्यवस्था समितिले निष्कर्ष तथा सुझाव खण्डमा कार्यसम्पादनमा देखापरेका समस्या एवं चुनौती प्रस्तुत गरेको छ। उसले समितिबाट सम्पादित कामकारवाहीलाई अपेक्षाकृत प्रभावकारी बनाउन नसक्नुमा के कस्ता समस्या र चुनौतीहरू छन् भनी बुँदागत रूपमा समाधानका उपायसहित प्रस्तुत गरेको छ।

राष्ट्रिय सभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिले वार्षिक प्रतिवेदन, २०७५/७६ मा समितिका चुनौती र समाधानको बाटो उपशीर्षकमा बुँदागत रूपमा छलफल गरेको छ। यो समितिको प्रतिवेदनमा अरूभन्दा भिन्न एउटा खण्ड दिइएको छ। अरू समितिको प्रतिवेदनमा नभेटिने 'भावी सोच र निर्देशन' उपशीर्षकमा यस समितिले आगामी वर्ष के के गर्नेछ भन्ने योजनाहरू र अवधारणा प्रस्तुत गरेको छ।

महिला तथा सामाजिक समितिको वार्षिक प्रतिवेदन, २०७६ र २०७७ दुवै प्रतिवेदनमा समितिको निर्देशनहरूको सरकारतर्फबाट कार्यान्वयनको अवस्था कस्तो छ भन्नेबारे अद्यावधिक गरिएको छैन भने र समग्र कार्यक्षेत्रको बारेमा पनि विश्लेषण छैन। त्यसैगरी समितिको कार्यसम्पादन सम्बन्धमा कुनै निष्कर्ष तथा सुझाव दिइएको छैन।

कुनै समितिका प्रतिवेदन बुझाउनुपर्ने प्रावधान पूरा गर्नका लागि मात्र तयार गरेको देखिन्छ भने केही प्रतिवेदन हेर्दा ती समितिले विवरणबाहेक निश्चित विषयहरूको विश्लेषण, समस्याको पहिचान र समाधानका उपाय पनि सुझाइएको हुँदा अलि ती अर्थपूर्ण छन्। कतिपय समितिले सामान्य पृष्ठभूमि र प्रक्रियागत विषय उल्लेख गरी बाँकी सबै पहिलेका विवरण अनुसूची खण्डमा दिएर वार्षिक प्रतिवेदनको औपचारिकता पूरा गरिएको छ। कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको वार्षिक प्रतिवेदन २०७६-७७ जम्मा २८ पृष्ठको छ भने सार्वजनिक लेखा समितिको २०७६ र ७७ का प्रतिवेदन क्रमशः ३७४ र ३०९ पृष्ठ लामा छन्। यसबाट झल्किन्छ, संसद्कै समितिका वार्षिक प्रतिवेदनको कुनै ढाँचा र मापदण्ड पालना गरिएको छैन।

धेरैजसो समितिले तालिका बनाएर दिएका विवरण भने जानकारीमूलक र व्यवस्थित देखिन्छन्। बैठकका एजेन्डा, निर्णय र निर्देशन वा कार्यान्वयनको अवस्थासम्बन्धी तालिकामा दिइएको ती विवरणको प्रस्तुति जानकारीमूलक र अध्ययन गर्न सहज छन्। तर केही समितिका प्रतिवेदनमा भने त्यो तालिका पनि दिइएको छैन। समितिका प्रतिवेदनहरूमा देखिएका अनेकताका यी केही प्रतिनिधिमूलक उदाहरणमात्र हुन्।

जुन संसदीय समितिहरूले आफ्ना प्रतिवेदनमा कार्यसम्पादनमा देखिएका समस्या उल्लेख गरेका छन्, तीमध्ये अधिकांशले साधन स्रोत र जनशक्तिको कमीलाई प्रमुख समस्याको रूपमा उल्लेख गरेका छन्। यो कुरा धेरै हदसम्म जायज पनि देखिन्छ। तर उनीहरूले उपलब्ध साधनस्रोतको उच्चतम सदुपयोग गरेर गर्न सकिने काम पनि गरेको भने देखिँदैन। वार्षिक प्रतिवेदन तयार गर्दा एकरूपता कायम नगरेको र निश्चित खाका र मापदण्डलाई पनि पालना नगरेकोवाट सो कुरा पुष्टि हुन्छ।

मुलुकको नीति निर्माण गर्ने मूल थलो संसद्मा हुने हरेक निर्णय लगायतको उचित दस्तावेजीकरण र प्रस्तुति महत्वपूर्ण कुरा हो। तर, त्यो महत्व र गहनताका साथ संसदीय समितिहरूले आफ्ना दस्तावेज र प्रकाशनहरूलाई थप व्यवस्थित गर्नुपर्ने देखिन्छ।







अध्याय ५

अनुभवीहरुका आँखामा

प्रत्यायोजित विधायनसम्बन्धी समितिको ठूलो म्यान्डेट उपेक्षित छ

माधवप्रसाद पौडेल



प्रतिनिधिसभाका समितिहरूले के गर्ने, के नगर्ने भन्ने कार्यादेश (म्यान्डेट) नियमावलीमै व्यवस्था गरिएको छ। समितिले गर्ने हो भने 'बिजेनस' (काम) प्रशस्त छ। तर अहिले प्रतिनिनिधिसभा र राष्ट्रिय सभा नै प्रभावकारी नभएको अवस्थामा तिनका छायाका रूपमा रहेका समितिहरू प्रभावकारी हुन्छन् भनी अपेक्षा गर्नु अर्थपूर्ण हुँदैन। उनीहरूले गरेका कामका आधारमा प्रभावकारिताको पक्षलाई हेर्नुपर्छ। अहिले प्रतिनिधिसभातर्फ लगभग ५० भन्दा बढी विधेयक विचाराधीन छन् भनिएको छ। तीमध्ये अधिकांश समितिमै छन् र पास भएका छैनन्। प्रभावकारिता मापन गर्ने यो पनि एउटा 'इन्डिकेटर' हुन सक्छ। सार्वजनिक चासोका विषयमा छलफल गर्ने समितिको बढी रुचि देखिन्छ। त्यसमा छलफल गराउने, सरकारलाई भर्त्सना गर्ने र यसो गर, उसो गर भनेर निर्देशन दिनेतर्फ रुचि धेरै देखिन्छ। तर, आफ्नो मुख्य कामप्रति उहाँहरूको रुचि कम छ।

विधेयकका सम्बन्धमा भएको परिपाटी पनि समितिले सुधार हुनुपर्छ। समितिमा विधेयक आएपछि सो विधेयकमाथि बृहत् र पारदर्शी रूपमा छलफल, परामर्श, सुनुवाइ गर्नुपर्छ। ऐन निर्माण गर्दा गोप्य रूपमा गर्ने जमाना अहिले होइन। संसद् आफैंमा एउटा पारदर्शी संस्था हो। विधेयकमाथि विभिन्न कोणबाट सम्बन्धित विज्ञ र सरोकारवालासँग छलफल हुनुपर्छ। उदाहरणको लागि कृषिसम्बन्धी विधेयक आयो भने त्यसको विज्ञ को हो भनी बोलाएर छलफल गर्नुपर्‍यो। यो अभ्यास प्रदेशस्तरमा पनि गर्नुपर्छ। जुमजस्ता प्रविधि प्रयोग गरेर वा उपसमिति बनाएर पनि गर्न सकिन्छ। यसरी ऐन निर्माण प्रक्रियालाई अझ व्यापक बनाउँदा विधेयक समृद्ध हुन्छ र कार्यान्वयन गर्न पनि सजिलो हुन्छ। सबै सरोकारवालाले अपनत्व लिने वातावरण बन्छ।

परामर्शका लागि समितिहरूले आफूसँग सम्बन्धित विज्ञहरूको सूची तयार गर्नुपर्छ। अनि आवश्यकताअनुसार परामर्श लिने। त्यो अभ्यास भएको छैन। कहिलेकाहीं त बोलाइन्छ तर मन लागे बोलाउने नत्र नबोलाउने तदर्थवाद छ। त्यसैले यसमा सुधार हुनुपर्छ।

समितिहरू सार्वजनिक चर्चाका विषयतर्फ बढी आकर्षित हुनुको पनि कारण छ। हाम्रो समाजले त्यही मन पराउँछ। मिडियाले पछ्याउने विषयमा सांसदको रुचि हुने गरेको देखिन्छ। प्रश्नोत्तर कार्यक्रममा पनि सार्वजनिक खपतका विषयमा प्रश्न बढी आएको पाइन्छ। निर्देशन पनि त्यस्तै विषयमा धेरै दिइन्छ।

प्रतिनिधिसभाका नौ र राष्ट्रिय सभाको एक समितिलाई एउटा ठूलो म्यान्डेट छ- प्रत्यायोजित विधायनका बारेमा सरकारलाई जवाफदेही बनाउने। यही विषय सबैभन्दा उपेक्षित छ। उहाँहरू ऐन बनाउनुहुन्छ, ऐन बनाउँदा त्यसमा नियम बनाउने अधिकार सरकारलाई दिनुहुन्छ। त्यो नियम कस्तो बन्यो, ऐनसँग बाझिएको छ कि छैन भन्ने विषय हेर्नुपर्ने हो। राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले त यस सम्बन्धमा केही काम गरेको छ तर प्रतिनिधिसभा यसमा निकै निष्क्रिय रह्यो। यो म्यान्डेट पूरा गरेको देखिएन। उहाँहरू आफैले सरकारलाई नियम बनाउन भनेर अधिकार दिनुहुन्छ, तर सरकारले त्यो ठिकसँग बनाएको छ कि छैन भनी अनुगमन गर्नुहुन्न।

राज्यका दुई अंग व्यवस्थापिका र कार्यपालिकाबीच असमझदारी नहुनु पर्ने हो। केही समयपहिले राज्य व्यवस्था समितिले लोक सेवा आयोगलाई एउटा निर्देशन दियो। त्यो निर्देशन त्यति स्वाभाविक देखिएन। पालना पनि भएन। सर्वोच्च अदालतले पनि त्यो पालना गर्नुहुँदैन भन्यो। तसर्थ समितिले आफ्नो म्यान्डेटबारे स्पष्ट हुनुपर्ने देखिएको छ। त्यसैगरी समितिहरू आफ्नो क्षेत्राधिकारबारे पनि प्रस्ट हुनुपर्छ। दुइटा समितिले एउटै विषयमा फरक-फरक निर्देशन दिन्छन्। त्यस्तो हुँदा सरकारी निकायले आफ्ना लागि जुन सहज हुन्छ, त्यही कार्यान्वयन गरिदिन्छ।

समितिले निर्देशनमात्रै दिँदै हिँड्ने कि सरकारलाई सही अर्थमा जवाफदेही बनाउने भन्नेमा ध्यान दिनुपर्छ। उहाँहरूले नियमावलीमा भनेजस्तै सरकारी पक्षलाई बोलाएर सम्बन्धित विषयमा ब्रिफिङ गर्न लगाउनुपर्छ तर कुनै कर्मचारीलाई बोलाएर केरकार वा गाली गर्नु राम्रो होइन। कतिपय समितिमा त कुनै पक्षको स्वार्थमा बोलाउने, कसैको लाइसेन्स रद्द गर्नू वा फलानालाई दिनू जस्ता निर्देशन पनि दिइन्छ। समिति कानुन कार्यान्वयन गर्ने निकाय होइन। कानुन कार्यान्वयनमा समितिले हस्तक्षेप गर्दा शासन सञ्चालनमा भद्रगोल हुन्छ। लाइसेन्स दिने-नदिने, सजाय दिने-नदिने, सरुवा, निलम्बन गर्नेजस्ता विषयमा समिति प्रवेश गर्नुहुँदैन। जहाँसम्म तोकेरै नभनेसम्म सरकारी निकायले नटेर्ने, काम नगर्ने भन्ने प्रश्न छ, त्यसमा मन्त्रीलाई जवाफदेही बनाउनुपर्छ। मन्त्री त संसद्कै अंग पनि हो। सरकारका कामकारबाही मन्त्रीकै नीति निर्देशनअनुसार चलेका छन् भन्ने विश्वास गर्नुपर्छ। त्यसैले मन्त्रीलाई जिम्मेवार बनाउनुपर्छ, नबने खेद प्रस्ताव पारित गर्न सक्नुहुन्छ। कुनै कर्मचारीलाई केरकार गर्नुको अर्थ हुँदैन किनभने उसले त कसैको निर्देशनमै काम गरेको हुन्छ।

हाम्रो अभ्यास मूलतः बेलायती मोडेलमै आधारित हो। नेताहरूले अहिलेको हाम्रो व्यवस्था परम्परागत नभई सुधारिएको संसदीय व्यवस्था भन्नुहुन्छ। तर व्यवहारमा भने हामी वेस्टमिन्स्टेरियलभन्दा पनि पछाडि छौं। बेलायतमा समितिहरू असाध्यै प्रभावकारी छन्। उनीहरूले विधेयकमा निकै ध्यान दिएर अत्यन्त समृद्ध बनाउँछन्। प्रत्यायोजित विधायनमा पनि उनीहरूले सरकारलाई निकै जिम्मेवार बनाउँछन्। कतिपय अवस्थामा त उनीहरूले संसद्मा विधेयक दर्ता नगरीकन नियम प्रभावकारी नहुने व्यवस्था पनि छ। हामीकहाँ सरकारलाई नियम बनाउने अधिकार दिएको छ, सरकारले बनाउँछ। तर कस्तो नियम बनायो भन्ने कुनै अनुगमन नै हुँदैन। संसद् जिम्मेवार बन्ने हो भने कानुन निर्माण प्रक्रियामा ठूलो योगदान हुने थियो।

समितिका निर्देशन कार्यान्वयन नभएको कुरा पटक-पटक उठिरहन्छ। कार्यान्वयन नभएको पनि होइन। उदाहरणका लागि माधवकुमार नेपाल प्रधानमन्त्री भएका बेला संसदीय समितिले भारतको सेक्युरिटी प्रेसलाई एमआरपी (मेसिन रिडेबल पासपोर्ट) छाप्न नदिनू भन्यो। सरकारले त्यहीअनुसार प्रक्रिया रोक्यो। युनिटी कम्पनीसम्बन्धी र सुडान प्रकरणजस्ता थुप्रै विषयमा निर्देशन कार्यान्वयन भएका छन्। कतिपय कार्यान्वयन गराउन गाह्रो भएको अवस्था पनि छन्। सही ढंगबाट समितिबाट निर्देशन नदिएर हो कि वा कार्यान्वयन गर्न कठिन हुने प्रकृतिका वा अमूर्त निर्देशन भए कि। समितिले निर्देशन दिनुअघि आफ्नो निर्णय कार्यान्वयन हुन्छ कि हुँदैन भनी ख्याल गर्नुपर्ने हुन्छ। गर्नै नमिल्ने निर्देशन दिएर त समिति आफै हल्का हुन्छ।

प्रशासनले कतिवटा निकायको आदेश पालना गर्ने ? भन्ने एउटा 'स्कुल अफ थट' छ। मन्त्रिपरिषद्मार्फत नेपाल सरकारको आदेश आउँछ, सर्वोच्च अदालतको, अख्तियारको, महालेखा परीक्षकको, अरू संवैधानिक निकायको र संसदीय समितिका आदेश आउँछन्। कसकसका आदेश पालना गर्ने ? भन्ने प्रश्न पनि उठ्ने गरेको छ। सबैले आदेश र निर्देशनमात्र दिने र हाम्रो काम नै त्यसको पछि लाग्ने हो ? भन्ने तर्क सुनिन्छ। यसो भनेर समितिले निर्देशन नदिने भन्ने होइन। तर समितिले यसलाई अपवादको रूपमा प्रयोग गर्नुपर्छ। हरेक समितिले हरेक विषयमा निर्देशन दिनुचाहिँ उचित हुँदैन।

संसद्मा प्रश्नोत्तर गर्ने, संकल्प प्रस्ताव पारित गर्ने, समितिबाट निगरानी गर्ने कामकारबाही सही ढंगबाट अभ्यास गरिएमा सरकारलाई संसद्प्रति जवाफदेही बनाउन र संसदीय शासनप्रणालीलाई समृद्ध गर्न मद्दत पुग्छ। समितिहरूले कुनै खास व्यक्ति वा विषय तोकेरै यस्तो निर्णय गर भनेर निर्देशन दिने होइन। नीतिगत रूपमा यसो गर भन्ने हो। यस विषयमा आमजनतालाई फाइदा हुनेगरी यस्तो नीति वा मापदण्ड बनाऊ भन्नुपर्नेमा कुनै खास व्यक्तिलाई फाइदा वा घाटा हुनेगरी निर्णय गर्नुहुँदैन।

प्रतिनिधिसभातर्फका नौ र राष्ट्रिय सभाको एउटा समितिलाई अर्को महत्वपूर्ण जिम्मेवारी छ। यसमा ध्यान दिइएको छैन। उनीहरूले सरकारी आश्वासन कार्यान्वयन गरे नगरेको अनुगमन गर्ने व्यवस्था छ। सरकारले पाइला-पाइलामा आश्वासन दिँदै हिँडेको हुन्छ। संसद्मा सार्वजनिक महत्वको विषयमा वक्तव्य दिँदा होस्, प्रश्नोत्तरमा वा अन्य कुनै बेला प्रधानमन्त्री वा मन्त्रीले संसद्को रोस्ट्रममा उभिएर वा समितिको बैठकमा बसेर वा विधेयक पारित गरेर यसो गरिनेछ, उसो गरिनेछ भनी आश्वासन दिइन्छ। त्यसको पालना भयो कि भएन भनेर समितिले अनुगमन गर्नुपर्थ्यो। कसैलाई ठेक्का दे, कारबाही गर वा नगर भन्नेभन्दा समितिले यी विषयमा बढी ध्यान दिनुपर्छ। प्रधानमन्त्री वा मन्त्रीलाई तपाईं आफैले एक महिनामा गर्छु भनेको, ६ महिनामा गर्छु भनेको किन भएन भनी ताकेता गर्नुपर्छ। समितिको मुख्य काम ओभरसाइट (निगरानी) गर्ने हो। यसलाई प्राथमिकता दिनुपर्नेमा उपेक्षा गरिएको छ।

संसदीय समितिका निर्देशन पालना गर्ने सन्दर्भमा कार्यपालिकाले असहयोग गर्नुहुँदैन किनकि सरकारको स्रोत नै संसद् हो। सरकार संसद्बाटै जन्मेको हुन्छ। संविधानबमोजिम सरकार संसद्प्रति उत्तरदायी हुन्छ। त्यसैले संसद्प्रति कार्यपालिका असहिष्णु हुन वा असहयोग गर्न मिल्दैन।

संसदीय प्रणालीलाई मान्ने हो भने त्यसका मूल्यमान्यतालाई पालना गर्नुपर्छ। बेलायतमा प्रधानमन्त्रीलाई 'फर्स्ट एमोङ इम्वेल' अर्थात् बराबर सदस्यहरू मध्येको पहिलो भनिन्छ। बाहिर शीर्ष वा ठूला नेता भन्ने भए पनि संसद्मा सबै सदस्य हुन्। ठूला नेताको आफ्नो छुट्टै महत्व त हुन्छ नै तर पनि समितिमा उपस्थित भएर उहाँहरूले आफ्नो र समितिको महत्व बढाउनुपर्छ। त्यसका लागि समितिले प्रधानमन्त्री वा प्रभावशाली मन्त्रीहरूलाई राम्रोसँग समन्वय गरेर समितिमा बोलाउनुपर्छ। समन्वय नगर्ने वा राजनीतिक आग्रहबाट प्रेरित हुनुहुँदैन। आपसी समन्वयमा बोलाउनुपर्छ। त्यसरी बोलाउँदा समय दिन्न भन्न मिल्दैन। पहिले त प्रधानमन्त्रीहरू समितिमा उपस्थित भएर जवाफ दिएको मलाई याद छ। म आफै प्रधानमन्त्रीसँगै गएको छु। यसमा कमीकमजोरी भएको भए 'करेक्सन' गर्नुपर्छ।

संसद् प्रभावकारी हुनका लागि सबैभन्दा पहिलो कुरा त संसद्को एउटा क्यालेन्डर हुनुपर्छ। संसदीय समितिको पनि क्यालेन्डर छैन। समितिहरूले प्रत्येक वर्ष आ-आफ्नो क्यालेन्डर बनाउनुपर्‍यो। यसका लागि आवश्यक भए नियमावलीमा समितिले आफ्नो वार्षिक कार्यतालिका बनाएर सोहीअनुसार कार्यसम्पादन गर्न सक्नेछ भनी उल्लेख गर्दा हुन्छ। क्यालेन्डरमा यो मितिदेखि यो मितिसम्म यो विधेयकमाथि छलफल गर्छौं भनी तोक्नुपर्‍यो। त्यसअनुसार सूचना दिनुपर्‍यो। सरकारलाई त्यो विधेयक जरुरी छ भने त्यसमा चासो दिन्छ। त्यो मितिमा सरकार आएन भने सो विधेयक एक वर्षपछि जान सक्छ। अनि यो विधेयक त मलाई चाहिन्छ भनेर सरकार आफै आउँछ। त्यसैगरी अरू मन्त्रालय वा आयोगका विधेयकको

छलफलको समय तोक्ने हो भने उनीहरू आआफ्नो तोकिएको मितिमा आउँछन्। यसरी कार्यतालिकाअनुसार काम गर्ने हो भने सम्बन्धित मन्त्री वा अधिकारीहरू नै जिम्मेवार भएर आउँछन्। यो छिटो गरिदिनुपर्‍यो भन्छन्। अहिले त समितिले मन लागेको बेला विधेयकमा छलफल राख्छन्। मन्त्रीले त्यो दिन त मलाई फुर्सद छैन भन्छन्। क्यालेन्डर भएपछि त समितिकै सदस्यहरूले पनि आफ्नो निर्वाचन क्षेत्र र समितिका लागि समय व्यवस्थापन गर्न सहज हुन्छ। अहिले समितिका बैठकमा कोरम नपुग्ने कारण यो पनि हो।

दोस्रो, समिति आफै विज्ञ हुन सक्दैन। जुन विधेयकमा उहाँहरूले छलफल गर्नुहुन्छ त्यस विषयका विज्ञलाई बोलाएर सुझाव लिनुपर्छ। तेस्रो, नीतिगत विषयमा जोड दिनुपर्‍यो। चौथो, दबाब समूहहरूको कुरा पनि सुन्नुपर्छ। पाँचौ, प्रदेश र स्थानीय तहसम्मका पदाधिकारीसँग पनि परामर्श गर्दा राम्रै हुन्छ किनभने कार्यान्वयन गर्ने उहाँहरूले पनि हो। नागरिक समाज, व्यावसायी, मिडियाजस्ता सरोकारवालासँग परामर्श र कतिपय विधेयकमा सार्वजनिक सुनुवाइ पनि आवश्यक पर्छ। यसो गर्दा कानुन निर्माण प्रक्रिया बृहत् हुन्छ। अपनत्व बढ्छ।

सुशासन सुनिश्चित गर्न समितिको ठूलो भूमिका हुन्छ। जस्तै, अहिले एउटा कम्पनी दर्ता गर्नुपर्दा, चालक लाइसेन्स लिनुपर्दा ठूलो झन्झट छ। कर तिर्न जाँदा तिर्न पाइँदैन। समितिले नीतिगत निर्देशन दिएर यसलाई सहजीकरण गर्नसक्छ। प्राइभेट लिमिटेड कम्पनीका लागि बिहान निवेदन दिएर बेलुकासम्म दर्ता हुन सक्छ। एउटा फारामको ढाँचा बनाइदिनुस्, त्यसमा निवेदकले सबै कुरा पेस गर्छन्। गल्ती बुझाए, उनीहरू आफै जिम्मेवार हुन्छन्। सरकारले त सहजीकरण गर्ने हो। कर तिर्ने काम एक दिनमै हुने व्यवस्था गरी आमजनतालाई सहज बनाउनू भनी समितिले नीतिगत निर्देशन दिन सक्छन्।

संसदीय समितिहरू सबैतिर निकै प्रभावकारी छन्। हामीकहाँ संसदीय व्यवस्थालाई मिश्रित गर्दा जटिल भयो कि पनि भनिन्छ। तर, वेस्टमिन्स्टर वा भारतको जहाँको अभ्यास अनुसरण गरे पनि हुन्छ। क्यानडाको झन् प्रभावकारी छ। हामीले कतैको पनि राम्रोसँग अनुसरण गर्न सकेनौं। आफ्नै किसिमको बनाउन खोज्दा पनि केही समस्या आएको होला।

अर्को समस्या हो स्वार्थ बाझिने विषयमा सदस्यहरूको सहभागिता। यस्तो अवस्थामा सदस्य आफैले घोषणा गरेर अलग्गिनुपर्छ। ठेकेदारहरू विकास समितिका सदस्य हुनुहुन्छ। उहाँहरूले आफ्नो व्यवसाय जोडिएका विषयका छलफलमा सहभागी हुन मिल्दैन। बैंकरहरू अर्थ समितिको बैठकमा बसेर आफूअनुकूल नीति बनाएको चर्चा सर्वविदितै छ। त्यस्ता सदस्यले त पहिले नै यो विषयमा म सहभागी हुन मिल्दैन भनेर जानकारी दिनुपर्छ। आफू जोडिएका केके विषय छन् त्यसबारे पहिले नै स्वघोषणा गर्नुपर्छ। आफै नीति निर्माता भएर आफू अनुकूल कानुन बनाउन मिल्दैन। ऐन बनाउँदा, सरकारलाई निर्देशन दिँदा, कुनै सिफारिस गर्दा वा अनुगमन गर्दा स्वार्थको द्वन्द्व झल्किनै हुँदैन।

समितिको नेतृत्व अर्को महत्वपूर्ण कुरा हो। नेतृत्वमा कमान्डिङ वा प्रबुद्ध व्यक्तित्व भयो भने समितिको आकर्षण र प्रभाव बढ्छ। त्यो विगतमा देखिएकै छ। अरू मुलुकमा पार्टीका प्रभावशाली नेताहरूलाई समितिको सभापति बनाइन्छ। हामीकहाँ भागबन्डा गरिन्छ। आफू अनुकूलका सदस्य र मन्त्री बनाउन नसकेकालाई सभापति दिएर पार्टीको आन्तरिक मामिला मिलाउने प्रवृत्ति छ।

समितिका क्षेत्राधिकारमा 'डुप्लिकेसन' हुँदा एउटै विषयमा फरक-फरक समितिले भिन्नाभिन्नै निर्देशन दिने समस्या छ। यो विषय नियमावलीमै प्रस्ट पार्नुपर्छ। वार्षिक प्रतिवेदन पेस गर्ने कुरालाई पनि अलि बढी व्यवस्थित र प्रभावकारी बनाउनुपर्छ। यी कुरा गर्न सके समितिहरू धेरै हदसम्म प्रभावकारी हुन सक्छन्। समिति प्रभावकारी हुनु भनेको संसद् प्रभावकारी हुनु हो। संसद् प्रभावकारी भए सरकार जवाफदेही हुन्छ र शासन सञ्चालन राम्रो हुन्छ।

- पूर्वमन्त्री तथा नेपाल कानुन आयोगका पूर्वअध्यक्ष पौडेलसँग गरिएको कुराकानीमा आधारित

"समिति पनि अधिकार क्षेत्रबाहिर जानु हुँदैन"

उमेश मैनाली



संसद्ले सरकार निर्माण गर्ने र संसद्प्रति सरकार उत्तरदायी हुने भएकाले संसद्ले दिएका निर्देशनहरू कार्यपालिकाले पालना गर्नुपर्छ। संसदीय समितिका निर्देशन पालनामा किन फितलो भइरहेको छ भन्ने कुरा उठेका छन्। संसदीय समितिले कहिलेकाहीं सीमा नाघेर निर्देशन दिन्छन्। संसदीय व्यवस्थाबारे अंग्रेजीमा प्रचलित एउटा भनाइ छः पार्लियामेन्ट डज नट गभर्न, गभमेन्ट डज अर्थात् संसद्ले शासन गर्दैन, सरकारले गर्छ। तर संसदीय समितिले शासकीय विषयमा चासो दिएको देखिन्छ। यहाँ त संवैधानिक अंगले गर्ने काममा पनि समितिले निर्देशन दिन्छन्। सार्वजनिक लेखा समितिले 'यो योलाई भ्रष्टाचारमा कारबाही गर' भनेर अख्तियारलाई लेख्छ। जस्तो सुगतरत्न कंशाकारको समयमा नेपाल एयरलाइन्समा अनियमितताको विषयमा त्यस्तै भयो। यसमा छानबिन गर भनेर लेखेर दिनु एउटा कुरा हो तर लेखाले यसलाई भ्रष्टाचार आरोपमा कारबाही गर नै भन्यो। त्यसपछि कंशाकार अदालत गए। तत्कालीन न्यायाधीश कल्याण श्रेष्ठसहितको बेन्चले 'संसदीय समिति संसद् होइन, समितिहरूले आदेश दिन सक्दैन उनीहरूले सुझाव दिने र सामान्य गाइडेन्स जस्तो दिन सक्छन्। यदि आदेश नै दिने हो भने अंगले दिन सक्छ त्यो भनेको संसद् हो' भन्यो।

यस आधारमा संसदीय समितिले आदेश दिन सक्दैनन्। आदेश दिने अधिकार नै छैन। सर्वोच्च अदालतले जस्तो परमादेशको शैलीमा आदेश दिन थाल्ने हो भने त्यो पूर्ण संसद्ले मात्रै सक्छ। त्यसकारण समितिले आफ्नो क्षेत्राधिकार नाघेर आदेश दिने होइन।

लोक सेवा आयोगको सन्दर्भमा पनि त्यस्तै भयो। मेरिटोक्रेसी (योग्यता) को कुरामा लोक सेवा आयोग त संविधानको छुट्टै भागमा व्यवस्था गरिएको एउटा अंगलाई 'यो विज्ञापन यसो गर, यो रद्द गर' भनेको सैद्धान्तिक भएन। यसले परम्परा बिग्रिने भयो। भविष्यमा पनि यस्ता आदेश आइरहने र त्यो संस्था कामै नलाग्ने हुने भयो। त्यस्तो अवस्था पनि आयो। त्यसैले संसदीय समितिका निर्देशन पालना त गर्नुपर्छ। त्यसलाई सम्मान पनि गर्नुपर्छ। तर निर्देशन पनि परिपक्व हुनुपर्‍यो। सीमा ननाघेका हुनुपर्‍यो। कुन समितिको के क्षेत्राधिकार भन्ने समितिहरूलाई नै थाहा छैन। एउटा पदाधिकारीलाई आज एउटा समितिले बोलाएको छ, भोलि अर्को समितिले यो त हाम्रो क्षेत्राधिकारभित्र पर्छ भनेर बोलाएको छ। कठघरामा उभ्याएको उभ्याइ गर्छन्। यस्ता विषयमा समितिहरू स्पष्ट हुनुपर्छ। त्यसैले यस्ता विवाद आएका हुन्।

आकाशे पुल र पसलहरूको बारेमा समेत समितिबाट आदेश आए। जसलाई अदालतले उल्ट्याइदियो। यसरी ठेक्कापट्टामा पनि आदेश दिन लाग्यो। नीतिगत कुरामा निर्णय गर्नुपर्छ समितिले। यस्तो भएन र यो किसिमले नीतिगत व्यवस्थापन गर भन्नुपर्ने हो। ठेक्कालाई यसरी व्यवस्थापन गर भन्ने अर्कै कुरा भयो। कुनै ठेक्का यसलाई दिनू, यसलाई कारवाही गर्नू भन्न त मिलेन नि। यसरी नियमन गर्ने निकाय (समिति)ले शासन गर्न खोजेको वा हात हालेको देखिन्छ।

समितिले आफ्नो क्षेत्राधिकारका विषयमा सरकारलाई परिपक्व खालको निर्देशन दिएको छ भने कार्यपालिकाले कार्यान्वयन नगरी सुखै हुन्न। हलुका खालको आदेश आयो भने के गर्ने ? कहिलेकाहीं कार्यान्वयन गर्न अप्ठेरो पर्ने आदेश आउँछ।

राज्यव्यवस्था समितिको पछिल्लो समयको कुरा भन्छु। राज्यव्यवस्था समिति र सरकारको बीचमा कस्तो थियो भने समितिमा तत्कालीन माओवादीबाट आएकाहरूको बोलबाला थियो। समितिले केपी ओलीको सरकारलाई अप्ठेरो पार्ने आदेश दिइराख्यो। यस्तो त भएन नि। एउटै पार्टीमा गइसकेको अवस्थामा त्यस्तो भइरहेको थियो। किन त्यसो गरे भन्ने विश्लेषणको विषय थियो। हेर्दाखेरि त्यहाँका सभापतिलगायत केही सांसदहरू उनीहरू मन्त्री हुन नपाएकोमा त्यसो भइरहेको देखिन्थ्यो। त्यस्तो आधारमा निर्देशन जान लाग्यो भने कसरी हुन्छ त ?

कतिपय सचिवले यस्तो निर्देशन दिनुस् भनेको उहाँहरू बच्चका लागि हो। त्यसो गर्न मिल्दैन। कुनै समस्या छ भने सचिवले मन्त्रीलाई कन्भिन्स गराउने हो नभए त्यो मन्त्रालयबाट सर्ने हो। सचिवले कानुनभित्रको आदेश मान्ने हो, कानुनबाहिरको आदेश मान्ने होइन सचिवले। एउटै मन्त्रालयको एउटै टिममा बसेको छ अनि समितिमा गएर मलाई अप्ठेरो पऱ्यो यस्तो आदेश दिनुस् भन्नु र त्यही आदेश समितिले दिनु राम्रो होइन। यसले सरकारको 'युनिटी अफ कमान्ड हाइरार्की' कार्यप्रणालीलाई अप्ठेरो पार्छ। आर्थिक रूपमा ऐनले मन्त्रीलाई होइन सचिवलाई उत्तरदायी गराउँछ। आर्थिक मामिलामा बेरुजु ठेक्कापट्टाको कुरोमा सचिवलाई ठड्याइन्छ। त्यसमा मन्त्रीको भूमिका मानिन्न। अप्रत्यक्ष भूमिका छ भने त्यसलाई सचिवले रोक्नुपर्छ। निर्णय गर्ने कुनै पनि भूमिकामा मन्त्री हुँदैन। यो बेलायतबाट सुरु भएको व्यवस्था हो। बेलायतमा पहिले मन्त्री जवाफदेही हुने परिपाटी थियो। त्यसलाई हटाएर सचिवलाई नै जिम्मेवार बनाइयो। हाम्रोमा त्यसैले लेखा उत्तरदायी अधिकृत भनेको सचिव हो। त्यसबाहेकका विषयमा समितिमा गएर मन्त्रीले काम गर्न दिएन वा यो आदेश भयो भने मान्छौं भन्न मिल्दैन।

सरकार र संसदीय समितिको सम्बन्ध सुधारको कुरा गर्दा यसको सैद्धान्तिक कुराको जगमा पुग्नुपर्छ। संसदीय व्यवस्थामा शक्ति पृथकीकरण हुँदैन। हुन्छ भन्नु गफमात्रै हो। अमेरिकाको जस्तै कार्यकारी राष्ट्रपतीय व्यवस्थामा मात्रै हो त्यो हुने। यहाँ त संसद्मा बहुमत नभई प्रधानमन्त्री हुँदैन। संसद्को नेता भएपछि मात्रै ऊ प्रधानमन्त्री हुन्छ भने संसद्माथि उसको स्वतः नियन्त्रण हुन्छ। अनि कसरी शक्ति पृथकीकरण भयो ?

समिति र सरकारको बीचमा सम्बन्ध सुधार्ने हो भने पार्टीका शक्तिशाली व्यक्तिहरू समितिको सभापति हुनुपर्‍यो। जसले दिएको निर्देशन पालना नगर्नबाट सरकार डराओस्। निर्णय पनि सही गर्नुपर्‍यो, हावा निर्णय गर्नुभएन। प्रभावशाली सांसद समिति सभापति भए निर्णय कार्यान्वयन नहुँदा प्रधानमन्त्रीलाई नै प्रश्न गर्न सकुन्। 'के हो यो ? समितिको निर्देशन त मानिएन नि ? तपाईं आउनुस् छलफल गर्न' भन्न सकून् र प्रधानमन्त्री आउन परोस्। त्यो तहका सांसद सभापति हुनुपर्‍यो। तर त्यस्ता व्यक्तिहरूको ध्यान समितिमा होइन, मन्त्री र उपप्रधानमन्त्री बन्न नै हुन्छ।

त्यसैले संसदीय प्रणालीमा शक्तिको पृथकीकरण हुँदैन। 'सेपरेसन अफ पावर इज कन्फ्यूजन अफ पावर' भनिन्छ। किनभने बहुमत भएको प्रधानमन्त्रीले आफूले चाहेअनुसार गराउँछ। अमेरिकाको प्रणाली नै फरक हो। त्यहाँ सांसद मन्त्री हुँदैनन्। स्वयं राष्ट्रपति संसद्मा सदस्य हुँदैनन्। आफ्नै पार्टीका सांसदले टेर्दैनन्। शक्ति पृथकीकरण भनेको खासमा त्यस्तो हो। पृथकीकरणको व्यवस्थामा एउटा क्षेत्रको व्यक्ति अर्कोमा हुँदैन भन्ने हो।

अर्को कुरा, संसदीय समितिका निर्णय प्रभावकारी नहुनुमा सम्बन्धित समितिमै कन्फ्लिक्ट अफ इन्ट्रेस्ट भएका (स्वार्थ जोडिएका) सांसदहरू हुनु पनि हो। निजी विद्यालयका मालिक शिक्षा समितिमा हुन्छन्। उद्योगी उद्योग समितिमा र ठेकेदार विकास समितिमा। त्यहाँबाट आफूअनुकूलको निर्णय गराउँछन्। त्यसैले पनि यी सबै कुरा बिग्रिएका हुन्।

लोक सेवाको विषय माथि पनि आयो। राज्य व्यवस्थाबाट उहाँहरूले मलाई अदालतको आदेशविपरीत निर्देशन दिइरहनुभएको थियो। मैले समितिमा गएर बारम्बार भनें कि यो आदेश मान्न सकिँदैन। अदालतको आदेश मान्नुपर्छ। अब अदालतको आदेश त परमादेश हुन्छ के गर्ने ? गइसकेको संसद् पनि परमादेशबाट फिर्ता भयो कसैले मानोस् नमानोस्।

संवैधानिक निकायहरूलाई कमजोर गर्नका लागि सरकारले नै भूमिका खेलेको देखिन्छ। विधेयकहरू लगेर महालेखाको ठूलो अधिकार झिकियो। सार्वजनिक उत्तरदायित्व सम्बन्धी ऐनले त्यो गरेको थियो। मानवअधिकार आयोगको रिपोर्ट महान्यायाधिवक्ताकहाँ लाने भनेर हेयको दृष्टिकोण राखियो। एउटा संवैधानिक निकायलाई त्यस्तो गरियो। लोक सेवा आयोगका पहिले भएका प्रशासनिक र आर्थिक अधिकार कटौती गर्ने गरी विधेयक लगियो।

हाम्रा कर्मचारी सरुवाका लागि स्वीकृति लिनुपर्छ भन्ने कुरा पनि कटौती गरियो । अख्तियारका पनि धेरै अधिकार झिकियो । यस्ता अधिकार सरकारले झिक्दा संसद्ले विवेक प्रयोग गरेन । यसले गर्दा संवैधानिक निकायहरूलाई काम गर्न अप्ठेरो हुन्छ ।

सरकारका सचिवहरूलाई आधा समय त संसदीय समितिमा जाँदैमा बित्छ । राजेन्द्र क्षेत्री जलस्रोत सचिव हुँदा उहाँलाई संसद्मा बोलाइयो हाइड्रोपावरको लाइसेन्स सम्बन्धमा । अख्तियारले त्यस्तो नगर्नू भनेको थियो । उहाँले संसदीय समितिमा अख्तियारले भनेको मान्छु भन्नुभयो । अख्तियारले भनेको मानेन भने थुन्छ भन्ने खालको जवाफ दिनुभयो । त्यसैले के देखिन्छ भने हाम्रा सबै समस्याको समाधान गर्नका लागि उत्तरदायित्वसम्बन्धी ऐन बन्नुपर्ने भएको छ । जसले उत्तरदायित्वका सोपानहरू बनाइनुपर्छ । निर्देशन बाझेमा कसको मान्ने भन्ने यकिन गर्नुपर्छ । दुईथरीको आदेशमा द्वन्द्व भयो भने के गर्ने ? कसको मान्ने ? मन्त्रिपरिषद्को आदेशभन्दा माथि संविधान होला । यसका लागि हामीले मेहनत गरेर ऐन बनाउनुपर्छ । यो ऐन बनाउनुस् भनेर हामीले बारम्बार लोक सेवाको प्रतिवेदनमा लेखेका छौं ।

समग्रमा भन्दा संसदीय समिति आफ्नो ठेगानमा बस्नुपर्‍यो । समितिहरूबीच एकको कार्यक्षेत्रमा अर्कोले अतिक्रमण नगर्ने समझदारी हुनुपर्छ । अनुभवी सांसदहरूमा विषयवस्तुमा पनि विज्ञता देखिन्छ । तर अरू धेरैको छैन । विज्ञताको कमी त पूर्ति गर्न सकिन्छ र विज्ञसँग परामर्श गर्न सकिन्छ । मुख्य कुरो आफै सुध्रिनुपर्‍यो ।

- लोक सेवा आयोगका पूर्वअध्यक्ष तथा पूर्वसचिव उमेश मैनालीसँग गरिएको कुराकानीमा आधारित

कार्यसूची चयन प्रक्रियामै सुधार आवश्यक

मनोहरप्रसाद भट्टराई



संसदीय समिति भनेको कुनै निर्जीव चिज होइन। यो आफै सक्रिय कसरी हुन्छ भन्ने महत्वपूर्ण हो। जीव त्यहाँ को हो त ? जो सक्रिय छ, जो चलायमान छ, जो सोचविचार गर्छ, जो काम गर्न त्यहाँ खट्टिएको छ, चुनिएको छ, त्यो भनेको सांसद हो। सांसदहरू सक्रिय नभईकन समिति सक्रिय र प्रभावकारी हुन सक्दैनन्। त्यसकारण, समिति प्रभावकारी नुहुनुको कारण स्वयं सांसदहरू नै हुन्।

उनीहरू निष्क्रिय रहनु या प्रभावकारी ढंगले प्रस्तुत हुन नसक्नु, विषयवस्तुको ज्ञान नहुनु आफ्नो दलप्रति अत्यधिक प्रतिबद्ध हुनु, विषयवस्तुको तटस्थता पनि नराख्नु नै समिति निष्क्रिय बन्ने प्रमुख कारण हुन्। अत्यन्त पार्टीकरण भएर मात्रै सोचविचार गर्ने र पार्टीगत लाइनमा मात्रै बहस र छलफल गर्ने अनि त्यस्तै निर्णय गर्न खोज्ने परिपाटी हावी छ। जबसम्म यो परिपाटी सांसदहरूमा रहिरहन्छ तबसम्म समितिहरू प्रभावकारी हुन सक्दैनन्।

बेलाबखत समितिको कार्यक्षेत्र जुध्न जाँदा समस्या हुन्छ। समितिको कार्यक्षेत्र विभाजनकै बेलामा केही कमीकमजोरीहरू भएर त्यस्तो हुन सक्छ। त्यो मिलाउनुपर्छ। त्यसलाई नियमावली संशोधन गरेर मिलाउन सकिन्छ। तर अहिलेसम्म जो अत्यधिक रूपमा राष्ट्रिय चिन्ताको र सरोकारको विषय छ, बढी चर्चित छ, जसले जनमानसको मतमा असर गर्छ, त्यस्ता विषयमा बढी विवाद भएको पाइन्छ।

त्यस्तै, आर्थिक दृष्टिकोणबाट ठूला कारोबार हुने विषयहरूमा पनि प्रत्यक्ष या परोक्ष ढंगबाट सांसदहरू बढी आकर्षित हुने गरेको देखिन्छ। जसले गर्दा त्यस्ता बहस र छलफलमा भाग लिँदाखेरि, भूमिका देखाउँदा स्वयं आफूलाई प्रत्यक्ष वा अप्रत्यक्ष ढंगबाट लाभ हुने खालका मनोवैज्ञानिक आकर्षणका कारणले पनि त्यस्तो भएको हुन सक्छ। जस्तै, फास्ट ट्रयाक सडककै विषयमा धेरै समितिहरूले यसमा हात हाल्न चाहेको देखियो। आ-आफ्ना ढंगले समितिले भनेका कुराहरू जायजै भए पनि राष्ट्रिय र सामाजिक तथा सार्वजनिक सरोकारका दृष्टिकोणले अब यो अलिकति हास्यास्पद् जस्तो पनि देखियो। एउटै विषयमा यतिका धेरै समितिहरूले छुट्टाछुट्टै ढंगले बहस, छलफल गर्ने र कार्यक्षेत्र नै नाघेर आ-आफ्ना राय सुझाव र निर्देशनहरू जारी गर्दाखेरि यो लगभग कार्यान्वयन गर्न नसकिने स्थितिमा पुग्छ। यदि यो विषय

उठाउनु अघि यसमा विवाद भएपछि ह्वात्त अघि बढ्नुभन्दा सरोकार राख्ने सबै समितिका सभापतिहरू, सभामुखको अध्यक्षतामा बसेर यो विषय कसको बढी सरोकारको हो र कसले यसलाई छानबिन गर्नुपर्ने हो त्यो कुरा टुंगो लगाएर मात्रै त्यसमाथिको छानबिनहरू अगाडि बढाउनुपर्छ।

कतिपय विषय उस्तैउस्तै पनि लाग्छन्। कुनै समितिको कार्यक्षेत्र हो जस्तै लाग्छ र होइन भन्न पनि गाह्रो छ। अरू समितिहरूले पनि चाख राख्नु स्वाभाविकै हो। हामीकहाँ धेरै कुराहरू स्पष्ट भएर आएका हुदैनन्। त्यो स्पष्टताको लागि नियम पनि पर्याप्त छैन। नियमले समेत त्यसलाई नियन्त्रण नगर्ने र व्यक्तिगत रूपमा नैतिकता र आचरणबाटै यसलाई नियन्त्रण गर्नुपर्ने भएको हुनाले स्वयं समितिका सभापतिहरू, सांसद्हरू र सभामुखले समेत यसमा ध्यान दिन जरुरी छ। तबमात्र यसलाई प्रस्ट पार्न सकिन्छ।

कतिपय अवस्थामा दुई फरक समितिका संयुक्त बैठकसमेत बसेका हुन्छन्। तर यसले पनि सोचेजस्तो नतिजा दिन सकेको छैन। योभन्दा अगाडि सार्वजनिक लेखा समिति र विकास समितिका सभापतिहरूले संयुक्त रूपमा बैठक गरेर विषय टुंग्याउनुभएको थियो जस्तो लाग्छ। यदि यस्ता विषयहरू बारम्बार आइराखे र यस्तो गरिराख्नुपर्‍यो भने यो चाहिँ सबैको लागि झिजोको विषय हुन्छ। यस्ता विषय संयुक्त रूपमा गर्दा त्यति प्रभावकारी हुन सकेन। त्यसैले यो एकमाना समितिले नै 'ह्यान्डल' गर्नु उपयुक्त हुन्छ।

मेरो अनुभवमा संयुक्त बैठक त्यति धेरै प्रभावकारी भएको पाएको छैन। यसमा कुनै 'इम्पेरिकल इभिडेन्स' (ठोस प्रमाण) छैन। तर जे राय सुझाव दिइयो त्यसले खासै महत्व पाएको या त्यसअनुसार सरकारले आफ्नो नीति तथा कार्यक्रम बदलेको र सुधार गरेको देखिएन। यसले गर्दा यसको प्रभावकारिता एउटै समितिले 'ह्यान्डल' गर्नुमै छ। यसलाई कसरी नियन्त्रण गर्ने हो त्यो कुरा हामीले साँच्चिकै यसको कारणहरू पत्ता लगाएर यसको नियमावलीमा संशोधन गर्न आवश्यक छ। संयुक्त रूपमा बैठक गर्दा तत्काललाई समाधान भएको जस्तो त देखिएला तर अन्ततः त्यो खासै प्रभावकारी नभएको जस्तो मेरो अनुभव छ।

संसद् सचिवालयको भूमिका प्रशासनिक हो। यो आफैले राजनीतिक ढंगले काम गर्न सक्दैन। यद्यपि यो एउटा राजनीतिक अखडा हो र यसले सांसदहरूले र संसद्का पदाधिकारीहरूले जान्न चाहेको विषयवस्तुमा राय सुझावहरू मौखिक या लिखित पनि दिन सक्छ र दिन्छ पनि। सचिवालयले उहाँहरूको कार्यसम्पादनमा सहयोग पुर्‍याउँछ। समितिका गतिविधिहरूमा सचिवालय आफैले आफ्नो भूमिका स्पष्ट राख्न मिल्दैन। किनकि यो राजनीतिक विषय हो। राजनीतिक नेतृत्वले नै यसलाई टुंग्याउनुपर्छ। सचिवालयलाई यसमा धेरै जिम्मेवार बनाउन मिल्दैन। यस्तो काममा सचिवालयको भूमिका हुँदैन।

राजनीतिक नेतृत्वले नै सबै कुराको निर्णय गर्ने हो। एजेन्डा के बनाउने भन्ने कुरा त्यो नेतृत्वले नै गर्छ। यद्यपि समितिको सचिवसँग सभापतिले सल्लाह गर्नुभएकै हुन्छ। समितिको सचिव व्यावसायिक हुन्छ। लामो समयदेखि त्यहाँ प्रशासनिक क्षमता तथा अनुभव बटुलेको हुन्छ। उसले राम्रो सल्लाह दिन सक्छ। सभापतिले त्यही सुझाव लिनुपर्छ भन्ने केही जरुरी छैन। किनकि सभापति त राजनीतिक व्यक्तित्व हुने भएको हुनाले उहाँलाई राजनीतिले प्रभाव पार्छ। उहाँ सत्ता वा विपक्षी दलको सदस्य पनि हुने भएकाले दलको पनि उहाँमाथि प्रभाव हुन्छ। त्यसैले राजनीतिबाट प्रभावित हुने भनेको समितिको सदस्य र पदाधिकारी हो। कति तटस्थ भएर काम गर्नुहुन्छ भन्ने कुरा आफ्नो व्यक्तिगत आचरण, शैली र नैतिक धरातलमा निर्भर गर्छ।

समितिमा सचिवको भूमिका भनेको उसले भए गरेका विषयहरू जानकारीमा ल्याउने हो। तर एजेन्डा नै कुन बनाउने भन्ने कुरा सचिवले गर्ने होइन। निर्णय समितीको सभापति र अन्य सदस्यहरूसँगको परामर्शले गर्ने हो। अहिले हाम्रो कमीकमजोरी के देखिएको छ भने एजेन्डा बडो 'एडहक' (तदर्थ) पाराले छानिन्छन्। समितिभित्र एउटा मुख्य राजनीतिक दलहरूका प्रतिनिधिहरू (कार्यव्यवस्था परामर्श समतिकै आकारमा नभए पनि) समावेश गरेर २-३ सदस्यहरू सहितको एउटा समिति बनाउन सकिन्छ। त्यो समितिको तर्फबाट एजेन्डाको व्यवस्थित र व्यावसायिक ढंगबाट चयन हुन जरुरी देखिन्छ। सभापतिको चाहना र उहाँकै व्यक्तिगत निर्णयमा मात्रै निर्भर भएको जस्तो लाग्ने अहिलेको परिस्थितिलाई हटाउनु पर्छ।

संसद् सचिवालयको काम, निर्णय कार्यान्वयन गराउन कार्यापालिकाको सम्बन्धित निकायसँग सम्पर्क गरेर समितिको निर्णयहरू 'फरवार्ड' गर्ने सम्मको मात्र हो। र, त्यो समितिको सभापतिलगायत समितिलाई जानकारी दिने उसको कर्तव्य हुन्छ। स्वयं उसले दबाब दिएर कार्यक्षेत्रभन्दा बाहिर गएर काम गर्न सक्दैन। ताकेता गर्न सक्छ तर बाध्य बनाउन सक्दैन। त्यो गर्ने भनेको समिति सम्बद्ध सभापतिसहित सम्पूर्ण सदस्यज्युहरूले हो। आफूले गरेको निर्णयको कार्यान्वयनका लागि त्यस हिसाबले पछि लाग्न हुन्छ जस्तो लाग्दैन। समितिले दिएको राय, सुझावहरू सबै कार्यान्वयन हुन्छन् भन्ने पनि हुँदैन। विश्वका कतिपय अति विकसित संसद्हरूमा पनि समितिको निर्णय जस्ताको तस्तै कार्यान्वयन हुँदैन। त्यसो भन्दैमा समितिले आफ्नो कार्यसम्पादन कमजोर र कामचलाउ गरे हुन्छ भन्ने होइन। आफूले दिने राय सुझाव तर्कपूर्ण, व्यवहारिक र समस्याको समाधान गर्ने खालको र कार्यपालिकालाई निगरानी पनि पुग्ने खालको हुनुपर्छ।

कतिपय अवस्थामा समितिको निर्णय सरकारको आयुसँग समेत जोडिएको हुन्छ। जस्तोः कुनै गठबन्धन सरकार छ भने संसदीय समितिको निर्णय कार्यान्वयन गराउने विषयमा सरकारले ध्यान दिएको या नदिएको खण्डमा त्यो कुराको रिपोर्टिङ सम्बन्धित च्यानलबाट सरकारसम्म

पनि पुग्छ। सरकारले त्यसलाई किन ध्यान नदिएको भन्ने कुरा यदि गठबन्धनको कुनै अर्को दलले त्यसलाई गम्भीरतापूर्वक उठाएर त्यसमा असहमति राखेमा प्रधानमन्त्रीलगायत सरकारको नेतृत्व जसले लिनुभएको छ उहाँहरूलाई त्यसको असर पर्छ। एउटा घटकले त्यो कार्यान्वयन गर्न चाहन्छ तर नेतृत्वको घटकले चाहेन र त्यही विवाद बढ्दै गयो भने त्यो सरकार असफल पनि हुन सक्छ। र, त्यो सरकार पदच्यूत पनि हुन सक्छ। किनकि त्यो घटक बाहिरिन सक्छ। नेतृत्व अल्पमतमा परेर उसले राजीनामा पनि दिनुपर्ने अवस्था आउन सक्छ। समितिका निर्देशनहरूले सिधा असर पार्ने भनेको त्यसरी पनि हो। समितिको निर्णय सिधै किन कार्यान्वयन भएन भनेर अहिले बहुत भन्ने चलन छ। त्यो कुरामा म सहमत छैन। समितिले प्रभावकारी ढंगबाट आफ्नो राय सुझावहरू दिनुपर्छ। निर्देशनहरू व्यावहारिक र समस्याको समाधान गर्न सक्ने खालको हुनुपर्छ। सरकारको निगरानी गर्ने कुरामा बल पुगोस र संसदीय भूमिका प्रभावकारी होस भन्ने हामीले चाहनुपर्छ। तर त्यो नगर्ने बित्तिकै बडो आतंकै फैलाउने गरी अराजकता सिर्जना गर्नेगरी कामकारबाहीहरू प्रभावित हुनुहुँदैन।

संसद् सचिवालयको स्रोत साधनको कुरा गर्ने हो भने न्यूनतम उपलब्धतामा हामीले काम गर्नुपर्छ। मेरो ४० वर्षको अनुभवमा पनि त्यस्तो किसिमको सुविधा कहिले अनुभूति गर्न पाइएन। अहिले पनि अभावै छ। सरकारले यथेष्ट बजेट दिन सक्दैन। संसद्ले आफूलाई चाहिने स्रोत आफै निर्माण गर्न सक्दैन। कामचलाउसम्म प्राप्त हुन्छ। त्यसो त यो देशैको हालत यस्तो छ। आर्थिक दृष्टिकोणले यति कमजोर देशले संसद्लाई मात्रै सबै स्रोत ओइऱ्याओस् भनेर पनि म भन्न सक्दिन। कमसेकम त्यत्तिको त दिएको छ भनेर चित्त बुझाउनपर्ने स्थिति छ। त्योभन्दा नाजुक स्थितिबाट गुज्रिएका अन्य निकायहरू कति छन्। त्यतापट्टि पनि हामीले ध्यान दिनुपर्छ। परन्तु, स्रोत साधनको निकै कमी छ। कमीकै स्थितिमा पनि प्रभावकारी ढंगले काम गर्न हाम्रो प्रयास हुनुपर्छ। सरकारले स्रोत नदिएको यो अप्रभावकारी होस भनेर पनि होइन। ऊसँगै कमी छ त कसरी दिने भन्ने हो। त्यो कुरा पनि हामीले विचार गर्नुपर्छ। हाम्रो आफ्नै एउटा भवन छैन। हामी भाडाको भवनमा बसिरहेका छौं। देशको कुनै एउटा संवैधानिक निकाय, त्यत्रो ठूलो अंग, त्यति महत्वपूर्ण जनताको प्रतिनिधिको संस्था भाडाको घरमा बस्नुपर्ने अवस्था छ। यद्यपि अहिले भवन बनाउन सुरु भएको छ। अझै कति वर्ष लाग्ने हो। कमसेकम सुरु त भएको छ। तर अहिलेसम्मको स्थिति त बडो गम्भीर नै छ। संसारका विभिन्न देशहरूमा हामी सभा सम्मेलनहरूमा कार्यक्रमहरूमा दुईपक्षीय भ्रमणहरूमा जान्छौं। आदानप्रदानका बेलामा देख्छौं। उनीहरूको तुलनामा हाम्रो त धेरै नाजुक स्थिति छ। तर यसको दोष म सरकारलाई मात्र दिन चाहन्न। सबैले ध्यान दिने कुरा हो। स्रोत साधनको कमीकै बीचमा पनि सदन प्रभावकारी ढंगबाट चल्नुपर्छ। त्यसो भएको हुनाले हामी कति प्रभावकारी ढंगले आफ्नो बहस छलफल र निर्णयहरूमा पुग्ने प्रक्रिया मिलाउन सक्छौं भन्ने कुरा महत्वपूर्ण हो। पार्टीमै बसेर पनि चौरमै बसेर पनि हामी प्रभावकारी ढंगले काम गर्न

सक्छौं। त्यसको दोष अन्य स्रोत साधनहरूलाई लगाउन हुँदैन। आधारभूत चिजहरू हामीसँग उपलब्ध छन्।

समितिहरू आफ्नो कार्यक्षेत्रभित्र स्वतन्त्र छन्। सभामुखले हस्तक्षेप गर्नै हुँदैन। त्यो सभामुखको जिम्मेवारीकै कुरा होइन। झैझगडा भएर कामै गर्न नसक्ने स्थितिमा पुगे भने उहाँहरूलाई बोलाएर केही छलफल गर्न सकिन्छ। त्यस्तो अवस्थामा पनि सभामुख मध्यस्तकर्ता मात्रै हो। त्यो कुनै कानुनी भूमिकामा होइन। मध्यस्तको रूपमा सभामुखले त्यसलाई सहजीकरण गर्न सक्नुहुन्छ। जसरी सभाको सन्दर्भमा सभामुख स्वतन्त्र हुनुहुन्छ र उहाँले नियम संविधान ऐनअनुसार चल्नुपर्छ त्यसरी नै समितिको सभापति पनि आफ्नो कार्यक्षेत्रभित्र स्वतन्त्र छ। र उसले आफ्नो कार्यसम्पादनको सिलसिलामा त्यसरी नै भूमिका निर्वाह गर्न सक्छ। सभामुखले फलो गर्ने भन्ने हो तर उहाँको जिम्मेवारी होइन। कानुनले कहीं त्यो भन्दैन कि यो उहाँको जिम्मेवारी हो भनेर। यी सबै निकायहरू आ-आफ्नो ठाउँमा स्वतन्त्र छन्। संसदीय समितिले गतिलोसँग काम गर्न सकेमा समेत सभामुखलाई जिम्मेवार बनाउन खोजिन्छ। यो हाम्रो समाजको सांस्कृतिक दृष्टिकोण हो।

– संसद् सचिवालयका पूर्वमहासचिव मनोहरप्रसाद भट्टराईसँग गरिएको कुराकानीमा आधारित।

"समितिमा खेलेको भूमिकाले सांसदलाई भोट आउँदैन"

मुकुन्द शर्मा



संसदीय समितिको काम कारबाहीको मूल्यांकन गर्दा केपी शर्मा ओली तीन वर्ष प्रधानमन्त्री हुँदाको अवधिलाई एक किसिमले अध्ययन गर्नुपर्छ। किनभने यो अवधिमा समितिले गर्नुपर्ने अभ्यास गरेनन्। "सरकारले हामीलाई सहयोग पुऱ्याएन, बिजनेस दिएन त्यसैले हामीले परिणाम दिन सकेनौं" भन्ने धेरै समितिको भनाइ रहेको छ। तर बाहिरबाट अध्ययन गर्दा र सञ्चारमाध्यममा आएका तथ्यहरूको आधारमा हेर्दा करिब ६ दर्जन विधेयक त विभिन्न समितिमा विचाराधीन रहे। त्यसैले सरकारले बिजनेस दिएन भन्ने ठाउँमा समितिहरू छैनन्।

सरकारले ती विधेयक पारित गर्न कति सहयोग गरेको थियो वा थिएन भन्ने अर्को पाटो हुन सक्छ। तर कुनै पनि समितिका सभापति वा पदाधिकारी वा संसद्का पदाधिकारीले पनि फलानो विधेयकमाथि हामीले छलफल गर्न फलानो मन्त्रीलाई बोलायौं तर उहाँले असहयोग गरेको कारणले छलफल हुन सकेन भनेर यथार्थ जानकारी त दिनुभएको छैन। "सरकारले सहयोग गरेन त्यसकारणले काम अगाडि बढ्न सकेन" भन्ने जस्तो समितिहरूको सोलोडोलो खालको कुरा छ। तर फलानो विधेयकमा फलानो मन्त्रालयको मन्त्री, सचिव यसरी बोलाइएको थियो तर उहाँहरू नआएको कारणले समिति सञ्चालन हुन सकेन र प्रभावकारी हुन सकेन भन्ने कुरा त आएको छैन। त्यसरी आएको भए पो जवाफदेहिता पनि त्यहीअनुसार बोक्नुपर्ने हुन्थ्यो होला। जनताप्रतिको जवाफदेहिता त्यसरी बहन गर्नुपर्थ्यो।

आफै संसदीय समितिमा हुँदाको एउटा प्रसंग उल्लेख गरौं। समितिमा गहन विषयमा छलफल हुने तय थियो। त्यो मिटिङमा कोरम (गणपूरक संख्या) नै पुगेन। त्यतिवेला त समितिका बैठक अहिलेको जस्तो पत्रकारहरूका लागि खुला थिएनन्। त्यस्तो अवस्थामा हामीले समाचार बाहिर दिन्थ्यौं। कोरम नपुगेपछि समिति सभापतिले मलाई समितिमा भएका कुराको कडा जानकारी सञ्चारमाध्यमलाई दिन भन्नुभयो। उहाँले भनेको मैले नबुझेपछि उहाँले थप भन्नुभयो- हिजोसम्म फलानो-फलानो माननीय उपस्थित भएर फलानो विषयमा छलफल भएर यस्तोयस्तो निर्णय भयो भनेर भन्थ्यौं। आजचाहिँ फलानो-फलानो माननीयको अनुपस्थितिका कारणले फलानो विषयमा छलफल हुने आजको बैठक कोरम नपुगेकाले स्थगित भयो भनेर

समाचार पठाउनुस् भन्नुभयो। त्यो समाचार प्रकाशित भएपछि भोलिपल्टदेखि माननीयलाई अनुपस्थित भएमा समितिले 'एक्सपोज' गर्छ भन्ने पऱ्यो। त्यसपछि समितिमा सदस्यहरूको उपस्थिति बढ्यो।

अहिले सभापतिदेखि समिति सचिवालयले त्यो रूपमा होमवर्क गरेनन्। पछिल्लो तीन वर्षको राज्यव्यवस्था समितिकै प्रभावकारिताको कुरा गर्दा समितिले लोक सेवा आयोगको एउटा निर्णय रद्द गर र तिमीहरूलाई कर्मचारी चाहिन्छ भने करारमा अथवा ज्यालादारीमा नियुक्त गर भन्यो। त्यो निर्देशन आफैमा उपयुक्त हो र ? भएको विज्ञापन रद्द गर भन्ने अनि ऐन नियमले नदिने काम गर भन्न मिल्छ र? करार ज्यालादारी भर्ना गर्न निजामती सेवा ऐनले नै रोकेको छ। तर राज्यव्यवस्था समिति के भन्छ भने मान्छे चाहिन्छ भने करार वा ज्यालादारीमा नियुक्त गर। यस्तो भएपछि समितिको प्रभावकारीता कसरी देखिन्छ ?

समितिको क्रियाशीलता पनि छैन। दलभित्रका विवादको दलदलमा फसेर कुन दलले कसलाई कसरी सिध्याउने भन्नेबाहेक कुनै अभ्यास नै भएन। त्यो भएकाले हिजोको तीन वर्षमा समिति क्रियाशील हुन सकेन।

नेकपा एमालेलाई संसद् चाहिएको थिएन। प्रतिनिधिसभा चाहिएको थिएन र विघटन गऱ्यो। चाहिएका मान्छेहरूले त समितिमा सक्रियताका साथ काम गरेर प्रतिनिधिसभा क्रियाशील रहेको कुरालाई प्रमाणित गर्नुपर्थ्यो। संसदीय समितिहरूले क्रियाशील भएर काम गर्ने सकेनन्। समितिमा रहेका विधेयकमाथि नै छलफल भएका छैनन्।

यसको पनि कारण त छ। मन्त्रालयजति सबै प्रधानमन्त्रीसँग राखियो। समितिले चाहेमा पनि मन्त्री र सचिवको उपस्थिति नरहन सक्छ। त्यसले गर्दा पनि अहिले तत्कालचाहिँ समिति क्रियाशील रहन सक्ने अवस्था भएन।

अर्को कुरा सञ्चारमाध्यममा पार्टीका शीर्ष नेताहरूका मुखबाटै सुनिन्छ कि- सबै सांसदको ध्यान मन्त्री बन्नेमा रह्यो। मन्त्री बनाइदेऊ भन्नेबाट ठूलो तनाव भयो र मन्त्री नबनाउँदा त पार्टी फुट्ने अवस्था छ। यस्तो अभिव्यक्ति नेताहरूबाटै आएको छ। भनेपछि त्यो मनस्थितिमा रहेको माननीय सदस्यबाट समितिलाई क्रियाशील बनाउनका लागि हिजोको जस्तै राज्यव्यवस्था समिति, हिजोको जस्तै सार्वजनिक लेखा समिति, विकास समितिको परिकल्पना गऱ्यौं भने त्यो पाउन सक्ने परिस्थिति अहिले छैन। समिति किन क्रियाशील हुन सकेनन् भन्नेबारेको योभन्दा ठूलो प्रमाण के हुन सक्छ ?

मसँग रहेको बिजनेस पूरा गर्छु भन्ने 'स्पिरिट' समितिमा देखिँदैन। समितिमा सक्रियताका साथ काम गर्ने सांसदहरूको मूल्यांकनको आधारमा जनताले भोट दिन्छ भन्ने स्थिति पनि हामीकहाँ रहेन। संसदीय क्रियाकलापको आधारमा आमजनताले सांसदलाई मूल्यांकन गर्न

सक्ने प्रणाली नै विकास गर्न सकेनौं। अलिअलि बुझेको मान्छेले पनि व्यक्तिगत समस्याको समाधान गरेको आधारमा भोट दिन्छन्। राजनीतिमा आफ्नो भविष्य सुनिश्चित गर्न चाहने त सबैको स्वभाव हुन्छ। त्यो स्वाभाविक हो। संसद्मा खेलेको भूमिकाको आधारमा भोट नपाएपछि त आफ्नो मतदाताको समस्या कहाँ के छ र कसरी समाधान गर्ने भनी कुन मन्त्रालय दौडिनुपर्छ भन्नेमा बढी केन्द्रित हुन्छन् सांसद। त्यसले गर्दा अहिले राजनीतिक दल नागरिक समाज र सरकारले संसदीय र संघीय व्यवस्था आइसकेपछि आमजनतालाई के बुझाउन सक्नुपर्थ्यो भने- सांसदहरूको भूमिका नीति र विधि बनाउने हो। तपाईंहरूको विकासे एजेन्ट उहाँहरू होइन र बजेटको कुरा उहाँहरूले गर्ने होइन। अप्रत्यक्ष रूपमा सहयोग त हुन सक्छ तर सांसदको मूल्यांकन विधि र नीति निर्माणमा भूमिका कस्तो रह्यो भन्ने आधारमा गर्नुस् र त्यसबाट देश र जनतालाई कस्तो फाइदा पुग्यो भन्ने आधारमा भोटिङ गर्नुस् है भन्ने खालको कुरा सिकाइएन। जनताले त आफ्नो स्वार्थ हेरिरहेको हुन्छ। यसकारण सांसद संसद् र समितिमा केन्द्रित भएनन् भने समिति क्रियाशील हुन सकेनन्।

अर्को कुरा, समितिहरूको ध्यान सञ्चारमाध्यममा कुन इस्यु बढी उठेको छ भन्नेतर्फ भयो। बाहिर कुन विषयको चर्चा तातेको छ, त्यो इस्युलाई कसरी आफ्नो समितिमा तान्ने भन्ने उहाँहरूको ध्याउन्न रह्यो। आफ्नो कार्यक्षेत्रभित्र पर्छ कि पर्दैन त्यो पनि नहेर्ने, अर्कोले त्यो काम गरेर केही निर्देशन गरेको छ कि छैन त्यो पनि नहेर्ने प्रवृत्ति देखिन्छ। समितिको काम भनेको नियमावलीले जे अधिकार दिएको छ त्यो गर्नुपर्छ भन्ने हो, त्यो उहाँहरूमा रहेन।

– संसद् सचिवालयका पूर्वसचिव मुकुन्द शर्मासँग गरिएको कुराकानीमा आधारित

"संसद्को काम नै सरकार निर्माण, जवाफदेहिता र निगरानी गर्नु हो"

डा. विपिन अधिकारी



नेपालमा संसदीय अभ्यासको प्रतिफल मिश्रित प्रकारको छ। यो कहिलेकाहीं प्रभावकारी देखिन्छ। तर अधिकांश अवस्थामा संसद्भित्रको ज्ञान, अनुभव, क्षमता वा कौशलको प्रयोग बलियो गरी हुन सकेको पाइँदैन। संसदीय अभ्यासमा एकातिर नचाहिँदो राजनीतिकरण हुने गरेको छ भने अर्कोतर्फ संसदीय परिपाटीलाई प्रचलित नियमावलीबमोजिम चलाउने कटिबद्धताको अभाव पनि छ। स्रोत र साधनको समस्या छ। सरकार पक्ष संसद्प्रति प्रायः उदासीन देखिन्छ। संसदीय समितिले कार्यपालिकालाई निर्देशन दिन पाउने कि नपाउने भन्ने कोणबाट पनि बहस हुने गरेको छ भने निर्देशन दिने नाममा समितिहरूले पनि आफ्नो सीमा बिर्सने गरेको तर्क पनि उठ्ने गरेको छ। हामीले यसबारेमा राम्रोसँग बुझाउन सकेका छैनौं। संसद्को व्यवस्था नै सरकारको निर्माण, जवाफदेहिता तथा निगरानी गर्नका लागि हो। यसका लागि गर्नुपर्ने सबै कामकारबाही संसद्ले गर्न सक्छ। संसद्को नियमावलीअनुसार संसदीय समितिले आफ्नो कार्यक्षेत्रमा पर्ने निकायलाई आवश्यक निर्देशन दिन सक्छन्। तर त्यो निर्देशन अड्डा अदालतले जारी गरेको आज्ञा, आदेश वा पुर्जीजस्तो हुनु हुँदैन। संसदीय प्रणालीमा निर्णय गर्दा सबैलाई 'एन्गेज' गर्नुपर्छ। सरकारसँग मुलुक चलाउने जनादेश हुन्छ। निर्णय गर्दा सबैलाई सहभागी गराउने प्रक्रियाले सरकारका प्रस्ताव, विधेयक वा अन्य काम कारबाहीलाई संसद्को परीक्षणमा ल्याउँछ। प्रक्रियाहरू पारदर्शी हुने भएकाले संसद्मा प्रस्तुत भएका टिप्पणी वा अपेक्षाहरू एकातिर सरकारका लागि चुनौती हुन्छन् भने अर्कोतिर यसबाट प्रतिपक्षले जनतालाई प्रशिक्षित गरिरहेको हुन्छ। त्यसैले समितिका निर्देशनलाई कार्यान्वयन गर्नु सरकारको हितमा हुन्छ। कार्यान्वयन नगरिएका निर्देशन पुनः संसद्मा प्रस्तुत हुन्छन्। यो प्रक्रिया 'इन्टरएक्टिभ' (अन्तरक्रियात्मक) हुन्छ। सरकारले नमान्ने अधिकार राख्दछ। ऊसँग रहेको बहुमतले सरकारलाई यसो गर्न सम्भव बनाइदिन्छ।

सरकारले शासन गर्ने हो, संसद्ले होइन र व्यवस्थापिकाले शासकीय कुरामा हस्तक्षेप गर्ने होइन भन्ने धारणा पनि पाइन्छ। संसदको प्रारूप शासन गर्नका लागि बनेको होइन। बरु सरकारलाई निरन्तर जवाफदेही बनाउन हो। 'रिस्क' लिने अधिकार सरकारलाई छ तर ठग्ने, ढाँट्ने, राजस्वको

अपचलन गर्ने, कानुनको अवमूल्यन गर्नेजस्ता अधिकार सरकारलाई छैन। सरकारले जे गर्छ, त्यसको अनुगमन गर्ने संसद्को क्षेत्राधिकारभित्र हुन्छ। तर सरकारका लागि छुट्याइएको कार्यकारिणी अधिकार संसद्ले प्रयोग गर्ने होइन। टीकाटिप्पणी गर्ने, सरकारले लुकाएका कामकारबाही सार्वजनिक जानकारीमा ल्याउने, सरकारलाई 'ग्रिलिङ' (सोधपुछ) गर्ने, सुधारका लागि दबाब दिने वा संविधान तथा कानुनबमोजिम गर्न गराउन निर्देशन दिने काम संसद्को हो। धेरै समस्या पर्दापछाडि काम गर्दा नै समाधान भइसकेका हुन्छन्। समिति प्रणालीको उपयोगिता संसद्को पूर्ण सभाको भन्दा धेरै हुन्छ। त्यहाँ समाधान नभएमात्र संसद्को पूर्ण सदनलाई प्रयोग गर्ने हो। आज्ञा, आदेश, पुर्जीका लागि त अदालत जानुपर्ने हुन्छ। यो संसद्को काम होइन।

सरकारका अनियमिततामाथि संसदीय समितिले छानबिन गर्ने र सुधारका लागि निर्देशन नदिने हो भने त सरकार झन् स्वच्छन्द हुन सक्दैन र भन्ने प्रश्न उठ्छ। तर, छानबिन तथा निर्देशन नाटकीय रूपमा गर्ने कुरा होइन। त्यो प्रक्रियाअन्तर्गत गरियो भने अधिकांश अवस्थामा कार्यान्वयन हुन्छन्। हाम्रा समितिका प्रतिवेदनहरू अध्ययन गर्दा सरकारले उनीहरूका निर्देशन कार्यान्वयन गरेका धेरै उदाहरण पाइन्छन्। त्यसका लागि संसदीय समितिहरूले निरन्तर काम गर्ने संस्कृति बनाउनुपर्छ। सही र सार्वजनिक हितमा काम गर्न पार्टीको प्रतिनिधि होइन, कानुन निर्माता (लेजिस्लेटर) बन्नुपर्दछ। अहिले संसद् होस वा समिति दुवैतर्फ सहभागिता न्यून छ। काम गर्ने उत्साह देखिँदैन। नेतृत्वविहीनता पनि छ।


हाम्रोजस्तो समिति प्रणालीमा 'ब्याकबेन्चर' हरूको ठूलो महत्व हुन्छ। 'ब्याकबेन्चर' भनेको सामान्य सांसद हो। ऊ सरकारको मन्त्री हुँदैन। उसले अन्य कुनै सरकारी पद लिएको पनि हुँदैन। ऊ प्रमुख प्रतिपक्षतर्फको नेता वा सचेतक पनि हुँदैन। कहिलेकाहीं विशेष अवस्थामा पार्टीको ह्विप लागेको बेलाबाहेक बढी औपचारिकता निर्वाह गर्नुपर्ने वा कसैको पछि लाग्नुपर्ने भूमिका सामान्यतयाः नहुने भएकाले त्यस्ता सामान्य सांसदले संसदमा विशिष्ट भूमिका निर्वाह गर्न पाउँछन्। उसलाई आफ्नो निर्वाचन क्षेत्रको प्रतिनिधि हुन र विधि निर्माताको रूपमा अहम् भूमिका खेल्न सजिलो हुन्छ। संसद्को पूर्ण सदनको बैठकमा पनि उसको ठूलो भूमिका हुन्छ। समिति प्रणालीमा उसैले विवेकको सञ्चार गर्ने हो। त्यस्तो सांसदले 'जता मल्को उतै ढल्को' गर्नु पर्दैन। उनीहरूले निष्पक्ष रूपमा प्रतिनिधित्व गर्न सकेनन् भने संसदीय प्रणाली बलियो रहन सक्दैन। त्यसैले समग्र संसद् वा समिति अभ्यास दुवैतर्फ सामान्य सांसदको 'क्वालिटी रिप्रिजेन्टेसन' मा भर पर्छ। तर हामीकहाँ 'ब्याकबेन्चर'हरू निदाएर बसेको पनि देख्छौं। अनि सरकार कसरी जवाफदेही बन्छ त ? यसका लागि 'ब्याकबेन्चर'हरूले सरकारलाई निरन्तर सहभागी बनाइराख्नुपर्छ। आदेश दिने सोख राम्रो होइन।

संविधान, ऐन, नियमावलीमा जे जति व्यवस्था छन् त्यसबाट हामीले बेलायत वा वेस्टमिन्स्टर प्रणालीलाई राम्रोसँग कार्यान्वयन गर्न सक्छौं। संसद् बलियो बनाउनुस् देश बलियो हुन्छ। तर संसद्लाई अदालत बनाउने होइन। त्यो संसदीय प्रचलन पनि होइन। हाम्रा समितिहरूलाई साधन स्रोत सम्पन्न बनाउनुपर्छ। समितिहरूले विज्ञको सुविधा पनि पाएका छैनन्। सांसदहरूका लागि आजसम्म पनि कार्यालय उपलब्ध छैन। स्रोत र साधन दिन सकिँदैन भने लोकतन्त्रको कुरा नगर्दा हुन्छ। कतिपय समितिले सरकारी निकायबाट भएका ठूला भ्रष्टाचार र अनियमितताका काण्डहरूको छानबिन गरी त्यसलाई रोक्नेजस्ता धेरै राम्रा काम पनि गरेका छन्। नेतृत्व प्रभावकारी हुँदा समिति पनि प्रभावकारी भएको पाइएको छ। हाम्रा सांसदहरूलाई संसदीय अभ्यास भनेको संसद्को पूर्ण बैठकमा बोल्ने पालो भन्ने मात्र हुनु हुँदैन। कतिपय सांसदलाई अभिमुखीकरण पनि नपुगेको अवस्था छ। समितिका बैठकलाई बढी अन्तरक्रियात्मक, सबै पक्ष सहभागी हुने, गहन छानबिन गर्ने, अनावश्यक निर्देशन नदिने र सरकारमा रहेकाहरूमा राम्रो गरौं भन्ने चाहना हुने हो भने संसदीय समितिको अभ्यासबाट देश लाभान्वित हुन सक्छ।

– काठमाडौं विश्वविद्यालय, स्कुल अफ लका प्राध्यापक डा. विपिन अधिकारीसँग गरिएको कुराकानीमा आधारित।

संसद र संसदीय समिति गतिविधिका केही झलक













संसदीय मामिला पत्रकार समाज



दीर्घपाणी (डीपी) उपाध्याय
उपाध्यक्ष



सञ्जिव बगाले
अध्यक्ष



तुलसी सापकोटा
उपाध्यक्ष



विष्णु सहका
महासचिव



जयसिंह महरा
सचिव



दिपेश श्रेष्ठ
सचिव



सृजना घिमिरे
कोषाध्यक्ष



आकाश क्षेत्री
सदस्य



अमर दिप श्रेष्ठ
सदस्य



अंगराज न्यौपाने
सदस्य



केशव भुल
सदस्य



किरण दाहाल
सदस्य



रोशन सापकोटा
सदस्य



सविता शर्मा
सदस्य



शम्भु दंगाल
सदस्य

Accession No. G802

Federal Parliament Secretariat

G802

Parliamentary Committee Practices

First Parliament to Federal Parliament



संसद सहयोग परियोजना, युएनडिपी

संसदीय महिला पत्रकार समाज